अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान र वर्तमान नेपाली फौजदारी कानून :

एक अध्ययन

२०६६

अनुसन्धान समूह

डा. आनन्दमोहन भट्टराई, न्यायाधीश, पुनरावेदन अदालत पाटन, ललितपुर

नृपध्वज निरौला, रजिष्ट्रार, राष्ट्रिय न्यायिक प्रतिष्ठान

श्रीकृष्ण मुल्मी, अनुसन्धान अधिकृत, राष्ट्रिय न्यायिक प्रतिष्ठान

राष्ट्रिय न्यायिक प्रतिष्ठान
हरिहर भवन, ललितपुर
फोन: ५५४९०५७, ५५४९०६७
फ्याक्स: ५५३०६६२
इमेल: info@njanepal.org.np
वेबसाइट: www.njanepal.org.np

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार, पोष्ट बक्स नं. २७२६
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@inse.org.np
वेबसाइट: www.insec.org.np,
www.inseconline.org

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान र वर्तमान नेपाली फौजदारी कानूनः एक अध्ययन

प्रकाशकः राष्ट्रिय न्यायिक प्रतिष्ठान
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकारः © राष्ट्रिय न्यायिक प्रतिष्ठान
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मुद्रकः

दुई शब्द

राष्ट्रिय न्यायिक प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि न्यायाधीश, सरकारी वकील, निजी कानून व्यवसायी, न्याय क्षेत्रका अधिकृत तथा अन्य कर्मचारीहरूको कार्यक्षमता तथा व्यावसायिक दक्षता अभिवृद्धिको लागि निरन्तररूपमा प्रशिक्षण, कार्यशालालगायत न्याय र कानूनको विकाससम्बन्धी अध्ययन अनुसन्धान गरी अनुसन्धानमूलक प्रतिवेदनहरू प्रकाशन गर्दै आइरहेको व्यहोरा विदितै छ। यसै क्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)सँगको सहकार्यमा प्रतिष्ठानले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान र वर्तमान नेपाली फौजदारी कानून विषयमा अध्ययन गरी रोम विधानको सन्दर्भमा नेपाली फौजदारी कानूनको अवस्थाबारे पुनरावलोकन गर्न आवश्यक सुझाव दिने उद्देश्यले प्रस्तुत अध्ययन कार्य अगाडि बढाइएको हो।

अन्तर्राष्ट्रिय फौजदारी कानूनको विधामा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले महत्त्वपूर्ण आयाम थपेको छ। अपराध गर्ने जोसुकै होऊन्, तिनलाई कानूनको दायरामा ल्याउनुपर्दछ र दण्डहीनताको अन्त्य गर्नुपर्दछ भन्ने उद्देश्यले आएको रोम विधानको नेपाल पनि पक्ष हुनुपर्दछ भन्ने बहस चलिरहेको सन्दर्भमा उक्त विधानको पक्ष हुनको लागि कानूनी पूर्वाधार छन् छैनन् वा के कति कानूनका अभाव छन् भन्ने विषयमा प्रस्तुत अध्ययनले उजागर गर्न खोजेको छ। त्यस्तै विधानको अनुमोदनपछि पक्षराष्ट्रको हैसियतले सिर्जना हुने नेपालको दायित्वसम्बन्धी विषयलाई पनि यस अध्ययनले समेटेको छ। प्रस्तुत अध्ययन कार्यले रोम विधान अनुमोदन गर्नुभन्दा अगाडि विधान बमोजिम राष्ट्रिय कानून निर्माणलगायत भविष्यमा उत्पन्न हुने राष्ट्रिय दायित्व बुझ्नको लागि यस अध्ययनले केही सहयोग अवश्य गर्नेछ।

प्रस्तुत नवीनतम र महत्त्वपूर्ण विषयमा अध्ययन अनुसन्धान गर्न सहयोग गर्ने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)लाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। यस अध्ययनको क्रममा छलफल कार्यक्रममा आफ्नो महत्त्वपूर्ण सुझाव दिनु हुने न्यायाधीश, न्याय क्षेत्रका अधिकृतलगायत प्राज्ञिक व्यक्तित्व तथा कानून व्यवसायीहरूलाई पनि धन्यवाद दिन चाहन्छु। त्यसैगरी यस अनुसन्धान कार्यको संयोजन गरी सम्पन्न गर्नु हुने पुनरावेदन अदालतका माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई, अनुसन्धानकर्ताहरू प्रतिष्ठानका रजिष्ट्रार श्री नृपध्वज निरौला र अनुसन्धान अधिकृत श्री श्रीकृष्ण मुल्मीसमेत धन्यवादका पात्र हुनुहुन्छ। साथै उक्त अनुसन्धानलाई सफल गर्न व्यवस्थापकीय सहयोग गर्ने प्रतिष्ठानका अन्य कर्मचारीहरूलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु। भविष्यमा यस्तै सहयोगको अपेक्षा राख्दछु।

२०६६ भदौ १

टोपबहादुर सिंह
कार्यकारी निर्देशक

भूमिका

रोम विधानअन्तर्गत गठन भएको अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रिय कानूनद्वारा परिभाषित आमसंहार, मानवता विरुद्धको अपराध र युद्धअपराधजस्ता गम्भीर अपराधमा संलग्न माथि जवाफदेहिता र पीडितका लागि न्याय सुनिश्चित गर्दछ। अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रियरूपमा कानूनको शासनलाई स्थापित गर्न, अदालतको क्षेत्राधिकारभित्र पर्ने अपराधहरूको अनुसन्धान गरी अपराधीलाई सजाय गर्ने राष्ट्रिय प्रणालीलाई बलियो बनाउँदछ।

अदालतको प्रभावकारिताका लागि राज्यहरूद्वारा रोम विधानको व्यापक अनुमोदन मात्र नभई विधानका प्रावधानहरूको अक्षरश पालना पनि अत्यन्त आवश्यक हुन्छ। जसले गर्दा सबै पक्षराष्ट्रहरूले आफ्ना राष्ट्रिय कानूनलाई विधान अनुकूल परिमार्जन गर्नु पर्दछ। रोम विधानको कार्यान्वयनका लागि निर्माण गरिने नयाँ कानून राज्यको विद्यमान कानून र न्याय प्रणालीमा आधारित हुन्छ। विधानको प्रभावकारी कार्यान्वयनका लागि राज्यले विधान अनुरूपको कानून तर्जुमा गर्नुपर्ने हुन्छ जस्ले पक्ष राष्ट्रको फौजदारी न्याय प्रणालीलाई मजबुत गर्दछ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान तत्काल अनुमोदन गर्न नेपालको तत्कालीन प्रतिनिधिसभाले २०६३ साउन ९ गते नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश गर्दै सर्वसम्मतरूपमा सङ्कल्प प्रस्ताव पारित गरी सरकार, राजनीतिक दलहरू र तत्कालीन संसद तथा अन्तरिम व्यवस्थापिका-संसदका सभामुख एवम् सदस्यहरूले रोम विधान अनुमोदन गरी देशमा व्याप्त दण्डहीनता अन्त्य गर्नका लागि तत्परता र सकारात्मक प्रतिबद्धता देखाएका थिए। रोम विधान अनुमोदनपश्चात् नेपाललाई आइपर्ने दायित्व तथा प्रभावको अध्ययन गर्न तीन सदस्यीय अन्तरमन्त्रीस्तरीय कार्यदलले आफ्नो प्रतिवेदन २०६३ मङ्सीरमा नेपाल सरकारलाई बुझाइसकेकोले पनि सरकार रोम विधान अनुमोदनका लागि गृहकार्य गरिरहेको भन्ने स्पष्ट हुन्छ।

निकट भविष्यमा नेपाल रोम विधानको पक्षराष्ट्र हुने सम्भावना देखिएकोले अनुमोदनपश्चात् विधान कार्यान्वयनका लागि कानूनी संयन्त्र निमार्णमा सहयोग पुऱ्याउने उद्देश्यले यस अध्ययन प्रतिवेदनमा मूलत: नेपालमा विद्यमान कानूनहरू खासगरी फौजदारी कानूनहरूको पुनरावलोकन रोम विधानको आधारमा गरिएको छ। नेपालको

सन्दर्भमा रोम विधानको अनुमोदनको आवश्यकता, राष्ट्रिय कानूनमा विधानको व्यवस्थाको कार्यान्वयनका साथै विधानको अनुमोदन र नेपालले निर्वाह गर्नुपर्ने दायित्वका बारेमा सिफारिस पनि यसै अध्ययनका आधारमा गरिएको छ। रोम विधानसँग समान्जस्य कायम गर्न यो अध्ययन सहयोगी हुने आशा राखिएको छ।

यस महत्त्वपूर्ण अध्ययनका लागि हाम्रो प्रस्तावलाई स्वीकार गरी राष्ट्रिय न्यायिक प्रतिष्ठान र प्रतिष्ठानका तर्फबाट अध्ययनमा संलग्न डा. आनन्दमोहन भट्टराई, न्यायाधीश, पुनरावेदन अदालत पाटन, ललितपुर, राष्ट्रिय न्यायिक प्रतिष्ठानका रजिष्ट्रार नृपध्वज निरौला र अनुसन्धान अधिकृत श्रीकृष्ण मुल्मीप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। त्यसैगरी प्रतिष्ठानको तर्फबाट सम्पूर्ण संयोजन गर्नु भएकोमा लेखा संयोजक राजनकुमार केसीलाई पनि धन्यवाद दिन चाहन्छु। इन्सेकसमक्ष यस अध्ययनबारे प्रस्ताव राखी आवश्यक सम्पूर्ण संयोजन गर्नु हुने इन्सेककी वरिष्ठ अधिकृत अधिवक्ता विद्या चापागाईलाई विशेष धन्यवाद दिन चाहन्छु।

अन्तर्राष्ट्रिय न्यायिक मान्यतालाई राष्ट्रिय कानूनद्वारा प्रभावशाली पार्दै दण्डहीनताको उपचार गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतको भूमिका दिनानुदिन बढी रहेको छ। यो पुस्तकको माध्यमबाट जनताको न्यायिक अधिकारका लागि संलग्न वयक्तिहरू लाभान्वित हुन सक्नु हुनेछ। पुस्तकको बारेमा सुझाव, टिप्पणीको अपेक्षा राखेका छौँ।

सुबोधराज प्याकुरेल

अध्यक्ष, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

शब्दावली

मानवीय कानूनः युद्धको आचरण र मुद्दामा पीडितहरूको सुरक्षासँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरू।

आमसंहारः रोम विधानको धारा ६ मा परिभाषित गरिएको अपराध।

मानवता विरूद्धको अपराधः रोम विधानको धारा ७ मा परिभाषित गरिएको अपराध।

युद्ध अपराध : रोम विधानको धारा ८ मा परिभाषित गरिएको अपराध।

अन्तर्राष्ट्रिय फौजदारी अदालतः सन् १९९८ को जुलाई १७ मा इटालीमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनबाट पारित भएको रोम विधानको धारा १ द्वारा स्थापित स्वशासित स्थायी अन्तर्राष्ट्रिय फौजदारी अदालत।

न्यूरेम्वर्ग ट्रायबुनलः दोस्रो विश्वयुद्धको विजयी राष्ट्रहरू अमेरिका, बेलायत, फ्रान्स, चीन र रसियाले दोस्रो विश्वयुद्धमा भएको गम्भीर अपराधमा कारबाही गर्न स्थापना गरेको अस्थायी अदालत।

आक्रमकताको अपराधः एक देश विरूद्ध अर्को देशले आक्रमण गर्न नपाइने कार्य (हालसम्म अन्तर्राष्ट्रिय स्तरमा यसको परिभाषा गर्न नसकेको हुनाले रोम विधान अनुसार अन्तर्राष्ट्रिय फौजदारी अदालतले मुद्दा हेर्न सक्दैन)।

दण्डहीनताः अपराध भएपछि सो अपराधको दोषीउपर कारबाही र सजाय नगर्ने कार्य।

जेनेभा महासन्धिः अन्तर्राष्ट्रिय कानूनमा युद्ध पीडितहरूउपर मानवीय व्यवहार गर्नुपर्ने मापदण्डबारे व्यवस्था गर्नको लागि बनेको चारवटा जेनेभा महासन्धिहरू।
यी महासन्धिहरू दोस्रो विश्वयुद्धपछि सन् १९४९ मा लागू गरिएको।

जेनेभा महासन्धिको अतिरिक्त आलेखहरूः पीडितको सुरक्षा सम्बन्धमा अन्तर्राष्ट्रिय स्वरूप भएको सशस्त्र द्वन्द्वसम्बन्धी सन् १९४९ को जेनेभा महासन्धिहरूको पहिलो आलेख र पीडितको सुरक्षा सम्बन्धमा अन्तर्राष्ट्रिय स्वरूप नभएको सशस्त्र द्वन्द्वसम्बन्धी सन् १९४९ को जेनेभा महासन्धिहरूको दोस्रो आलेख।

अनुमोदनः कुनै पनि अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताको राष्ट्रिय कानून अनुसार पक्षराष्ट्र बन्ने कार्य (नेपालको सन्दर्भमा सरकारले महासन्धि वा सम्झौतामा हस्ताक्षर गरेपछि वा नगरीकनै संसद वा व्यवस्थापिकाले पक्षराष्ट्र हुने भनी पारित गरेको कुरा)।

तदर्थ अदालतः कुनै विशेष क्षेत्रमा वा समयमा भएको युद्ध अपराध तथा मानवता विरूद्धको अपराधउपर कारबाही गर्न स्थापना गरेको अस्थायी अदालत।

परिपुरकः रोम विधानको धारा ५ मा उल्लिखित अपराध भएपछि राष्ट्रिय अदालतले कारबाही नगरे

अन्तर्राष्ट्रिय फौजदारी अदालतले कारबाही अगाडि बढाई राष्ट्रिय अदालतको परिपुरकको रूपमा कार्य गर्ने।

आरक्षणः अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौतामा मेरो देशउपर उक्त व्यवस्था लागू हुने छैन भनी कुनै धारा एवम् परिच्छेदउपर तटस्थ वा अलग रहने कार्य।

पूर्वसुनुवाई चेम्बरः अन्तर्राष्ट्रिय फौजदारी अदालतको तीनवटा च्याम्बरमध्ये अपराध भए नभएको सम्बन्धमा छानबिन एवम् अनुसन्धान गर्ने एउटा च्याम्बर।

दोहोरो खतराको सिद्धान्तः कानून अनुसार कुनै अपराधमा एकपटक कारबाही किनारा भई सकेपछि त्यही विषयमा पुनः कारबाही गर्न नहुने।

उच्चस्तरीय सत्य निरोपण तथा मेलमिलाप आयोगः माओवादी तथा राज्यबीच भएको सशस्त्र द्वन्द्वमा भएको मानवअधिकारको उल्लङ्घनउपर छानबिन गर्नको लागि स्थापना गर्ने

भनिएको नेपालको अन्तरिम संविधानमा उल्लेख भएको आयोग।

बलात् स्थानान्तरणः आफू बसिरहेको वा आफ्नो घर, खेत, व्यापार वा व्यवस्था भएको स्थानबाट निकाला गर्ने वा जबरजस्ती छोड्न बाध्य गर्ने कार्य।

करकाप गरी स्थायी बन्ध्याकरण गराउनेः जन्मनिरोध गर्न महिला तथा पुरूषहरूको स्थायी बन्ध्याकरण गर्ने कार्य।

बलपूर्वक बेपत्ताः द्वन्द्वका कुनै पनि पक्षले अर्को पक्षको व्यक्ति वा सर्वसाधारण व्यक्तिलाई

	कानून विपरीत पक्राउ गरी बेपत्ता गर्ने कार्य।
रङ्गभेदको अपराधः	जात एवम् छालाको आधारमा एक पक्षले अर्को पक्षलाई सबै प्रकारको रङ्गभेद उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि विपरीत असमान यवहार गर्ने कार्य।
सपुर्दगीः	कुनै देशको कानून विपरीत त्यस देशमा अपराध गरेपछि यस अपराध गर्ने व्यक्तिलाई हस्तान्तरण गर्न मात्र गर्ने र पठाउने कार्य।
समर्पणः	अन्तर्राष्ट्रिय फौजदारी अदालतले राष्ट्रपक्षलाई अनुरोध गरे बमोजिम कुनै पनि व्यक्तिलाई पक्राउ गरी रोम विधानको धारा ९१ बमोजिम पठाउने कार्य।
अद्वैतवादी मतः	अन्तर्राष्ट्रिय महासन्धि एवम् सम्झौता राष्ट्रले अनुमोदन गरेपछि स्वतः लागू हुने व्यवस्था। यस व्यवस्थामा राष्ट्रियस्तरमा महासन्धि एवम् सम्झौता अनुरूप कानून बनाई राख्नु आवश्यक नहुने।
द्वैतवादी मतः	कानून बनाएर मात्र अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौता लागू हुने अद्वैतवादी मतको विपरीत व्यवस्था।
न्याय प्रशासनको दुरूपयोगः	रोम विधान अन्तर्गत अदालतको काम कारबाहीमा अवाञ्छित असर गर्न कानून विपरीत गर्ने कार्य।
स्वच्छ सुनुवाईः	नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १४ लगायत अन्य अन्तर्राष्ट्रिय संयन्त्रले गरेको व्यवस्था।

विषयसूची

कार्यकारी सारांश १

परिच्छेद–एक ११

प्रारम्भिक

१. १. परिचय ११

१. २. अध्ययनको उद्देश्य १४

१. ३. अध्ययनको सीमा १४

१. ४. अध्ययनको विधि १५

१. ५. अध्ययनको ढाँचा १५

परिच्छेद–दुई १६

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा भएका व्यवस्थाहरू १६

२.१ अन्तर्राष्ट्रिय फौजदारी अदालतको पृष्ठभूमि १६

२.२ अन्तर्राष्ट्रिय फौजदारी अदालत र यसको स्थापनाको उद्देश्य १८

२.३ रोम विधानमा उल्लिखित महत्त्वपूर्ण व्यवस्थाहरू १९

२.३.१ विधानअन्तर्गत कारबाही हुने अपराधहरू १९

२.३.२ अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्र २१

२.३.३ आरक्षण (Reservation) राख्न नपाइने २३

२.३.४ अपराधको परिभाषा साँघुरो बनाउन नहुने २४

२.३.५ अदालतसँग सहकार्य गर्ने दायित्वहरू २५

२.३.६ अन्तर्राष्ट्रिय फौजदारी अदालतमा विचाराधीन मुद्दाहरू २६

२.४ अन्तर्राष्ट्रिय फौजदारी अदालतले पालन गर्नुपर्ने केही सिद्धान्तहरू २७

२.४.१ फौजदारी न्यायका सर्वमान्य सिद्धान्तहरू २७
२.४.२ अन्य सिद्धान्त तथा व्यवस्थाहरू ३३
२.५ अन्तर्राष्ट्रिय फौजदारी अदालतले गर्ने अनुसन्धान, अभियोजन, निर्णय निर्माण र कार्यान्वयन ३३
२.६ अन्तर्राष्ट्रिय सहयोग र न्यायिक सहायता ३७

परिच्छेद-तीन **३८**
रोम विधानको सन्दर्भमा नेपाली फौजदारी कानुन **३८**
३.१. अन्तर्राष्ट्रिय परिदृश्यमा नेपालको न्याय प्रणाली ३८
३.२ नेपालको अन्तरिम संविधान, २०६३ र रोम विधान ३९
३.२.१ सामिप्यताका पक्षहरू ३९
३.२.२ असङ्गत पक्षहरू ४२
३.३ रोम विधानमा उल्लेखित अपराधहरूको सन्दर्भमा नेपाली फौजदारी कानुन ४४
३.३.१ नेपालको सन्दर्भमा आमसंहार ४५
३.३.२ नेपाली कानुनमा मानवता विरूद्धको अपराध ४६
३.३.३ नेपालको सन्दर्भमा युद्ध अपराध (War Crimes) ५४
३.४ रोम विधानमा उल्लेखित व्यवस्थासँग असङ्गत अन्य केही नेपाली कानुनी व्यवस्थाहरू ५६

परिच्छेद-चार **६२**
रोम विधान र यसको अनुमोदन **६२**
४.१ नेपालमा दशवर्षे द्वन्द्व र अन्तर्राष्ट्रिय अपराधहरू ६२
४.२ रोम विधानको अनुमोदनको आवश्यकता ६४
४.३ राष्ट्रिय कानुनमा रोम विधानको व्यवस्थाको कार्यान्वयन ६५
४.४ रोम विधानको अनुमोदन र नेपालले निर्वाह गर्नुपर्ने दायित्व ६७
४.४.१ संविधान र कानुनमा संशोधन ६८
४.४.२ रोम विधानले गरेको परिभाषा फरक पार्न नहुने ७०

४.४.३ अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग सहकार्य गर्ने दायित्व रहने ७१
४.४.४ न्याय प्रशासनको दुरूपयोग रोक्न पूरा गर्नुपर्ने दायित्व ७२
४.४.५ संविधानमा व्यवस्था गर्न सकिने ७३
४.४.६ कारागार प्रशासनमा सुधार ७३
४.४.७ अन्य दायित्व ७५

परिच्छेद–पाँच **७६**
निष्कर्ष र सुझाव **७६**
५.१ निष्कर्ष ७६
५.२ सुझाव ७८

अनुसूची १: अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
कार्यान्वयन गर्न नेपालमा बन्नुपर्ने ऐनको प्रस्तावित स्वरूप ८८
अनुसूची २: अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान ९२

कार्यकारी सारांश

१. परिचय

दण्डहीनताको अन्त्य गरी मानवअधिकारको रक्षा र मानवतासम्बन्धी कानूनको सर्वोपरितालाई सम्मान गर्दै विश्वमा शान्ति कायम राखी न्याय प्राप्तिको लागि न्यायका सर्वमान्य सिद्धान्तअनुकूल हुने गरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गर्ने चाहना अन्तर्राष्ट्रिय समुदायले पहिलेदेखि नै गर्दै आएको थियो। प्रथम तथा दोस्रो विश्वयुद्धको विभिषिकाबाट आक्रान्त विश्वमा भएको जनधनको क्षति दोहोरिन नदिन विश्व समुदायले धेरै समयको अन्तरालपछि १७ जुलाई १९९८ मा इटालीको रोममा बसेको बैठकबाट अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्न रोम विधान पारित गरियो। हाल विधानको अनुमोदन गर्ने राष्ट्र १ सय १० पुगिसकेका छन्। विधानले आमसंहार, मानवता विरूद्धको अपराध र युद्धअपराधमा सजाय गर्ने क्षेत्राधिकार ग्रहण गरेको छ। रोम विधानको महत्त्वपूर्ण पक्ष परिपूरकताको सिद्धान्त र पूर्ण सहयोग हो। यसको अर्थ अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाले राष्ट्रिय अदालतको क्षेत्राधिकारमा कटौती वा हस्तक्षेप गर्दैन, पहिलो क्षेत्राधिकार पक्ष राज्यको अदालतको नै हुन्छ तर पक्ष राज्यले विधानमा परिभाषित गरेका गम्भीर प्रकृतिका अपराधहरूमा छानबिन, अभियोजन वा निर्णय गर्न अनिच्छित वा असमर्थ भएमा मात्र रोम विधानअनुसार अन्तर्राष्ट्रिय फौजदारी अदालतले क्षेत्राधिकार ग्रहण गर्दछ। अन्तर्राष्ट्रिय फौजदारी अदालतले क्षेत्राधिकार ग्रहण गरी कारबाही अगाडि बढाएको विषयमा पक्ष राज्यले अभियुक्तलाई पक्राउ गर्नदेखि लिएर प्रमाण सङ्कलन र निर्णय कार्यान्वयन सम्म सहयोग गर्नुपर्ने दायित्व सिर्जना हुन्छ।

अपराध गर्नेलाई हरहालतमा सजाय हुनुपर्दछ र दण्डहीनताले कुनै पनि स्थान पाउनु हुँदैन। रोम विधानले दण्डहीनताको अन्त्य नै मूल लक्ष्य लिएको छ। मानवअधिकारका गम्भीर उल्लङ्घनका घट्नाहरू, मानवता विरुद्धको अपराध लगायतका अन्तर्राष्ट्रिय अपराधहरूमा पक्ष राज्यले दोषी पत्ता लगाई कारबाही र

सजाय नगरेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गरी कानूनको दायरामा ल्याउनु रोम विधानको उद्देश्य हो।

नेपालमा गैरन्यायिक हत्या हिंसापछि पनि दण्डहीनताको स्थितिले राष्ट्र र नागरिकलाई आक्रान्त तुल्याएको छ। विगतमा नेपालमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीद्वारा सञ्चालित जनयुद्धको नाममा दश वर्ष लामो सशस्त्र द्वन्द्वमा राज्य र बिद्रोही दुवैतर्फबाट हजारौं निर्दोष मानिसहरूको ज्यान गयो, हजारौं बेपत्ता पारिए र लाखौँ विस्तापित भए। पचासौँ हजार व्यक्ति माओवादी तथा सरकार पक्षबाट यातनाको सिकार भए। २०६३ मङ्सीर ५ गते सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौतापछि तत्काल सशस्त्र द्वन्द्वको एउटा स्वरूप अन्त भए पनि मानवअधिकार उल्लङ्घनका घटनाहरू एकपछि अर्को दोहोरिरहेका छन्। सम्झौतामा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्नेहरूमाथि छानबिन गर्ने र पीडितहरूलाई क्षतिपूर्ति दिई दोषीहरूलाई कारबाही गरी दण्डहीनताको अन्त्य गर्ने उल्लेख भए पनि सो कार्य अद्यापि हुन सकेको छैन। यसभन्दा अघि भएका मानवअधिकारको गम्भीर उल्लङ्घनका घटनाहरूमा विभिन्न आयोगहरूले दिएको प्रतिवेदन बमोजिम दोषीलाई कारबाही हुन सकेन। मानवअधिकारको उल्लङ्घन एवम् मानवीय कानून (जेनेभा महासन्धिसम्बन्धी नियम) को पालना गराउन मानवता विरूद्धको अपराध तथा युद्ध अपराध जस्ता घटनाहरूको छानबिन गरी यथासक्य चाँडो टुङ्गोमा पुऱ्याउनु पर्नेमा राज्यपक्ष त्यसतर्फ उदासीन रह्यो, अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्ने रोम विधानको पक्ष बन्ने कार्य पनि हुन सकेन। गैरसरकारीस्तरबाट र स्वयम् तत्कालीन प्रतिनिधि सभाबाट रोम विधानको पक्ष बन्नलाई दिशा निर्देश गरिएको पनि हो। तर रोम विधानको अनुमोदन भएपछि ती सन्धि एवम् महासन्धिबाट सृजित हुने दायित्व कार्यान्वयनको लागि राज्यले ऐन बनाउनुपर्ने बाध्यात्मक अवस्था पर्दछ। यस सन्दर्भमा रोम विधान अनुमोदन गर्नुभन्दा अगाडि यसले राज्यका लागि सृजना हुने दायित्वबारे विचार गर्नुपर्ने कानूनी व्यवस्थाबारे अनुसन्धान आवश्यक हुन्छ। त्यस अतिरिक्त रोम विधानसँग नमिल्दा के कस्ता कानूनी व्यवस्थाहरू छन् ? त्यसको पुनरावलोकन गरी आवश्यक कानून निर्माण वा संशोधनको तयारी आवश्यक छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान किन अनुमोदन गर्न आवश्यक पऱ्यो ? अन्तर्राष्ट्रिय फौजदारी अदालतको पक्षराष्ट्र बन्नुभन्दा पहिले

विधानसँग नेपालको फौजदारी कानूनमा भएको व्यवस्था बाझिए, नबाझिएको विषयमा अध्ययन गरी सुझाव दिने यस अनुसन्धानको उद्देश्य रहेको छ।

२. रोम विधानमा उल्लेखित महत्वपूर्ण व्यवस्थाहरू

अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्रिय अदालतको परिपुरक हुने व्यवस्था छ। रोम विधानअनुसार कुनै राष्ट्रमा विधानमा परिभाषित अन्तर्राष्ट्रिय सरोकारका गम्भीर अपराधको दोषीउपर कारबाही गर्ने दायित्व सोही राज्यको हुन्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतले रोम विधानबमोजिम राष्ट्रिय कानून प्रणालीमा प्रत्यक्ष असर गर्ने र राष्ट्रिय अदालतको अधिकारक्षेत्र विस्थापित गर्ने नभई परिपुरकको कार्य गर्दछ। राज्यपक्षले विधानमा उल्लिखित अपराध गर्नेहरूलाई आवश्यक कारबाही गर्न असक्षम वा अनिच्छुक भएमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार आकर्षित हुन्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्र ग्रहण गर्ने प्रक्रियाका सन्दर्भमा विधानमा परिभाषित गरिएको अपराध भएको देखिएमा राष्ट्रपक्षले अदालतको अभियोक्तालाई कारबाहीको लागि सिफारिस गर्न सक्ने पहिलो प्रक्रिया रहेको छ। संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले सङ्घको बडापत्रको परिच्छेद (७ अनुसार कारबाहीको सिफारिस गर्न सक्ने दोस्रो व्यवस्था रहेको पाइन्छ। त्यस्तै अदालतले अभियोक्ताको सूचनाको आधारमा त्यस्ता अपराधहरूको अनुसन्धान गर्न सक्ने व्यवस्था पनि गरेको छ।

रोम विधान दण्डहीनताको अन्त्यका साथै अपराधबाट उन्मुक्ति दिनबाट रोक्ने उद्देश्यले आएको हुँदा यसप्रति पक्षराष्ट्रले कुनै असहमति राख्न नपाइने व्यवस्था महत्त्वपूर्ण रहेको पाइन्छ। बरू विधान अनुमोदनपछि संविधान संशोधनसम्म गरी विधानअनुरूपको राष्ट्रिय कानून बनाएको फ्रान्स, पोर्चुगल, कोलम्बिया, लग्जेम्वर्गजस्ता देशहरूको व्यवस्थालाई उदाहरणका रूपमा लिन सकिन्छ। यस अवस्थामा क्षेत्रीय, जातीय एवम् परिस्थितिको कारण हुन सक्ने घटनालाई रोक्न अदालतको अधिकारक्षेत्रअन्तर्गत कारबाही हुने विषयका अतिरिक्त अन्य विषयमा पनि राष्ट्रियस्तरमा कानून बनाई लागू गर्न सकिन्छ। उदाहरणको रूपमा इथियोपियाको रोम विधान कार्यान्वयन गर्न बनेको ऐनले रोम विधानमा उल्लेख गरिएको जातीय, जनजातीय, राष्ट्रिय तथा धार्मिक समूहका आधारमा हुने आमहत्याका अतिरिक्त राजनीतिक आधारमा हुने हत्यासमेतलाई आमसंहारको परिभाषाभित्र समाहित गरेको पाइन्छ।

३. पक्षराष्ट्रको सहकार्य गर्ने दायित्वहरू

अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई न्याय सम्पादनको सिलसिलामा राज्यको खासगरी दुई किसिमको सहयोगको जरूरत हुन्छ। पहिलो विधानको अधिकारक्षेत्रअन्तर्गत पर्ने विषयमा कसैले अपराधको घटना घटाएमा पक्राउ गरी अदालतलाई सुम्पिने र दोस्रो प्रमाण सङ्कलन, साक्षी, पीडितको सुरक्षा र भौतिक सम्पत्ति सुरक्षासम्बन्धी कार्य लगायत रोम विधान अनुमोदन गरेपछि अन्तर्राष्ट्रिय फौजदारी अदालतले प्रत्यक्षरूपमा माथि उल्लिखित सहयोगको लागि अनुमोदन गर्ने राष्ट्रलाई अनुरोध गर्न सक्छ। सहयोग कसरी गर्ने भन्ने सम्बन्धमा राष्ट्रियस्तरमा कार्यविधि पहिले नै तय हुनुपर्दछ। यसरी सहयोग माग गर्ने सन्दर्भमा अन्तराष्ट्रिय फौजदारी अदालतको अभियोक्ताले अदालतको तीनवटा च्याम्बरमध्ये पूर्वसुनुवाई च्याम्बरलाई अपराधीलाई पक्राउ पूर्जी जारी गर्ने लगायतका विषयमा अनुरोध गर्न सक्नेछ। तसर्थ अभियुक्तलाई पक्राउ गर्ने, हस्तान्तरण गर्ने, अदालतको आदेश वा निर्णयको कार्यान्वयन गर्ने, अभियोक्तालाई अनुसन्धान गर्न अनुमति दिने र सोको लागि आवश्यक सहयोग गर्ने, साक्षी तथा पीडितको सुरक्षा दिने, अनुमोदन गर्ने राष्ट्रको दायित्वभित्र पर्दछ।

४. अन्तर्राष्ट्रिय फौजदारी अदालतले पालन गर्नुपर्ने केही सिद्धान्तहरू

रोम विधानले कारबाहीको क्रममा कमल ल प्रणालीमा लोकप्रिय रहेको फौजदारी न्यायको सर्वमान्य सिद्धान्तहरू अनिवार्य शर्तको रूपमा पालना गर्नुपर्ने उल्लेख गरेको छ। कानून विनाको अपराध नहुने, कानूनविनाको सजाय नहुने, पश्चातदर्शी असर नहुने, व्यक्तिगत फौजदारी दायित्व रहने, उमेर नपुगेका व्यक्तिउपर अदालतको क्षेत्राधिकार नरहने, पदीय हैसियतको असान्दर्भिकता, तालुकवाला अधिकारी जिम्मेवार हुने (Superior Responsibility), अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूमा हदम्याद नलाग्ने, अपराध स्थापित हुन मनसाय तत्वको महत्त्वपूर्ण भूमिका रहने, मानसिक रोग वा कमजोरीले ग्रसित व्यक्तिले गरेको कार्य अपराध नहुने, आत्मरक्षाको लागि गरिएको कार्य अपराध नहुने, तथ्यको भ्रम र कानूनको भ्रमसम्बन्धी व्यवस्था विधानमा उल्लिखित छन्। त्यस्तै

विधानले दोहोरो खतराको सिद्धान्त, अदालतबाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने, अभियुक्तलाई दोषी प्रमाणित गर्ने भार अभियोक्तामा रहने, अभियुक्तलाई दोषी करार गर्नको लागि अभियुक्तको दोषमा अदालत शङ्कारहित तवरले विश्वस्त हुनुपर्ने व्यवस्था पनि गरेको छ। कतिपय कार्यविधिगत कुराहरमा सिविल ल प्रणालीका पक्षहरूलाई विधानमा समावेश गरिएको छ।

५. नेपालको अन्तरिम संविधान २०६३ र रोम विधानबीच सामिप्यता तथा असामिप्यताका पक्षहरू

नेपालको अन्तरिम संविधान २०६३ मा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी महासन्धिहरूमा भएका व्यवस्थाहरूसमेत समेटिएको हुनाले रोम विधानमा उल्लेखन भएका सिद्धान्तहरू नेपाली संवैधानिक तथा कानूनी व्यवस्थामा समाहित छन् भन्न सकिन्छ। विधानमा उल्लिखित कतिपय फौजदारी न्यायका सर्वमान्य सिद्धान्तहरू नेपालको संविधानअन्तर्गत मौलिक हक लगायतमा उल्लेख छन्। नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान र अन्य कानून तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिने व्यवस्था छ। न्यायका मान्य सिद्धान्तअन्तर्गत फौजदारी न्यायका सिद्धान्त पनि पर्दछन् र फौजदारी न्यायका सिद्धान्तअन्तर्गत पर्ने रोम विधानमा उल्लिखित सिद्धान्तहरू हामीले पनि अँगाली आएका छौं।

जहाँसम्म रोम विधानमा उल्लिखित अदालतले अधिकारक्षेत्र ग्रहण गरेको आमसंहार, मानवता विरूद्धको अपराधसमेतका विषय र त्यससँग सम्बन्धित विषयहरूमा हाम्रो फौजदारी कानूनको अवस्थाको पुनरावलोकन गर्दा हाम्रा कतिपय कानूनमा सो विधानअनुरूप एकरूपता नभएको, कतिपय अपराधलाई हाम्रो फौजदारी कानूनले अपराध नै नमानेको अवस्था पनि देखिन आउँछ। तसर्थ रोम विधानले परिभाषित गरेको अपराध नेपालको राष्ट्रियस्तरमा कानून बनाई परिभाषित गर्नुपर्ने आवश्यकता छ। तत्कालनि सशस्त्र युद्धरत शक्ति नेकपा (माओवादी) र नेपाल सरकारबीच भएको शान्ति सम्झौताको उपजको रूपमा रहेको नेपालको अन्तरिम संविधान २०६३ को सरकारलाई बुझाएको मस्यौदामा युद्ध अपराध र मानवता विरूद्धको अपराधसम्बन्धी कसुरमा पश्चातदर्शी असर हुने

गरी कानून बनाई मुद्दा चलाउन र सजाय दिन बाधा पुऱ्याएको मानिने छैन।[१] कुनै पनि व्यक्तिलाई दण्डहीनता वा मानवता विरूद्धको कसुरमा कानूनी उपचार प्राप्त गर्ने हक हुनेछ[२] भन्ने व्यवस्था थियो। तर राजनीतिक सहमतिका नाममा यस्तो महत्त्वपूर्ण व्यवस्थालाई हटाइयो र नेपालको अन्तरिम संविधान २०६३ को राज्यका निर्देशक सिद्धान्तअन्तर्गत धारा ३३ (घ) मा सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा **मानवता विरूद्धको अपराध**मा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय, सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भन्ने कुरा उल्लेख गरियो। यसमा उल्लिखित मानवता विरूद्धको अपराधअन्तर्गत के कस्ता अपराध पर्दछन् भन्नेबारे स्पष्ट किटान हुन सकेको छैन। साथै मानवता विरूद्धको अपराधमा संलग्नलाई कानूनको कठघरामा उभ्याउने प्रतिबद्धता राज्यले व्यक्त गर्नुपर्नेमा मेलमिलाप तथा सत्य निरोपण आयोग गठन गरी आममाफी दिने जस्तो आशय संविधानमा व्यक्त भएको पाइन्छ। संविधानको यो धारामा बाहेक अन्यत्र मानवता विरूद्धको अपराध भन्ने स्पष्टत: उल्लेख भएको पाइँदैन।

त्यसैगरी पक्राउ गरिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई निजको आदेशबाट मात्र थुनामा राखिनेमा संविधानको धारा २४(३) को प्रतिबन्धात्मक वाक्यांशमा निवारक नजरबन्द र शत्रु राज्यको नागरिकको हकमा कानून व्यवसायीसँगको सल्लाह, थुनाको लागि पुर्पक्ष गर्ने अधिकारीको आदेशसमेत आवश्यक नपर्ने व्यवस्था भई सो व्यवस्था रोम विधानको व्यवस्थाको अनुकूल देखिँदैन। त्यस अतिरिक्त नेपालको अन्तरिम संविधानको धारा १५१ मा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्न सक्नेछ भन्ने व्यवस्था गरी गम्भीर प्रकृतिको फौजदारी अपराधमा अदालतबाट कसूरदार घोषित व्यक्तिलाई लागेको सजायमा अदालतबाहेकका राजनीतिक कार्यकारी निकायले परिवर्तन गर्न सक्ने व्यवस्था गरेको छ, जुन रोम विधानको प्रत्यक्षत: विपरीत छ।

---

१. सरकारद्वारा गठित समितिले पेश गरेको नेपालको अन्तरिम संविधान, २०६३ को मस्यौदाको धारा २५(४) को प्रतिवन्धात्मक वाक्यांश, ***राजधानी*** राष्ट्रिय दैनिक पत्रिका, २०६३।५।१० गते शनिवार, पृ. २।

२. ऐजन, धारा २५(५)?ल्यलभश्र

६. रोम विधानसँग असङ्गत केही कानूनी व्यवस्थाहरू

रोम विधानको पक्षराष्ट्र भएपछि सो विधानसँग असङ्गत व्यवस्थाहरू विधानअनुरूप बनाउनुपर्ने हुन्छ। रोम विधानले परिभाषित गरेको अपराधउपर कारबाही भई सकेपछि मुद्दा फिर्ता गर्न पाइँदैन। तसर्थ सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९(१) मा अदालतको मञ्जुरीले सरकारवादी भई चलाएको फौजदारी मुद्दा फिर्ता लिन सक्ने व्यवस्था विधान असङ्गत देखिन्छ। त्यसैगरी उल्लिखित अपराधउपर कारबाही गरी सजाय पाएको विषयमा विधानबमोजिम बाहेक अन्य तबरबाट सजाय माफी तथा मिनाहा गर्न नपाइने व्यवस्था गरेको पाइन्छ। तर कारागार नियमावली, २०२० को नियम २९ मा जुनसुकै अड्डा अदालतबाट फैसलाबमोजिम सजाय भोगिरहेका असल चालचलन भएका कैदीलाई तोकिएको कैद सजायको पचास प्रतिशतभन्दा बढी नहुने गरी बाँकी सजाय कट्टा गर्न सक्ने व्यवस्था विधानसम्मत देखिन्न।

त्यस्तै सपुर्दगी ऐन, २०४५ को व्यवस्था हेर्दा विदेशी राष्ट्रले वा अन्य कुनै अन्तर्राष्ट्रिय अदालतले नेपाली नागरिकलाई सपुर्दगी माग गरेमा इन्कार गर्न सक्ने व्यवस्था रहेको देखिन्छ। तर नेपाल रोम विधानको पक्ष भएपछि विधानबमोजिम अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग सहकार्य गर्नुपर्ने दायित्व हुन्छ। त्यस अवस्थामा विधानमा परिभाषित अपराध गरेमा त्यस्ता अभियोग लागेका व्यक्तिलाई अदालतसमक्ष हस्तान्तरण गर्नुपर्ने राज्यको दायित्व हुन्छ। तसर्थ सर्पुदगी ऐनलाई विधानसम्मतरूपमा संशोधन र परिमार्जन गर्नु आवश्यक छ।

त्यस अतिरिक्त नेपाल र संयुक्त राज्य अमेरिकाबीच २००२ डिसेम्बर ३१ मा भएको अन्तर्राष्ट्रिय फौजदारी अदालतमा व्यक्ति हस्तान्तरण नगर्ने सम्बन्धमा भएको सम्झौताले फौजदारी अदालतको दायरालाई साँघुरो बनाएको छ। यसले अपराधीलाई सजाय गर्नबाट बचावट गरी दण्डहीनतालाई बढावा दिने देखिन्छ। त्यस्तै रोम विधानमा उपल्लो व्यक्तिले गरेको आदेशबाट विधानमा उल्लिखित अपराध भएमा त्यस्तो आदेश दिने व्यक्ति पनि जिम्मेवार हुने व्यवस्था भए पनि नेपाल कानूनहरूमा स्पष्ट व्यवस्था गरेको पाइँदैन। बरू प्रहरी ऐन, २०१२, सशस्त्र प्रहरी ऐन, २०५८ र सैनिक ऐन, २०६३ मा उपल्लो अधिकृतले दिएको गैरकानूनी आदेश भए पनि त्यसअन्तर्गतका सिपाहीहरूले पालना गर्नुपर्ने र नगरे कारबाही हुन सक्ने व्यवस्था पाइन्छ। साथै कर्तव्य पालनको सिलसिलामा कसैको ज्यान गएमा

समेत उन्मुक्ति पाउने व्यवस्था समेत देखिन्छ। यस अवस्थामा रोम विधानमा उल्लेख भएको अपराधको सम्बन्धमा के हुने हो, केही उल्लेखन गरिएको पाइन्न। त्यस्तै रोम विधानले न्याय प्रशासन विरूद्धको अपराध उल्लेख गरी कारबाही गर्ने राज्यको दायित्व हुने उल्लेख गरेको भए तापनि नेपालको कानूनमा न्याय प्रशासन विरूद्धको अपराधमा स्पष्ट व्यवस्था पाइन्न।

७. रोम विधानको कार्यान्वयन

नेपाल रोम विधानको पक्ष भएपछि विधानको कसरी कार्यान्वयन हुन्छ भन्ने मत मतान्तर रहे पनि नेपालको हालसम्मको अभ्यास एवम् संविधानको व्यवस्थालगायत अदालतले व्याख्या गरेको सिद्धान्तमा पनि नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय कानूनबाट उत्पन्न भएका दायित्वहरू कानून बनाई बहन गर्नुपर्ने देखिन्छ। तसर्थ नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा नेपाल कानून नेपाल पक्ष भएका महासन्धिको व्यवस्था बाझेमा अन्तर्राष्ट्रिय महासन्धिमा भएको व्यवस्था कायम हुन्छ भने तापनि ऐनको दफा ९(२) बाट नेपाल द्वैतवादी मत नजिक रहेको देखिन्छ। तसर्थ नेपाल रोम विधानको पक्ष भएपछि आवश्यक कानून बनाई कार्यान्वयन गर्न सकिन्छ।

८. निष्कर्ष तथा सुझाव

नेपालमा द्वन्द्व र हिंसा अपराधको राजनीतिकरण र खासगरी सन् नब्बेको दशकपछि भएको माओवादी विद्रोहबाट त्यसमा संलग्न नभएका मानिसहरू पनि गैरन्यायिक हत्या, हिंसा, युद्ध र यातनाका सिकार भए। कति अपहरण र जबरजस्ती बेपत्ता पारिए। लाखौँ आफ्नो पूर्खाका पालादेखि बसेको बासस्थानबाट बलात् स्थानान्तरण हुनुपर्‍यो। पीडितले न्याय र राहत पाएनन् न त अपराधकर्ताले सजाय नै पाए। आज पनि कथित राजनीतिक मुक्तिको लडाईका नाममा निहत्था मानिसहरूको गैरन्यायिक हत्या भइरहेको छ, योजनावद्ध यातना, अपहरण, जबरजस्ती बेपत्ता, बलात् स्थानान्तरण हुनु परेको अवस्था छ। यस्तो अवस्थाको अन्त्यको लागि राष्ट्रको न्यायिक प्रणाली प्रभावकारी हुनु जरूरी छ, अपराधकर्तालाई उन्मुक्ति होइन, न्यायको कठघरामा ल्याई पुर्पक्ष गराउनु जरूरी छ। राष्ट्रिय संयन्त्रहरू दण्डहीनता रोक्न र मानवअधिकारको संरक्षण गर्न असमर्थ, प्रभावहीन

वा अनिच्छुक भएमा अन्तर्राष्ट्रिय फौजदारी अदालतमार्फत भए पनि प्रभावकारी न्याय प्रदान गर्नुपर्छ भन्ने महसुस हुँदै गएको छ। यस सन्दर्भमा नेपाली फौजदारी कानूनको पुनरावलोकन गर्दा कतिपय फौजदारी न्यायका मान्यताहरू रोम विधानसँग सामिप्य देखिए भने कतिपय कानूनहरू अमिल्दा देखिए। तर धेरै अवस्थामा हामी कहाँ कानूनकै अभाव देखिएको छ।

नेपालको अन्तरिम संविधानको धारा १५१ मा भएको व्यवस्था उल्लिखित बमोजिम बाझिएको हुँदा ती व्यवस्थाहरू रोम विधानअनुकुल बनाउन आवश्यक छ। साथै सोही संविधानको धारा २४ मा विदेशी शत्रु राज्यका नागरिकलाई स्वच्छ सुनुवाईको हक नहुने कुरा पनि मानवअधिकारसम्बन्धी अन्य संयन्त्र लगायत रोम विधान विपरीत छ। त्यस्तै सपुर्दगी ऐन तथा कारागार नियमावलीमा भएका तर विधानसँग बाझिएका व्यवस्थाहरू रोम विधानअनुरूप हुन आवश्यक छ। रोम विधानले परिभाषित गरी आमसंहार, मानवता विरूद्धको अपराध एवम् युद्ध अपराध भनी उल्लेख गरेको कुरालाई नेपालको केही कानूनले अन्य फौजदारी कार्यसरह सजायको व्यवस्था गरेको छ भने कुनै विषयमा सजाय हुने व्यवस्था गरेको छैन। विधानले परिकल्पना गरेको आधारमा अन्तर्राष्ट्रिय अपराधको रूपमा हामीकहाँ सजायको व्यवस्था गरेको पाइन्न। तसर्थ विधानले परिभाषित गरेको तीनवटै अपराधलाई अपराध घोषित गर्ने राष्ट्रिय कानून निर्माणको आवश्यकता छ।

हाल नेपाल नयाँ संविधान निर्माणको क्रममा रहेको हुनाले अब बन्ने नयाँ संविधानमा रोम विधानसँग बाझिने उल्लिखित व्यवस्थाहरू हटाउनु पर्दछ। नेपाल पक्ष भएका महासन्धि र सम्झौतालाई कानून बनाई प्रभावकारी कार्यान्वयन गर्ने लगायत ती सन्धि सम्झौताको कार्यान्वयनका लागि बनाइएको कानून तथा अन्य कानून महासन्धिमा भएको व्यवस्थासँग बाझिएमा सन्धिमा भएका व्यवस्था कायम हुने जस्ता कुरा संविधानमा नै उल्लेख हुन आवश्यक छ।

रोम विधानमा उल्लिखित राष्ट्रिय अदालतको दायित्व र रोम विधानको कार्यान्वयनको लागि न्यायिक कामकारबाहीमा सहयोगसम्बन्धी छुट्टै ऐन ल्याउन सकिन्छ। हाल नेपालमा २०२० को मुलुकी ऐन खारेज गरी नयाँ फौजदारी संहिता ल्याउने क्रममा रहेको हुँदा त्यसमा एक परिच्छेद थप गरी रोम विधानको कार्यान्वयन पनि गर्न सकिन्छ। अदालतको आदेशको अपहेलनामा सजाय गर्ने, साक्षीले झुट्ठा बकेमा सजाय हुन सक्ने लगायतका केही व्यवस्थाहरू हाम्रा

कानूनहरूमा भए पनि रोम विधानमा उल्लिखित न्याय प्रशासन विरूद्धका सबै कसूरहरूलाई हाम्रो फौजदारी कानूनले सम्बोधन गर्न नसकेकोले सोसम्बन्धी व्यवस्थासमेत उल्लेख हुन आवश्यक छ।

रोम विधानको अनुमोदनपछि वा त्यसभन्दा अगाडि सोबारे अध्ययन गर्नको लागि एक विशेष अध्ययन कार्यदल बनाउन सकिन्छ, जसले रोम विधानमा उल्लिखित कुराहरूलाई राष्ट्रिय कानूनमा समावेश गर्नेतर्फ आवश्यक मस्यौदा विधेयक तयार गरोस्। त्यस्तै कार्यविधिको सन्दर्भमा दुई उद्देश्यबाट बन्नुपर्ने देखिन्छ। प्रथमत: नेपाल रोम विधानको पक्षराष्ट्र भएपछि रोम विधानमा परिभाषित अपराधको राष्ट्रियस्तरमा कारबाही गर्न कार्यविधिको व्यवस्था हुनुपर्दछ भने दोस्रो रोम विधान बमोजिम राष्ट्रिय अदालतले विभिन्न बहानामा अपराधीउपर कारबाही नगरेमा वा कारबाही देखावटी किसिमले मात्र गरेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्र आकर्षित हुन्छ। यस अवस्थामा राष्ट्रियस्तरमै फौजदारी अदालतबाट सुनुवाई गर्न गराउनको लागि सहयोग गर्न छुट्टै कार्यविधि कानून आवश्यक पर्दछ। त्यस अवस्थामा सहयोग गर्न विधानको विभिन्न पक्षलाई ध्यान दिई कार्यविधि कानून निर्माण गर्नु पक्षराष्ट्रको दायित्व नै हुन्छ।

सन्धि कानून विषयक भियना सन्धि १९६९ अनुसार आफू पक्ष भएको सन्धिको असल नियतले कार्यान्वयन गर्नुपर्ने, सन्धिद्वारा सृजित दायित्व पूरा गर्नबाट पन्छिन नपाईने हुनाले रोम विधानको नेपाल पक्ष बनेमा उक्त विधानमा उल्लिखित अपराधहरूलाई नेपालले ऐन बनाई अपराध घोषित गरी सजायको व्यवस्था गर्नु अनिवार्य हुन्छ। रोम विधानमा उल्लिखित आमसंहार र युद्ध अपराधसँग सम्बन्धित संयुक्त राष्टसङ्घीय महासन्धिको नेपाल पक्ष भइसकेकोले ती सन्धिहरूको लागू र कार्यान्वयन गर्नु नेपालको दायित्व नै रहेको छ भने मानवअधिकारसँग सम्बन्धित आफू पक्ष बनेका कतिपय सन्धिहरू अनुकूलका कानूनहरू नेपालले निर्माण गरी लागू गर्नुपर्ने दायित्व पनि रहेको हुनाले रोम विधानको अनुमोदन अगावै विधानमा उल्लिखित अपराधहरूलाई समावेश गरी राष्ट्रिय कानून निर्माण गरी लागू गर्दै गएमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गर्ने रोम विधानको अनुमोदन गर्नमा सहजता आउन सक्तछ।

परिच्छेद: एक

प्रारम्भिक

१.१. परिचय

दण्डहीनताको अन्त्य गरी मानवअधिकारको रक्षा र मानवतासम्बन्धी कानुनको सर्वोपरितालाई सम्मान गर्न तथा विश्वमा शान्ति कायम राखी न्याय प्राप्तिको लागि न्यायका सर्वमान्य सिद्धान्तअनुकूल हुने गरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गर्ने चाहना अन्तर्राष्ट्रिय समुदायले गर्दै आएको थियो। प्रथम तथा दोश्रो विश्वयुद्धको विभिषिकाबाट आक्रान्त विश्वमा भएको जनधनको क्षति दोहोरिन नदिन विश्व समुदायले विभिन्न प्रयासहरू गर्दै आएका थिए। तथापि विभिन्न प्रकारका युद्ध तथा मानवता विरोधी घटनाहरू मूलत: आमसंहार, युद्ध अपराध, मानवता विरूद्धका अपराध जस्ता गम्भीर प्रकृतिका अपराधहरू भइरहेका पाइन्छन्। यीनै यथार्थलाई मनन् गरी भविष्यमा यस्ता प्रकारका मानवता विरोधी अपराध नहोउन् र यस्ता कार्यमा संलग्न हुने व्यक्तिलाई न्यायको दायरामा ल्याउन सकियोस् भन्ने उद्देश्यले विभिन्न चरणहरूमा भएको छलफलपछि १७ जुलाई १९९८ मा इटालीको रोममा सम्पन्न बैठकबाट अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्न रोम विधान पारित गरियो। उक्त विधानले आमसंहार, मानवता विरूद्धको अपराध र युद्धअपराधमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले कारबाही र सजाय गर्ने क्षेत्राधिकार ग्रहण गरेको छ। अदालतको स्थापनाले राष्ट्रिय अदालतको क्षेत्राधिकारमा कटौती वा हस्तक्षेप गर्दैन, तर राज्यले विधानमा परिभाषित गरेका गम्भीर प्रकृतिका अपराधहरूमा छानबिन, अभियोजन र निर्णय गर्न अनिच्छित वा असमर्थ भएमा मात्र रोम विधानअनुसार फौजदारी अदालतले क्षेत्राधिकार ग्रहण गर्दछ। हाल यस विधानको अनुमोदन गर्ने राष्ट्र १ सय १० पुगिसकेका छन्[3] भने अनुमोदन हुन बाँकी तर हस्ताक्षर गर्ने १ सय ३९ राष्ट्र रहेका छन्।

---

३. The International Criminal Court is an independent, permanent court that tries persons accused of the most serious crimes of international concern, namely genocide, crimes against humanity and war crimes. The ICC is based on a treaty, joined by 110 countries. See at http://www.icc-cpi.int/menus/icc/about%20the%20court/icc%20at%20a%20glance/icc%20at%20a%20glance¿lan=en-GB (visited on 12 Aus. 2009).

जहाँसम्म नेपालको सन्दर्भ छ, अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानले परिभाषित गरेका आपराधिक घटनाहरू बढिरहेका छन्। दण्डहीनताले राष्ट्र र नागरिकलाई आक्रान्त तुल्याएको छ। कानुनको शासन धरापमा पर्दै गएको छ। विगतलाई हेर्दा नेपालमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीद्वारा सञ्चालित जनयुद्धको नाममा दश वर्ष लामो सशस्त्र द्वन्द्व भयो। त्यसको कारण हजारौं निर्दोष मानिसहरूको ज्यान गयो, हजारौं बेपत्ता भए र लाखौं विस्थापित भए। पचासौँ हजार जनसाधारण माओवादी तथा सरकार पक्षबाट यातनाको सिकार भए। कतिपय यस्ता घटनाहरू राज्य पक्षको कारण भए भने कतिपय तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीको तर्फबाट भए। नेपालले संयुक्त राष्टसङ्घअन्तर्गतका विभिन्न मानवअधिकारसम्बन्धी दस्तावेजहरूमा हस्ताक्षर एवम् अनुमोदन गरी ऐक्यबद्धता जनाई मानवअधिकारको रक्षा गर्न कतिपय राष्ट्रिय कानुनहरूमा व्यवस्था गरिसकेको भए तापनि सोको रक्षा हुन सकेन। सम्मानपूर्वक बाँच्न पाउने अधिकार, स्वतन्त्रपूर्वक हिँडडुल गर्न पाउने र विचार राख्न पाउने अधिकार, यातना विरूद्धको अधिकार, सम्पत्तिसम्बन्धी अधिकारलगायत विभिन्न मानवअधिकारहरूको गम्भीर उल्लङ्घन हुन गयो।

२०६३ मङ्सीर ५ गते सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौतापछि तत्काल सशस्त्र द्वन्द्वको एउटा स्वरूपको अन्त भएपनि मानवअधिकार उल्लङ्घनका घटनाहरू एकपछि अर्को दोहोरिरहेका छन्। उक्त सम्झौतामा दुवै पक्षले सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरूद्धको अपराधमा संलग्न व्यक्तिहरूबारे अन्वेषण गर्न सत्य निरूपण तथा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्नुका साथै बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्ने उल्लेख छ।[४] तर ती आयोगहरू गठन गरी मानवअधिकारको गम्भीर उल्लङ्घन भएकोमा तथा मानवता विरूद्धको अपराधको छानबिन भएको छैन। सम्झौतामा मानवअधिकारको गम्भीर उल्लङ्घन न्यूनीकरण गर्ने उल्लेख हुनाको साथै पीडितहरूलाई क्षतिपूर्ति दिई दोषीहरूलाई कारबाही गरी दण्डहीनताको अन्त्य गर्ने उल्लेख भए पनि सो बमोजिम कार्य हुन सकेको छैन।

यसभन्दा अघि भएका जनआन्दोलनहरूमा भएका मानवअधिकारको

४. मिति २०६३ साल मङ्सीर ५ गतेको नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बीच भएको विस्तृत शान्ति सम्झौता, २०६३ को धारा ५. २. ५।

गम्भीर उल्लङ्घनका घटनाहरूमा विभिन्न आयोगहरूले दिएको प्रतिवेदन बमोजिम दोषीलाई कारबाही हुन सकेको थिएन। २०४६ सालको जनआन्दोलनमा भएको मानवअधिकार उल्लङ्घन एवम् शक्तिको दुरूपयोगको सत्य तथ्य पत्ता लगाई कारबाही सिफारिस गर्न गठन भएको मल्लिक आयोगले दोषी भनी किटिएका व्यक्तिहरूलाई कारबाही भएन। किन कारबाही हुन नसकेको हो, आजसम्म चित्तबुझ्दो जवाफ सम्बन्धित पक्षबाट सार्वजनिक हुन सकेको छैन। दण्डहीनताको संस्थागत विकास गर्न यस्ता कार्यले प्रत्यक्षरूपमा सहयोग पुऱ्याउनु स्वभाविक हो। त्यसैगरी दोस्रो जनआन्दोलन २०६२/०६३ मा भएको मानवअधिकारको उल्लङ्घन र सत्ता एवम् राज्य शक्तिको दुरूपयोगको छानबिन गरी कारबाहीको सिफारिससमेत गर्न गठन भएको रायमाझी आयोगले दिएको प्रतिवेदन आजसम्म पनि कार्यान्वयन भएको छैन। त्यसको पनि कुनै आधार र कारण विना प्रतिवेदन थन्क्याई राखिएको स्थिति छ। विगत दश वर्षे द्वन्द्वमा भएको मानवअधिकारको उल्लङ्घन एवम् मानवीय कानून (जेनेभा महासन्धिसम्बन्धी व्यवस्था) को पालना नगर्दा भएको गम्भीर मानवता विरूद्धको अपराध तथा युद्ध अपराध जस्ता घटनाहरूको छानबिन गरी यथासक्य चाँडो टुङ्गोमा पुऱ्याउनु पर्दछ। सर्वोच्च अदालतले जेनेभा महासन्धिहरूको कार्यान्वयनको लागि ऐन बनाउन दिएको आदेश पालना नभएको स्थितिमा रोम विधानको अनुमोदन भएपछि ती सन्धि एवम् महासन्धिबाट सिर्जित हुने दायित्व कार्यान्वयनको लागि राज्यले ऐन बनाउनुपर्ने बाध्यात्मक अवस्था आई पर्दछ। यस अर्थमा युद्ध अपराध तथा मानवता विरूद्धको अपराधलगायत मानवअधिकारको गम्भीर उल्लङ्घनका घटना फेरि दोहरिन नदिनको लागि राज्यले आवश्यक पहल गर्नुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधानले यी अपराधका सम्बन्धमा राज्यका सम्बन्धित निकायले कारबाही चलाउन असमर्थ वा अनिच्छुक भएमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले क्षेत्राधिकार ग्रहण गर्ने व्यवस्था छ। तर रोम विधान अनुमोदन गर्नुभन्दा अगाडि यसले राज्यका लागि सिर्जना हुने दायित्वबारे विचार गरी आवश्यक पूर्वाधार विकास गर्नुपर्दछ। त्यस अवस्थामा विधान अनुमोदन गर्नुभन्दा पहिले गर्नुपर्ने कानुनी व्यवस्था, प्रशासनिक तयारीलगायत व्यवस्थापन जस्ता विषयहरूको अध्ययन तथा अनुसन्धान आवश्यक हुन्छ। रोम विधानसँग नमिल्दा के कस्ता कानुनी व्यवस्थाहरू छन्, त्यसको पुनरावलोकन गरी आवश्यक कानून निर्माण वा संशोधनको तयारी आवश्यक हुन्छ।

१.२ अध्ययनको उद्देश्य

रोम विधानले केही गम्भीर फौजदारी अपराधहरूमा आफ्नो क्षेत्राधिकार ग्रहण गरी अपराधीलाई दण्ड दिई दण्डहीनताको अन्त्य गर्ने उद्देश्य लिएको छ। विधान जारी भएको र लागू भएको करीब दश वर्षमा नै झण्डै १ सय ४० राष्ट्रले हस्ताक्षर गर्नु र १ सयभन्दा बढी राष्ट्रहरूले यसलाई अनुमोदन गरिसकेको सन्दर्भमा रोम विधानको पक्षराष्ट्र हुनुभन्दा पहिले वा पक्ष भइसकेपछि नेपालले पूरा गर्नुपर्ने राष्ट्रिय दायित्व के के हुन् ? नेपालमा विद्यमान रहेका कानून, अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा भएको व्यवस्था र त्यस विधानमा उल्लिखित सिद्धान्तबीच के सामान्जस्यता र असामान्जस्यताहरू रहेका छन् ? अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान किन अनुमोदन गर्न आवश्यक पऱ्यो ? अन्तर्राष्ट्रिय फौजदारी अदालतको पक्ष बन्नुभन्दा पहिले विधानसँग नेपालको फौजदारी कानुनमा भएको व्यवस्था बाझिए, नबाझिएको विषयमा अध्ययन गरी सुझाव दिने यस अनुसन्धानको उद्देश्य रहेको छ।

१.३ अध्ययनको सीमा

अन्तर्राष्ट्रिय फौजदारी कानुनको विषय भर्खरै विकासको गति लिएको कानुनको विधा भएकोले महत्त्वपूर्ण छ। नेपाल रोम विधानको पक्ष भएको स्थितिमा नेपालका राष्ट्रिय दायित्व के के हुन सक्छन्, कानुनी व्यवस्थामा के कस्तो सुधार र परिमार्जन आवश्यक पर्छ ? यो प्रस्तुत अनुसन्धानको प्रमुख विषय हो। रोम विधानसँग बाझिएका कानून के के हुन् भन्ने विषयलाई यस अध्ययनमा पनि जोड दिन खोजिएको छ। त्यस अतिरिक्त सीमित समयमा अनुसन्धानको क्रममा निश्चित घटनाहरूको अध्ययन तथा विश्लेषण गर्ने प्रयास गरी न्याय र कानुनका सरोकारवाला व्यक्तिहरूसँग परामर्श पनि गरिएको छ। तर सबै क्षेत्रका जनता तथा सरोकारवाला व्यक्तिहरूको भनाईलाई समाहित गर्न सकिएको छैन। अन्य देशहरूले विधान अनुमोदनको क्रममा गरेका अनुभव तथा विभिन्न जर्नलहरू एवम् सोसम्बन्धी अनुसन्धानसमेत यस अध्ययनमा समेट्न खोजिएको छ। साथै स्रोत, साधन, समय, क्षेत्रगत हिसाबले अनुसन्धान केही हदसम्म सीमित दायराभित्र रही भएको छ।

१.४ अध्ययनको विधि

प्रस्तुत अध्ययन क्षेत्रगत अनुसन्धान (Impirical Research) भन्दा पनि सैद्धान्तिक अनुसन्धान (Doctrinal Research) मा आधारित छ। नेपालमा सरोकारवाला गैरसरकारी संस्था तथा केही अन्तर्राष्ट्रियस्तरमा भएको लेख रचना तथा रोम विधान, नेपालको संविधान र अन्य सम्बन्धित नेपालका फौजदारी कानुनहरूमा आधारित भई यो अनुसन्धान प्रतिवेदन तयार गरिएको हो। अध्ययनलाई पूर्णता दिने क्रममा कानून तथा न्यायका क्षेत्रमा कार्यरत विशिष्ट व्यक्तित्वहरूसँग परामर्श गरिएको छ। त्यस अतिरिक्त यस विषयमा रूची राख्ने र यस क्षेत्रमा अनुसन्धान गरिएका व्यक्तिहरूको प्रतिक्रिया एवम् अध्ययनहरूलाई पनि सकेसम्म समाहित गर्न खोजिएको छ। अनुसन्धानको क्रममा रोम विधानको परिप्रेक्ष्यमा नेपाली फौजदारी कानूनको अवस्थाको विवेचना गर्दै रोम विधानको अनुमोदनपछि राज्यले अपनाउनुपर्ने सुधारसम्बन्धी व्यवस्थालाई पनि समेट्ने प्रयास गएिको छ।

१.५ अध्ययनको ढाँचा

यस अध्ययनलाई मूलतः पाँचवटा परिच्छेदमा विभक्त गरी त्यसैअनुरूप प्रस्तुत गरिएको छ। प्रथम परिच्छेदलाई प्रारम्भिक नामाकरण गरिएको छ। जसअन्तर्गत अध्ययनको उद्देश्य, विधि, सीमा र अध्ययनको ढाँचा जस्ता विषयहरू समेटिएका छन्। दोस्रो परिच्छेदमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको पृष्ठभूमिलगायत विधानमा भएको महत्त्वपूर्ण व्यवस्थाहरूलाई उल्लेख गरिएको छ। साथै उक्त अदालतले पालना गर्ने सिद्धान्तहरूलगायतका विषयहरू उल्लेख गरिएको छ। तेस्रो परिच्छेदले रोम विधानको सन्दर्भमा नेपालको फौजदारी कानूनको अवस्थाको चित्रण गरेको छ, जसमा संविधानदेखि विभिन्न फौजदारी अपराधसँग सम्बन्धित कानूनहरूको समीक्षा गरिएको छ। चौथो परिच्छेदमा रोम विधान र यसको अनुमोदनका सन्दर्भमा चर्चा गरिएको छ। र, अन्तिम तथा पाँचौं परिच्छेदमा निष्कर्ष र सुझावहरूलाई प्रस्तुत गरिएको छ। अन्तमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान कार्यान्वयन गर्न नेपालमा बन्नुपर्ने ऐनको प्रस्तावित स्वरूप र अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान (नेपाली अनुवाद) लाई अनुसूचीमा समावेश गरिएको छ।

परिच्छेद: दुई

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा भएका व्यवस्थाहरू

२.१ अन्तर्राष्ट्रिय फौजदारी अदालतको पृष्ठभूमि

दोस्रो विश्वयुद्धमा मानव सभ्यताले कहिल्यै नभोगेको नरसंहारबाट यूरोप र पूर्वी एसियामा करोडौँ व्यक्तिको ज्यान गयो। युद्धको प्रत्यक्ष वा अप्रत्यक्ष कारणले आजसम्म युद्धमा भाग नलिएका १७ करोड सर्वसाधारण व्यक्तिहरूको मृत्यु भएको तथ्याङ्कले देखाउँछ। त्यसकारण त्यस्तो त्रासदीपूर्ण घटना "फेरि नदोहोरियोस्" भन्ने पीडितहरूको आवाज थियो।[५] त्यस सन्दर्भमा दोस्रो विश्वयुद्धमा विजयी पाँच राष्ट्रहरू अमेरिका, बेलायत, फ्रान्स, रसिया र चीनद्वारा स्थापना गरिएको न्यूरेम्वर्ग ट्राइबुनलमार्फत युद्ध अपराधीहरूलाई सजाय त गरियो, तर मानवअधिकारका अतिरिक्त स्वच्छ सुनुवाईका साथै आधारभूत अन्तर्राष्ट्रिय कानूनको मान्यताको दृष्टिबाट पनि ती सुनुवाईहरू आलोचनामुक्त हुन सकेनन्। यद्यपि त्यस न्युरेम्वर्ग ट्राईबुनलले अन्तर्राष्ट्रिय फौजदारी कानूनको विकासको लागि अन्तर्राष्ट्रिय फौजदारी कानून विपरीत कार्य गर्ने व्यक्ति सजायको भागीदार हुने, राष्ट्रिय कानून सजायको व्यवस्था गरेको छैन भन्ने आधारमा अपराधको दायित्वबाट उन्मुक्ति नपाउने, फौजदारी दायित्वमा पदीय हैसियत असान्दर्भिक हुने, माथिको आदेशका कारण अपराध गरेको भन्ने आधारमा उन्मुक्ति नपाउने जस्ता महत्त्वपूर्ण

५. The Influence of the Nuremberg Trial on International Criminal Law,http://www.roberthjackson.org/Man/ SpeechesAbout_ToveRosen/ (visited on 12 Aug 2009).

सिद्धान्तहरू प्रतिपादन गऱ्यो।[६] त्यसपछि अन्तर्राष्ट्रियस्तरमा स्थायी फौजदारी अदालतको स्थापना गर्नुपर्ने कुरा महसुस भएको थियो। सन् १९५० मा अन्तर्राष्ट्रिय कानून आयोगलाई त्यस्तो अदालत स्थापनाको क्रममा मस्यौदा कानून निर्माणको लागि जिम्मा लगाइयो। अन्तर्राष्ट्रिय कानून आयोगले तयार गरेको मस्यौदामा शान्ति विरूद्धको अपराध, युद्ध अपराध, मानवताविरूद्धको अपराधलाई अन्तर्राष्ट्रिय कानून विरूद्धको अपराधको रूपमा राखिएको थियो।[७] तर पछि शितयुद्धको कारण फौजदारी अदालतको स्थापना सम्भव भएन। दोस्रो विश्वयुद्ध पछि तर फौजदारी अदालतको स्थापनाको बीचमा रसिया, भियतनाम, चिले, फिलिपिन्स, कङ्गो,

---

६. हेर्नुहोस् Nuremberg Principles, **Principle I -** Any person who commits an act ***which constitutes a crime under international law*** is responsible therefore and liable to punishment. **Principle II -** The fact that internal law does not impose a penalty for an act which constitutes a crime under international law does not relieve the person who committed the act from responsibility under international law. **Principle III -** The fact that a person who committed an act which constitutes a crime under international law acted as Head of State or responsible government official does not relieve him from responsibility under international law. **Principle IV -** The fact that a person acted pursuant to order of his Government or of a superior does not relieve him from responsibility under international law, provided a moral choice was in fact possible to him. **Principle V -** Any person charged with a crime under international law has the right to a fair trial on the facts and law. **Principle VI** - The crimes hereinafter set out are punishable as crimes under international law:

(a) **Crimes against peace**:
   (i) Planning, preparation, initiation or waging of a war of aggression or a war in violation of international treaties, agreements or assurances;
   (ii) Participation in a common plan or conspiracy for the accomplishment of any of the acts mentioned under (i).

(b) **War Crimes**:
Violations of the laws or customs of war which include, but are not limited to, murder, ill-treatment or deportation of slave labor or for any other purpose of the civilian population of or in occupied territory; murder or ill-treatment of prisoners of war or persons on the Seas, killing of hostages, plunder of public or private property, wanton destruction of cities, towns, or villages, or devastation not justified by military necessity.

(c) **Crimes against humanity**:
Murder, extermination, enslavement, deportation and other inhumane acts done against any civilian population, or persecutions on political, racial, or religious grounds, when such acts are done or such persecutions are carried on in execution of or in connection with any crime against peace or any war crime.

Principle VII - Complicity in the commission of a crime against peace, a war crime, or a crime against humanity as set forth in Principle VI is a crime under international law. Available at: http://www.wagingpeace.org/menu/issues/international-law/start/un-nuremberg-principles.htm (visited on Aug 19, 2009.

७. Dr. Ananda Mohan Bhattarai, *The Treaty of Rome and Possible Obligations Following Accession by Nepal* , available at: http://www.icc.inseconline.org/download/Possible%20Obligations%20Following%20Accession%20by%20Nepal. Pdf (visited on 12 Aug. 2009).

बाङ्गलादेश, युगाण्डा, इराक, इण्डोनेसिया, एल साल्भाडोर, बुरूण्डी, अर्जेन्टिना, सोमालिया, पूर्वी टिमोर, क्याम्वोडिया, सिरालियोन, पूर्व युगोस्लाभिया, रूवाण्डा जस्ता राष्ट्रहरूमा आमसंहार र युद्ध अपराधका घटनाहरू भएकोमा[८] केहीले मात्र तदर्थ अदालतहरूको स्थापना गरी सजाय गर्न सके। कतिपय देशहरूमा अहिले पनि सुनुवाई गरी कारबाही गरिरहेका छन्। शितयुद्धको अन्त भएपछि अन्तर्राष्ट्रिय स्तरमा आएको परिवर्तन, विश्वमा भएको एकपछि अर्को आमसंहार तथा युद्ध अपराधको कारण पुनः एक स्थायी अन्तर्राष्ट्रिय स्तरको फौजदारी न्यायालयको आवश्यकताको महसुस हुन थाल्यो। ल्याटिन अमेरिका र क्यारेवियन देशहरूले ल्याएको प्रस्ताव धेरै देशहरूले स्वीकृत गरेपछि अन्तर्राष्ट्रिय कानून आयोगले तयार गरेको मस्यौदाउपर छलफल भयो।[९] संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा भएको रोम सम्मेलनबाट १ सय २० राष्ट्रहरूले अन्तर्राष्ट्रिय फौजदारी कानूनको रोम विधान पारित गरे। पछि सन् २००२ को जुलाई १ मा ६० वटा राष्ट्रहरूले सो विधान पारित गरी संयुक्त राष्ट्रसङ्घको महासचिवको कार्यालयमा दर्ता (Deposit) गरेपछि विधान कार्यान्वयनमा आयो।

२.२ अन्तर्राष्ट्रिय फौजदारी अदालत र यसको स्थापनाको उद्देश्य

अन्तर्राष्ट्रिय फौजदारी अदालत युद्ध वा अन्य अवस्थामा हुने मानवताविरोधी विभिन्न अपराधहरूमा सजाय गर्न स्थापित भएको स्थायी अन्तर्राष्ट्रिय न्यायिक संस्था हो। यो अदालत अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानअन्तर्गत स्थापित र सञ्चालित छ। संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा यस अदालतको स्थापना भए पनि सङ्घबाट स्वतन्त्र रहन्छ। रोम विधानअन्तर्गत हालसम्म खासगरी तीन किसिमका अन्तर्राष्ट्रिय फौजदारी अपराध जस्तैः आमसंहार, मानवता विरूद्धको अपराध र युद्ध अपराधमा सजाय दिने अधिकारक्षेत्र तोकिएको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालत अन्तर्राष्ट्रिय कानूनको एक भाग भएको हुनाले संयुक्त राष्ट्रसङ्घीय अन्तर्राष्ट्रिय न्यायालयको विधानको धारा ३८ ले अन्तर्राष्ट्रिय कानूनको स्रोतका रूपमा स्वीकार गरेको विषयको अतिरिक्त रोम विधानको धारा

८. हेर्नुहोस्, पादटिप्पणी ३।

९. ऐजन।

२१ ले भनेको रोम विधान, अपराधको तत्व (Element of Crimes) र कार्यविधि र प्रमाणको नियम (Rule of Procedure and Evidence) लाई अदालतको कारबाहीमा लागू हुने कानूनको रूपमा स्वीकार गरेको छ। त्यस अतिरिक्त विधानको धारा २१ ले सम्बन्धित सन्धिहरू, अन्तर्राष्ट्रिय कानूनको नियम, सिद्धान्तहरूका साथै सशस्त्र द्वन्द्वमा लागू हुने सिद्धान्तसमेतलाई स्वीकार गरेको छ।

फौजदारी अदालतको स्थापनाको उद्देश्यको सन्दर्भमा कुरा गर्दा खासगरी यसको स्थापना शक्तिशाली देश एवम् व्यक्तिहरूले गर्ने नरसंहार, मानवताविरूद्धको अपराध, युद्ध अपराधहरूमा कारबाही नभई हुने दण्डहीनताको स्थितिको अन्त गर्नु रहेको छ। युद्धको समयमा मानवीय कानूनको उल्लङ्घनलाई रोक्नु पनि यसको उद्देश्य हो। युद्धमा त्यस्तो उल्लङ्घनको कार्यहरूलाई हतोत्साही गर्नुका साथै त्यस्ता युद्धमा हुने खास तीन किसिमका अपराधहरू गर्ने व्यक्तिहरूमाथि कारबाही चलाई सजाय गर्नु हो। समुच्चमा रोम विधानको उद्देश्य भविष्यमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रियरूपमा शान्ति सुरक्षा स्थापना गर्नु अनि जेनेभा महासन्धिहरूको उद्देश्य पूरा गर्नु हो। ती उद्देश्य हासिल गर्नको लागि विभिन्न देशहरूले अनुमोदन गर्दा आरक्षण राख्न नपाइने व्यवस्था पनि विधानको उद्देश्यमा असर गर्छ भनेर नै गरिएको हो।

त्यस अतिरिक्त अन्तर्राष्ट्रियस्तरबाटै गम्भीर मानिने अन्तर्राष्ट्रिय फौजदारी अपराधहरूमा राष्ट्रियस्तरमा कारबाही हुन नसकेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्रलाई सक्रिय गराउने हो। तसर्थ दण्डहीनताको अन्त्यका साथै अन्तर्राष्ट्रिय स्तरमा समेत जघन्य एवम् सङ्गीन मानिएको अपराधको नियन्त्रण गर्न र राज्यको शक्तिमा रहेकाहरूलाई कानूनको शासनप्रति अझ बढी जिम्मेवार बनाउनलाई नै अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गरिएको हो।

२.३ रोम विधानमा उल्लिखित महत्वपूर्ण व्यवस्थाहरू

२.३.१ विधानअन्तर्गत कारबाही हुने अपराधहरू

२.३.१.१आमसंहार (Genocide)[१०]

आमसंहारको अवधारणा दोस्रो विश्वयुद्धसम्म थिएन। दोस्रो विश्वयुद्धमा

१०. "Genocide" लाई नेपाल सरकार, कानुन तथा न्याय मन्त्रालयले प्रकाशन गरेको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको सङ्गालो (२०६४) मा "जाति हत्या" भन्ने श्द्द प्रयोग गरेको छ (पृ. ३४)।

यहुदीहरूमाथि जर्मनीका एडोल्फ हिटलरले गरेको व्यापक आमसंहारको घटनाबाट पाठ सिकेर आमसंहारको अपराधको बचावट तथा सजाय गर्ने महासन्धि, १९४८ (Convention on the Prevention and Punishment of Crime of Genocide, 1948) ल्याइयो। उक्त महासन्धिको धारा २ ले **आमसंहार**को परिभाषा गरेको छ।[११] सोही अनुरूप नै रोम विधानले पनि आमसंहार भन्नाले "कुनै राष्ट्रिय, जातीय, जनजातीय र धार्मिक समुदायलाई पूर्ण वा आंशिकरूपमा सखाप गर्ने मनसायबाट समूहका सदस्यहरूको हत्या गर्ने, समूहका सदस्यहरूलाई गम्भीर शारीरिक वा मानसिक क्षति पुऱ्याउने, मनसायपूर्वक पूर्ण वा आंशिकरूपमा भौतिक विनास हुने मानिसको समूहको जीउज्यान लिने, समूहभित्र जन्म रोक्ने उद्देश्यका साथ उपाय लाद्ने र केटाकेटीहरूलाई जबरजस्ती एउटाबाट अर्को समूहमा सार्ने कार्य पर्दछ" भनी परिभाषित गरेको छ।

२.३.१.२ **मानवता विरूद्धको अपराध** (Crimes against Humanity)

मानवता विरूद्धको अपराधमा गैरसैनिक समुदायविरूद्ध जानाजान लक्षित, व्यापक वा योजनाबद्ध आक्रमणको हिस्साको रूपमा हत्या, सर्वनाश, दासता, समुदायबाट निष्काशन वा जबरजस्ती स्थानान्तरण, अन्तर्राष्ट्रिय कानूनविपरीत कठोर काराबास वा भौतिक स्वतन्त्रताको बञ्चना, यातना, बलात्कार, यौनदासता, जबरजस्ती बेश्यावृत्ति, जबरजस्ती गर्भाधारण, जबरजस्ती जन्मनिरोध गराउनु, क्रूरतापूर्ण यौनजन्य हिंसाका घटना, जबरजस्ती बेपत्ता, रङ्गभेदको अपराध आदि भनी रोम विधानमा समावेश गरिएको छ।

२.३.१.३ **युद्ध अपराध** (War Crimes)

युद्ध अपराधअन्तर्गत कुनै योजनावद्ध वा नीतिगत वा ठूलो मात्रामा गरिएका अपराधहरू पर्दछन्। यसभित्र सन् १९४९ अगष्ट १२ को जनेभा महासन्धिहरूको घोर उल्लङ्घन मूलतः स्वेच्छाचारी हत्या, यातना वा

---

११. धारा २ : प्रस्तुत महासन्धिमा जातिहत्या भन्नाले पूर्ण वा आंशिकरूपमा राष्ट्रिय, साम्प्रादायिक, जातीय वा धार्मिक समूहलाई नास गर्ने उद्देश्यले गरिएका देहायका कुनै पनि कार्य सम्झनुपर्छः (क) समूहको सदस्यहरूको हत्या, (ख) समूहका सदस्यहरूलाई गम्भीर शारीरिक वा मानसिक क्षति पुऱ्याउने कार्य (ग) सम्पूर्ण वा आंशिक रूपले समूहको भौतिक विनास गर्ने हिसाबले सो समूहउपर जानाजान जीवनावस्थाहरूमा कष्ट दिने कार्य, (घ) समूहभित्रको जन्मलाई रोक लगाउने उद्देश्यले उपायहरू लाद्ने कार्य, (ङ) एक समूहको बालबालिका बलपूर्वक अर्को समूहलाई हस्तान्तरण गर्ने कार्य।

जीववैज्ञानिक परिक्षणलगायत अमानवीय व्यवहार, मनोमानी हिसाबले ठूलो कष्ट वा जीउ ज्यान वा स्वास्थ्यमा गम्भीर हानी, सैन्य आवश्यकता पुष्ट्याईं नहुने गैरकानूनी तरिका वा स्वेच्छाचारीपूर्वक सम्पत्तिको व्यापक तोडफोड वा हडप्ने, युद्धबन्दी वा अन्यलाई शत्रु शक्तिको सेनामा सेवा गर्न बाध्य पार्नु र तिनलाई निष्पक्ष तथा नियमित सुनुवाईको अधिकारबाट बन्चित गराउनु, गैरकानूनी निष्काशन वा स्थानान्तरण वा थुनछेक गर्नु, बन्धक बनाउनुलगायत पर्दछन्। त्यसका अतिरिक्त गैरसैनिक नागरिक समूहमाथि नियतवश गरिने आक्रमण, सुरक्षामा नखटिएका विरूद्ध आक्रमण, शहर गाउँ तथा वस्तीमा गोलावारी, आत्मसमर्पण गरेको व्यक्तिको हत्या, अस्पताल, शैक्षिक संस्थाका भवनमा नियतवश गरिने आक्रमण, १५ वर्षमुनिका केटाकेटीलाई सशस्त्र सेनामा भर्ती गर्ने, सशस्त्र विद्रोह गर्ने प्रकृतिका अपराधिक क्रियाकलापसमेतलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको न्यायिक अधिकार क्षेत्राभित्र राखिएको छ।

२.३.१.४ **आक्रमकता विरूद्धको अपराध** (Crime against Aggression)

यो अपराध पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्र पर्ने विषय हो। तर अन्तर्राष्ट्रिय स्तरमा यसको सर्वसम्मत परिभाषा हुन नसकी अदालतको कार्यक्षेत्रभित्र नपरेकाले यहाँ अरू विवेचना गरिएको छैन।

२.३.२ **अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्र**

२.३.२.१ **अन्तराष्ट्रिय फौजदारी अदालत राष्ट्रिय अदालतको परिपुरक हुने**

रोम विधानको प्रस्तावनाको दशौं अनुच्छेदमा भनिएको छ- यस विधानअन्तर्गत स्थापना हुने अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्रिय फौजदारी अधिकारक्षेत्रको परिपुरक हुनेछ।[१२] त्यसैले रोम विधानअनुसार कुनै राष्ट्रमा विधानले परिभाषित अन्तर्राष्ट्रिय सरोकारका गम्भीर अपराध गरेमा दोषीउपर कारबाही गर्ने दायित्व सोही राज्यको हुन्छ। रोम विधानको पक्ष हुँदैमा उक्त राज्यको अधिकारक्षेत्रमा कुनै हस्तक्षेप वा सङ्कुचन हुँदैन। तर त्यस राष्ट्रले त्यस्तो

---

१२. अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको प्रस्तावनाको अनुच्छेद १० । यही कुरालाई विधानको धारा १ मा पनि दोहोऱ्याई उल्लेख गरिएको छ।

अपराधउपर कारबाही गर्न असक्षम भएमा वा कारबाही गर्न अनिच्छुक भएमा दोषीउपर कारबाही गर्ने अधिकारक्षेत्र अन्तर्राष्ट्रिय फौजदारी अदालतको हुन्छ।[१३] तसर्थ अन्तर्राष्ट्रिय फौजदारी अदालत खडा गर्ने रोम विधान राष्ट्रिय कानून प्रणालीमा प्रत्यक्ष असर गर्ने वा राष्ट्रिय अदालतको अधिकारक्षेत्र विस्थापित गर्ने नभई परिपुरकको रूपमा रहन्छ। विधानमा उल्लिखित अपराधमा सम्बन्धित राष्ट्रले कारबाही गर्न अनिच्छुक भएको ठहर गर्नको लागि अन्तर्राष्ट्रिय कानूनअनुरूप विश्वसनीय उचित प्रक्रियाका सिद्धान्त अपनाउनुपर्ने व्यवस्था गरेको पाइन्छ। उदाहरणको लागि कारबाही चलाइएको नियत, असङ्गत कारबाही, कारबाही चलाउन गरिएको ढिलाईलगायत कारबाहीको स्वतन्त्रता र निष्पक्षताको आधारमा राष्ट्रको कारबाही गर्ने अनिच्छुकतासम्बन्धी विषय ठहर गर्नुपर्दछ। कुनै खास मुद्दामा अयोग्यता ठहर गर्नको लागि अदालतले राष्ट्रिय न्याय प्रणालीको पूर्ण वा ठूलो असफलता वा अनुपलब्धताले राज्यले अभियुक्तलाई वा आवश्यक सबुत प्रमाण भेटाउन नसकेका वा अन्य तरिकाले कारबाही चलाउन नसकेको भन्नेबारे विचार गर्दछ।[१४]

परिपुरक क्षेत्राधिकार (Complementary Jurisdiction) को यो सिद्धान्त राज्यको सार्वभौमिकतासँग पनि गाँसिएको छ। किनकि आफ्नो देशभित्र घटेका आपराधिक घटनाहरूका सम्बन्धमा आवश्यक तहकिकात अनुसन्धान गरी कानूनको दायरामा ल्याउने प्रथम दायित्व सम्बन्धित राज्यमा नै रहने अवस्था छ। अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट सिर्जित दायित्व राज्य पक्षले पूरा गर्नुपर्ने नै हुन्छ। त्यसको लागि सन्धि सम्झौता अनुकूल कानून बनाई राष्ट्रको क्षेत्राधिकारभित्र लागू गर्नुपर्ने हुन्छ। राज्यपक्षले विधानमा उल्लिखित अपराध गर्नेहरूलाई आवश्यक कारबाही नगरेमा मात्र अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार शुरू हुन्छ। विधानमा उल्लिखित परिपुरक क्षेत्राधिकारको सम्बन्ध दोहोरो खतराको सिद्धान्तसँग पनि रहेको छ। राष्ट्रको सक्षम अदालतले विधानमा उल्लिखित अपराध गर्नेलाई न्यायिक कारबाहीको दायरामा ल्याई निष्पक्ष र प्रभावकारीरूपमा न्याय निरोपण गरेको अवस्थामा त्यही विषयलाई लिएर अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा

---

१३. ऐजन, धारा १७।
१४. ऐजन, धारा १७(३)।

चलाउन सकिँदैन। परिपुरक क्षेत्राधिकारको यो व्यवस्था अपराध गर्ने व्यक्तिलाई दण्डसजायबाट उन्मुक्ति राज्य पक्षहरूले नदिउन् र कुनै तरहले पनि दण्डहीनता रोकियोस् भन्ने उद्देश्यले नै अङ्गालिएको पाइन्छ।

२.३.२.२ अन्तर्राष्ट्रिय फौजदारी अदालतले अधिकारक्षेत्र प्रयोग गर्न सक्ने अवस्थाहरू

अदालतले आफ्नो अधिकारक्षेत्रको प्रयोग तीन किसिमले गर्न सक्ने विधानमा व्यवस्था गरिएको छ। विधानमा परिभाषित गरिएको अपराध भएको देखिएमा राष्ट्रपक्षले अदालतको अभियोक्तालाई कारबाहीको लागि सिफारिस गर्न सक्ने पहिलो व्यवस्था रहेको देखिन्छ।[१५] दोस्रो, संयुक्त राष्टसङ्घको सुरक्षा परिषद्ले सङ्घको बडापत्रको परिच्छेद-७ अनुसार कारबाहीको सिफारिस गर्न सक्ने व्यवस्था छ।[१६] त्यसैगरी अदालतले अभियोक्ताको सूचनाको आधारमा त्यस्ता अपराधहरूको अनुसन्धान गर्न सक्ने तेस्रो व्यवस्था रहेको छ।[१७] सुरक्षा परिषद्ले सिफारिस गर्ने विषयमा त्यो राष्ट्र विधानको पक्ष नहुन पनि सक्छ। सुडान रोम विधानको पक्ष नभए पनि यही व्यवस्थाको आधारमा राष्ट्रपति ओमार अल् बसिरलाई सुडानको डाफरमा भएको मानवता विरूद्धको अपराधको अभियोगमा फौजदारी अदालतले पक्राउ पूर्जी जारी गरेको थियो।[१८] उक्त मुद्दा हाल अन्तर्राष्ट्रिय फौजदारी अदालतमा विचाराधीन छ।

२.३.३ आरक्षण (Reservation) राख्न नपाइने

अन्तर्राष्ट्रिय महासन्धिलाई हस्ताक्षर तथा अनुमोदनको लागि खुला गरिएपछि सो सन्धिका यी प्रावधानमा असहमति वा तटस्थता रहेको भनी हस्ताक्षर वा अनुमोदन गर्ने पक्षराष्ट्रले आफ्नो मत राख्न पाउने व्यवस्था रहेको हुन्छ। तर रोम विधान दण्डहीनताको अन्त्यका साथै अपराधबाट उन्मुक्ति दिनबाट रोक्ने उद्देश्यले आएको हुँदा यसप्रति पक्षराष्ट्रले कुनै असहमति राख्न सक्ने अवस्था

---

१५. ऐजन, धारा १३(क)।
१६. ऐजन, धारा १३(ख)।
१७. ऐजन, धारा १३(ग)।
१८. In the Case of the Prosecutor v. Omar Hassan Al Bashir, No.: ICC-02/05-01/09 (Date: 4 March 2009). Available at: http://www.icc-cpi.int/iccdocs/doc/doc639078.pdf (visited on 12th Aug, 2009)

छैन।[१९] त्यसैले अनुमोदनपछि संविधान एवम् कानून विपरीतको प्रावधान भनी कार्यान्वयन गर्नलाई अत्तो थाप्न मिल्दैन। बरू विधान अनुमोदनपछि संविधान संशोधनसम्म गरी विधानअनुरूपको राष्ट्रिय कानून बनाएको फ्रान्स[२०], पोर्चुगल, कोलम्बिया, लग्जेम्वर्ग जस्ता देशहरूको[२१] व्यवस्थालाई उदाहरणका रूपमा लिन सकिन्छ।

अपवादको रूपमा कुनै राष्ट्रपक्ष बनेपछि पनि सात वर्षको अवधिका लागि युद्ध अपराधका हकमा त्यो राष्ट्रका नागरिकले त्यस्तो अपराध गरेको वा उसको क्षेत्रभित्र भएको आरोपमा अदालतको क्षेत्राधिकार स्वीकार नगर्ने गरी घोषणा गर्न सक्ने व्यवस्था[२२] भए पनि यो सङ्क्रमणकालीन व्यवस्था हुनाले सँधै रहँदैन। र, त्यसरी आरक्षण राख्नुबाट स्वागतयोग्य परिणाम पनि निस्कन सक्तैन। यो विधान अनुमोदन गर्दा फ्रान्स र क्याम्बोडियाले यस्तो घोषणा गरेका थिए।

२.३.४ अपराधको परिभाषा साँघुरो बनाउन नहुने

रोम विधानले अपराध भनेर परिभाषित गरेको अवस्थालाई राष्ट्रियस्तरमा बन्ने कानूनमा तोडमोड गर्न मिल्दैन। उक्त परिभाषालाई साँघुरो हुने गरी व्यवस्था गर्न पनि मिल्दैन, बरू विशेष अवस्थामा हुन सक्ने घटनालाई विचार गरी सो घटनालाई अपराधको परिभाषाभित्र समेटी परिभाषित वा व्यवस्था गर्न भने पक्षराष्ट्रले सक्दछ। यस अवस्थामा क्षेत्रीय, जातीय एवम् परिस्थितिको कारण हुन सक्ने घटनालाई रोक्न अदालतको अधिकारक्षेत्रअन्तर्गत कारबाही हुने विषयका अतिरिक्त अन्य विषयमा पनि राष्ट्रियस्तरमा कानून बनाई लागू गर्न सकिन्छ। उदाहरणको रूपमा इथियोपियामा रोम विधान कार्यान्वयन गर्न बनेको ऐनले रोम विधानमा उल्लेख गरिएको जातीय, जनजातीय, राष्ट्रिय तथा धार्मिक समूहका

---

१९. ऐजन, धारा १२०।
२०. *Manual for the Ratification and Implementation of the Rome Statute,* The International Centre for Criminal Law Reform and Criminal Justice Policy, (Third Edition, March 2008) p. 20.
२१. ऐजन।
२२. पदटिप्पणी १०, धारा १२४

आधारमा हुने आमहत्याका अतिरिक्त राजनीतिक आधारमा हुने हत्यासमेतलाई आमसंहारको परिभाषाभित्र समाहित गरेको छ।[२३]

२.३.५ अदालतसँग सहकार्य गर्ने दायित्वहरू

न्याय सम्पादनको क्रममा पक्ष राज्यको अदालतलाई सहयोग गर्ने दायित्व हो।[२४] खासगरी दुई किसिमको सहयोगको जरूरत हुन्छ। पहिलो विधानको अधिकारक्षेत्रअन्तर्गत पर्ने विषयमा कसैले अपराधको घटना घटाएमा पक्राउ गरी अदालतलाई सुम्पिने र दोस्रो प्रमाण सङ्कलन, साक्षी, पीडितको सुरक्षा र भौतिक सम्पत्ति सुरक्षासम्बन्धी कार्यलगायत रोम विधान अनुमोदन गरेपछि अन्तर्राष्ट्रिय फौजदारी अदालतले प्रत्यक्षरूपमा माथि उल्लिखित सहयोगको लागि अनुमोदन गर्ने राष्ट्रलाई अनुरोध गर्न सक्छ। त्यस्तो सहयोगको प्रक्रिया अनुमोदनको बखत तयार गरिन्छ र त्यस्तो सहयोग विधान अनुमोदन गर्ने देशलाई अदालतको विभिन्न अङ्गमार्फत् माग गर्न सक्छ। सहयोग कसरी गर्ने भन्ने सम्बन्धमा राष्ट्रियस्तरमा कार्यविधि पहिले नै तय हुनुपर्दछ।[२५] यसरी सहयोग माग गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको अभियोक्ताले अदालतको तीनवटा च्याम्बरमध्ये पूर्वसुनुवाई च्याम्बरलाई अभियुक्तलाई पक्राउ पूर्जी जारी गर्नेलगायतका विषयमा अनुरोध गर्न सक्नेछ। तसर्थ अभियुक्तलाई पक्राउ गर्ने, हस्तान्तरण गर्ने, अदालतको आदेश वा निर्णयको कार्यान्वयन गर्ने, अभियोक्तालाई अनुसन्धान गर्न अनुमति दिने र सोको लागि आवश्यक सहयोग गर्ने, साक्षी तथा पीडितको सुरक्षा दिने अनुमोदन गर्ने राष्ट्रको दायित्वभित्र पर्दछ। विधानमा उल्लिखित न्याय सम्पादनको दुरूपयोग

---

२३. आमसंहारलाई इथियोपियाको सोसम्बन्धी राष्ट्रिय कानुनमा रोम विधानमा गरेको परिभाषाभन्दा विस्तृतरूपमा गरी राजनीतिक आधारमा गरिने हत्यालाई पनि समेटिएको छ। उक्त परिभाषा देहायबमोजिम गरिएको छ। **Whosoever**, with intent to destroy, in whole or in part, a national, ethnic, racial, religious or **political group**, organizes, orders or engages in, be it in time of war or in time of peace:

(a) killings, bodily harm or serious injury to the physical or mental heath of members of the group, in any way whatsoever; or

(b) measures to prevent the propagation or continued survival of its members or their progeny; or

(c) the compulsory movement or dispensation of peoples or children, or their placing under living conditions calculated to result in their death or disappearance, [commits genocide and] is punishable with rigorous imprisonment from five years to life, or in case of exceptional gravity, with death. Available at http://www.awate.com/portal/content/view/4993/5/ (visited on 12th Aug, 2009).

२४. पादटिप्पणी १०, धारा ८६।

२५. ऐजन, धारा ८८।

रोक्नको लागि राज्यले आवश्यक कानून तर्जुमा गर्नुपर्ने हुन्छ।[२६]

यसका अतिरिक्त रोम विधानले न्याय प्रशासनलाई भरपर्दो र विश्वसनीय बनाउनको लागि विशेष व्यवस्था गरेको छ। त्यस सन्दर्भमा बयान गर्दा झुठो बोल्न नहुने, जालसाजी वा झूठो प्रमाण पेश गर्न नहुने, साक्षीलाई सत्यतथ्य स्पष्टरूपमा बोल्नबाट बञ्चित हुने गरी कुनै बाधा अवरोध खडा गर्न नहुने, साक्षीले बयान दिएको आधारमा प्रतिशोध साँध्ने, प्रमाण सङ्कलनमा अवरोध खडा गर्ने, अदालतका कर्मचारीहरूलाई भ्रष्ट बनाउने र अदालतमा काम नगर्न नगराउनको लागि अवरोध खडा गर्ने नपाउने व्यवस्था छ।[२७]

२.३.६ अन्तर्राष्ट्रिय फौजदारी अदालतमा विचाराधीन मुद्दाहरू

हाल अन्तर्राष्ट्रिय फौजदारी अदालतमा केही मुद्दाहरू विचाराधीन रहेका छन्। युगाण्डाको पाँच जना व्यक्ति विरूद्ध चलाइएको मुद्दामा एक जनाको मृत्यु भएपछि चार जना विरूद्ध चलिरहेको छ। राष्ट्रियस्तरमा युद्ध अपराधको कारबाहीको उदाहरणको रूपमा युगाण्डाको विषयलाई लिन सकिन्छ। युगाण्डामा भएको आन्तरिक द्वन्द्वमा विद्रोही पक्षसँग सम्झौतापछि सो विद्रोही पक्षले युद्ध अपराध गरेको भनी उक्त विषय सो देशको राष्ट्रपति योवेरी मुसेभेनीले अन्तर्राष्ट्रिय फौजदारी अदालतमा पठाएका थिए। उक्त विषयमा अदालतको अभियोक्ता र पूर्वसुनुवाई च्याम्बरबाट विद्रोही नेता जोसेफ कोनीलगायत उनका चार सहयोगी माथि पक्राउ पूर्जी जारी भई सकेको थियो। तर पछि आएर युगाण्डाको सरकार र उक्त विद्रोहीहरूबीच फेरि नयाँ सम्झौता भयो। उक्त सम्झौतामा द्वन्द्वमा भएको युद्ध अपराधको हकमा राष्ट्रियस्तरमै अदालत खडा गरी कारबाही गरिने उल्लेख छ। यसमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले युगाण्डाको राष्ट्रिय अदालतबाट विधानको धारा १७ मा उल्लेख भएबमोजिम कारबाही हुन्छ या हुन्न हेरी पर्खिरहेको छ। यस अवस्थामा फौजदारी अदालतले दोषीमाथि सही र निष्पक्ष कारबाही गर्न दवाव दिइरहेको देखिन्छ।

त्यसैगरी कङ्गोमा भएको युद्ध अपराध विरूद्ध तीन जनाउपर कारबाही

---

२६. ऐजन, धारा ७० (४०) क।
२७. ऐजन।

भइरहेको छ। भूतपूर्वउपराष्ट्रपति जीन पाइरे बेम्बालाई आफ्नो मिलिसियाद्वारा युद्धमा सहभागी नभएका नागरिकहरूको हत्या र बलात्कार गर्नुका साथै यातना दिएको अभियोग लगाएको थियो। उनीलगायत उनका सहयोगीहरूलाई सन् २००२-२००३ मा भएको रक्तपातपूर्ण शक्ति सङ्घर्षमा उक्त अपराध गरेको आरोप लागेको हो।[२८] हालै चर्चामा आएको सुडानको मुद्दाको विषयमा ३ जना विरूद्ध मुद्दा चलाइएकोमा एक जना अभियुक्त वहर इद्रिश अबु गर्दा मिति १८ मे २००९ मा स्वेच्छिकरूपमा अदालतमा उपस्थित भएका थिए[२९] भने अन्य अझै फरार छन्।

२.४ अन्तर्राष्ट्रिय फौजदारी अदालतले पालन गर्नुपर्ने केही सिद्धान्तहरू

२.४.१ फौजदारी न्यायका सर्वमान्य सिद्धान्तहरू

२.४.१.१ कानून विनाको अपराध नहुने[३०]

कुनै पनि कार्यलाई अपराध हो भनी घोषणा कानूनले गरेको हुनुपर्छ भन्ने कानूनसम्मतताको सामान्य सिद्धान्त (Principle of Legality) हो। अर्थात् कानूनले अपराध घोषणा नगरेको कुनै पनि कृत्य अपराध होइन र त्यस्तो कृत्य गर्दा सजाय हुन सक्दैन। यही सिद्धान्तलाई विधानमा फौजदारी न्यायका सर्वमान्य सिद्धान्तको रूपमा राखिएको छ। प्रश्न उठेको विषय आचरण गरिएको समयमा अदालतको अधिकारक्षेत्रअन्तर्गतको सो कार्य अपराध नहुने भएमा कुनै पनि व्यक्ति यस विधानअन्तर्गत आपराधिकरूपमा उत्तरदायी हुनेछैन भन्ने उल्लेख छ। मुख्यत: कानून विनाको अपराध नहुने सिद्धान्तले लिखित कानूनको निश्चितता, कानूनी निश्चितताका मान्यता, हचुवाको आधारमा हुने कुरामा रोकावट र भूतलक्षी कानूनको रोकावटलाई सुनिश्चित गर्दछ। यी कुराहरू न्यूरेम्बर्ग अदालतले गरेको कारबाहीमा पालना हुन नसकेको कारणले सो अदालतको आलोचना भयो। पछिल्लो समयमा आएर अन्तर्राष्ट्रिय समुदायले परम्परागत अन्तर्राष्ट्रिय कानूनको रूपमा यी सिद्धान्तहरूलाई स्वीकार गरिसकेको छ।

---

२८. विस्तृत विवरणको लागि हेर्नुहोस् http://www.icc-cpi.int/Menus/ICC/Situations+and+Cases/Situations/Situation+ICC+0105/ Related+ Cases/ICC+0105+0108/Case+The+Prosecutor+v+Jean-Pierre+Bemba+Gombo.htm (visited on 12th Aug, 2009).

२९. विस्तृत विवरणको लागि हेर्नुहोस् http://www.icc-cpi.int/Menus/ICC/Situations+and+Cases/Situations/Situation+ICC+0205/ (visited on 12th Aug, 2009).

३०. पादटिप्पणी १०, धारा २२

२.४.१.२ **कानूनविनाको सजाय नहुने**[३१]

जसरी कानूनले कुनै कार्यलाई अपराध घोषित नगरेसम्म त्यो कार्य अपराध हुँदैन, त्यसैगरी कानूनले दण्डको व्यवस्था नगरेसम्म अदालतले सजाय गर्न सक्दैन। अन्तर्राष्ट्रिय फौजदारी अदालतले रोम विधानमा भएको व्यवस्थाबाहेकको विषयमा कुनै पनि व्यक्तिलाई सजाय गर्न मिल्दैन। कानून विनाको सजाय नहुने सिद्धान्तलाई संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ (धारा १५(१) लगायत अन्य विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी संयन्त्रहरूले स्वीकार गरिसकेका छन्।

२.४.१.३ **पश्चात्दर्शी असर नहुने**[३२]

रोम विधान लागू हुनुपूर्व गरिएको कुनै कार्य त्यस विधानमा उल्लिखित अपराधको प्रकृतिभित्र नै पर्ने देखिए पनि विधानअन्तर्गत अदालतले अधिकारक्षेत्र ग्रहण गर्न मिल्दैन। कुनै राज्य यो विधानको पक्ष हुनुपूर्व विधानअन्तर्गत कसूर कायम हुने कार्यउपर पनि अदालतले अनुसन्धान, अभियोजन र निर्णय गर्न सक्तैन। अर्थात् पश्चातदर्शी असर पर्ने गरी यस विधानको प्रयोग हुन सक्दैन। तर मुद्दामा अन्तिम निर्णय हुनुअघि कानूनमा परिवर्तन भई अभियुक्तलाई बढी हितकर हुने भएमा सो कानून लागू हुन सक्छ।

२.४.१.४ **व्यक्तिगत फौजदारी दायित्व रहने**[३३]

अदालतको अधिकारक्षेत्र प्राकृतिक व्यक्तिहरूउपर रहने व्यवस्था छ। अदालतको अधिकारक्षेत्रअन्तर्गतको अपराध गर्ने वा गर्नुपर्ने दायित्व पूरा नगर्ने वा विधानले अपराध मानेको कार्य गर्नमा सामेल हुने व्यक्ति यस विधानअनुसार सजायको लागि व्यक्तिगतरूपमा उत्तरदायी वा भागीदार हुन्छन्। अपराध गर्ने मात्र होइन, अन्हाउने, उक्साउने, आपराधिक घटना गराउनको लागि सरसाधन उपलब्ध गराउने वा मद्दत गर्ने व्यक्ति पनि व्यक्तिगतरूपमा सजायको भागीदार हुन्छन्। आफू संलग्न भएको सङ्गठनबाट भएको अपराधमा उसको संलग्नता नभएसम्म ऊ

---

३१. ऐजन, धारा २३
३२. ऐजन, धारा २४
३३. ऐजन, धारा २५

जिम्मेवार हुँदैन। तर न्युरेम्वर्ग बडापत्रको धारा ९ र १० ले यसलाई स्वीकार गरेको थिएन। सार्वजनिक अन्तर्राष्ट्रिय कानूनअनुसार कानूनको पालना नगर्दाको अवस्थामा उत्पन्न हुने राज्यको दायित्वको सम्बन्धमा सोही बमोजिम नै हुन्छ।

२.४.१.५ उमेर नपुगेका व्यक्तिउपर अदालतको क्षेत्राधिकार नरहने[३४]

रोम विधानमा अठार वर्षभन्दा कम उमेर रहेको कुनै पनि व्यक्तिउपर अदालतले अधिकारक्षेत्र ग्रहण नगर्ने व्यवस्था छ।

२.४.१.६ पदीय हैसियतको असान्दर्भिकता[३५]

सरकार वा राष्ट्र प्रमुख, सरकार वा संसदको सदस्य, निर्वाचित प्रतिनिधि वा सरकारी अधिकारी जस्ता पदीय हैसियतले कुनै पनि अवस्थामा यस विधानअन्तर्गतको फौजदारी उत्तरदायित्वबाट छुट नहुने व्यवस्था गरेको छ। साथै त्यस्तो कुराले सजायको न्यूनीकरणको लागि कुनै आधार पनि नहुने व्यवस्था छ। राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनअन्तर्गत कुनै व्यक्तिको पदीय हैसियतसँग जोडिन सक्ने उन्मुक्तिहरू वा विशेष कार्यविधिहरूले त्यस्तो व्यक्तिउपर अधिकारक्षेत्रको प्रयोग गर्न अदालतलाई कुनै बाधा गर्दैन। उदाहरणको रूपमा बहालवाला सुडानको राष्ट्रपति ओमार अल् बसिरलाई डाफरमा भएको मानवता विरूद्धको अपराध र युद्ध अपराधको अभियोगमा फौजदारी अदालतले पक्राउ पूर्जी जारी गरेको कुरालाई पहिलो घटनाको रूपमा लिन सकिन्छ।[३६]

२.४.१.७ तालुकवाला अधिकारी जिम्मेवार हुने (Superior Responsibility)[३७]

अन्तर्राष्ट्रिय मानवीय कानूनमा कमाण्डर तथा उच्च पदस्थ अधिकारी आफूभन्दा तलको सेना वा कर्मचारीले गरेको अपराधउपर जिममेवारी हुनुपर्ने सामान्य सिद्धान्त नै हो। जेनेभा महासन्धिको अतिरिक्त आलेख (Optional Protocal)

---

३४. ऐजन, धारा २६
३५. ऐजन, धारा २७
३६. Florian Jessberger and Julia Geneuss, *On the Application of a Theory of Indirect Perpetration in Al Bashir: German Doctrine at The Hague¿* JICJ 6 (2008), 853^869. Available at: http://jicj.oxfordjournals.org/cgi/content/abstract /6/5/853 (visited on 12 Aug. 2009)
३७. पादटिप्पणी १०, धारा २८।

को धारा ८६(२) र ८७ मा अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा कमाण्डर तथा उच्च पदस्थ अधिकारी जिम्मेवारी हुने कुरा उल्लेख छन्। अझ हालै आएर सशस्त्र द्वन्द्वको अतिरिक्त गैरसैनिक नेता, आतङ्कवादी समूहका नेता, अर्धसैनिक नेतालगायत अपराधी समूहका नेताहरू आफू मातहतको कार्यकर्ता वा सैनिकले गरेको अपराधको जिम्मेवारी बहन गर्नुपर्दछ भन्ने मान्यता विकसित भएको छ।[३८] रोम विधानमा फौजदारी आपराधिक दायित्व बहन गर्ने विषयका अतिरिक्त कुनै पनि सैनिक कमाण्डर वा कमाण्डरको रूपमा प्रभाव जमाई जारी गरिएको आदेश, नियन्त्रण वा उसले नियन्त्रण गर्न एवम् सम्हाल्न नसकेको कारणबाट देहायको अवस्थामा विधानमा परिभाषा गरिएको अपराधको घटना घटेमा सैनिक कमाण्डर वा सैनिक कमाण्डरको रूपमा प्रभाव जमाएका व्यक्तिले त्यस्तो आपराधिक दायित्वबाट उम्कन मिल्दैन:

- यदि त्यस्तो सैनिक कमाण्डर वा कमाण्डरको रूपमा प्रभाव जमाई बसेको व्यक्तिको जानकारीमा छ भने,
- यदि त्यस्तो सैनिक कमाण्डर वा कमाण्डरको रूपमा प्रभाव जमाई बसेको व्यक्तिले अपराध रोक्नको लागि उपयुक्त एवम् सार्थक उपाय नचालेको साथै अपराध पछि दोषीउपर कारबाहीको लागि सम्बन्धित निकायमा पेश नगरेको।

विधानको धारा २८(२) ले गैरसैनिक तालुकवाला अधिकारीको हकमा पनि उक्त व्यवस्था लागू हुने व्यवस्था गरेको देखिन्छ। तालुकवाला एवम् मातहतका व्यक्तिहरूको सम्बन्धको सन्दर्भमा मातहतका व्यक्तिहरूको सही तरिकाले नियन्त्रण गर्न असफल भएको अवस्थामा तालुकवाला जिम्मेवार हुने व्यवस्था छ। तर त्यस्तो विषयमा तालुकवालाउपर कारबाही गर्न देहायको अवस्था विद्यमान हुनुपर्ने उल्लेख भएको पाइन्छ:

- त्यस्तो अपराध हुन्छ भन्ने थाहा जानकारी भइकन पनि उपेक्षा गरेको,
- उक्त विषयहरू तालुकवालाको जिम्मेवारीमा रहेको, र
- तालुकवालाले सो घटना रोक्नको लागि आफ्नो सामर्थ्यभित्रको सबै उपाय नअपनाएको वा अनुसन्धान र अभियोजनको लागि सम्बन्धित निकाय समक्ष पेश नगरेको।

---

३८. Guénaël Mettraux, The Law of Command Responsibility, available at http://ukcatalogue.oup.com/product/ 9780199559329.do (visited on 12 Aug. 2009).

रूवाण्डामा भएका आमसंहार तथा मानवता विरूद्धको अपराधमा *अभियोक्ता वि. आकायसु*[३९] भएको मुद्दामा रूवाण्डामा भएको अपराधको लागि गठन भएको ट्राईबुनलले आकायसुले आफूअन्तर्गतका व्यक्तिहरूलाई अपराध गराउन उद्दत गरेको, सहयोग गरेको अभियोगमा व्यक्तिगत फौजदारी दायित्व बहन गराई सजाय गरेको थियो।

२.४.१.८ रोम विधानले **अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूमा हदम्याद नलाग्ने**[४०] व्यवस्था गरेको छ।

२.४.१.९ **अपराध स्थापित हुन मनसाय तत्वको महत्वपूर्ण भूमिका रहने**[४१]

विधानले कुनै पनि व्यक्तिले मनसायपूर्वक जानकारी राखी कुनै भौतिक अपराध घटाएमा जिम्मेवार हुने व्यवस्था गरेको छ। व्यक्तिको मनसाय भन्नाले व्यक्ति उक्त घटेको घटनामा सामेल भएको र उक्त कार्य गर्दा अपराधको घटना घट्छ भन्ने जानकारी राखेको उल्लेख छ। उक्त व्यवस्थामा "जानकारी" भन्नाले सामान्यत: यस्तो कार्य गर्दा यसको परिणाम यस्तो आउँछ भन्ने थाहा हुनुपर्ने अवस्था रहनुपर्ने कुरालाई बुझाँउछ।

२.४.१.१० **मानसिक रोग वा कमजोरीले ग्रसित व्यक्तिले गरेको कार्य अपराध नहुने**[४२]

गैरकानूनी भएको वा सो कार्य प्रकृतिको हेक्का राख्ने क्षमता वा चाहेअनुसार कार्य नियन्त्रण गर्ने क्षमता समाप्त हुने गरी कुनै पनि व्यक्ति मानसिक रोगी वा कमजोर भएको अवस्थामा भएको आपराधिक घटनाको दायित्वबाट मुक्त हुन्छ। साथै अपराध हुने कार्यमा संलग्न हुन सक्ने कुरा जानेर पनि वा जोखिमको बेवास्ता गरी स्वेच्छाले मदोमत्त भएको अवस्थामा बाहेक कुनै कार्यको बैधता वा हेक्का राख्ने क्षमता वा चाहे अनुरूपको आफ्नो कार्यमाथि नियन्त्रण राख्ने क्षमताबाट नष्ट हुने गरी सो व्यक्ति मदोमत्त भएको अवस्थामा पनि आपराधिक

---

३९. The Prosecutor v. Jean-Paul Akayesu, Case No. ICTR-96-4-T, (Decision of: 2 September 1998).
४०. पादटिप्पणी १०, धारा २९
४१. ऐजन, धारा ३०
४२. ऐजन, धारा ३१(१)(क), (ख)

दायित्वबाट मुक्त हुन्छ। त्यस अतिरिक्त कसैको जबरजस्तीको कारण (Duress) र अपराध गर्ने आवश्यकता वा बाध्यता (Necessity) को अवस्थामा गरिएको अपराधमा आपराधिक दायित्वबाट उन्मुक्ति हुन्छ। त्यस अतिरिक्त दोस्रो विश्वयुद्धपछि गठन भएको अन्तर्राष्ट्रिय सैनिक अदालत गठन भएको बेलामा तालुकदारीबाट भएको आदेशको कारण भएको अपराधमा त्यस्तो कार्य गर्नेलाई सजायबाट उन्मुक्ति दिने व्यवस्था थिएन। तर न्यायको हिसाबले सजाय घटाउने व्यवस्था रहेको थियो। हाल आएर रोम विधानको धारा ३३ ले कुनै व्यक्तिले कानून पालना गर्नुपर्ने अवस्थामा भएको अपराध, आफूभन्दा माथिको व्यक्तिले दिएको आदेश गैरकानूनी हो भन्ने जानकारी नभएको र आदेश झट्ट हेर्दा पनि गैरकानूनी नदेखिएको अवस्थामा तालुकदारी व्यक्तिले दिएको आदेश पालना गर्ने व्यक्ति जिम्मेवार हुने छैन।

२.४.१.११ आत्मरक्षाको लागि गरिएको कार्य अपराध नहुने[४३]

फौजदारी उत्तरदायित्वबाट मुक्ति पाउने सन्दर्भमा कुनै व्यक्तिले आफ्नो वा अरूको सुरक्षाको क्रममा समानुपातिक तरिकाले हुन सक्ने खतरा र शक्तिको गैरकानूनी प्रयोगबाट मुक्त हुनको लागि अपनाइएको कार्यमा फौजदारी उत्तरदायित्वबाट मुक्त हुन्छ। युद्ध अपराधको सन्दर्भमा आफू र अरु बाँच्न वा सैनिक लक्ष्य पूरा गर्न अपनाइएको कार्य अपराध नहुने व्यवस्था छ।

त्यस्तै अपराध ठानिएको आचरण सो व्यक्ति वा अन्य व्यक्तिको विरूद्ध आसन्न मृत्यु वा भइरहेको वा आसन्न शारीरिक चोटपटकको त्रास देखाई करकापबाट गरिएको भए सो व्यक्तिले उक्त त्रासबाट जोगिन आवश्यक र युक्तिसङ्गत तरिकाले काम गरेको भए अन्ततः सो व्यक्तिले टार्न खोजिएको हानीभन्दा ठूलो हानी गर्ने मनसाय नराखेको अवस्थामा दायित्वबाट अलग हुन्छ।

२.४.१.१२ तथ्यको भ्रम र कानूनको भ्रमसम्बन्धी व्यवस्था[४४]

विधानले मनसाय तत्व नभएको तथ्यको भ्रम क्षम्य हुने व्यवस्था गरेको छ। तर अपराध घोषित गरिएको कार्यमा कानूनको भ्रम क्षम्य नहुने व्यवस्था छ।

---

४३. ऐजन, धारा ३१(१)(ग),(घ)
४४. ऐजन, धारा ३२

त्यस अतिरिक्त सामान्यत: विधानले मनसाय तत्व आवश्यक हुने अवस्था र धारा ३३ को अवस्थामा कानूनको भ्रम पनि क्षम्य हुन सक्ने देखिन्छ।

२.४.२ अन्य सिद्धान्त तथा व्यवस्थाहरू

२.४.२.१ दोहोरो खतराको सिद्धान्त

विधानले अदालतबाट एकपटक दोषी साबित भइसकेपछि वा सफाई पाइसकेपछि सोही विषयमा पुन: पुर्पक्ष गर्न नपाइने अधिकार सुनिश्चित गरेको छ। तर विधानमा उल्लेख भएको अन्य अवस्थामा भने यसले असर नगर्ने उल्लेख छ। विधानको धारा ५ मा उल्लेख भएको अपराधमा अदालतबाट दोषी साबित भई सजाय पाइसकेका वा सफाई पाइसकेका व्यक्तिहरूलाई पुन: पुर्पक्ष नगरिने अधिकार यसले सुनिश्चित गरेको छ। तर पुर्पक्षको नाममा सही अनुसन्धान वा सुनुवाई नगरी अरूलाई देखाउनको लागि मात्र र फौजदारी दायित्वबाट जोगाउने एवम् अन्तर्राष्ट्रिय कानूनको मान्यता विपरीत स्वतन्त्र र निष्पक्ष अदालतबाट पुर्पक्ष भएमा अदालतले पुन: कारबाही गर्न सक्तछ।

२.४.२.२ अदालतबाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने[४५] व्यवस्था विधानले गरेको छ।

२.४.२.३ अभियुक्तलाई दोषी प्रमाणित गर्ने भार अभियोक्तामा रहने[४६] व्यवस्था विधानमा छ।

२.४.२.४ अभियुक्तलाई दोषी करार गर्नको लागि अभियुक्तको दोषमा अदालत शङ्कारहित तबरले विश्वस्त हुनुपर्ने[४७] व्यवस्था गरेको छ।

२.५ अन्तर्राष्ट्रिय फौजदारी अदालतले गर्ने अनुसन्धान, अभियोजन, निर्णय निर्माण र कार्यान्वयन

माथि नै उल्लेख गरिसकिएको छ कि रोम विधानको अनुमोदनपछि राष्ट्रिय अदालतको परिपुरक अदालतको रूपमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले कार्य गर्दछ। अदालतको विधान लागू भएपछि र कुनै राष्ट्र विधानको सदस्य भएपछि भए

४५. ऐजन, धारा ६६
४६. ऐजन
४७. ऐजन

गरेका अपराधका सम्बन्धमा मात्र अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गर्दछ। राज्यपक्षले अदालतको अभियोक्तालाई सिफारिश गरेमा, संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले अभियोक्तालाई सिफारिश गरेमा वा अभियोक्ताले सूचनाका आधारमा अपराधको अनुसन्धान स्वयम् शुरूवात गरेर अन्तर्राष्ट्रिय फौजदारी अदालतको अनुसन्धानलाई अगाडि बढाउने व्यवस्था छ।[४८]

अभियोक्तालाई उपलब्ध जानकारीले अदालतको अधिकार क्षेत्रभित्र अपराध भएको वा भइरहेको छ भन्ने विश्वास गर्ने मनासिब आधार भए, राज्य पक्ष अनुसन्धान र अभियोजन गर्न अनिच्छुक वा वास्तवमा असमर्थ छ भन्ने भए, अदालतको अधिकार क्षेत्रअन्तर्गतका अपराधहरूका लागि सम्बन्धित व्यक्तिलाई फौजदारी दायित्वबाट बचाउने उद्देश्यबाट कारबाही चलाइरहेको भए, कारबाहीमा औचित्य विनाको ढिलाई भइरहेको, कारबाही स्वतन्त्ररूपमा र निष्पक्षतापूर्वक चलाएको वा नभइरहेको कुनै खास मुद्दामा अयोग्यता ठहर गर्नको लागि अदालतले राष्ट्रिय न्यायिक प्रणालीको पूर्ण वा ठूलो असफलता वा अनुपलब्धताले राज्यले अभियुक्तलाई कारबाही चलाउन नसकेको भन्ने अभियोक्तालाई लागेमा अभियोक्ताले अनुसन्धान शुरू गर्दछन्।[४९] अनुसन्धान अगाडि बढाउन मनासिब आधार छ भन्ने अभियोक्ताले निष्कर्ष निकालेपछि अनुमतिका लागि पूर्व पुर्पक्ष गर्ने अधिकारीसमक्ष अनुरोध गर्नुपर्दछ र आवश्यक भए अनुमति प्रदान गर्ने हुन्छ।[५०] अनुसन्धान शुरू गर्ने भएपछि सम्बन्धित अपराधहरूउपर सामान्यतया अधिकारक्षेत्रको प्रयोग गर्न सक्ने राज्यहरूलाई अभियोक्ताले गोप्यतापूर्वक जनाउ दिन सक्नेछ।[५१]

अभियोक्ताले अनुसन्धान शुरू गरेपछि पक्राउ, वारेण्ट वा उपस्थित हुन समाह्वान जारी गरिएका अभियुक्त वा व्यक्तिले मुद्दाको अनुसन्धान वा अभियोजन जारी राखेको वा अनुसन्धान गरेको आधारमा मुद्दाको अधिकारक्षेत्र रहेको राज्यले मुद्दाको ग्राहयता वा अदालतको अधिकारक्षेत्रउपर अदालतसमक्ष चुनौती दिन सक्नेछन्। तर यस्तो चुनौती पूर्व पुर्पक्ष गर्ने अधिकारीसमक्ष अभियोग कायम हुनु अगावै प्रस्तुत गर्नुपर्ने हुन्छ। अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूको प्रभावकारी अनुसन्धान र अभियोजन सुनिश्चित गर्ने क्रममा उमेर, लैङ्गिकता,

४८. ऐजन, धारा १३
४९. ऐजन, धारा ५३(१),(२)
५०. ऐजन, धारा ५३(३)
५१. ऐजन, धारा ५४

स्वास्थ्यलगायत पीडित र साक्षीहरूको हित र व्यक्तिगत परिस्थितिलाई सम्मान गर्नेछ। अभियोक्ताले प्रमाण सङ्कलन र परीक्षण गर्न सक्नेछ।

अनुसन्धानको क्रममा कुनै व्यक्तिलाई सावित हुन बाध्य नपारिने र कुनै पनि स्वरूपको अपमानजनक वा त्रास, यातना वा अन्य कुनै स्वरूपको क्रुर, अमानवीय वा अपमानजनक व्यवहार नगरिने र अदालतको कारबाहीको भाषा नबुझ्ने भएमा दोभाषेको नि:शुल्क व्यवस्था गरिनेलगायतको अभियुक्तको अधिकार विधानले प्रत्याभूति गरेको छ। त्यस्तै स्वेच्छाचारी पक्राउ र थुनछेकको भागिदार नबनाईने साथै विधानमा स्थापित आधारहरूबाहेक निजको स्वतन्त्रताबाट वाञ्चित गरिनेछैन भन्ने कुरा प्रत्याभूत गरिएको छ।[५२] अदालतको क्षेत्राधिकारअन्तर्गतको अपराधमा अभियोक्ताको अनुरोधअनुसार राष्ट्रिय पदाधिकारीहरूबाट सोधपुछ गरिने भएमा त्यस्तो व्यक्तिलाई आफूलाई लागेको आरोपको जानकारी पाउने, चुप बसेको कुरालाई दोष वा निर्दोषिताको निर्धारण गर्दा विचार नहुने गरी चुप बस्न पाउने, कानूनी सहायता लिन पाउने र निजसँग पर्याप्त स्रोत साधन नभएमा यस्तो सहायता नि:शुल्क पाउने, कानूनी सल्लाहकारको अधिकारलाई स्वेच्छिकरूपमा परित्याग नगरेसम्म कानूनी सल्लाहकारको उपस्थितिमा निजलाई सोधपुछ गरिने अधिकार हुने प्रत्याभूति विधानले गरेको छ। त्यस्तै अभियोगको निरोपणमा यीलगायतका अनुचित ढिलाई विना पुर्पक्ष गरिनेलगायत स्वच्छ सुनुवाईको हकको प्रत्याभूतिसमेत विधानले गरेको छ।[५३]

अभियोक्तालाई अनुसन्धानको प्रयोजनको लागि आवश्यक पर्न सक्ने आदेश, वारेण्ट जारी गर्ने, पीडित र साक्षीको आवश्यक भएमा गोपनीयताको संरक्षण गर्नेलगायतका व्यवस्था पूर्व पुर्पक्ष कक्षले गर्ने गर्दछ। त्यस्तै यस कक्षले व्यक्तिको अदालतसमक्ष समर्पण वा उपस्थितिलगायतको थुनालाई निरन्तरता दिने वा सशर्त वा नि:शर्त छुटकारा दिने, समयभित्र अभियोक्ताले अभियोगी व्यक्तिलाई पुर्पक्षमा ल्याउन चाहेको अभियोगहरू समावेश रहेको लिखतको प्रति उपलब्ध गराउने, अभियोक्ताले भर गर्न चाहेको प्रमाणको जानकारी दिनुपर्ने हुन्छ। सुनुवाईमा व्यक्तिले आरोप अस्वीकार गर्न, अभियोक्ताले पेश गरेको प्रमाणउपर चुनौती दिन र प्रमाण पेश गर्न सक्ने हुन्छ। अभियोग पूर्व-पुर्पक्ष कक्षबाट सदर

५२. ऐजन, धारा ५५
५३. ऐजन

भएपछि पुर्पक्ष कक्ष गठन हुने व्यवस्था छ।[५४]

पुर्पक्ष कक्षले पनि आरोपित व्यक्तिलाई अभियोगपत्र पढेर सुनाई, दोष सकार गर्न वा निर्दोषिता दावी गर्न अवसर प्रदान गर्ने, प्रमाण बुझ्नेलगायतको स्वच्छ र निष्पक्ष पुर्पक्षसँग सम्बन्धित कार्यको अतिरिक्त पीडित, साक्षी वा अभियुक्तको संरक्षणको लागि कारबाहीको प्रक्रियाको कुनै भाग बन्द इजलासमा गर्न वा विद्युतीय वा अन्य विशेष माध्यमबाट प्रमाण प्रस्तुत गर्न अनुमति दिने व्यवस्था गर्ने विधानले किटान गरेको छ।[५५] अदालतले पीडितलाई हर्जना वा पुनर्स्थापनालगायत उपयुक्त क्षतिपूर्ति तोकेर दोषीका नाउँमा सोझै आदेश गर्न सक्छ। आरोपित व्यक्ति कसूरदार ठहर भएमा पुर्पक्ष कार्यकक्षले उपयुक्त व्यक्तिको उपस्थितिमा सजाय घोषणा गरिने व्यवस्था छ। अपराधमा कसूरदार ठहर भएको व्यक्तिलाई अधिकतम् तीस वर्षमा नबढ्ने गरी निश्चित वर्षको कारावास, जन्मकैद वा आजीवन कारावासको अतिरिक्त आवश्यक जरिवानासमेत गर्न सक्ने व्यवस्था विधानले गरेको छ। सजाय निर्धारण गर्दा अपराधको गम्भीरता, दोषी व्यक्तिको व्यक्तिगत परिस्थिति जस्ता तत्वलाई ध्यान दिने व्यवस्था छ।[५६]

उपरोक्त निर्णयउपर कार्यविधिगत त्रुटी, तथ्यको त्रुटी र कानूनको त्रुटी देखाई अभियोक्ताले वा दोषी करार भएको व्यक्तिले पुनरावेदन कार्यकक्षमा पुनरावेदन गर्न सक्ने व्यवस्था विधानमा गरिएको छ। अदालतको पुनरावेदन कार्यकक्षले निर्णय वा सजाय उल्टी वा संशोधन गर्न वा भिन्न पुर्पक्ष कक्ष समक्ष नयाँ पुर्पक्षको लागि आदेश गर्न सक्नेछ।[५७]

सजायको कार्यान्वयन सदस्य राज्यहरूका कारागारमार्फत गरिन्छ। अदालतले दिएको सजाय घटाउन निर्णय गर्ने अधिकार अदालतलाई मात्र हुने र सोबारे व्यक्तिको सुनुवाई गरेर मात्र निर्णय हुनेछ। तर लागेको सजायको दुई तिहाई भाग वा जन्मकैदको हकमा २५ वर्ष भुक्तान गरिसकेपछि सजाय घटाउन पर्ने नपर्ने टुङ्गो लगाउनको लागि अदालतले केही आधारमा पुनरावलोकन गर्ने, सोभन्दा अगावै पुनरावलोकन नगरिने व्यवस्था छ।[५८]

---

५४. ऐजन, धारा ६०
५५. ऐजन, धारा ६७,६८
५६. ऐजन, धारा ७७
५७. ऐजन, धारा ८१
५८. ऐजन, धारा ११०

२.६ अन्तर्राष्ट्रिय सहयोग र न्यायिक सहायता[५९]

अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानको मूल पक्ष भनेकै परिपूरक क्षेत्राधिकारको सिद्धान्त र सहयोगसम्बन्धी व्यवस्था हो। विधानमा उल्लिखित अपराधमा राज्यले कारबाही नगर्दा परिपूरक क्षेत्राधिकारअन्तर्गत अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गरेपछि अदालतलाई सहयोग गर्नुपर्ने दायित्व पक्ष राज्यमा सृजना हुन्छ। राज्य पक्षले सहयोग खासगरी दुईवटा कुरामा गर्नुपर्ने हुन्छ-अभियुक्तलाई अदालतको आग्रह बमोजिम पक्राउ गर्ने, समर्पण गराउने र साक्षी, प्रमाण र पीडितसँग सम्बन्धित अन्य प्रकारका सहयोगहरू, सजाय कार्यान्वयन आदि। यस क्रममा सरसहयोगको लागि राज्यपक्षहरूलाई अदालतले अनुरोध गर्दछ। त्यस्तो अनुरोध पुष्टि गर्ने लिखतलाई राज्यपक्षले गोप्य राख्नुपर्दछ। कुनै व्यक्तिउपरको अदालतको पक्राउ र समर्पणको अनुरोधलाई स्वीकार गरी आफ्नो राष्ट्रको कार्यविधि अनुसार गर्नुपर्दछ। समर्पणको लागि अनुरोध गरिएको व्यक्तिलाई अर्को राष्ट्रबाट त्यही अपराधमा सपुर्दगी माग भएमा सोबारे पक्षराष्ट्रले अदालतलाई जानकारी दिनुपर्दछ। अदालतमा मुद्दा अग्राह्य हुने भन्ने निर्णय नभएसम्म सपुर्दगी गर्न नमिल्ने व्यवस्था छ। यसका अतिरिक्त राज्यपक्षले अदालतको अनुरोध बमोजिम अनुसन्धान र अभियोजन भईरहेको व्यक्तिको सोधपुछ, न्यायिक कागजात सहितको अभिलेख सेवा, चिहान उत्खनन्, परीक्षण, खानतलासी र बरामदीको कार्यान्वयन, पीडित र साक्षीको संरक्षण र प्रमाणको सुरक्षालगायतमा सहयोग गर्नुपर्ने विधानमा उल्लेख छ।[६०]

यसप्रकार रोम विधानले मूलत: दुई पक्षलाई समेटेको छ। पहिलो हो- मानवता विरुद्धको अपराध, आमसंहार र युद्ध अपराध जस्ता अन्तर्राष्ट्रिय अपराधहरूलाई पक्षराष्ट्रले पनि अपराध घोषित गरी दोषीलाई कानूनको कठघरामा ल्याउनु पर्ने र दोश्रो हो- पक्षराष्ट्रले कारबाही गर्न अनिच्छा वा असमर्थता देखाएमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले परिपूरक क्षेत्राधिकारअन्तर्गत आफ्नो क्षेत्राधिकार ग्रहण गर्ने र त्यसरी उक्त अदालतले क्षेत्राधिकार ग्रहण गरिसकेपछि पक्ष राज्यहरूले अदालतलाई पूर्ण सहयोग गर्नुपर्ने।

---

५९. Art. 86 of the Statute– *States Parties shall, in accordance with the provisions of this Statute, cooperate fully with the court in its investigation & prosecution of crimes within the jurisdiction of the court.*

६०. ऐजन, धारा ९३

परिच्छेद: तीन

रोम विधानको सन्दर्भमा नेपाली फौजदारी कानून

३.१. अन्तर्राष्ट्रिय परिदृश्यमा नेपालको कानून प्रणाली

आजको कुनै पनि देश अन्तर्राष्ट्रिय समुदायबाट पृथक रहन सक्तैन। एक देशमा भएको कुनै घटना वा काम कारबाहीले अर्को राष्ट्रमा असर पार्छ। त्यसैले कुनै एक राष्ट्रको समस्या त्यो राष्ट्रको मात्र नभई अन्तर्राष्ट्रिय चासोको विषय बन्न पुग्दछ। यही भएर अन्तर्राष्ट्रियस्तरमा संयुक्त राष्ट्रसङ्घको स्थापना भएपछि नै विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा क्षेत्रीय वा द्विपक्षीयस्तरमा राष्ट्रहरूबीच विभिन्न सन्धि सम्झौताहरू हुने र राष्ट्रहरूले त्यसमा उल्लेख भएका व्यवस्थाहरूको पालना र लागू गरी समस्याहरू पारस्परिकताका आधारमा समाधान गर्ने गरी आएको पाईन्छ।

जहाँसम्म नेपालको सन्दर्भ हो, नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य बनेदेखि नै अन्तर्राष्ट्रियस्तरमा भएका महासन्धिलगायत अन्य संयन्त्रहरूको पक्ष हुँदै आएको छ। रोम विधानको सदस्य नभए पनि त्यससँग सम्बन्धित कतिपय कार्यविधिगत प्रावधानहरू नेपाल पक्ष भएका मानवअधिकारसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय महासन्धिहरूमा भएका व्यवस्थाहरूसँग पनि सामिप्यता राख्दछन्। उक्त विधानमा उल्लिखित आमसंहारको अपराधलाई नेपाल पक्ष बनेको आमसंहारसम्बन्धी अपराधको रोकथाम र सजायसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि १९४८ ले पनि केही न केही रूपमा समेट्न सक्तछ भने युद्ध अपराध सम्बन्धमा नेपाल पक्ष बनेको १९४९ को जेनेभा महासन्धिमा पनि व्यवस्था गरिएको पाईन्छ। मानवता विरुद्धको अपराधअन्तर्गत उल्लिखित कतिपय अपराधहरूलाई नेपाल पक्ष बनेका विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धि महासन्धिहरूले बर्जित गरेका पनि छन्। अन्तर्राष्ट्रिय महासन्धिमा उल्लिखित व्यवस्थाहरूको कार्यान्वयनको क्रममा थुप्रै ऐन कानूनहरू बन्ने गरेका छन्। अर्थात् राष्ट्रिय कानूनको एउटा

महत्त्वपूर्ण स्रोतको रूपमा अन्तर्राष्ट्रिय महासन्धिहरू भएको प्रमाणित हुँदै आएका छन्। राष्ट्रद्वारा अनुमोदित कतिपय सन्धि अनुरूप कानून बन्न बाँकी रहेको पनि पाईन्छ। जे होस्, अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा उल्लिखित कतिपय प्रावधानहरू हाम्रो फौजदारी न्याय प्रणालीमा समाहित भइसकेका छन् भने अन्य कतिपय कुराहरूका हकमा कानूनको अभाव रहेको देखिन्छ। यिनै पक्षहरूलाई समेटी प्रस्तुत परिच्छेदमा चर्चा गरिनेछ।

३.२ नेपालको अन्तरिम संविधान २०६३ र रोम विधान

३.२.१ सामिप्यताका पक्षहरू

रोम विधानले अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारभित्र आमसंहारको अपराध, मानवता विरूद्धको अपराध र युद्ध अपराध पर्ने उल्लेख गरेको छ। विधानमा कानून बिनाको अपराध[६१] र सजाय नहुने,[६२] पश्चातदर्शी असर नहुने,[६३] व्यक्तिगत फौजदारी दायित्व रहने,[६४] अदालतबाट दोषी प्रमाणित नभएसम्म अभियुक्त निर्दोष मानिने,[६५] आफ्नो विरूद्ध नबोलेको कुरा निजले कसूर स्वीकार गरेको भन्न नमिल्ने,[६६] अभियुक्तको कसूर प्रमाणित गर्ने भार अभियोक्तामा रहने[६७]लगायतका फौजदारी न्यायका सिद्धान्तहरू समेटिएका छन्।

अर्कोतर्फ हाम्रो संवैधानिक व्यवस्था हेर्दा राष्ट्रको सर्वोच्च कानूनको रूपमा रहेको नेपालको अन्तरिम संविधान, २०६३ मा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी महासन्धिहरूको व्यवस्थाअनुरूपका अधिकारहरू समाहित भएका छन्। प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन। कानून बमोजिमबाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन[६८] भन्ने व्यवस्था गरी राज्यले व्यक्तिलाई मृत्युदण्ड दिन नपाउने, सम्मानपूर्वक बाँच्न पाउने

६१. ऐजन, धारा २२।
६२. ऐजन, धारा २३।
६३. ऐजन, धारा २४।
६४. ऐजन, धारा २५।
६५. ऐजन, धारा ६६
६६. ऐजन
६७. ऐजन, धारा ६६ को उपधारा (२)
६८. नेपालको अन्तरिम संविधान, २०६३, धारा १२

अवसर सृजना गर्ने र वैयक्तिक स्वतन्त्रताको अपहरण संविधानअनुकूलको कानूनले बाहेक अरूले गर्न नसक्ने व्यवस्था गरेको छ। त्यस्तै सबै नागरिक कानूनको दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने[६९] प्रत्याभूति गरिएको छ। महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुने, कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य दण्डनीय समेत हुने[७०] व्यवस्था छ।

कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने, पक्राउ परेको व्यक्तिलाई पक्राउमा परेको समयमा सूचना दिने, पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा नराखिने प्रत्याभूति गरिएको छ।[७१] तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै किसिमको सजायको भागी नहुने र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय दिइने छैन[७२] भन्ने प्रत्याभूत गरी कानूनको भूतप्रभावी असर हुने गरी प्रयोग हुन नसक्ने कुरालाई स्थापित गरेको छ। त्यस्तै कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने अर्थात् निर्दोषिताको अनुमान गरिने व्यवस्था छ। अनुसन्धान तहकिकात वा पुर्पक्षको क्रममा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने, गरेमा त्यस्तो कार्य दण्डनीय हुने भई त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइने व्यवस्था पनि संविधानमा छ।[७३] कुनै पनि व्यक्ति विरूद्ध अदालतमा एकै कसूरमा एकभन्दा बढी मुद्दा नचलाइने र सजाय नदिइने गरी दोहोरो खतरा विरूद्धको सिद्धान्तलाई संस्थापित गरिएको छ। त्यस्तै कुनै कसूरको अभियोग लागेको

६९. ऐजन, धारा १३
७०. ऐजन, धारा २०
७१. ऐजन, धारा २४
७२. ऐजन
७३. ऐजन, धारा २५

व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन कर नलगाईने अर्थात् चुप लाग्न पाउने अधिकारको अतिरिक्त कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुने, असमर्थ पक्षलाई कानूनमा व्यवस्था भएबमोजिम नि:शुल्क कानूनी सेवा पाउने हक हुने व्यवस्था पनि गरिएको छ। यी व्यवस्थाहरू नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धि तथा अनुबन्धहरू जस्तै- नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, यातना तथा क्रुर, अमानवीय र अपमानजनक व्यवहार विरूद्धको महासन्धि (CAT), १९८४ लगायतमा रहेका व्यवस्थाहरूसँग सन्निकट रहेका छन्। नेपाल पक्ष बनी नसकेको अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानमा उल्लिखित फौजदारी न्यायको सिद्धान्तका कुराहरू नेपालको वर्तमान संविधानका समावेश भएका पाइन्छन्। त्यसैले संवैधानिक रूपबाट हेर्दा नेपाल व्यक्ति/नागरिकका मौलिक हकको प्रत्याभूति गर्ने कुरामा अगाडि नै छ भन्दा अत्युक्ति हुँदैन।

संविधानमा उल्लिखित मौलिक हकको अतिरिक्त राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूमा पनि दण्डहीनताको अन्त्य गर्न राज्यले आवश्यक कदम चाल्ने उल्लेख छ। संविधानको धारा ३३ मा उल्लिखित राज्यको दायित्वअन्तर्गत राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न सबै विभेदकारी कानूनको अन्त्य गर्ने, सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने, सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा **मानवता विरूद्धको अपराधमा** संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरोपण तथा मेलमिलाप आयोग गठन गर्ने भन्ने उल्लेख गरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानमा उल्लिखित मानवता विरूद्धको अपराधलाई यहाँ समावेश गरिएको पाइन्छ। तर मानवता विरूद्धको अपराधअन्तर्गत के कस्ता अपराधहरू पर्ने हुन् संविधानले परिभाषित गरेको पाइँदैन।

राज्यका निर्देशक सिद्धान्तहरूअन्तर्गत[७४] देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने दिशामा राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ। राज्यले संयुक्त राष्ट्रसङ्घको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति लिनेछ[७५] भन्ने उल्लेख भएबाट अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यतालाई महत्त्व दिइने स्पष्ट भएको छ। संविधानको उपरोक्त व्यवस्थाबाट अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानको धारा ५ मा उल्लिखित अदालतले अधिकारक्षेत्र ग्रहण गर्ने अपराधहरूलाई राष्ट्रको कानूनले पनि अपराध घोषित गरी सजायको व्यवस्था गर्न मार्ग प्रशस्त गरेको छ।

३.२.२ असङ्गत पक्षहरू

माथि नै उल्लेख गरिसकिएको छ कि रोम विधानमा उल्लिखित फौजदारी न्यायका सर्वमान्य सिद्धान्तहरू नेपालको संविधानअन्तर्गत मौलिक हकलगायतमा समावेश छन्। नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान र अन्य कानून तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिने व्यवस्था छ।[७६] न्यायका मान्य सिद्धान्तअन्तर्गत फौजदारी न्यायका सिद्धान्त पनि पर्दछन् र फौजदारी न्यायका सिद्धान्तअन्तर्गत पर्ने रोम विधानमा उल्लिखित सिद्धान्तहरू हामीले पनि अङ्गाली आएका छौं।

जहाँसम्म रोम विधानमा उल्लिखित अदालतले अधिकारक्षेत्र ग्रहण गरेका आमसंहार, मानवता विरूद्धको अपराध समेतका विषय र त्यससँग सम्बन्धित विषयहरूमा हाम्रो फौजदारी कानूनको अवस्थाको पुनरावलोकन गर्दा हाम्रा कतिपय कानूनमा सो विधानअनुरूप एकरूपता नभएको, कतिपय अपराधलाई हाम्रो फौजदारी कानूनले अपराध नै नमानेको अवस्था पनि देखिन आउँछ। तत्कालीन सशस्त्र युद्धरत शक्ति नेकपा (माओवादी) र नेपाल सरकारबीच भएको शान्ति सम्झौताको उपजको रूपमा रहेको नेपालको अन्तरिम संविधान, २०६३ को सरकारलाई बुझाएको मस्यौदामा युद्ध अपराध र मानवता विरूद्धको

---

७४. ऐजन, धारा ३४ (६)
७५. ऐजन, धारा ३४(२१)
७६. ऐजन, धारा १००

अपराधसम्बन्धी कसुरमा पश्चात्दर्शी असर हुने गरी कानून बनाई मुद्दा चलाउन र सजाय दिन बाधा पुऱ्याएको मानिने छैन।[७७] कुनै पनि व्यक्तिलाई दण्डहीनता वा मानवता विरूद्धको कसुरमा कानूनी उपचार प्राप्त गर्ने हक हुनेछ[७८] भन्ने व्यवस्था थियो। तर राजनीतिक सहमतिका नाममा यस्तो महत्त्वपूर्ण व्यवस्थालाई हटाईयो र नेपालको अन्तरिम संविधान, २०६३ को राज्यका निर्देशक सिद्धान्तअन्तर्गत धारा ३३ (घ) मा सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय, सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भन्ने कुरा उल्लेख गरियो। यसमा उल्लिखित मानवता विरूद्धको अपराधअन्तर्गत के कस्ता अपराध पर्दछन् भन्नेबारे स्पष्ट किटान हुन सकेको छैन। साथै मानवता विरूद्धको अपराधमा संलग्नलाई कानूनको कठघरामा उभ्याउने प्रतिबद्धता राज्यले व्यक्त गर्नुपर्नेमा मेलमिलाप तथा सत्य निरोपण आयोग गठन गरी आममाफी दिने जस्तो आशय संविधानमा व्यक्त भएको पाइन्छ। संविधानको यो धारामा बाहेक अन्यत्र मानवता विरूद्धको अपराध भन्ने स्पष्टत: उल्लेख भएको पाइँदैन।

त्यसैगरी पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई निजको आदेशबाट मात्र थुनामा राखिने तथा पक्राउ परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुने संविधानको धारा २४(२) र (३) ले गरेको छ। तर संविधानको धारा २४(३) को प्रतिबन्धात्मक वाक्यांशमा निवारक नजरबन्द र शत्रु राज्यको नागरिकको हकमा कानून व्यवसायीसँगको सल्लाह, थुनाको लागि पुर्पक्ष गर्ने वा मुद्दा हेर्ने अधिकारीको आदेशसमेत आवश्यक नपर्ने व्यवस्था छ। सो व्यवस्था रोम विधानको व्यवस्थाको अनुकूल देखिदैन।[७९] त्यस्तै रोम विधानमा अदालतको क्षेत्राधिकारअन्तर्गत पर्ने

---

७७. सरकारद्वारा गठित समितिले पेश गरेको नेपालको अन्तरिम संविधान, २०६३ को मस्यौदाको धारा २५(४) को प्रतिबन्धात्मक वाक्यांश, ***राजधानी*** राष्ट्रिय दैनिक पत्रिका, २०६३।५।१० गते शनिवार, पृ. २।

७८. ऐजन, धारा २५(५)

७९. Janak Bahadur Adhikari, *Role of International Criminal Court in Development of International Criminal Law and Justice and a Question of Nepaliese Membership*, (An Unpubished LL.M. Dissertation, submitted to Faculty of Law, Tribhuwan University, 2004) p. 130.

अपराधमा अदालतले गरेको फैसलालाई अदालत स्वयम्ले निश्चित समय र अवस्थामा घटाउन सक्ने बाहेक अरूले माफी, मुलतवी वा घटाउन नसक्ने अवस्था रहेकोमा नेपालको अन्तरिम संविधानको धारा १५१ मा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्न सक्नेछ भन्ने व्यवस्था गरी गम्भीर प्रकृतिको फौजदारी अपराधमा अदालतबाट कसूरदार घोषित व्यक्तिलाई लागेको सजायमा अदालतबाहेकका राजनीतिक कार्यकारी निकायले परिवर्तन गर्न सक्ने व्यवस्था गरेको छ, जुन रोम विधानको प्रत्यक्षत: विपरीत छ। यस अघिको नेपाल अधिराज्यको संविधान २०४७ ले राष्ट्रप्रमुखको रूपमा रहेका राजालाई फौजदारी दायित्वबाट उन्मुक्ति दिने रोम विधान विपरीतको व्यवस्था गरेको थियो। हालको संविधानले भने त्यस्तो उन्मुक्ति कसैलाई प्रदान गरेको छैन।

३.३ रोम विधानमा उल्लिखित अपराधहरूको सन्दर्भमा नेपाली फौजदारी कानून

मूलत: दण्डहीनताको अन्त्य गर्न र अपराध गर्नेलाई सजाय दिई उन्मुक्तिबाट बञ्चित गर्ने प्रयोजनको लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान पारित भएको थियो। रोम विधानमा उल्लिखित अपराध सदस्य राष्ट्रका कुनै पदाधिकारी वा व्यक्तिले गरेमा त्यस्तो कार्यउपर अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार सोझै आकृष्ट नहुने अर्थात् सम्बन्धित राष्ट्रको अदालतबाट आवश्यक कारबाही नभए वा कारबाही गर्न त्यो राष्ट्रले अनिच्छा वा असमर्थता देखाएको अवस्थामा मात्र अन्तर्राष्ट्रिय फौजदारी अदालतको प्रयोग हुने गरी परिपुरकताको सिद्धान्त (Principle of Complementarity) मा आधारित हुने भई राज्यको अदालतमा मुद्दा चलेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा विवाद सामान्यत: नजाने भएकोले एकरूपताको लागि पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानमा उल्लिखित अपराधहरूलाई पक्ष राज्यको कानूनमा नै अपराधको रूपमा परिभाषित गरी दण्डनीय बनाउनु उपयुक्त हुन्छ भन्ने आमधारणा रहेको पाईन्छ। त्यसैले

राष्ट्रको फौजदारी कानूनका व्यवस्थाहरू रोम विधानसँग सामिप्यता राख्छन् वा राख्दैनन ? के कति कुरामा समानता र कतिमा असमानता रहेका छन् ? असमान रहेका फौजदारी कानून र रोम विधान अनुसार अपराध घोषित तथा सजाय कायम नभएका के कति अवस्थाहरूमा नयाँ कानूनको निर्माण वा संशोधनमा गर्नुपर्ने अवस्था हो ? त्यसबारे छलफल गर्नु आवश्यक भइसकेको छ। रोम विधानमा उल्लिखित अपराधहरू र फौजदारी न्यायका सिद्धान्तहरू तथा अन्य कुराहरू कतिपय हाम्रा फौजदारी कानूनमा छन्। तर कतिपय अपराधसँग सम्बन्धित विषयहरू हाम्रा फौजदारी कानूनमा समेटिएका पनि छैनन्। रोम विधानको सन्दर्भमा हाम्रो फौजदारी कानूनको पुनरावलोकन गर्न आवश्यक छ।

३.३.१ **नेपालको सन्दर्भमा आमसंहार** (Genocide)

रोम विधानको प्रयोजनको लागि कुनै राष्ट्रिय, जनजातीय, जातीय वा धार्मिक समूहलाई पूर्ण वा आंशिकरूपमा सखाप पार्ने मनसायबाट समूहका सदस्यको ज्यान लिने, समूहका सदस्यहरूलाई गम्भीर शारीरिक वा मानसिक क्षति पुऱ्याउने, भौतिक विनास हुने खालको अवस्थामा समूहको जीउ ज्यान होम्ने, समूहभित्र जन्म निरोध गर्ने दुराशयका साथ उपाय लाद्ने, समूहका बालबालिकालाई जबरजस्ती अर्को समूहमा सार्ने कार्यलाई आमसंहारको अपराध मानिएको छ।[८०] रोम विधानमा परिभाषित आमसंहारसम्बन्धी यी अपराधहरू आमसंहार अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि, १९४८ (Convention on the Prevention and Punishment of the Crime of Genocide, 1948) मा परिभाषा गरे अनुरूपकै छन्। नेपाल १९६९ बाट यो महासन्धिको पक्ष रहेको र

८०. Article 6 of Rome Statute describes- For the purpose of this Statute, "genocide" means any of the following acts committed with intent to destroy, in whole or in part, a national, ethnical, racial or religious group, as such:
(a) Killing members of the group;
(b) Causing serious bodily or mental harm to members of the group;
(c) Deliberately inflicting on the group conditions of life calculated to bring about its physical destruction in whole or in part;
(d) Imposing measures intended to prevent births within the group;
(e) Forcibly transferring children of the group to another group.

सो महासन्धिको कार्यान्वयनको लागि नेपालले गरेको कानूनी व्यवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धीको महल र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ लाई उल्लेख गरेको[८१] भएपनि छुट्टै विशेष ऐनद्वारा आमसंहार (Genocide) लाई अपराध मानी सजायको व्यवस्था गरेको पाइँदैन। नेपालको कुनै पनि ऐनमा "राष्ट्रिय, जनजातीय, जातीय वा धार्मिक समूहलाई पूर्ण वा आंशिकरूपमा सखाप गर्ने मनसायले ..." समूहका सदस्यहरूको ज्यान लिनेलगायत आमसंहारको परिभाषालाई समेटेको पाइँदैन। नेपालको हालको द्वन्द्वलाई विचार गर्दा द्वन्द्वको समयमा राजनीतिक द्वेषका कारण पनि अर्को पक्षका राजनीतिक कार्यकर्ता एवम् समर्थकहरूप्रति आक्रमण गर्ने, हिंसा एवम् सामूहिक हत्या गर्ने जस्तो कार्यहरू देखिएको र भविष्यमा त्यस्ता कार्यहरूले तीव्रता पाउन सक्ने स्थिति भएको हुनाले त्यस्तो आपराधिक कार्यले विधानले परिभाषा गरेको आमसंहारको मापदण्ड (Threshold) पुग्ने गरी सखाप पार्ने मनसाय पाइन्छ भने त्यसलाई पनि कानूनमा आमसंहारको परिभाषाभित्र पार्ने गरी व्यवस्था गर्नुपर्दछ। यस सन्दर्भमा नेपाल हाल २०२० सालको मुलुकी ऐन खारेज गरी छुट्टै फौजदारी संहिता ल्याउने तयारीमा रहेको हुँदा आमसंहारलाई परिभाषा गर्दै रोम विधानले परिभाषित गरेको ती अपराधहरूको नियन्त्रण र सजाय गर्नेसम्बन्धी छुट्टै महलको व्यवस्था हुनु उपयुक्त देखिन्छ।

३.३.२ **नेपाली कानूनमा मानवता विरूद्धको अपराध** (Crime Against Humanity)

रोम विधानले अदालतको अधिकारक्षेत्र सिङ्गो अन्तर्राष्ट्रिय समुदायको सरोकारका गम्भीर अपराधहरू जस्तै आमसंहारको अपराध, मानवता विरूद्धको अपराध, युद्ध अपराधलगायतमा प्रयोग हुने व्यवस्था गरेको छ। मानवता विरूद्धको अपराधअन्तर्गत कुनै गैरसैनिक समुदाय विरूद्ध जानाजान लक्षित व्यापक वा योजनावद्ध आक्रमणको हिस्साको रूपमा गरिएको हत्यालगायतको जुनसुकै कार्य

८१. मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको सङ्गालो, (कानुन तथा न्याय मन्त्रालय सिंहदरबार, २०६४), पृ. ३३।

जनाउँछ भन्ने उल्लेख छ।[८२] हत्यालाई नेपालको कानूनले जघन्य फौजदारी अपराध मानी सजाय समेतको व्यवस्था गरेको छ। मुलुकी ऐन ज्यानसम्बन्धीको महलले कानून बमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्ने, मार्न लगाउन वा मार्नाको उद्योग गर्न नहुने, गरेमा विभिन्न प्रकृतिको ज्यानको कसूरमा तीनसय रूपैयादेखि सर्वस्वसहित जन्मकैदसम्मको सजाय हुने व्यवस्था छ र सर्वश्वसहित जन्मकैदमा सम्पत्ति सर्वश्व गरी जन्मकैद अर्थात् बीस वर्ष कैद गर्ने व्यवस्था छ। तर राज्यका निकायहरू प्रहरी, सेनाले वा कुनै सशस्त्र विद्रोही वा कुनै समूह वा व्यक्तिले कुनै गैरसैनिक जनसमुदाय विरूद्ध सङ्गठनात्मक नीति अनुसार योजनावद्ध वा व्यापकरूपमा ज्यान लिएमा त्यसलाई विशेषरूपमा सम्बोधन गर्ने कानूनको हामीकहाँ अभाव नै छ। बरू सैनिक ऐनको दफा २२ मा कर्तव्य पालनको क्रममा कसैको ज्यान गएमा कारणी सुरक्षा सिपाही जिम्मेवार नहुने व्यवस्था गरेको पाइन्छ[८३] न त उपल्लो अधिकारी नै जिम्मेवार हुने व्यवस्था छ।

रोम विधानले विधानमा उल्लिखित अपराध कसूर ठहर भएको व्यक्तिलाई अधिकतम तीस वर्षमा नबढ्ने गरी निश्चित वर्षको कारावास, जन्मकैद वा आजीवन काराबास समेतको सजाय गर्न सक्ने व्यवस्था गरेकोमा सो परिप्रेक्ष्यमा

---

८२. Article 7 of the Rome Statute - Crimes against humanity: For the purpose of this Statute, "crime against humanity" means any of the following acts when committed as part of a widespread or systematic attack directed against any civilian population, with knowledge of the attack:
(a) Murder;
(b) Extermination;
(c) Enslavement;
(d) Deportation or forcible transfer of population;
(e) Imprisonment or other severe deprivation of physical liberty in violation of fundamental rules of international law;
(f) Torture;
(g) Rape, sexual slavery, enforced prostitution, forced pregnancy, enforced sterilization, or any other form of sexual violence of comparable gravity;
(h) Persecution against any identifiable group or collectivity on political, racial, national, ethnic, cultural, religious, gender as defined in paragraph 3, or other grounds that are universally recognized as impermissible under international law, in connection with any act referred to in this paragraph or any crime within the jurisdiction of the Court;
(i) Enforced disappearance of persons;
(j) The crime of apartheid;
(k) Other inhumane acts of a similar character intentionally causing great suffering, or serious injury to body or to mental or physical health.

८३. सैनिक ऐन, २०६३ को दफा २२ मा कर्तव्य पालनको सिलसिलामा गरेको कामको बचाउ शीर्षकअन्तर्गत यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैको मृत्यु भएमा वा कसैलाई क्षति पुग्न गएमा त्यस्तो व्यक्ति उपर कुनै पनि अदालतमा मुद्दा चलाउन सकिने छैन भन्ने व्यवस्था पाइन्छ।

समेत हाम्रो मुलुकी ऐनको ज्यानसम्बन्धी महलले गरेको अपराध र **सर्वश्वसहित** जन्मकैदको जम्मा चौबीस वर्षसम्म कैद हुने सजायको व्यवस्था असान्दर्भिक देखिन आउँछ। रोम विधानलगायत अन्यत्र अन्तर्राष्ट्रिय महासन्धिहरूमा कहीँ नभएको कसुरदारको पैत्रिक सम्पत्ति पनि सर्वश्व गरी राज्य कोषमा जम्मा गर्ने व्यवस्था हामीकहाँ छ।[८४] त्यस्तै जानाजान, योजनाबद्ध वा व्यापकरूपमा मानव जीवनलाई क्षत विक्षत (Extermination) पार्ने कार्य, खाद्य तथा औषधोपचारबाट बञ्चित गर्ने, जनसंख्याको कुनै हिस्सालाई ध्वस्त पार्ने मनसायले गर्ने कार्यलाई हाम्रो फौजदारी कानूनले छुट्टै परिभाषा गरी सजायको व्यवस्था गर्न सकेको छैन। खाद्य सम्प्रभुताको हक र स्वास्थ्यसम्बन्धी हकलाई वर्तमान संविधानमा मौलिक हककोरूपमा प्रत्याभूत गरिएको छ। तथापि खाद्य सामग्री एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्न नपाउने गरी नाकाबन्दी, हड्ताल गर्ने वा जुनसुकै तरहले ओसारपसार गर्न बन्देज लगाउने, बन्द हड्तालका कारण स्वास्थ्योपचार पाउनबाट बन्चित भई मृत्युवरण गर्नुपर्ने अवस्था सृजना गर्ने जस्ता मानवता विरोधी कार्यलाई अपराध मानी त्यस्तो कार्य गर्ने व्यक्ति वा समूहलाई सजाय गर्ने कानूनी व्यवस्था हामी कहाँ भएको छैन।

संविधानले मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन[८५] भन्ने व्यवस्था मौलिक हकअन्तर्गत शोषण विरूद्धको हकमा प्रत्याभूत गरेको छ। २०६४ सालमा जारी भई कार्यान्वयनमा रहेको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले यस्तो कार्यलाई गम्भीर प्रकृतिको फौजदारी अपराध मानी सजायको व्यवस्था गरेको छ। नेपाल दासत्व महासन्धि, १९२६, दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि, १९५६ को अनुमोदन गर्ने राष्ट्र भए पनि सोअनुरूप छुट्टै कानून बनेको छैन।

त्यस्तै मानवता विरूद्धको अपराधअन्तर्गत गैरसैनिक समुदायविरूद्ध जानाजान, लक्षित, व्यापक वा योजनाबद्ध आक्रमणको हिस्साको रूपमा निष्कासन वा बलात स्थानान्तरणलाई पनि विधानले अपराधको रूपमा समेटेको छ। हामीकहाँ पनि निश्चित समूह, समुदाय वा आपराधिक समूहले अर्को अल्पसङ्ख्यामा रहेको

---

८४. मुलुकी ऐन, दण्ड सजायको ७ नं. मा ऐनमा सर्वश्वसहित जन्मकैद लेखिएकोमा जन्मकैद (२० वर्ष) गरी ऐन बमोजिम सर्वश्व गर्नुपर्दछ। सर्वश्व गर्नु भन्ने लेखिएकोमा ऐन बमोजिम सर्वश्व गर्नुपर्छ भन्ने उल्लेख छ।

८५. नेपालको अन्तरिम संविधान २०६३, धारा २९(२)

समुदायलाई निश्चित स्थानमा बस्न दिनबाट रोक लगाउने, स्थानान्तरणको लागि दबाब दिने गरेका घटनाहरू अब नौलो बन्न छोडिसकेका छन्। सर्वसाधारण जनताको हित वा विभिन्न जातजाति, धर्म वा सम्प्रदायहरूका बीचको सु-सम्बन्धमा खलल् पार्ने कार्यमा संलग्न हुने बाहेक नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रताको प्रत्याभूति संविधानले[८६] गरे पनि विभिन्न भेग वा भागको बहुसङ्ख्यकसँग जाति, भाषा, वर्ण फरक रहेको भन्ने आधारमा कथित बहुसङ्ख्यकको अनुचित र जबर्जस्त दवावले अल्पसङ्ख्यामा रहेका वा बसाई सरी गएका मानिसहरू आफ्नो बासस्थानको ठाउँ छोड्न विवश हुँदै गएका छन्। तर त्यसरी जनसमुदायको निष्कासन वा बलात स्थानान्तरणको अपराध गर्ने समूह वा व्यक्तिहरूलाई सजायको व्यवस्था भएको पाइँदैन। रोम विधानमा उल्लिखित योजनाबद्धरूपमा गैरसैनिक जनसमुदायलाई लक्षित गरी आक्रमणको हिस्साकोरूपमा गरिएको जनसमुदायको निष्कासन वा वलात स्थानान्तरणलाई हाम्रो फौजदारी कानूनले अपराध नामाकरण गरी सजायको व्यवस्था गर्नु आवश्यक भइसकेको छ।

नेपाल यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९८४ को पक्ष भइसकेको अठार वर्ष बितिसकेको छ। यो महासन्धिले यातनाको परिभाषा गर्दै सरकारी वा सार्वजनिक अधिकारीले दिएको यातनालाई पक्षराष्ट्रले फौजदारी कानून अनुसार कसूर मानी उपयुक्त दण्ड सजायबाट दण्डनीय बनाउने छन् भन्ने समेत उल्लेख गरेको छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा २६ ले यातना विरूद्धको हक प्रदान गरेको छ। विधायिकाले यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३[८७] बनाई लागू गरेको छ। उक्त ऐनले यातना दिनुलाई मानवता विरूद्धको अपराधकोरूपमा सङ्केतसम्म गरेको छैन। यातनालाई फौजदारी अपराधको रूपमा ऐनले स्वीकार गरेको छैन। सरकारी अधिकारीले दिएको यातनाको क्षतिपूर्ति पीडितलाई सरकारले दिने व्यवस्था गरेको छ। सम्बन्धित अधिकारीलाई क्षतिपूर्ति दिन जिम्मेवार बनाईएको छैन, केवल जिल्ला अदालतले मुद्दा फैसला गर्दा विभागीय कारबाहीको

---

८६. ऐजन, धारा १२(३) को देहाय (ङ) तथा धारा १२(३) को प्रतिबन्धात्मक वाक्यांश (४)।

८७. उक्त ऐनको दफा २(क) ले यातना भन्नाले अनुसन्धान तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउछ भन्ने उल्लेख गरेको छ। रोम विधानको धारा ७ को उपधारा (२) (ङ) मा अभियुक्तको हिरासत वा भौतिक नियन्त्रणमा रहेको व्यक्ति उपर कठोर शारीरिक वा मानसिक पीडा पुऱ्याउन जानीजानी गरिएको कार्यलाई यातनाको रूपमा लिएको छ।

लागि लेखी पठाउने भन्नेसम्म उल्लेख छ। सो बाहेक यातना दिने वा सोको लागि आदेश दिने अधिकारीलाई फौजदारी कसूरमा कैद सजाय वा जरिवाना हुने व्यवस्था उक्त ऐनले गरेको छैन। त्यस्तै सो ऐनले सरकारी अधिकारीबाहेक अन्यले योजनाबद्ध वा व्यापक आक्रमणको हिस्साको रूपमा कुनै गैरसैनिक जनसमुदाय विरूद्ध गरिएको यातनालाई अपराधको रूपमा लिई सजाय गर्न सक्ने व्यवस्था गरेको छैन। त्यस्ता आपराधिक क्रियाकलापबाट पीडित हुनेहरूलाई पीडकबाट क्षतिपूर्ति दिने व्यवस्था छैन। उक्त ऐनले यातना विरूद्धको महासन्धिअनुरूप पनि व्यवस्था गर्न सकेको छैन, रोम विधानअन्तर्गतको यातनाको त परै जाओस्।

मानवता विरूद्धको अपराधअन्तर्गत रोम विधानले गैरसैनिक समुदायविरूद्ध जानाजान लक्षित व्यापक वा योजनाबद्ध आक्रमणको हिस्साको रूपमा जबरजस्ती करणी, यौनदासता, करकापबाट गराइएको वेश्यावृत्ति, बलात गर्भधारण, करकाप गरी स्थायी बन्ध्याकरण गराउनु वा त्यस्तै गम्भीर खालका यौनहिंसाका अन्य जुनसुकै स्वरूपलाई अपराधको रूपमा समेटेको छ। नेपालको वर्तमान संविधानले महिलाको हकअन्तर्गत प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुनेछ, कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ भन्ने प्रत्याभूति गरेको छ। नेपालले महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९७९ लाई अनुमोदन गरी पक्ष पनि बनिसकेको छ। सो अनुरूप विभिन्न ऐनमा छरिएर रहेका व्यवस्थालाई उक्त संवैधानिक व्यवस्था र सन्धिको अनुकूल हुने गरी संशोधन गर्ने कार्यहरू पनि भएका छन्। तर द्वन्द्वमा महिला भएकै कारणले हुने जवरजस्ती करणीलगायतका अन्य सबै स्वरूपको महिला विरूद्धको हिंसासम्बन्धी कुनै पनि कानून बनेको छैन। युद्ध वा द्वन्द्वमा महिला विरूद्धको हिंसा युद्ध जित्ने उपायको रूपमा लिइने गरिएको पनि पाइन्छ।[८८] जुनसुकै बेलाको युद्ध वा द्वन्द्वमा पनि महिला विरूद्धको हिंसाले उच्च स्थान लिएको पाइन्छ। उदाहरणको लागि रूवाण्डाको जातीय हिंसामा दुई लाख महिला बलात्कृत भएका थिए। त्यस्तै सन् १९७२ मा पूर्वी पाकिस्तानमा पाकिस्तानी सेनाले २ लाखभन्दा बढी बङ्गलादेशी महिलाहरूमाथि बलात्कार गरेको, दोस्रो

८८. Human Rights Watch Global Report on Women's Human Rights, Oxford University Press, p. 1.

विश्वयुद्धमा जापानी सेनाले कोरियाली महिलाहरूलगायत पूर्वी एशियाका देशहरूका लाखौँ महिलाहरूलाई यौन दासी बनाएका थिए।[८९] त्यस्तै पूर्व युगोस्लाभियामा भएको द्वन्द्वमा बोस्नियाली मुसलमान महिलाहरूमाथि जबरजस्ती गर्भाधारण गर्नेलगायतका महिलामाथिका जघन्य हिंसा कहिल्यै पनि बिर्सन सकिन्न। तसर्थ रोम विधानमा उल्लेख भएका बलात गर्भधारण, करकाप गरी स्थायी बन्ध्याकरण गराउनेलगायतका कार्यलाई अपराध घोषित गरी नेपालमा पनि सजायको व्यवस्था हुन आवश्यक छ।

राज्य वा राजनीतिक सङ्गठनद्वारा लामो समयका लागि कानूनको संरक्षणबाट हटाई व्यक्तिहरूलाई बलात बेपत्ता पार्ने कृत्यलाई रोम विधानमा उल्लिखित मानवता विरूद्धको अपराधको रूपमा परिभाषित गरिएको छ। नेपालमा तत्कालीन विद्रोही नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा सञ्चालित जनयुद्धको नाममा भएको दशवर्ष लामो द्वन्द्वमा विद्रोही तथा सरकारपक्षबाट हजारौं निर्दोष मानिसको ज्यान गयो, हजारौं विस्थापित भए, हजारौं बेपत्ता पारिए, कति यातनाको सिकार भए। सरकार र तत्कालीन विद्रोही उक्त राजनीतिक शक्तिबीच २०६३ मंसीर ५ गते भएको विस्तृत शान्ति सम्झौता बमोजिम दुवै पक्षले अपहरण/पक्राउ/बेपत्ता पार्ने कार्य नगर्ने[९०] प्रतिबद्धता व्यक्त गरी दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धका समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना ६० (साठी) दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर भएका थिए।[९१] त्यसै शान्ति सम्झौताको परिणतिस्वरूप आएको नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ मा उल्लिखित राज्यको दायित्वअन्तर्गत देहाय (थ) मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने भन्ने उल्लेख भए पनि त्यस्तो उपचार प्रदान गर्ने कार्य हुन सकेको छैन। विभिन्न आपराधिक समूहबाट आज पनि राजनीतिका नाममा मानिसलाई बेपत्ता

---

८९. शर्मिला श्रेष्ठ, *सङ्क्रमणकालीन समयमा महिला विरूद्ध भएका हिंसा र न्याय,* **महिला अधिकार** (राष्ट्रिय महिला आयोग २०६५) पृ. १३०।

९०. नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता, २०६३ को धारा ५.१.१ (च)।

९१. ऐजन, धारा ५.२.३।

पार्ने, अपहरण गर्ने कार्य भइरहेका छन्। *अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा रविन्द्रप्रसाद ढकाल विरूद्ध गृह मन्त्रालयसमेत* भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा[९३] सर्वोच्च अदालतबाट नेपालमा बेपत्तासम्बन्धी विषयलाई विशेषरूपमा संवोधन गर्ने गरी छुट्टै कानून नरहेको परिप्रेक्ष्यमा बलपूर्वक बेपत्ताका घटनाहरूलाई छानबिन गर्ने, बेपत्ता बनाइएका व्यक्तिहरूको स्थिति यकिन गरी सार्वजनिक गर्ने, दोषी देखिएका व्यक्तिहरूलाई कारबाही गर्ने र पीडितलाई राहत उपलब्ध गराउनेलगायतका आवश्यक व्यवस्थाहरू भएको विशेष कानूनको निर्माण हुनुपर्ने आवश्यकता देखिएको र यस्तो दायित्व पूरा गर्न राज्यले यस्तो विशेष किसिमको कानूनको निर्माण गर्नुपर्ने भन्ने उल्लेख गरी बेपत्ता पार्ने कार्य अपराधको रूपमा परिभाषित गर्ने तथा सजाय तोक्ने र क्षतिपूर्तिलगायतको पर्याप्त व्यवस्था सुनिश्चित नगरिकन प्रचलित कानूनअन्तर्गत नै समाधान खोज्ने हो भने पूर्णरूपमा न्याय प्राप्त हुन नसक्ने हुनाले कानून निर्माण भएपछि चाहिने थप अनुसन्धान गरी बेपत्ता पार्न जिम्मेवार देखिएका सुरक्षा निकायका प्रमुख तथा कर्मचारीलाई मुद्दा चलाउन र सम्बन्धित व्यक्ति तथा पीडित परिवारलाई कानून बमोजिमको क्षतिपूर्ति दिनेलगायतको व्यवस्था गर्नु भनी सरकारको नाममा आदेश जारी हुनाको साथै बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि, २००६ अनुरूपको कानून प्राथमिकताको साथ निर्माण गर्न सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भएको थियो। तर आदेश भएको दुई वर्ष व्यतित भइसक्दा पनि सो अनुरूपको कार्य सरकारबाट शुरूवात नै हुन सकेको छैन, न त बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि, २००६ लाई अनुमोदन नै गरिएको छ। यस स्थितिमा गैरसैनिक समुदायभित्र जानाजान लक्षित, व्यापक वा योजनाबद्ध आक्रमणको हिस्साकोरूपमा जबरजस्त बेपत्ता गर्ने कार्यलाई रोम विधानअनुरूप

---

९३. सर्वोच्च अदालत बुलेटिन, विशेषाङ्क २०६४, आदेश मिति २०६४।२।१८। यसमा राज्यका सुरक्षाकर्मीले विभिन्न मितिमा पक्राउ गरी गैरकानुनीरूपमा हिरासतमा राखेको र लामो समयसम्म बन्दीको स्थिति सार्वजनिक नगरी बेपत्ता पारेकोले गैरकानुनी थुनामा राखेको बन्दीहरूलाई थुनामुक्त गर्न, बन्दीको स्थिति सार्वजनिक गर्न र मानवअधिकारको गम्भीर र सुनियोजित उल्लङ्घन गर्ने कार्य दण्डहीनताको अवस्थामा रहन नदिन त्यस्तो कार्यमा संलग्न जिम्मेवार अधिकारीलाई कानुन बमोजिम कारबाही गर्न समेत माग दावी लिई विभिन्न मितिमा विभिन्न रिट निवेदन परेको थियो। सरकार र सरकारी निकायको लिखितजवाफमा निवेदनमा उल्लेख गरिएका गैरसैनिक व्यक्तिहरूलाई पक्राउ नै नगरिएको, कतिलाई थुनामुक्त गरिसकिएको भन्ने उल्लेख गरेकोमा पक्राउ र बेपत्ताका सम्बन्धमा छानबिन गर्न पुनरावेदन अदालतका माननीय न्यायाधीशको संयोजकत्वमा एक बन्दी अनुसन्धान टोली गठन भई छानबिन गरी इजलाससमक्ष प्रतिवेदन पेश गरेको थियो। उक्त टोली लगायत विभिन्न निकायवाट भएको अनुसन्धान छानबिनबाट सुरक्षाकर्मीले योजनावद्ध ढङ्गले पक्राउ गरी बेपत्ता पारेको, कतिलाई सैनिक हिरासतमा निर्मम यातना दिई मारेको र जीवित हुन सक्ने सम्भावना क्षीण रहेको निष्कर्ष रहेको थियो।

अपराध घोषित गरी सजायको व्यवस्था हुन जरूरी छ। बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिलाई सजाय गर्न, पीडितलाई परिपूरणको व्यवस्था गर्न तथा बेपत्ता पारिएका व्यक्ति र त्यस्तो कार्यमा संलग्न व्यक्तिहरूका सम्बन्धमा छानबिन गरी सत्य तथ्य पत्ता लगाउने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न जारी गरिएको अध्यादेश पनि निक्कै बिवादमा रहेको थियो। तथापि त्यसले पनि छ महिनापछि निरन्तरता पाउन सकेन।

त्यसैगरी धार्मिक, परोपकारी वा अन्य सार्वजनिक कार्यको लागि सरकारको पूर्व स्वीकृति लिई दाताले स्वेच्छाले दिन चाहेको रकमसम्म चन्दाको रूपमा लिन पाउने व्यवस्था भए पनि[९३] नेपालमा भएको द्वन्द्वको समयमा व्यापक तथा योजनाबद्धरूपमा गरिएको चन्दा आतङ्कको कारण धेरै मान्छे आफ्नो बासस्थानबाट स्थानान्तरण हुन पुगे, लाखौँ मानिसहरू आफ्नो मानवअधिकारको न्यूनतम उपयोगबाट विमुख हुनु पऱ्यो, कति मानिसहरूले चन्दा नदिएको कारणबाट मृत्युवरण गर्नुपऱ्यो। तसर्थ यसरी व्यापक, योजनाबद्ध, ठूलो परिमाणमा जबरजस्ती उठाउनेलगायतका कार्यबाट जनसाधारणलाई आतंकित गर्ने कार्य पनि रोम विधानअन्तर्गत मानवता विरूद्धको अपराध मानी सजाय गर्न सक्ने व्यवस्था गर्नु उपयुक्त देखिन्छ। गैरसैनिक समुदायभित्र जानाजान लक्षित, व्यापक वा योजनाबद्ध आक्रमणको हिंसाको रूपमा रङ्गभेदको अपराधलाई पनि रोम विधानले मानवता विरूद्धको अपराध मानेको छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा १३(२) मा सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, **वर्ण,** लिङ्ग, उत्पति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिनेछैन र राज्यले पनि सामान्यत: नागरिकहरूका बीच **वर्ण,** जातजाति, उत्पत्ति, भाषालगायतका आधारमा भेदभाव गर्ने छैन भन्ने प्रत्याभूति गरेको छ। रङ्गभेदउपरको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७३ मा नेपाल १९७७ मा नै सम्मिलन भइसकेको छ। यस सन्धिद्वारा सिर्जित दायित्व पूरा गर्न नेपालले नागरिक अधिकार ऐन, २०१२, राष्ट्रिय मानवअधिकार ऐन, २०५३ मा केही व्यवस्था पनि गरेको छ। तर योजनाबद्ध एवम् बृहतरूपमा हुने रङ्गभेदको अपराधलाई मानवताको विरूद्धको गम्भीर फौजदारी अपराधको रूपमा पृथक

९३. चन्दा ऐन, २०३० को दफा ३।

कानूनद्वारा अपराध मानी सजायको व्यवस्था गरिएको छैन।

ती बाहेक रोम विधानले योजनाबद्ध एवम् बृहतरूपमा शरीर वा मानसिक वा शारीरिक स्वास्थ्यमा गम्भीर पीडा वा गम्भीर चोट पार्ने नियतले गरिएको समान प्रकृतिको अन्य अमानवीय कार्यहरूलाई पनि मानवता विरूद्धको अपराधको रूपमा लिएको छ। यस व्यवस्थासँग सानिध्यता रहने केही व्यवस्थाहरू हाम्रा विभिन्न फौजदारी कानूनहरूमा छरिएर रहेका पाउन सकिन्छ। तर रोम विधानअन्तर्गत कारबाही हुने एवम् सजाय हुने प्रकृतिको उक्त व्यवस्था नभएको हुँदा उक्त विधानअनुरूप सजाय हुने गरी व्यवस्था हुनुपर्ने देखिन्छ।

यसप्रकार वर्तमान नेपालको अन्तरिम संविधान २०६३ को धारा ३४ (घ) मा मानवता विरूद्धको अपराधको कुरा उल्लेख भए पनि यसभित्र के कस्ता अपराधहरू पर्दछन् भनी परिभाषित नभएको र रोम विधानमा उल्लिखित अदालतले अधिकारको क्षेत्र ग्रहण गर्ने विषयमध्येको मानवता विरूद्धको अपराधअन्तर्गतका विभिन्न विषयहरूसँग सम्बन्धित केही अपराधका लागि हाम्रा कतिपय छरिएर रहेका कानूनमा व्यवस्था भए पनि सबै व्यवस्थाहरू समेटिन सकेका छैनन्। भएका कतिपय व्यवस्था पनि रोम विधानको अनुकुल पनि छैनन्। त्यसैले मानवता विरूद्धको अपराधअन्तर्गत यी अपराध पर्दछन् भनी राष्ट्रको कानूनले प्रथमत: परिभाषित गर्न आवश्यक छ।

३.३.३ **नेपालको सन्दर्भमा युद्ध अपराध** (War Crimes)

अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारअन्तर्गत युद्ध अपराधलाई पनि अन्तर्राष्ट्रिय समुदायको सरोकारको गम्भीरतम् अपराधकोरूपमा रोम विधानले स्वीकार गरेको छ।[९४] खासगरी १९४९ मा भएको जेनेभा महासन्धिहरूअन्तर्गत

---

९४. For the purpose of this Statute, "war crimes" means: (a) Grave breaches of the Geneva Conventions of 12 August 1949, namely, any of the following acts against persons or property protected under the provisions of the relevant Geneva Convention:

(i) Wilful killing;
(ii) Torture or inhuman treatment, including biological experiments;
(iii) Wilfully causing great suffering, or serious injury to body or health;
(iv) Extensive destruction and appropriation of property, not justified by military necessity and carried out unlawfully and wantonly;
(v) Compelling a prisoner of war or other protected person to serve in the forces of a hostile Power;
(vi) Wilfully depriving a prisoner of war or other protected person of the rights of fair and regular trial;
(vii) Unlawful deportation or transfer or unlawful confinement;
(viii) Taking of hostages.

संरक्षित व्यक्तिहरू वा सम्पत्ति विरूद्धका कार्यहरू, अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा लागू हुने कानूनहरूको गम्भीर उल्लङ्घन, अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्द्वको मामिलामा चारवटा जेनेभा महासन्धिहरूमा खासगरी हतियार विसाएका सशस्त्र बलका सदस्यहरू र विरामी, घाउचोट, थुनछेक वा युद्धमा भाग नलिएका व्यक्तिहरू विरूद्ध हत्या, यातना, अपमानजनक व्यवहार, बन्धक बनाउनेलगायतका कार्यहरूलाई युद्ध अपराधअन्तर्गत राखिएको छ।

नेपालमा तत्कालीन विद्रोही नेकपा (माओवादी) र सरकारबीच भएको युद्ध करिब दश वर्ष रहेको र उक्त दुई पक्षबीच भएको विस्तृत शान्ति सम्झौताअन्तर्गत युद्धलाई त्यागे पनि हाल विभिन्न समूहले कथित राजनीतिक मागका नाममा युद्धको घोषणा गरिरहेका छन्। युद्धमा असंलग्न निहत्था जनसाधारण हिजोको द्वन्द्वदेखि हालसम्म सिकार हुनु परिरहेको भए पनि यससम्बन्धी नेपालमा कुनै विशेष कानून रहेको छैन। नेपालले युद्धरत पक्षहरूले वाध्यात्मकरूपले पालन गर्नुपर्ने जेनेभा महासन्धिहरू, १९४९ लाई सन् १९६४ मा अनुमोदन गरेको छ। यो महासन्धि दुई वा सो भन्दा बढी युद्धरत उच्च संविदाकारी पक्षबीच लागू हुने मानवीय कानून भई नेपाल पक्ष भएको नाताले पक्षराष्ट्रहरूलाई सन्धिको व्यवस्था अनुसारको कानून बनाउनु पर्ने दायित्व तोकेको सन्दर्भमा जेनेभा महासन्धिको प्रावधानको उल्लङ्घन र कसूर हुन गएमा मुद्दा हेर्ने निकाय, कार्यविधि तथा दण्डसजाय जस्ता महासन्धिको कार्यान्वयनका विविध विषय समावेश गरी राष्ट्रियस्तरमा प्रभावकारी कानूनी व्यवस्थाको निर्माण गर्न कारबाही चलाउन सरकारका नाउँमा निर्देशनात्मक आदेश[९५] जारी भए पनि सो अनुकूल हालसम्म कानून निर्माण भएको छैन। यसमा अर्को विडम्बनाको कुरा यो छ कि २०६०/९/२५ गते भएको सर्वोच्च अदालतको उक्त फैसला आदेश मन्त्रिपरिषद् सचिवालयलाई २०६३ साल माघसम्म पनि प्राप्त नभएको साथै कानून तथा न्याय मन्त्रालयमा उक्त आदेशको सम्बन्धमा जानकारी समेत नभएको[९६] भन्ने समेत पाइन्छ। तथापि जेनेभा महासन्धिहरूका साथै आमसंहारसम्बन्धी महासन्धिको नेपाल पक्षराष्ट्र भइसकेकोमा युद्ध अपराधसम्बन्धी कानून नहुनाले सो अनुरूपको कानून निर्माण गर्न आवश्यक छ। यसो गरेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुकूल पनि हुन जानेछ।

९५. *अधिवक्ता राजाराम ढकालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत,* (ने.का.प. २०६०, अङ्क ८/९, पृ. ७८१।

९६. श्यामकुमार भट्टराई र उमेश कोइराला, सर्वोच्च अदालतबाट जारी भएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अवस्था (अनुसन्धानमूलक प्रतिवेदन २०६३) राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं।

३.४ रोम विधानमा उल्लिखित व्यवस्थासँग असङ्गत अन्य केही नेपाली कानूनी व्यवस्थाहरू

३.४.१ **सरकारी मुद्दासम्बन्धी ऐन**, २०४९ मा अदालतको मन्जुरीले सरकारले सरकारवादी हुने मुद्दा फिर्ता लिन सक्ने व्यवस्था गरेको छ।[९७] यसरी फिर्ता लिएको मुद्दामा फौजदारी अभियोग वा सरकारी दावी समाप्त हुन्छ र प्रतिवादीले छुटकारा पाउँछ। तर त्यस्तो अपराधमा बढी राजनीतिकरण हुने भएको हुँदा अदालतको मन्जुरी औपचारिकरूपमा मात्र रहेको पाइन्छ। सत्तामा रहनेहरूले निहत्था र निर्दोष मानिस मारेको ज्यानसम्बन्धी अपराधलगायतका गम्भीर प्रकृतिका फौजदारी अपराध राजनीतिक आस्था वा आडम्बरको कारणले फिर्ता लिने गरेको पाइन्छ।[९८] विगतमा अपराधमा राजनीतिकरण गर्ने काम भएका छन्। हत्या, सरकारी छाप, दस्तखत कीर्ते, बालिका बेचबिखन, डकैती, भ्रष्टाचार, अवैध हातहतियार खरीद, विदेशी विनिमय नियन्त्रण कानूनको उल्लङ्घन, लागू औषध, जबरजस्ती करणीलगायतका मुद्दा फिर्ता गरिएका छन्।[९९] आन्तरिक द्वन्द्व र युद्धमा द्वन्द्वरत अवस्थामा अन्य निहत्था मानिसको संहार गरेको ज्यानसम्बन्धी मुद्दालगायत मानवता विरूद्धको अपराधसँग सम्बन्धित मुद्दा कानूनको चरम दुरूपयोग गरी सरकारबाट फिर्ता लिनु रोम विधानको अनुकूलको कार्य होइन।

अभियोग लगाइसकेपछि अभियोक्ताले मुद्दा फिर्ता लिने व्यवस्था रोम विधानमा छैन। रोम विधानमा अभियोक्ताले पेश गरेको अभियोग पूर्वपुर्पक्ष कक्षले पर्याप्त प्रमाण नभएको, अरू प्रमाण उपलब्ध गराउन वा अरू अनुसन्धान गर्नुपर्ने भए त्यस्तो अभियोग ईन्कार गर्न सक्ने व्यवस्था छ। पूर्वपुर्पक्ष कक्षले अभियोग सदर गरेपछि मात्र पुर्पक्ष कक्षमा सुनुवाईको लागि पेश हुने व्यवस्था छ। यो व्यवस्था महाद्विपीय कानून प्रणाली (Civil Legal System) मा अपनाइने गरेको प्रक्रियासँग मिल्दोजुल्दो छ। तर हामीले त्यस्तो प्रणाली अपनाएका छैनौ, हामी कहाँ प्रायश:

---

९७. सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९(१) – **सरकारी मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने** : (१) प्रचलित कानुनबमोजिम नेपाल सरकार वादी भई हेरिन वा नेपाल सरकारको तर्फबाट चलाइएको वा नेपाल सरकारउपर परेको मुद्दा मामिला नेपाल सरकारको आदेश भएमा सरकारी वकीलले अरू पक्षको सहमतिले त्यस्तो मुद्दा मिलापत्र गर्ने वा अदालतको मन्जुरीले त्यस्तो मुद्दामध्ये नेपाल सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिन हुन्छ : ...(ख) मुद्दा फिर्ता लिएकोमा फौजदारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फुर्सद पाउँछ।

९८. Baseline Survey on Criminal Justice System of Nepal, CeLRRd, p. 122

९९. Pralad Bhattarai, *Addressing Impunity in Nepal Requiring Ratification of the Rome Statute of the International Criminal Court: Problems and Prospects* (An Unpublished Thesis submitted to the KSL, Purbanchal University, 2008), p. 71.

सामान्य कानून प्रणाली (Common Legal System) का प्रक्रिया अपनाउने गरिएको छ। सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ ले अदालतले अनुसन्धान अपूरो रहेको वा गलत अभियोग लगाएको भन्नेलगायतका आधारमा अभियोग पत्र दर्ता गर्न ईन्कार गरी अनुसन्धान तथा अभियोजनकर्तालाई फिर्ता पठाउने गरेको साबिकको व्यवस्थालाई हालको सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले निरन्तरता नदिई अनुसन्धानकर्ता, अभियोजनकर्ता र अदालतलाई पृथक-पृथक अवस्थामा राखेको छ।

३.४.२ नेपाल पक्ष बनेको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १ मा बालबालिका भन्नाले बालबालिकासम्बन्धी कानूनले पहिले नै सावालक हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका मानव जाति सम्झनुपर्छ भन्ने उल्लेख गरी अठार वर्षको उमेरलाई साबालक हुने उमेर मानेको छ। तर उक्त महासन्धिको कार्यान्वयन गर्न **पछि आएको** बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) ले १६ वर्षको उमेर पूरा नगरेको बालबालिकालाई बालक भन्ने परिभाषा गरेको छ। उक्त ऐनको दफा ११ मा दश वर्ष मुनिको बालकले कानून बमोजिम अपराध ठहरिने कुनै काम गर्दा कुनै प्रकारको अपराध नहुने, सो भन्दा माथिको चौध वर्ष सम्मको बालकले कैद हुने कुनै अपराध गरेकोमा कसूर हेरी छ महिनासम्म कैद हुने र चौध वर्ष वा सो भन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले अपराध गरे उमेर पुगेकालाई हुने सजायको आधा सजाय हुने व्यवस्था छ। त्यस्तै सोह्र वर्ष वा सोभन्दा माथिको १८ वर्ष नपुगेको व्यक्तिले पूर्णरूपमा फौजदारी दायित्व बहन गर्नुपर्ने व्यवस्था छ। यी व्यवस्थाहरू रोम विधानको धारा २६ मा उल्लिखित अपराध गर्दाका बखत अठार वर्ष मुनि रहेका व्यक्तिउपर अदालतको अधिकारक्षेत्र नरहने भन्ने प्रावधानसँग सामिप्य छैन।

३.४.३ अदालतको क्षेत्राधिकारभित्र पर्ने अपराधमा कुनै **हदम्याद कानून** नलाग्ने रोम विधानको धारा २९ ले व्यवस्था गरेको छ। तर मुलुकी ऐन ज्यानसम्बन्धीको २० नं.[100] लगायतका अन्य कतिपय फौजदारी कानूनमा गम्भीर प्रकृतिका फौजदारी मुद्दामा हदम्यादका व्यवस्था गरिएका छन्। रोम विधानमा

---

100. ज्यानसम्बन्धीको २० नं.: कर्तव्य परी ज्यान मरेको मुद्दामा कसूरदार आफै सावित भई पोलेकोमा बाहेक कर्तव्यको उजुर परेकोमा तहकिकातबाट कर्तव्यवाला यही हो भन्ने पत्ता नलागेकोमा बीस वर्षपछि र कर्तव्यको उजुर नपरेकोमा सो वारदात भएका दुई वर्षपछि कसैउपर मुद्दा चल्न सक्दैन।

उल्लिखित अपराधमा अदालतले विश्वव्यापी क्षेत्राधिकारको प्रयोग गर्ने कुरा उल्लेख छ। पक्षराष्ट्रमा त्यस्ता मुद्दाको सुनुवाईको पहिलो अधिकारक्षेत्र हुँदा राष्ट्रका अदालतले पनि बहिर्क्षेत्रीय अधिकारको प्रयोग गर्न आवश्यक हुन्छ। हामी कहाँ लागू औषध नियन्त्रण ऐन, २०३३, मानव बेचबिखन तथा ओसारपसार कार्य नियन्त्रण ऐन, २०६४, भ्रष्टाचार निवारण ऐन, २०५९ लगायतका केही ऐनहरूमा ऐनको बहिर्क्षेत्रीय अधिकारक्षेत्रको प्रयोग हुने व्यवस्था गरेपनि हत्या, जबरजस्ती करणी, यातनालगायतका मानवता विरूद्धका अपराधमा त्यस्तो क्षेत्राधिकारको व्यवस्था छैन।

३.४.४ **सपुर्दगी ऐन, २०४५**[१०१] मा कुनै राष्ट्रले नेपाली नागरिकलाई सपुर्दगी माग गरेमा इन्कार गर्न सक्ने देखिन्छ। सपुर्द गर्न माग गरिएको अपराधी वा अभियुक्त राजनीतिक अपराधी भएमा वा निजलाई राजनीतिक अपराधमा सजाय गर्न माग गरेको देखिएमा सरकारले सपुर्द ईन्कार गर्न सक्ने हुन्छ। तर रोम विधानको धारा ९० मा विधानमा उल्लिखित अदालतको अधिकारक्षेत्रभित्र पर्ने अपराधहरूमा सपुर्दगी माग गरेको वा पक्राउ र समर्पणको अनुरोध गरेको अवस्थामा पक्ष राज्यले इन्कार गर्न पाउँदैन। त्यस्तै सपुर्दगी ऐनमा उल्लिखित सरकारले अदालतलाई आदेश दिने भन्ने कुरासँग सम्बन्धित हुँदा ती व्यवस्थाहरू रोम विधान वा अन्तर्राष्ट्रिय मान्यता तथा स्वतन्त्र न्यायपालिकाको अवधारणाको सर्वथा विपरीत कुरा हुन्।

३.४.५ **कारागार नियमावली, २०२०** को नियम २९ मा असल चालचलन भएका कैदीलाई तोकिएको कैदको सजायमा पचास प्रतिशत भन्दा बढी नहुने गरी बाँकी सजाय कट्टा गरी अदालतबाट लागेको कैद कार्यपालिकीय निकायबाट केही अपराध बाहेक[१०२] मा मिन्हा हुन सक्ने व्यवस्था छ। रोम विधानमा उल्लिखित अपराधमा कसूरदारलाई लागेको सजाय अदालतले निश्चित समयपछि र निश्चित

१०१. दफा ८ को प्रतिबन्धात्मक वाक्यांश र दफा १२।
१०२. जीउ मास्ने बेच्ने, जबरजस्ती करणी, कैदबाट भागे भगाएको, लागू औषधसम्बन्धी कारोबारलगायत दशवटा अपराध छन्।

शर्तमा बाहेक कमी हुन सक्दैन।[१०३] अदालत बाहेक अन्य निकायले अदालतबाट भएको सजाय घटाउनु वा संशोधन गर्नु रोम विधान विपरीत हुन जान्छ।

३.४.६ अदालतले विधानको धारा ८९ बमोजिम कुनै व्यक्तिको पक्राउ र समर्पणको लागि त्यस्तो व्यक्ति फेला पर्न सक्ने प्रादेशिक क्षेत्रवाला कुनै पनि राज्यलाई अनुरोध गरी पठाउने र त्यस्तो व्यक्तिको पक्राउ र समर्पणमा सो राज्यको सहयोगको लागि गरेको अनुरोध बमोजिम राज्यहरूले आफ्नो राष्ट्रिय कार्यविधि कानूनअनुसार त्यस्तो पक्राउ र समर्पणको अनुरोधलाई पालन गर्नुपर्ने देखिन्छ। **तर** नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको सरकारबीच २००२ डिसेम्बर ३१ मा भएको Agreement Regarding the Surrender of Persons to the International Criminal Court नामक सम्झौताले अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्रलाई सांघुरो बनाएको छ। उक्त सम्झौतामा सम्झौताका पक्षराष्ट्रका नागरिकहरूले रोम विधानअन्तर्गत अपराध भनी परिभाषित गरेका अपराध गरेको अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा सपुर्दगी वा हस्तान्तरण गर्न नपाइने व्यवस्था रहेको पाईन्छ। सम्झौताको प्रस्तावनामा रोम विधानले अपराध भनी घोषित गरेको अपराध गरेको खण्डमा पक्षराष्ट्रले त्यसको अनुसन्धान एवम् अभियोजन गर्ने भन्ने उल्लेख गरे तापनि सम्झौताको कुनै पनि बुँदाले कसरी गर्ने भन्ने उल्लेख गरेको पाइँदैन। यसरी अमेरिकाले नेपाललगायत अन्य देशहरूसँग गरेको सम्झौताले अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्रलाई सङ्कुचन गरेको देखिन्छ। त्यसरी सन्धि गर्दै जाने हो भने अमेरिकाले रोम विधानमा उल्लेख गरेको अपराध गरी विश्व भ्रमण गर्दै जान सक्ने देखिन्छ। यस्तो कार्यले अपराधको नियन्त्रण भन्दा पनि दण्डहीनतालाई बढावा दिने र फौजदारी अदालतको पक्ष बन्नुको साटो अदालतको उद्देश्य र मर्यादाको उपहास हुने देखिन्छ।

३.४.७ **फौजदारी कार्यको दायित्व उपल्लो आदेश दिने व्यक्तिले बहन गर्नुपर्ने** रोम विधानमा व्यवस्था छ। नेपालको प्रहरी ऐन, २०१२, सशस्त्र प्रहरी ऐन,

---

१०३. रोम विधानको धारा ११० मा अदालतले घोषणा गरेको सजायको म्याद सकिनु अगावै सजाय पाएको व्यक्तिलाई छुटकारा दिइने छैन, कुनै पनि सजाय घटाउने निर्णय गर्ने अधिकार अदालतलाई मात्र रहने र सोबारे व्यक्तिको सुनुवाई गरेर मात्र निर्णय गर्ने हुन्छ। सजाय पाएको दुई तिहाई भाग वा जन्मकैदको हकमा २५ वर्ष भुक्तान गरेपछि सजाय घटाउन पर्ने नपर्ने टुङ्गो लगाउन पुनरावलोकन गरिने र केही आधारमा घटाउन सक्ने व्यवस्था छ। तर अदालत बाहेक अन्यत्रबाट सजाय घट्न सक्तैन।

२०५८ तथा सैनिक ऐन, २०६३ लगायतमा आफूभन्दा माथिको दर्जाको अधिकृतले दिएको आदेश अवज्ञा गर्ने वा पालना नगर्नेलाई कैद सजायसम्म हुने व्यवस्था गरेको छ। तर सो कर्तव्य पालनको सिलसिलामा घट्ने फौजदारी अपराधको दायित्व निज आदेश दिने अधिकारी वा तालुकावालामा रहने व्यवस्था भने ती ऐनले गरेका छैनन्। सैनिक ऐनको दफा २४ ले कर्तव्य पालनको सिलसिलामा कसैको ज्यान गएमा कारणी जिम्मेवार नहुने कुरा उल्लेख गरेको पाइन्छ। यो व्यवस्थाबाट सुरक्षा सिपाहीको हेलचेक्र्याईं तथा जानाजान गरिएको कार्यले मृत्यु हुँदा पनि उक्त सिपाहीउपर कारबाही नहुने अवस्था देखिन्छ। मुलुकी ऐन ज्यानसम्बन्धीको १३ नं. मा ज्यान मार्न बचन दिनेलाई ज्यान मार्नेलाई भन्दा कम अर्थात् जन्मकैदको सजाय हुने व्यवस्थासम्म गरिएको छ।

३.४.८ रोम विधानले साक्षीले सत्य बताउने दायित्व रहेकोमा झुठा बकपत्र गर्नु, पक्षले कीर्ते वा झुठो हो भनी जानी जानी प्रमाण प्रस्तुत गर्नु, साक्षीलाई अनुचित प्रभाव पार्नु, बकपत्र गरेवापत प्रतिशोध लिनु, प्रमाण सङ्कलनमा बाधा पार्नु, अदालतका पदाधिकारीलाई कर्तव्य पूरा गर्न बाधा पुऱ्याउनु वा अनुचित प्रभाव पार्नु, घूस माग्नु वा स्वीकार गर्नुलाई न्याय प्रशासन विरूद्धको कसूर मानेको छ। यस्तो कसूर गर्नेलाई पाँच वर्षसम्म कैद वा जरीवाना वा दुवै सजाय तोक्न सक्ने व्यवस्था छ। हामीकहाँ अदालतको आदेशको अवज्ञा गरेकोमा न्याय प्रशासन ऐन, २०४८[१०४] र सर्वोच्च अदालत ऐन, २०४८[१०५] ले अदालतको अपहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने व्यवस्था गरेको छ। हाल झुठो बक्नेलाई सजाय गर्ने ऐन बन्ने प्रक्रियामा छ। झुठा साक्षी बक्नेलाई मुलुकी ऐन अदालती

१०४. न्याय प्रशासन ऐन, २०४८ को दफा १८ : **अदालतको अपहेलना :** (१) जिल्ला अदालतले आफ्नो अपहेलनामा कारबाही चलाउन सक्नेछ र अदालतको अपहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई एक हजार रूपैयासम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ। (२) पुनरावेदन अदालतले आफ्नो र आफ्नो मातहतको जिल्ला अदालतको अपहेलनामा कारबाही चलाउन सक्नेछ र अदालतको अपहेलना गरेको ठहराएमा पाँच हजारसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ। (३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा अदालतले निजलाई क्षमा गर्ने वा सजाय तोकि सकिएको भए सो सजाय माफ गर्न, घटाउन वा अदालतले तोकेको शर्तमा छ महिनासम्म मुल्तवी राखी सो शर्तको पालना भएमा सजाय कार्यान्वित नगर्ने आदेश दिन सक्नेछ भन्ने व्यवस्था रहेको पाईन्छ।

१०५. सर्वोच्च अदालत ऐन, २०४८ को दफा : ७ **सर्वोच्च अदालत र मातहत अदालतको अवहेलना :** (१) सर्वोच्च अदालतले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारबाही चलाएको मुद्दामा कसूरदार ठहराएको व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ। (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्त वा कसूरदारले सर्वोच्च अदालतलाई सन्तोष हुने गरी क्षमा याचना गरेमा अदालतले निजलाई क्षमा दिन वा सजाय तोकी सकेको भए सजाय माफ गर्न, घटाउन वा अदालतले तोकेको शर्तमा सजाय मुल्तबी राखी त्यस्तो शर्तको पालना भएमा सजाय कार्यान्वित नगर्न आदेश दिन सक्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ।

बन्दोबस्तको १६९ नं. ले कसूरअनुसार बढीमा दुई वर्षसम्म कैद गर्ने व्यवस्था गरेको छ।[१०६] तर रोम विधानअनुरूप न्याय प्रशासन विरूद्धको समग्र कार्यलाई कसूर मानी सजाय गर्ने छुट्टै कानून बन्नु आवश्यक छ।

३.४.९ रोम विधानको धारा ६३(१) मा पुर्पक्षको समयमा अभियुक्त उपस्थित रहने व्यवस्था छ। अर्थात् अभियुक्तको अनुपस्थितिमा सुनुवाई (Trial in Absentia) गर्न पाइँदैन। तर हामी कहाँ कुनै आरोप लागेको व्यक्ति फरार भई अंश रोक्का भएको दुई वर्ष पुगेपछि मुलतवीबाट जगाई छिन्ने व्यवस्था रहेको छ।[१०७]

यसप्रकार रोम विधानको परिप्रेक्ष्यमा हाम्रो फौजदारी कानूनलाई हेर्दा फौजदारी न्यायका सिद्धान्तहरूलाई हामीले अङ्गाली आएको भएपनि विधानमा उल्लिखित अपराधहरूलाई विधानमा उल्लिखित उद्देश्य अनुकुल कानूनको अभाव नै देखिएको छ। सान्दर्भिक रहेका कतिपय कानूनहरू पनि रोम विधानसङ्गत देखिँदैनन्। विधानमा उल्लिखित आमसंहार र युद्ध अपराधसँग सन्बन्धित अन्तर्राष्ट्रिय सन्धिको नेपाल आफू पक्ष भए पनि सो अनुकूलको कानून निर्माण गरी लागू गर्नुपर्ने दायित्व पुरा भएको देखिँदैन। सर्वोच्च अदालतबाट यस सम्बन्धमा भएको निर्देशनात्मक आदेश अनुसार सरकारको तर्फबाट कार्य भएको पनि देखिँदैन भने अर्कोतर्फ तत्कालीन प्रतिनिधि सभाले रोम विधानको पक्ष बन्नेतर्फ आवश्यक कार्य अगाडि बढाउन दिएको निर्देशनको पनि पालना गर्नेतर्फ कार्य भएको देखिँदैन। दण्डहीनता मौलाउँदै गएको सन्दर्भमा ढिलो चाँडो नेपाल रोम विधानको पक्ष बन्नै पर्ने अवस्था रहेकोले सो अनुसारको पूर्वाधारको विकास गर्दै जानुपर्ने आवश्यकता छ।

---

१०६. मुलुकी ऐन अदालती बन्दोबस्तको १६९ नं. झगडियाले किटानसाथ लेखी नदिएकोमा साक्षीबाट पक्का प्रमाण पुग्ने गरी बकिदियो भने त्यस्ता साक्षीले नभएको झुट्ठा कुरा बकी लेखिदिएको ठहरेमा त्यस्तो साक्षीलाई त्यसले बके लेखेको कुराबाट झगडियालाई ... सर्वश्वसहित जन्मकैद वा जन्मकैद हुनेमा भए छ महिनादेखि दुई वर्षसम्म कैद, छ वर्ष वा सोभन्दा बढी कैद हुने वा सर्वश्व हुनेमा भए तीन महिनादेखि एक वर्षसम्म कैद र अरू कैद हुनेमा भए पाँच दिनदेखि पाँच महिनासम्म कैद हुन्छ। झगडियाले किटानसाथ लेखिदिएकोमा साक्षीले सोही कुराको प्रमाण पुग्ने गरी बकी दिएको भए निजले झुठा बकी लेखी दिएको ठहरेमा त्यस्तो साक्षीलाई निजले बके लेखेको कुराबाट झगडिया ..... सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुनेमा भए दुई हजार रूपैयासम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुन्छ, छ वर्ष वा सोभन्दा बढी कैद वा सर्वस्व हुनेमा भए एक हजार पाँच सय रूपैयासम्म जरिवाना वा बीस दिनसम्म कैद वा दुवै सजाय हुन्छ र अरू कैद हुनेमा भए एक हजार रूपैयासम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुन्छ। लेखिएदेखि बाहेक झगडियालाई जरिवाना मात्रको सजाय हुनेमा भए सात सय रूपैयासम्म जरिवाना वा दश दिनसम्म कैद वा दुवै सजाय हुन्छ भन्ने व्यवस्था रहेको पाइन्छ।

१०७. अ.बं. १९० नं. अड्डामा हाजिर नभएको अभियुक्तको हकमा भएसम्मको साक्षी प्रमाण बुझी राखी वारेन्ट जारी भएको छ महिनासम्ममा पनि हाजिर भएन वा पक्रिएन भने हाजिर भएका वा पक्रिएका बखत मुद्दा खडा गरी बुझी कानुन बमोजिम गर्ने भनी मुलतवी राखी सो मुलतवी रहेको मुद्दा वा अभियुक्त फेला परेन वा हाजिर भएन भने पनि सो अभियुक्तको अंश रोक्का भएको दुई वटा पुगेपछि मुद्दा खडा गरी बुझेसम्मको प्रमाणबाट ठहरे बमोजिम फैसला गर्नुपर्छ।

परिच्छेद: चार

रोम विधान र यसको अनुमोदन

४.१ नेपालमा दशवर्षे द्वन्द्व र अन्तर्राष्ट्रिय अपराधहरू

नेपालको विगत हेर्दा तत्कालीन विद्रोही नेपाल कम्युनिष्ट पार्टी माओवादीको दशवर्षे जनयुद्ध अगाडि पनि छिटपुटरूपमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारभित्र पर्ने खालका आमसंहार, मानवता विरूद्धको अपराध तथा युद्ध अपराधसँग सम्बन्धित घटनाहरू भएका पाइन्छन्। माओवादीले शुरू गरेको दशवर्षे जनयुद्ध पश्चात पनि विभिन्न समूहका नाममा मानवता विरोधी अपराध, युद्ध अपराधलगायत भइरहेका छन्। सरकारी प्रहरी/सेना र विद्रोही माओवादीबीचको लडाइँमा हजारौको मृत्यु भएको छ त कति बेपत्ता भएका छन्, कति निर्दोष र निहत्था मानिस अपहरण र यातनाको सिकार भएका छन्। युद्धका नियम उल्लङ्घन गरी सरकारी सुरक्षाकर्मीबाट २०५७ साल भाद्र १ गते भएको दोरम्बा घटना[१०८]मा सैनिक र गैरसैनिक सहित २० जनालाई जिउँदै पुरिएको थियो, माडी घटना जहाँ सार्वजनिक र गैरसैनिक बसमा रहेका बालबालिकासहितका ३९ जना यात्रुलाई विद्रोही भनिएको माओवादीले राखेको विष्फोटमार्फत जलाई दिई निर्ममतापूर्वक मानवसंहार गरिएको थियो। त्यस्तै अर्को पक्षको भनी केवल आंशकाको भरमा निर्दोष र निहत्था मानिसहरू जबरजस्ती बेपत्ता बनाइएको थियो। नेपाली सेनाअन्तर्गतको भैरवनाथ गण विद्रोहीलाई यातना तथा मानवसंहार गर्ने अखडा बनेको थियो भन्ने गरिन्छ। त्यहाँ सयौँ माओवादी कार्यकर्ता तथा राजनीतिमा

---

१०८. नेपालको मध्यमाञ्चल क्षेत्रको रामेछाप जिल्लाअन्तर्गतको दोरम्बाको एक घरमा बैठक गरिरहेका हतियारबेगर रहेका माओवादीहरू १९ जना र घरवाला १ जना समेतलाई सरकारी सेनाले कब्जामा लिई लगेर दुवै हात बाँधेर दोहोरो भिडन्तको नाममा निर्ममतापूर्वक मारिएको कुरा प्रकाशमा आएको थियो। त्यसउपर सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री कृष्णजंग रायमाझीको संयोजकत्वमा गठित एक टोलीले पनि सोही कुराको स्थलगत निरीक्षण समेतबाट निष्कर्ष निकालेको थियो। त्यस्तै मानवीय कानुनको न्यूनतम मापदण्ड विपरीत गएर तत्कालीन विद्रोही माओवादीले हतियारविहिन अवस्थाका सेना, प्रहरीका थुप्रै निर्मम हत्या गरेको र सुराकी आरोपमा थुप्रै निर्दोष र निहत्था मानिसहरू मारेका थिए।

भाग नलिएका सामान्य जनताको हत्या तथा यातना दिइएको थियो।[१०९] पन्ध्र वर्षीया निर्दोष बालिका मैना सुनुवारको हत्याको हृदय विदारक कथाले नेपालीको मुटु झस्काउँछ। आफ्नै घरबाट अपहरण गरी उनको निर्ममतापूर्वक हत्या भएको थियो।[११०] त्यस्तै रौतहटमा नेकपा (माओवादी) र मधेसी जनअधिकार फोरमको छुट्टाछुट्टै भेलामा मधेशी जनअधिकार फोरमबाट भएको हमलामा माओवादीका कार्यकर्ता भनिएका २९ जनाको एकै ठाउँमा संहार भएको थियो। त्यस अतिरिक्त विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानको निर्माणपछि हालसम्म पनि विभिन्न कथित राजनीतिक समूहहरूबाट हत्या, चन्दा आङ्तक, बेपत्ता, अपहरण तथा निश्चित पहिचान भएका समुदायलाई निजहरू स्थायीरूपमा बसोबास गरिरहेको ठाउँबाट जबरजस्ती स्थानान्तरण हुन बाध्य पार्नेलगायतका मानवता विरोधी कार्यहरू भई नै रहेका छन्। यी विषयहरूमा राज्यका अपराध, अनुसन्धान, तहकिकात, अभियोजन गर्ने निकाय उदासीन, असक्षम, असमर्थ र निरीह पनि बन्न पुगेका छन्। पीडितले उपचार पाउन नसकी त्यसै छट्पटाई रहनुपरेको छ।

यद्यपि रोम विधानको सदस्य भएर पनि पक्ष राज्य हुनु अगाडि अपराधका सन्दर्भमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले विधानको धारा ११ अनुसार साधारणतया क्षेत्राधिकार ग्रहण गर्न सक्दैन। तर यस्तो दण्डहीनताको स्थिति आगामी दिनमा दोहोरिरहन नदिनको लागि भने एउटा महत्त्वपूर्ण हतियार हुन सक्छ रोम विधान। किनकि यो विधानको सदस्य भएपछि अन्तर्राष्ट्रिय फौजदारी अदालतले शुरूमा राष्ट्रिय अदालतको वा अनुसन्धान निकायको क्षेत्राधिकार ग्रहण गर्दैन र हस्तक्षेप पनि गर्दैन, तर राष्ट्रका ती निकायले विधानमा उल्लिखित अपराधको अनुसन्धान र अभियोजनमा निष्क्रियता, अवाञ्छित ढिलाई, असमर्थता वा अनिच्छा देखाएमा अन्ततः अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गर्ने हुँदा राष्ट्रिय तहबाट होस् वा अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट होस् अपराध गर्ने

---

१०९. विस्तृत विरणको लागि हेर्नुहास् Advocacy Forum, Sharing Experiences of Torture Survivors, available at: http://www.advocacyforum.org/downloads/Sharing_Experiences_of_Torture_Survivors.pdf (visited on Aug 12, 2009).

११०. काभ्रे खरेलथोक निवासी १५ वर्षीया बालिका मैना सुनुवारलाई आफ्नो घरबाट बाबुको सामुन्ने सरकारी सेनाले पक्राउ गरी लगी बेपत्ता बनाई अन्ततः मारिएको थियो। अनुसन्धानबाट दोषी देखिएका भनिएका पाँचखाल व्यारेकका कर्नेल बबी खत्रीलगायतलाई ६ महिना कैदको सजाय गरेको भन्ने कुरा प्रकाशमा आएको थियो। बेपत्ताको स्थिति हेर्दा नेपालको दश वर्षे द्वन्द्व कालमा ८८८ व्यक्तिहरू हालसम्म बेपत्ता छन्। विस्तृत विवरणको लागि हेर्नुहोस् http://www.advocacyforum.org/downloads/TJ_Newsletter_Nov_2007.pdf (visited on 12 Aug 2009).

व्यक्तिलाई दण्ड दिई दण्डहीनताको अन्त्य हुन सक्ला भन्ने विश्वास गरिएको पाइन्छ।

४.२ रोम विधानको अनुमोदनको आवश्यकता

सन् १९९८ मा हस्ताक्षर भई २००२ जुलाई १ बाट लागू भएको रोम विधानको अनुमोदन गरी दण्डहीनताको अन्त गर्न र अपराधीलाई अन्तर्राष्ट्रिय अदालतबाट सजाय दिनका लागि दबाब दिन विभिन्न दबाव समूह नै खडा भएका छन्। Networking for National Coalition for the International Criminal Court को व्यानरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)लगायतका गैरसरकारी संस्थाहरूले रोम विधानको अनुमोदनको आवश्यकता औंल्याउँदै आएका छन्। यति छोटो अवधिमा रोम विधानको धेरै राष्ट्रबाट भएको अनुमोदनले विश्व समुदाय दण्डहीनताको अन्त र शान्तिको स्थापना चाहन्छ भन्ने पुष्टि पनि गर्दछ। नेपालले हालसम्म यो विधानलाई अनुमोदन गरी सदस्य राष्ट्रको रूपमा नरहेको भएपनि अनुमोदनको लागि थुप्रै दबावहरू आइरहेका छन्। नेपालको तत्कालीन प्रतिनिधिसभाले श्रावण ९, २०६३ मा रोम विधानको पक्ष बन्न उक्त विधानलाई अनुमोदन गर्नेतर्फ आवश्यक कार्यवाही अगाडि बढाउन सरकारलाई निर्देश जारी गरिसकेको छ। यस सन्दर्भमा उक्त विधानको पक्ष बन्नको लागि सरकारले सरकारीस्तरमा एक कार्यदल नै गठन गरेको थियो। सो कार्यदलले अन्तर्राष्ट्रिय फौजदारी अदालतमा नेपाल सम्मिलन हुने सम्बन्धको अध्ययन प्रतिवेदन, २०६३ सरकारलाई बुझाएको पनि हो। त्यो प्रतिवेदन सार्वजनिक पनि भएन र विधानमा हस्ताक्षर प्रक्रिया अगाडि पनि बढाइएन। जे होस्, रोम विधानको अनुमोदनका विषयमा प्रशस्त बहस र छलफलहरू सरकारी र गैरसरकारीस्तरमा समेत भएका छन्। रोम विधान अनुमोदन गर्नुका पछाडि निम्न आधारहरू दिने गरिएको पाइन्छः-

- राज्यमा कानूनको शासनको स्थापना र दण्डहीनताको संस्कृति अन्त्य गर्न,
- जेनेभा महासन्धिको कार्यान्वयन गर्न,
- नेपाल मानवअधिकारसँग सम्बन्धित थुप्रै अन्तर्राष्ट्रिय महासन्धिमा पक्ष भइसकेको सन्दर्भमा त्यसउपरको सम्मान कायम राख्न र निरन्तरता दिन,

- अन्तर्राष्ट्रिय चासो र सरोकारका अपराधहरूलाई दण्डविहीनरूपमा रहन नदिन,
- गैरकानूनी हत्या, आमसंहारलाई निरूत्साहन गर्न,
- गम्भीर प्रकृतिका अपराधहरू- आमसंहार, मानवता विरूद्धको अपराध, युद्ध अपराधलाई रोकी पीडितलाई न्याय प्रदान गर्न,
- अन्तर्राष्ट्रिय मानवीय कानूनको कार्यान्वयनबाट मानवअधिकारको संरक्षण गर्न,
- राष्ट्रिय फौजदारी न्याय प्रणालीको सक्षमता अभिवृद्धि गर्न,
- मानवअधिकारको गम्भीर उल्लङ्घनको विषय अब एक राष्ट्रको आन्तरिक चासोको विषय नभई समग्र मानव जाति र अन्तर्राष्ट्रिय चासोको विषय बन्नु।

४.३ राष्ट्रिय कानूनमा रोम विधानको व्यवस्थाको कार्यान्वयन

राज्य राज्यबीचका अन्तर्राष्ट्रिय समुदायले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई अनुमोदन गरी यो कार्यान्वयनमा आएको अन्तर्राष्ट्रिय सन्धिको रूपको हुँदा यसलाई कार्यान्वयन गर्ने अन्तर्राष्ट्रिय कानूनमा केही तरिका र विचारधाराहरू छन्। एउटा अद्वैतवादी मत (Monism) छ भने अर्को द्वैतवादी मत (Dualism)। अद्वैतवादी मतलाई अनुशरण गर्ने राष्ट्रहरूले अन्तर्राष्ट्रिय सन्धि महासन्धिको अनुमोदन गरेपछि सो अनुमोदन गर्ने राष्ट्रले छुट्टै राष्ट्रिय कानून बनाई रहन पर्दैन, अनुमोदन भएपश्चात् त्यो सन्धि राष्ट्रिय कानूनसरह लागू हुन्छ भन्ने मान्यता राख्दछन् भने द्वैतवादी मतका अवलम्बनकर्ताहरूले अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई राष्ट्रले अनुमोदन गरेर राष्ट्रिय कानून सरहको मान्यता पाई लागू भई हाल्दैन, सन्धिको व्यवस्थालाई राष्ट्रिय कानूनमा समावेश गरेपछि मात्र लागू हुन्छ भन्ने मत राख्दछन्। त्यसैले अद्वैतवादीहरूले सन्धि हस्ताक्षर र अनुमोदन गर्नु पूर्व आफ्नो अनुकूल छ छैन, पक्ष हुन आवश्यक छ छैन भन्ने कुरामा विचार पुर्‍याउँछन्; आफ्नो आवश्यक पूर्वाधार तयार गर्छन् र आवश्यक भएको सन्धिको अनुमोदन गर्दछन्।

जहाँसम्म सन्धि कार्यान्वयनमा नेपालको सन्दर्भ हो, नेपालको अन्तरिम संविधानले नेपाल पक्ष भएका महासन्धि तथा अन्तर्राष्ट्रिय संयन्त्रहरूको हैसियत के हुने र तिनको कार्यान्वयन कसरी गर्ने भन्ने सम्बन्धमा कुनै व्यवस्था गरेको पाइँदैन। मौजुदा अन्तरिम संविधानको धारा ३३(ङ) मा राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि

सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने भन्नेसम्म उल्लेख छ। विगतलाई हेर्दा अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक, अन्तर्राष्ट्रिय विकास संस्था र अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सदस्य बन्ने सन्दर्भमा क्रमशः ब्रेटन उड्स सम्झौता ऐन, २०१८, अन्तर्राष्ट्रिय विकास संस्थाको सदस्यता प्राप्त गर्ने ऐन, २०१९, अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेशनको सदस्यता प्राप्त गर्ने ऐन, २०१९ जारी भएर ती अन्तर्राष्ट्रिय सङ्गठनहरूको सदस्यता नेपालले लिएको थियो। कुटनीतिक सम्बन्धसम्बन्धी, १९६१ को भियना महासन्धिको नेपाल पक्ष बनेपछि सो सन्धिको केही कुरा उल्लेख नगरी केही प्रावधान समावेश गरी विदेशी राज्य तथा कुटनीतिज्ञको उन्मुक्ति तथा सुविधासम्बन्धी ऐन, २०२८ जारी गरी लागू गरियो भने हाल पनि सन्धिको उद्धरण नगरी सन्धिमा भएका व्यवस्थाहरू समावेश गरी कानून बनाउने प्रचलन रहेको छ। उता नेपाल सन्धि ऐन, २०४७ ले नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिको हैसियत नेपाल कानूनसरह हुने र सन्धिको प्रावधानसँग नेपाल कानून बाझेमा सन्धिको प्रावधान लागू हुने भन्ने व्यवस्था[१११]ले अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताको कार्यान्वयनमा द्विविधा उत्पन्न गरेको छ। त्यस्तै सन्धिको कार्यान्वयनले नेपाललाई कुनै थप आर्थिक व्ययभार पर्न जाने भए कानून बनाई सन्धिको व्यवस्था कार्यान्वयन गर्नु पर्नेछ भन्ने दफा ९(२) मा व्यवस्था रहेको छ।[११२] तसर्थ महासन्धि तथा अन्तर्राष्ट्रिय सम्झौताको पक्ष भएपछि त्यसको हैसियत के हुने र कसरी कार्यान्वयन गर्ने भन्ने संविधानमै उल्लेख हुन उपयुक्त देखिन्छ। हाम्रो हालसम्मको प्रचलन, नेपाल सन्धि ऐनको व्यवस्था, सर्वोच्च अदालतले यस सम्बन्धमा गरिआएको व्याख्याहरूसमेतको आधारमा हामी अद्वैतवादी भन्दा पनि द्वैतवादी मतको नजिक रहेको कारणले हामीले अन्तर्राष्ट्रिय सन्धिलाई सोझै कार्यान्वयन नगरी राष्ट्रिय कानून बनाएर वा समावेश गरेर कार्यान्वयन गर्ने अवस्थामा छौं। हाम्रा अदालतहरूले अन्तर्राष्ट्रिय सन्धिको सोझै कार्यान्वयन गर्न सक्तैनन्। तसर्थ

---

१११. नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१): संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागू हुनेछ।

११२. नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२): संसदबाट अनुमोदन, स्वीकृति वा समर्थन नभएको वा सम्मिलनको स्वीकृति नपाएको तर नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल राज्य वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नुपर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनु पर्दछ।

मौजूदा संविधान तथा भविष्यमा बन्ने नयाँ संविधानमा महासन्धि तथा अन्तर्राष्ट्रिय सम्झौताको पक्ष भएपछि त्यसलाई महत्त्व दिई आवश्यकताअनुसार कानून बनाई त्यसको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था उल्लेख हुनुपर्दछ। फौजदारी अपराधमा अपराधको परिभाषा र दण्डको सजायको व्यवस्था नहुँदासम्म सजाय गर्न नसकिने हुँदा पनि राज्यस्तरमा स्पष्ट कानून निर्माण हुन आवश्यक हुन्छ।

रोम विधानको कार्यान्वयन गर्ने सन्दर्भमा विधानको अनुमोदन गर्नु अघि नै पूर्वतयारी स्वरूप देशको कानूनमा आवश्यक व्यवस्था गर्ने हो वा अनुमोदनपछि कार्यान्वयन गर्ने कानून बनाउँदै लागू गर्दै जाने हो भन्ने विषयमा पनि विधानको अनुमोदन गर्ने राष्ट्रहरूका बीचमा पृथक पृथक अभ्यास रहेको पाउन सकिन्छ। द्वैतवादी राष्ट्र अष्ट्रेलियाले रोम विधानको अनुमोदन गर्नु अगावै रोम विधानको कार्यान्वयनसम्बन्धी बृहद कानूनी व्यवस्था गऱ्यो।[११३] तर अधिकांश राष्ट्रले अनुमोदन गरेपछि मात्र विधानसँग सम्बन्धित विषयमा घरेलु कानूनहरू बनाएका पाइन्छन्।[११४]

४.४ रोम विधानको अनुमोदन र नेपालले निर्वाह गर्नुपर्ने दायित्व

नेपाल रोम विधानको पक्ष बनिसकेको छैन। यो विधानको पश्चातदर्शी असर पर्ने गरी लागू नहुने भएकोले नेपालमा विगतमा भएका मानवता विरोधी तथा युद्ध अपराधका घटनाहरूमा यो विधानको व्यवस्था आकर्षित हुन सक्तैन। विधानको पक्ष भएको मितिबाट मात्र फौजदारी अदालतको आदेशहरू देशको अदालतले दिएको आदेशसरह कार्यान्वयन गर्ने, अदालतले अनुरोध गरेअनुसार अभियुक्तलाई पक्राउ र समर्पण गर्ने, राष्ट्रिय कानूनमा पुनरावलोकन गरी विधानसम्मत व्यवस्था गरेर सोको पालन गर्ने, अपराधको अनुसन्धान तहकिकात, प्रमाण सङ्कलन,

---

११३. पादटिप्पणी १८, पृ. १३।

११४. देहायका देशहरूले रोम विधान कार्यान्वयन गर्नका लागि कानुनहरू बनाई लागू गरेका छन्- अष्ट्रेलिया (International Criminal Court Act, 2002), क्यानडा (Crime against Humanity and War Crimes Act, 2000, Extradition Act, 1999 (Amendment)), इस्टोनिया (Rome Statute of International Criminal Court Ratification Act), फिनल्याण्ड (Penal Code of Finland, International Legal Assistance in Criminal Matters Act, 1994), जर्मनी (Act on the Rome Statute of International Criminal Court, 2000), न्यूजिल्याण्ड (International Crimes and International Criminal Court Act, 2000), दक्षिण अफ्रिका (Implementation of the Rome Statute if the International Criminal Court Act, 2002) स्वीटजरल्याण्ड (Federal Law on Cooperation with the International Criminal Court, 2000), बेलायत (International Criminal Court Act, 2000), सामोआ (International Criminal Court Act, 2007), इथियोपिया (The Ethiopian Penal Code), निदरल्याण्ड (The International Criminal Court Implementation Act, 2002)।

खानतलासी, बरामदी तथा कागजात उपलब्ध गराउने, साक्षी तथा प्रमाणको सुरक्षा गर्नेलगायतका दायित्व पक्षराष्ट्रमा रहन्छ। मुख्य दायित्व त विधानमा उल्लिखित अपराधलाई राष्ट्रिय कानूनमा समावेश गरेर अपराधको रूपमा परिभाषित गरी कारबाही र सजाय गर्ने र दण्डहीनताको अन्त्य गर्ने दायित्व पक्षराष्ट्रमा रहन्छ। पक्षराष्ट्र भएपछि नेपालको दायित्व देहायबमोजिम रहने हुन्छः

४.४.१ संविधान र कानूनमा संशोधन

रोम विधानको धारा १२० अनुसार यसको अनुमोदनमा आरक्षण गर्न नपाइने[११५] र अनुमोदनपछि संविधान एवम् कानून विपरीतको प्रावधान भनी कार्यान्वयन गर्न आनाकानी गर्न नपाइने हुँदा विधान अनुमोदनपछि सो विधान विपरीत देशको संविधानमा केही व्यवस्था भए सो व्यवस्थालाई संशोधन गर्नुपर्ने दायित्व नेपालमाथि सृजना हुन्छ।[११६] उदाहरणको रूपमा नेपालको अन्तरिम संविधान २०६३ को धारा १५१ मा भएको मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जुनसुकै अदालतले तोकेको सजायमा माफी मिनाहा गर्न सक्ने व्यवस्था विधानसँग असङ्गत छ।

नेपालमा रोम विधान अनुमोदन भएपछि उक्त विधान कार्यान्वयन गर्ने छुट्टै ऐन जारी हुन आवश्यक हुन सक्तछ। त्यस्तो ऐन अन्तर्राष्ट्रिय मापदण्डको हुनुका साथै फौजदारी अदालतलाई सहयोग गर्ने खालको हुनुपर्दछ। ऐनको अतिरिक्त रोम विधानको कार्यान्वयनमा कार्यविधि कानूनको पनि उल्लेख्य भूमिका रहने भएकोले

---

११५. पदटिप्पणी १०, धारा १२०

११६. निश्चय नै संविधानसँग अमिल्दो महासन्धिको व्यवस्था हुँदा अनुमोदनमा समस्या आउँछ। संविधान राष्ट्रको मूल कानुन हुने र संविधानसँग बाझिने अन्य सबै कानुन बाझिएको हदसम्म अमान्य हुन्छन्। नेपालको सन्धि ऐन, २०४७ को दफा ९(१) अनुसार सन्दर्भमा महासन्धिको हैसियत पनि नेपाल कानुनसरह हुने व्यवस्था छ। यद्यपि सन्धिको कुनै व्यवस्था नेपालको संविधानसँग बाझिएको भनी अन्तर्राष्ट्रियस्तरमा भएको सन्धिलाई राष्ट्रको सर्वोच्च अदालतले अमान्य घोषित गर्न पनि सक्तैन। यस्तो अवस्थामा संविधानको कुनै व्यवस्थाको विपरीत भएको महासन्धिलाई अनुमोदन गर्न असम्भव जस्तै हुन्छ। रोम विधानको कुरा गर्दा अदालतबाट दोषी ठहर भएका कसुरदारलाई राष्ट्र प्रमुखले सजाय घटाउन वा माफी मिन्हा दिन सक्ने कुरा र राष्ट्र प्रमुखको उन्मुक्तिको कुरा नै मूलतः सो विधानको व्यवस्थासँग असङ्गत हुने गरेको अन्य देशमा पनि देखिएका छन्। यस्तो अवस्थामा कुनै राष्ट्रको लागि सन्धिको व्यवस्थामा संशोधन हुन नसक्ने हुँदा संविधानको व्यवस्थालाई नै संशोधन गरी रोम विधानमा उल्लेखित अपराधको हकमा संविधानको सो प्रावधान लागू नहुने भन्ने बन्दोबस्त गर्ने गरिएका पाइन्छ। फ्रान्स, कोलम्बीया, पोर्चुगल, लक्जेम्बर्गलगायतका देशले यही प्रक्रिया अवलम्बन गरेका छन्। रोम विधानको कार्यान्वयनको क्रममा संविधान संशोधन गर्ने देश फ्रान्स हो, जसले आफ्नो संविधानमा संशोधन गर्दै उल्लेख गऱ्यो कि-The Republic may recognize the jurisdiction of the International Criminal Court as provided by the treaty signed on 18 July 1998 (Article 53-2, Constitutional Law No. 99-568)

सोसम्बन्धी विस्तृत कार्यविधि कानूनको निर्माण गर्नुपर्ने हुन्छ। यति मात्र नभएर न्याय छिटो छरितो प्रदान गर्ने, पीडित तथा साक्षीलाई संरक्षण गर्ने प्रणालीको विकास गर्ने, सरल र सुलभ अदालती प्रक्रियाको विकास गर्ने जस्ता दायित्वहरू पनि सिर्जना हुन्छ।

राष्ट्रिय कानूनहरूको कार्यान्वयनलाई अन्तर्राष्ट्रियस्तरको मापदण्ड बनाउने दायित्व पनि पक्षराष्ट्रमा रहन्छ। संयुक्त राष्ट्रसङ्घको पक्षराष्ट्र भएपछि नेपालले मानवअधिकारसम्बन्धी मुलभूत दस्तावेजहरूलाई अनुमोदन गरेको छ। मानवअधिकारसम्बन्धी विभिन्न संयन्त्रहरूमा[११७] भएको अधिकारसम्बन्धी व्यवस्थाहरूको अतिरिक्त रोम विधानले पनि अनुसन्धानको अवस्थामा व्यक्तिको मानवअधिकारको सुनिश्चित हुनुपर्ने कुरा उल्लेख गरेको छ।[११८] तसर्थ अनुसन्धानको क्रममा आत्मअपराधीकरण गर्न वा कसूर साबित हुन बाध्य गर्न, करकाप, जवरजस्ती वा त्रास, यातना वा अन्य कुनै पनि स्वरूपको क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको भागीदार बनाउन, अनुसन्धानको लागि प्रयोग हुने बेलामा आफूले बुझ्ने भाषामा पढ्न र बोल्न सक्ने, स्वेच्छाचारीपूर्वक पक्राउ गर्न नपाइने प्रत्याभूति गर्नुपर्दछ। त्यस्तै संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १४[११९] मा सुनिश्चित गरिएको कुराहरूका अतिरिक्त रोम विधानको धारा ६७ मा भएको अभियुक्तको अधिकारलाई व्यवहारिकरूपमा अन्तर्राष्ट्रिय स्तरको बनाउन यस कुरालाई गम्भीरपूर्वक लिनु आवश्यक हुन्छ।

४.४.२ रोम विधानले गरेको परिभाषा फरक पार्न नहुने

रोम विधानले अपराध भनेर परिभाषित गरेको आमसंहार, मानवता विरूद्धको अपराध र युद्ध अपराधलाई राष्ट्रियस्तरमा बन्ने कानूनमा फरक परिभाषा

---

११७. संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १४ हेर्नुहोस्।

११९. पादटिप्पणी १०, धारा ५५।

११९. उक्त प्रतिज्ञापत्रको धारा १४ मा कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गराई पाउने अधिकार, कानुन बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार,आफू विरूद्धको अभियोगको आफूले बुझ्ने भाषामा जानकारी पाउने अधिकार, आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने अधिकार, कानुन व्यवसायी राख्न नसक्ने अवस्था भएको र न्यायको हितमा आवश्यक भएमा कानुनी सहायताको अधिकार, अनुचित बिलम्ब विना सुनुवाईको अधिकार, अदालतमा दोभाषेको निःशुल्क सेवा पाउने अधिकार, दोहरो खतरा विरुद्धको अधिकार लगायतका अधिकारहरू उल्लेख छन्।

गर्न मिल्दैन। अर्थात् उक्त परिभाषालाई साँघुरो हुने गरी परिभाषित गर्न पनि मिल्दैन, बरू विशेष अवस्थामा हुन सक्ने घटनालाई विचार गरी सो घटना विधानमा उल्लिखित अपराधअन्तर्गत समेटी परिभाषित गर्न सक्छ।[१३०] क्षेत्रीय, जातीय एवम् परिस्थितिको कारण हुन सक्ने घटनालाई रोक्न अदालतको अधिकारक्षेत्रअन्तर्गत कारबाही हुने विषयका अतिरिक्त अन्य विषयमा पनि राष्ट्रियस्तरमा कानून बनाई लागू गर्ने दायित्व सिर्जना हुन्छ। उदाहरणको लागि रोम विधानको धारा ६ मा आमसंहार भन्नाले कुनै पनि राष्ट्रिय जनजातीय वा धार्मिक समूहलाई पूर्ण वा आंशिकरूपमा सखाप पार्ने मनसायले गरेको हत्यालगायतका अन्य अपराधलाई परिभाषित गरे तापनि ईथियोपियाको फौजदारी संहितामा विधानमा भएको व्यवस्थाको अतिरिक्त राजनीतिक आधारमा समेत गरिने हत्यालगायतका अपराधलाई आमसंहारकोरूपमा राखेको पाइन्छ। नेपालको मध्यामन्चलस्थित रौतहटको गौरमा भएको नेकपा (माओवादी) र मधेशी जनअधिकार फोरमबीचको छुट्टाछुट्टै भेलामा राजनीतिक कारणबाट एक राजनीतिक दलले अर्को राजनीतिक दलका कार्यकर्तालाई लक्षित गरी गरेको मानव संहारलाई हेर्दा रोम विधानमा उल्लिखित कुरालाई समावेश गरी अब बन्ने कानूनमा ईथियोपियाको जस्तै राजनीतिक आधारमा गरिएको सामूहिक हत्यालाई पनि आमसंहारअन्तर्गत राख्न सकिन्छ।

त्यस्तै नेपालको दश वर्षे द्वन्द्वमा जनताले सहनु परेको पीडा, हत्या हिंसाको मुख्य कारण माग भएको गह्रुङ्गो रकमको चन्दा दिनुपर्नेमा नदिएको भन्ने पनि रहेको थियो। र, हाल पनि तराईलगायत देशका विभिन्न ठाउँमा सामान्य जीवन गुजारा गरी बसेका व्यक्तिदेखि व्यापारीसम्मलाई लाखौं रूपैंयाको चन्दा विभिन्न समूहका नामबाट माग गर्ने गरिएको र नदिए यातना, अपहरण, बेपत्ता र अन्ततः मृत्युवरण गर्नुपर्नेसम्मको कहालीलाग्दो अवस्था छ। तसर्थ नेपालले रोम विधानको कार्यान्वयन गर्न ऐन बनाउँदा द्वन्द्वको समयमा व्यापकरूपमा चन्दा मागेर आतङ्क फैलाउने कार्य पनि मानवता विरूद्धको अपराधको रूपमा व्यवस्था गर्न सकिने अवस्था देखिन्छ।

---

१३०. आमसंहारलाई इथियोपियाको सोसम्बन्धी राष्ट्रिय कानुनले रोम विधानमा गरेको परिभाषाभन्दा विस्तृतरूपमा गरी राजनीतिक आधारमा पनि गरिएको हत्यालाई पनि लिइएको छ।

४.४.३ अन्तराष्ट्रिय फौजदारी अदालतसँग सहकार्य गर्ने दायित्व रहने

कुनै सन्धि अनुमोदन गरेपछि पक्षराष्ट्रले उक्त सन्धिलाई असल मनले पालना गर्नुपर्छ। पक्षराष्ट्र भएपछि कुनै पनि आधारमा सन्धिको व्यवस्था लागू गर्न इन्कार गर्न मिल्दैन।[१३१] न्याय सम्पादनको सिलसिलामा पक्ष राज्यले अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई सहयोग गर्नु राज्यको प्रमुख दायित्व हो।[१३२] यस क्रममा न्यायिक सहयोगसम्बन्धी कानूनको अतिरिक्त न्याय सम्पादनको दुरूपयोगको दुरूत्साहन गर्नको लागि राज्यले आवश्यक कानून तर्जुमा गर्नुपर्ने हुन्छ।[१३३] खासगरी दुई किसिमको सहयोगको जरूरत हुन्छ। पहिलो विधानको अधिकारक्षेत्रअन्तर्गत पर्ने विषयमा कसैले अपराधको घटना घटाएमा पक्राउ गरी अदालतलाई सुम्पिने, तर त्यसरी सुम्पनुपर्ने व्यक्तिको विवरण, मुद्दाको छोटकरी र कानूनीरूपमा त्यसको वर्गीकरण, पक्राउ वा हस्तान्तरणसम्बन्धी पूर्जी हस्तान्तरणका लागि गर्ने अनुरोधमा हुनुपर्ने व्यवस्था छ। प्रमाण सङ्कलन, साक्षी, पीडितको सुरक्षा र भौतिक सम्पत्ति सुरक्षासम्बन्धी कार्य र त्यसमा सहयोग दोस्रो दायित्व हो। अत: नेपालले रोम विधान अनुमोदन गरेपछि अन्तर्राष्ट्रिय फौजदारी अदालतले प्रत्यक्षरूपमा माथि उल्लिखित सहयोगको लागि नेपाललाई अनुरोध गर्न सक्छ। तर अदालतले हस्तान्तरणको लागि अनुरोध गरिएको व्यक्तिलाई अर्को देशले सोही अपराधको लागि हस्तान्तरणको लागि अनुरोध भई आएमा पछि अनुरोध गर्ने अदालतलाई सोही व्यहोराको जानकारी दिनुपर्दछ। सहयोग कसरी गर्ने भन्ने सम्बन्धमा राष्ट्रियस्तरमा कार्यविधि पहिले नै तय हुनुपर्दछ।[१३४] यसरी माग गर्ने सन्दर्भमा अन्तराष्ट्रिय फौजदारी अदालतको अभियोक्ताले अदालतको तीनवटा च्याम्बरमध्ये पूर्वसुनुवाई च्याम्बरलाई अनुरोध गरी अपराधीलाई पक्राउ पूर्जी जारी गर्नेलगायतका विषयमा अनुरोध गर्न सक्दछ। तसर्थ अभियुक्तलाई पक्राउ गर्ने, हस्तान्तरण गर्ने, अदालतको आदेश वा निर्णयको कार्यान्वयन गर्ने, अभियोक्तालाई अनुसन्धान गर्न अनुमति दिने र सोको लागि आवश्यक सहयोग गर्ने नेपालको दायित्वभित्र पर्दछ। त्यस अतिरिक्त बेपत्ता भएका व्यक्तिहरूको पहिचान गर्ने, पत्ता

---

१३१. Vienna Convention on the Law of Treaties, Articles 25 and 26.
१३२. पादटिप्पणी १०, धारा ८६।
१३४. ऐजन, धारा ७० (४०) क।
१३४. ऐजन, धारा ८८।

लगाउने, विशेषज्ञको रायलगायत आवश्यक प्रतिवेदनहरू हस्तान्तरण गर्ने, राष्ट्रिय अदालतहरूको कागजात उपलब्ध गराउने, स्वेच्छिकरूपमा साक्षी वा विशेषज्ञको रूपमा व्यक्तिलाई उपस्थित गराउने, अस्थायीरूपमा आवश्यक व्यक्तिको हस्तान्तरण गराउने, अपराध भएको स्थानको भ्रमण तथा अवलोकन गराउने, चिहानको उत्खनन् गर्ने गराउने, खानतलासी गर्ने गराउने, आवश्यक सरकारी कागजातहरू उपलब्ध गर्ने गराउने, अपराधमा प्रयोग भएको कुराहरू हस्तान्तरण गर्ने गराउने, राष्ट्रिय कानूनद्वारा वर्जित नगरिएको तर फौजदारी अदालतको अनुसन्धान तथा अभियोजनको लागि सहयोग गर्ने कुराहरू हस्तान्तरण गर्नुपर्ने पक्षराष्ट्रको दायित्वकोरूपमा उल्लेख गरेको छ।[१२५] यस कारण रोम विधानको सदस्य भएपछि नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतमा कारबाही अगाडि बढाउने प्रयोजनको लागि सहयोगसम्बन्धी छुट्टै कानूनको व्यवस्था पर्नुपर्ने हुन्छ।

४.४.४ न्याय प्रशासनको दुरूपयोग रोक्न पूरा गर्नुपर्ने दायित्व

रोम विधानले न्याय प्रशासनलाई भरपर्दो, विश्वसनीय बनाउनको लागि विशेष व्यवस्था गरेको छ। बयान गर्दा झूठो बोल्न नहुने, जालसाजी वा झूठो प्रमाण पेश गर्न नहुने, साक्षीलाई सत्य तथ्य स्पष्टरूपमा बोल्नबाट बञ्चित हुने गरी कुनै बाधा अवरोध खडा गर्न नहुने, साक्षीले बयान दिएको आधारमा प्रतिशोध साँध्ने, प्रमाण सङ्कलनमा अवरोध खडा गर्ने, अदालतका कर्मचारीहरूलाई भ्रष्ट बनाउने, अदालतमा काम नगर्न नगराउन अवरोध खडा गर्न नपाउने[१२६] गरी पनि नेपालले कानून बनाउनु पर्दछ।

४.४.५ संविधानमा व्यवस्था गर्न सकिने

नेपाल अहिले सङ्क्रमणकालीन अवस्थामा रहेको र संविधानसभामार्फत् नयाँ संविधान निर्माणको प्रक्रियामा रहेको हुनाले अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी संयन्त्रका अतिरिक्त मानवीय कानूनको उल्लङ्घनलाई दृष्टिगत गरी सो कानून बमोजिम आमसंहार, मानवता विरूद्धको अपराध र युद्ध

---

१२५. ऐजन, धारा ९३।
१२६. ऐजन, धारा ८८।

अपराध जस्ता मानवअधिकारको गम्भीर उल्लङ्घन हुन नदिन संविधानमा नै व्यवस्था गर्नु आवश्यक देखिन्छ। त्यस्तै अन्तरिम संविधानको धारा २४ मा विदेशी शत्रु राज्यका व्यक्तिले स्वच्छ सुनुवाईबाट बञ्चित हुनुपर्ने व्यवस्था अन्तर्राष्ट्रिय मापदण्ड सङ्गत छैन। हाल नेपाल नयाँ संविधान निर्माणको क्रममा रहेको हुँदा रोम विधानसँग सङ्गत व्यवस्थाहरूलाई मात्र समावेश गर्नुपर्दछ। कम्तिमा पनि रोम विधानअन्तर्गत कारबाही गर्न दायरा (Threshold) पुगेका र त्यसरी सो विधानअन्तर्गत कारबाही हुने मुद्दामा मौजुदा संविधान तथा कानूनहरूमा भएको आममाफी तथा मिनाहा गर्ने व्यवस्थालाई खारेज गर्नुपर्दछ। द्वन्द्वबाट गुज्रिएका विभिन्न मुलुकमा मौलिक हकको रूपमा मानवता विरूद्धको अपराधलाई संविधानमा नै व्यवस्था गरिएको[१२७] हुनाले नेपालको सन्दर्भमा उक्त कुरा अनुनयात्मक हुन सक्ने देखिन्छ।

४.४.६ कारागार प्रशासनमा सुधार

रोम विधानको धारा ७ मा गैरसैनिक जनसमुदाय विरूद्ध जानाजान वा योजनाबद्ध र लक्षित आक्रमणको रूपमा अन्तर्राष्ट्रिय कानून विपरीत थुन्नु वा कठोर भौतिक स्वतन्त्रतालाई अपहरण गर्ने कार्यलाई मानवता विरूद्धको अपराधअन्तर्गत राखिएको छ। यस सन्दर्भमा नेपालको कारागार प्रशासन अन्तर्राष्ट्रिय महासन्धिको मापदण्ड अनुरूपको छैन। त्यसैले रोम विधान अनुमोदनपछि कारागार प्रशासनमा पनि सुधार गर्नु आवश्यक हुन्छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १०(३) मा बन्दी सुधार प्रणालीमा कैदीहरूको अत्यावश्यक सुधार र सामाजिक पुनर्स्थापनाको उद्देश्य राखी तदनुरूप उनीहरूप्रति व्यवहार गरिने कुरा उल्लेख छ। त्यस्तै धारा १७(१) ले कुनै पनि व्यक्तिलाई निजको गोपनियता, परिवार, घर वा पत्राचारमा

---

१२७. इथियोपियाको संविधानको धारा २८ मा मानवता विरूद्धको अपराध बारे देहाय बमोजिम उल्लेख गरिएको छ – (1) Criminal liability of persons who commit crimes against humanity, so defined by international agreements ratified by Ethiopia and by other laws of Ethiopia, such as genocide, summary executions, forcible disappearances or torture shall not be barred by statute of limitation. Such offences may not be commuted by amnesty or pardon of the legislature or any other state organ. (2) In the case of persons convicted of any crime stated in sub-article 1 of this article and sentenced with the death penalty, the Head of State may, without prejudice to the provisions here in above, commute the punishment to life imprisonment.

स्वेच्छाचारीता वा गैरकानूनी हस्तक्षेप भोग्नुपर्ने विरूद्धको हकको उल्लेख गरेको छ। नेपालको अन्तरिम संविधान २०६३ मा न्यायसम्बन्धी हक, निवारक नजरबन्द विरूद्धको हक, यातना विरूद्धको हक जस्ता मानवअधिकारसम्बन्धी हकहरूको व्यवस्था भए पनि व्यवहारमा कमजोर अवस्था छ।

राष्ट्रिय मानवअधिकार आयोगले विभिन्न जिल्लामा गरेको अनुगमनको आधारमा तयार गरिएको प्रतिवेदन, २०६२ ले भौतिक निर्माणसम्बन्धी वास्तवमा कुनै मापदण्ड नभएको तथा फौजदारी न्यायको परम्परावादी दृष्टिकोणका कारण बन्दीहरूले समस्या भोगिरहेको उल्लेख छ। बन्दीहरूलाई यातना दिने गरेको, आँखामा पट्टि बाँधी राख्ने गरेको, पक्राउ पूर्जी नदिइकनै पक्राउ गरिएको, पच्चीस दिनभन्दा बढी समयसम्म हिरासतमा राख्ने गरेको, थुनुवा पूर्जीको समयभन्दा बढी समय थुनामा राख्ने गरेको, बन्दीलाई अदालतको सुनुवाईमा उपस्थित नगराउने गरेको, कानूनी परामर्श लिने व्यवस्था नगरेको, वैतनिक कानून व्यवसायीको सेवाबाट समेत बञ्चित गराउने गरेको उल्लेख छ। यसका साथै सबै किसिमको बन्दी एकै स्थानमा राख्ने गरेको, स्वास्थ्य जाँच, औषधि तथा उपचार नपाई मृत्यु हुनुका साथै मानसिक रोगीहरूलाई उपचारबाट बञ्चित गरेको भन्ने पनि देखिन्छ। लत्ताकपडा, पत्रपत्रिकाको वितरण नगरेको, सञ्चार माध्यमका साधन रेडियो, टेलिभिजन, टेलिफोन जस्ता सेवाको उपभोगलाई बञ्चित गराइएको प्रतिवेदनमा उल्लेख छ। साथै कारागार भवनहरू जीर्ण रहने गरेको, कम्पाउण्डमा कमी भएको, क्षमताभन्दा बढी बन्दी राखिने गरेको, बन्दी सुत्ने बस्ने व्यवस्था नभएको, लगाउने लुगा, ओढ्ने ओछ्याउने कपडा, पङ्खा, झुल, स्वच्छ खानेपानी, धुँवा निकाल्ने झ्याल (भेन्टिलेसन)को उचित प्रबन्ध नभएको उल्लेख छ। यस अवस्थामा संविधान, ऐन, नियममा जेजस्तो कुरा उल्लेख भएपनि कारागारमा त्यस्ता आधारभूत सेवा उपलब्ध हुन नसक्दा तत्काल सुधारको आवश्यकता छ। रोम विधानको अनुमोदनपछि सोही अनुसार कैद भोग्नको लागि अदालतबाट दोषी ठहऱ्याएका व्यक्तिहरूलाई नेपालको कारागारमा राख्न स्वीकार गर्नुपर्ने अवस्था भएबाट अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको कारागारको व्यवस्था गर्नुपर्ने हुन्छ। त्यसैले कारागार प्रशासनबारे सर्वोच्च अदालतबाट जारी गरेको आदेश, राष्ट्रिय मानवअधिकार आयोगबाट सुझाएका सुझावअनुसार कार्य गर्नुपर्ने देखिन्छ।

४.४.७ अन्य दायित्व

रोम विधानमा भएको व्यवस्था केही कमन ल प्रणालीबाट प्रभावित छ भने केही व्यवस्था सिभिल ल प्रणालीबाट। अदालतको अङ्गको रूपमा रहेको पूर्व सुनुवाई च्याम्बर (Pre-Trial Chamber)को व्यवस्था सिभिल ल प्रणालीबाट प्रभावित व्यवस्था हो। अभियोक्ताको कार्यालय पनि फौजदारी अदालतको अङ्ग हो। अभियोक्ताले गर्ने अपराधको अनुसन्धानमा निर्देश गर्ने कार्यलगायत अदालतले गर्नुपर्ने अनुसन्धान कार्य गर्दछ। नेपालको फौजदारी कानून प्रणालीमा यस्तो अङ्गको व्यवस्था नभएको हुनाले अन्य कमन ल प्रणाली भएको देशमा अङ्गालिने व्यवस्था जस्तै नेपालको हकमा पनि व्यवस्था गर्नु उपयुक्त हुन्छ। सिभिल ल प्रणालीमा प्रयोग हुने अभियुक्तले गल्ती स्वीकारोक्ति गरेपछि अदालतले त्यस विषयमा देहायको कुरा निश्चित गर्नुपर्ने विधानको धारा ६५ मा उल्लेख छः

- अभियुक्तले आफूले गल्ती स्वीकार गरेपछि गल्तीको प्रकृति र परिणाम कस्तो भयो भन्ने कुरा,
- स्वीकारोक्तिउपर मनग्य विचार गर्नुका साथै प्रतिरक्षाको हिसाबले ठीक छ भन्ने कुरा,
- त्यस्तो स्वीकारोक्ति अभियुक्तहरूले लगाएको अभियोगसँग, प्रस्तुत गरिएको प्रमाणसँग साथै साक्षीका बयानसँग सामन्जस्य छ छैन भन्ने कुरा।

अदालतको कारबाहीको प्रक्रिया सिभिल ल प्रणालीसँग पनि मेल खाएको हुनाले केही व्यवस्था कमन ल प्रणालीले नअपनाएको व्यवस्था अपनाएर अदालत स्वेच्छाचारी हुनबाट रोक्न उपरोक्त व्यवस्था भएको देखिन्छ।

परिच्छेद: पाँच

निष्कर्ष र सुझाव

५.१ निष्कर्ष

यस शताब्दीमा करौडौं बालबालिका, महिला र पुरूषहरू मानवताको सद्विवेकलाई गम्भीररूपमा चोट पुऱ्याउने अकल्पनीय ज्यादतीको सिकार भए। यस्ता अपराधहरूले विश्व शान्ति, सुरक्षा र भलाईलाई नै त्रस्त बनाउने हुँदा सिङ्गो अन्तर्राष्ट्रिय समुदायको सरोकार गम्भीरतम् अपराधहरूमा जिम्मेवारहरूउपर आफ्नो फौजदारी अधिकारक्षेत्रको प्रयोग गरी दण्डित गर्न र दण्डहीनताको अन्त्य गर्ने निधोसहित लामो बहस र छलफलपछि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान १९९८ जुलाई १७ मा पारित भएको थियो। सन् २००२ को जुलाई १ बाट कार्यान्वयनमा आएको अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको करिब दश वर्षको अन्तरालमा हस्ताक्षरकारी राष्ट्रहरू १ सय ३९ पुगिसकेका छन् भने १ सय १० राष्ट्रले अनुमोदनसमेत गरी पक्ष बनिसकेका छन्। यसबाट अन्तर्राष्ट्रिय चासोका गम्भीरतम् अपराधमा संलग्नहरूलाई दण्डित गरी दण्डहीनताको अन्त्य गर्न तथा मानवअधिकारको संरक्षण र सम्बर्द्धनको लागि राष्ट्रहरू लालायित रहेको स्पष्ट गर्दछ।

नेपाल रोम विधानको पक्ष वा हस्ताक्षरकारी राष्ट्र भइसकेको छैन। नेपालले रोम विधानमा पक्ष हुनको लागि प्रक्रिया अगाडि बढाउनुपर्छ भन्ने कुरामा गैरसरकारी क्षेत्रबाट प्रशस्त बहसहरू चलाइएका छन्। नेपालको तत्कालीन प्रतिनिधिसभाले पनि रोम विधानको अनुमोदनको कार्य अगाडि बढाउनको लागि यसअघि नै सरकारलाई निर्देश गरिसकेको छ। दण्डहीनता मौलाउँदै गएको हाम्रो जस्तो देशमा उक्त विधान अनुमोदन गरी कार्यान्वयन गर्दा दण्डहीनताको अवस्थाको अन्त्य भई शान्ति र भयमुक्त वातावरणको सृजना हुन्छ भने विधानको अनुमोदन

स्वाभाविक मात्र होइन अपरिहार्य पनि हुन जान्छ। तर कुनै पनि अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अनुमोदनपछि राष्ट्रका लागि दायित्वहरू सृजना हुन्छन्। त्यसैले अनुमोदन गर्नु अगाडि त्यसको विविध क्षेत्रमा पर्न सक्ने असर तथा प्रभावहरूबारे आङ्कलन गर्नु आवश्यक हुन्छ। उत्तर र दक्षिणका खुला सीमानाका चीन र भारत रोम विधानको पक्ष नरहेको सन्दर्भमा विधानमा उल्लिखित अपराधमा संलग्नउपर ती राष्ट्रले सपुर्दगी नगरेमा कारबाहीमा समस्या आउन पनि सक्तछ। तर त्यहाँ पनि रोम विधानको पक्ष बन्नुपर्छ भन्ने आवाज चाहिँ उठिरहेको छ। रोम विधानको अनुमोदनको चर्चा चलिरहेको यस सन्दर्भमा पनि उक्त विधानसँग नेपाली फौजदारी कानूनको सङ्गति असङ्गति के रहेको छ ? रोम विधानको अनुमोदनपछि नेपाली फौजदारी कानूनमा के कस्तो सुधार वा संशोधन गर्नुपर्ने हो ? भन्नेलगायत यावत प्रश्नहरूको खोजी गर्न जरूरी देखिएको छ।

नेपालको फौजदारी कानूनको अवस्था हेर्दा रोम विधानमा उल्लिखित अपराधहरूलाई नेपालको कानूनमा स्पष्टत: परिभाषित गरिएको छैन। नेपाल कानूनअनुसार हत्या, जबरजस्ती करणी, मानव जीवनको क्षति पुऱ्याउने कार्य दण्डनीय भएपनि विधानले परिभाषित गरेको मानवीय कानून विरूद्धका धेरै सङ्गीन अपराधहरूलाई राष्ट्रिय कानूनले समाहित गर्न सकेको छैन। रोम विधानसँग सामिप्यता देखिने केही फौजदारी कानूनहरू छरिएर रहेका छन्, भएका कतिपय असङ्गत पनि छन् र धेरैजसो त कानून नै छैनन्। रोम विधानमा उल्लिखित तीनवटा अपराधहरूमध्ये आमसंहार र युद्ध अपराध विरूद्ध भएका संयुक्त राष्ट्रसङ्घीय महासन्धिहरूको त नेपाल पक्ष भइसकेको छ। नेपाल आमसंहार अपराधको बचावट तथा सजाय गर्ने महासन्धि, १९४८ को पनि पक्षराष्ट्र भइसकेको छ। ती महासन्धिमा उल्लिखित तथा परिभाषित अपराधका कुराहरू नै रोम विधानमा समावेश छन्। मानवता विरूद्धको अपराधको सन्दर्भमा पनि नेपाल मानवअधिकारसम्बन्धी थुप्रै अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष भइसकेकोले रोम विधानमा त्यस्तो नौलो कुरा त छैन। तर महत्त्वपूर्ण कुरा यो छ कि रोम विधानले अदालतको क्षेत्राधिकारभित्रको अपराधमा व्यक्तिको फौजदारी दायित्व रहने र रोम विधानको पक्ष बनेपछि विधानमा उल्लिखित अपराधमा संलग्न हुने सार्वजनिक पदाधिकारी वा कुनै व्यक्तिलाई राज्यले कारबाही र अनुसन्धानको दायरामा ल्याई

पुर्पक्ष गराउनु राज्यको दायित्व हुन्छ। त्यस्तो दायित्व पूरा गर्न पक्ष राज्य असमर्थ, असक्षम, अनिच्छुक भएको र अपराध गर्ने व्यक्तिलाई निष्पक्ष र स्वतन्त्र अनुसन्धान वा पुर्पक्ष बेगर नै उन्मुक्ति दिने अवस्था रहेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो परिपुरक क्षेत्राधिकार ग्रहण गर्ने व्यवस्था छ। रोम विधानको यो नौलो व्यवस्थाको आशय अन्तर्राष्ट्रिय चासोका गम्भीर फौजदारी अपराध नियन्त्रण गर्न राज्यहरू नै जिम्मेवार होउन् र आगामी दिनमा कुनै पनि हालतमा दण्डहीनताको अन्त्य गरी कानूनको शासन संस्थागत हुन सकोस् भन्ने नै हो।

५.२ सुझाव

नेपालमा विगत देखिको विभिन्न द्वन्द्व र हिंसा, अपराधको राजनीतिकरण र खासगरी नब्बेको दशकपछि भएको नेपाल कम्युनिष्ट पार्टी माओवादीको नेतृत्वमा भएको विद्रोहका कारण त्यसमा संलग्न नभएका मानिसहरू पनि गैरन्यायिक हत्या, हिंसा, युद्ध र यातनाका सिकार भए। कति अपहरण गरिए त कतिलाई जबरजस्ती बेपत्ता पारिए। लाखौँ आफ्नो पूर्खाका पालादेखि बसेको बासस्थानबाट बलात स्थानान्तरण हुनुपर्‍यो। वर्तमान अन्तरिम संविधानको निर्माणको क्रममा पूर्व न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्यालको अध्यक्षतामा गठित समितिले सरकारसमक्ष पेश गरेको मस्यौदा संविधानमा- तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजाय भागी नहुने सामान्य व्यवस्थाको अपवादको रूपमा युद्ध अपराध र मानवता विरूद्धको अपराधसम्बन्धी कसुरमा पश्चातदर्शी असर हुने कानून बनाई मुद्दा चलाउन र सजाय दिन बाधा पुर्‍याएको नमानिने व्यवस्था गरेको थियो। त्यस्तै कुनै पनि व्यक्तिलाई दण्डहीनता वा मानवता विरूद्धको अपराधमा कानूनी उपचार प्राप्त हुने हक हुनेछ भन्ने प्रावधान थियो। तर संविधान जारी हुँदा यसलाई हटाइयो। नेकपा (माओवादी) र सरकार दुवै यस्तो व्यवस्थालाई संविधानमा राख्न मञ्जुर भएनन्। यसबाट पीडितले न न्याय र राहत पाए न त मानवता विरूद्धका अपराध गर्ने अपराधकर्ताले सजाय नै पाउने अवस्था रह्यो। आज पनि कथित राजनीतिक मुक्तिको लडाइँका नाममा निहत्था मानिसहरूको गैरन्यायिक हत्या भइरहेको छ, योजनाबद्ध यातना, अपहरण, जबरजस्ती बेपत्ता, बलात स्थानान्तरण हुनुपरेको अवस्था छ। यस्तो अवस्थाको

अन्त्यको लागि राष्ट्रको न्यायिक प्रणाली प्रभावकारी हुनु जरूरी छ, अपराधकर्तालाई उन्मुक्ति होइन, न्यायको कठघरामा ल्याई पुर्पक्ष गराउनु जरूरी छ। राष्ट्रिय संयन्त्रहरू दण्डहीनता रोक्न र मानवअधिकारको संरक्षण गर्न असमर्थ, प्रभावहीन वा अनिच्छुक भएमा अन्तर्राष्ट्रिय फौजदारी अदालतमार्फत भए पनि प्रभावकारी न्याय प्रदान गर्नुपर्छ भन्ने महसुस हुँदै गएको छ। तसर्थ रोम विधानको पक्ष भई सो विधानअनुकूल हुने गरी राष्ट्रको कानूनी व्यवस्था तय गरी त्यसको कार्यान्वयनको लागि विशेष तदारूकता तथा जाँगर देखाउनुपर्ने अवस्था आइसकेको छ। यसको लागि हाम्रा फौजदारी कानूनहरूलाई रोम विधान अनुकूल बनाउँदै लैजानु पर्ने आवश्यकता छ।

यस सन्दर्भमा नेपाली फौजदारी कानूनको पुनरावलोकन गर्दा कतिपय फौजदारी न्यायका मान्यताहरू रोम विधानसँग सामिप्य देखिन आउँछन् त कतिपय कानूनहरू अमिल्दा देखिन्छन्। धेरै अवस्थामा हामी कहाँ कानूनकै अभाव देखिएको छ। हाम्रा फौजदारी कानूनहरूको पुनरावलोकन गर्दा देहाय बमोजिमको अवस्था उपरोक्त अध्ययनबाट देखिन आएकोले समयसापेक्ष सुधारको आवश्यकता छ, जुन कार्य रोम विधानको अनुमोदन पूर्व वा विधान अनुमोदन पछि गर्न सकिन्छः-

नेपालको अन्तरिम संविधान २०६३ को दफा १५१ ले मन्त्रिपरिषद्को सिफारिसमा जुनसुकै अदालतबाट लागेको कैद सजायलगायत माफी, मिन्हा राष्ट्रपतिले दिन सक्ने गरी भएको व्यवस्थालगायतका व्यवस्था र रोम विधानको अदालतबाहेक अन्यत्रबाट माफी, मिन्हा दिन नमिल्ने भन्ने व्यवस्था एक आपसमा असंगत रहेको देखिन्छ। रोम विधान अनुमोदन गर्ने अन्य देशहरूले यस्तोमा संविधान नै संशोधन गरी संविधान अनुकूल बनाएको परिप्रेक्ष्यमा नयाँ संविधान निर्माणको क्रममा रहेका हामीले पनि यस विषयमा उपयुक्त व्यवस्था गर्नु आवश्यक छ। त्यस्तै संविधानको धारा २४ मा विदेशी शत्रु राज्यका नागरिकलाई स्वच्छ सुनुवाइको हक नहुने कुरा विधानसङ्गत छैन। यस्तो व्यवस्थामा आवश्यक संशोधन गरी रोम विधानको अनुमोदन गर्ने अवस्था सृजना गर्नुपर्दछ।

नेपाल संविधान सभाबाट संविधान निर्माण गर्ने क्रममा रहेको छ। अन्तर्राष्ट्रिय सन्धिको हैसियतका सम्बन्धमा हाम्रो सन्धि ऐन समेत स्पष्ट छैन,[१२८]

१२८. नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१) ले एकात्मकवादी मतको नजिक देखिन्छ भने दफा ९(२) द्वैतवादी मतसँग मिल्दोजुल्दो देखिन्छ।

अदालत पनि स्पष्ट छैन[१२९] त्यसैले सन्धिको हैसियत के हुने भन्ने सम्बन्धमा संविधानमा स्पष्ट व्यवस्था हुन आवश्यक छ।

रोम विधानको एक मात्र उद्देश्य दण्डहीनताको अन्त्य नै भएको र प्रत्येक राष्ट्रले दण्डहीनताको अन्त्य गर्न विभिन्न कानूनी तथा संरचनागत उपायहरू अवलम्बन गर्नुपर्ने कुरामा विवाद हुन सक्तैन। तर हामी कहाँ विगतमा कथित राजनीतिक सहमतिका नाममा दण्डहीनतालाई उन्मुक्ति दिने काम गरिए। कार्यको प्रकृतिले मानवता विरूद्धको अपराध र युद्ध अपराधमा संलग्न रहेकाहरूलाई उन्मुक्ति दिने काम भए। गम्भीर र अन्तर्राष्ट्रिय प्रकृतिका अपराधमा हदम्यादको व्यवस्था नलाग्ने रोम विधानमा रहेको र विधानको धारा १२(३) मा राज्यले अदालतको अधिकारक्षेत्र अघि देखिको अपराधमा प्रयोग हुने गरी स्वीकार गर्ने गरी घोषणा दर्ता गरेमा भूतप्रभावीरूपमा पनि अधिकारक्षेत्रको प्रयोग हुने व्यवस्था[१३०] हुँदा रोम विधानमा उल्लिखित अपराधमा पश्चातदर्शी असर पर्ने गरी कानून बनाई सजाय गर्न सकिने गरी संविधानमा नै व्यवस्था गर्न आवश्यक छ।

रोम विधानले अदालतमा विचाराधीन मुद्दा फिर्ता हुने परिकल्पना गरेको छैन। तर हाम्रो सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ मा सरकारले सरकारवादी हुने

---

१२९. सन्धि हैसियतका सम्बन्धमा *निवेदक बालकृष्ण न्यौपाने विरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत* भएको टनकपुर विवादसँग सम्बन्धित रिटद्यमा "संविधान बमोजिम अनुमोदन, सम्मीलन, स्वीकृति वा समर्थन भएको सन्धि वा सम्झौताको हैसियत नेपाल सन्धि ऐन, २०४७ को दफा ९.१ अनुसार संसदले बनाएको ऐन जस्तै हुन्छ। त्यसैले कानुनको संवैधानिकताको प्रश्न जस्तै सन्धि वा सम्झौताको सम्बन्धमा पनि संवैधानिकताको प्रश्न उपस्थित भई कुनै प्रष्ट र गम्भीर त्रुटि देखिएमा यस अदालतले त्यसैबखत निर्णय गर्न सक्ने" भन्ने व्याख्या गरेको पाईन्छ। *निवेदक ज्ञानराज राई विपक्षी नेपाल सरकार* भएको उत्प्रेषण परमादेशको रिट निवेदनमा नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागु हुने गरी भएको व्यवस्थाले जुनसुकै सन्धि र त्यसको कुनै व्यवस्थालाई प्रचलित नेपाल कानुनसरह कुनै अदालतबाट सोझै लागू गर्न गराउन सक्ने अख्तियारी प्रदान गरेको सम्झन नमिल्ने। "कानुन हुनु र कानुनसरह लागु हुनु दुई पृथक कुरा हुन्। कुनै कुरा कानुन सरह लागू हुन्छ भन्दैमा सबै सन्दर्भमा सबै प्रयोजनको लागि त्यसलाई बैधानिक प्रक्रियाद्वारा निर्मित कानुनको रूपमा ग्रहण गर्न नमिल्ने।... भन्ने व्याख्या भएको छ।" *निवेदक दिनेशकुमार शर्मा विपक्षी अर्थ मन्त्रालय समेत* भएको रिटमा संविधानको धारा ८८(१) अन्तर्गत प्राप्त Judicial Review of Legislative Acts को असाधारण अधिकार बिधायिकाले बनाएको कानुन संविधान अनुकूल छ छैन सो जाँच्ने सम्बन्धमा मात्र सीमित अधिकार हो। ...नेपाल राष्ट्रले Treaty Making Power अन्तर्गत कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय सङ्गठनसंग गरेको सन्धि र नेपाल कानुन बाझिएमा त्यस्तोमा धारा ८८(१) मा व्यवस्था भएको पाइदैन। ...नेपाल पक्ष भएका सन्धिहरू कानुन सरह लागु हुनसक्छ। तर कानुन नै भनिहाल्न मिल्दैन। कानुन हुनु र कानुन सरह लागू हुनु दुई पृथक कुरा हुन्। कुनै कुरा कानुनसरह लागू हुन्छ भन्दैमा सबै सन्दर्भमा सबै प्रयोजनको निम्ति त्यसलाई बैधानिक प्रक्रियाद्वारा निर्मित कानुनको रूपमा ग्रहण गर्न मिल्दैन।... कानुन र सन्धि एकै होईनन्। संविधानको धारा ८८(१) को प्रयोग संविधानसंग कानुन बाझिए नबाझिएको भन्ने प्रश्नको निरोपणको लागि हुन्छ, सन्धि र राष्ट्रिय कानुन बाझिए नबाझिएको प्रश्नको निरोपण गर्ने होइन। ... भन्ने समेत व्याख्या भएको पाइन्छ।

१३०. If the acceptance of a State which is not a Party to this Statute is required under paragraph 2, that State may, by declaration lodged with the Registrar, accept the exercise of jurisdiction by the Court with respect to the crime in question.

गम्भीर प्रकृतिका फौजदारी मुद्दाहरू फिर्ता लिन सक्ने व्यवस्था छ। यसको प्रयोग हेर्दा दण्डहीनतालाई नै मलजल गरेको देखिन्छ। त्यसैले रोम विधानको अनुमोदनपश्चात् विधानमा उल्लिखित अपराधसँग सम्बन्धित मुद्दा कानूनको दुरूपयोग गरी फिर्ता लिन नमिल्ने व्यवस्था गर्न आवश्यक छ।

सपुर्दगी ऐन, २०४५ मा कुनै राष्ट्रले नेपाली नागरिकलाई सपुर्दगी माग गरेमा इन्कार गर्न सक्ने गरी भएको व्यवस्था रोम विधानको अनुकूल नहुँदा सो ऐनमा रोम विधानमा उल्लिखित अपराधमा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा सपुर्दगी वा समर्पण गर्न राज्य पक्षले सहयोग गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ।

कारागार नियमावली, २०२० मा केही अपराध बाहेक असल चाल चलन भएका कैदीलाई अदालत बाहेकका कार्यपालिकीय निकायबाट अदालतबाट लागेको कैद मिन्हा गर्न सक्ने व्यवस्था रोम विधानको प्रतिकूल देखिन्छ। त्यसैले रोम विधानमा उल्लिखित गम्भीर प्रकृतिका अपराधमा कसुरदारलाई लागेको कैद सजाय अदालत बाहेकका निकायबाट मिनाहा हुन नसक्ने व्यवस्था गरी संविधानमा नै संशोधन गर्न आवश्यक छ।

फौजदारी अदालतको अधिकारक्षेत्रअन्तर्गत पर्ने अपराधमा कुनै हदम्याद नलाग्ने रोम विधानमा व्यवस्था भए पनि ज्यानसम्बन्धीको २० नं. लगायतका अन्य थुप्रै व्यवस्थाहरूले गम्भीर प्रकृतिका फौजदारी अपराधहरूमा पनि हदम्यादको व्यवस्था गरेको छ। त्यसैले हदम्याद सम्बन्धमा पनि तालमेल मिलाउन आवश्यक छ।

सैनिक ऐन, २०६३ तथा प्रहरी ऐन, २०१२ तथा सशस्त्र प्रहरी ऐन, २०५७ समेतमा उपल्लो अधिकारी वा तालुकवालाले दिएको आदेश र निर्देशन बमोजिम हुन गएको कृत्यको फौजदारी दायित्व निजले लिनुपर्ने व्यवस्था छैन, जुन रोम विधानमा उल्लेख भएको हुँदा हाम्रा कानूनहरू रोम विधान अनुकूल सुधार गर्न जरूरी छ।

आमसंहार अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि, १९४८ को नेपाल १९६९ देखि पक्ष रहे पनि मुलुकी ऐनको ज्यानसम्बन्धीको महल र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को सामान्य व्यवस्थाबाहेक आमसंहारलाई गम्भीर फौजदारी अपराध मानी सजायको व्यवस्था गरिएको छैन। आमसंहारलाई गम्भीर

फौजदारी अपराध घोषित गरी छुट्टै कानूनद्वारा अपराध र सजायको व्यवस्था गर्न आवश्यक छ। यसो गर्दा सन्धिको दायित्वसमेत पक्षराष्ट्रले पूरा गरेको हुन जान्छ। नेपाल पक्ष रहेको सन्धि कानूनसम्बन्धी भियना सन्धि १९६९ अनुसार आफू पक्ष भएको सन्धिको असल नियतले कार्यान्वयन गर्नुपर्दछ।[१३१]

मुलुकी ऐन ज्यानसम्बन्धीको महलले ज्यान मार्ने, मार्न लगाउने कार्यलाई अपराध मानी सजायको व्यवस्था गरे पनि राज्यका निकायहरू प्रहरी, सैनिक वा अन्य कुनै सशस्त्र विद्रोही समूह वा व्यक्तिको कुनै गैरसैनिक जनसमुदाय विरूद्ध सङ्गठनात्मक नीति अनुसार योजनावद्ध आक्रमणको हिस्साको रूपमा गरिएको हत्यालगायतलाई विशेषरूपमा संवोधन गर्ने कानूनको अभाव हुँदा कानून निर्माणको जरूरी छ।

ज्यानलगायतका गम्भीर फौजदारी अपराधमा सर्वश्वसहित जन्मकैदको व्यवस्था छ। रोम विधानमा अदालतको क्षेत्राधिकारअन्तर्गतका मुद्दामा तीस वर्षसम्म कैद हुने व्यवस्था छ। नेपालमा सर्वश्वसहित जन्मकैद हुँदा अधिकतम् २४ वर्ष कैद हुन सक्छ। त्यस्तै अपराध हुँदाका अवस्थामा आर्जित गरेको सम्पत्ति ज्यान मुद्दालगायतमा सर्वश्व हुने व्यवस्था छ। रोम विधानमा कसूरदारको अंशको सम्पत्ति पनि सर्वश्व हुने व्यवस्था छैन। त्यसैले यससम्बन्धी हाम्रो फौजदारी कानूनमा सुधारको आवश्यकता छ।

जानाजान, योजनावद्ध आक्रमणको हिस्साको रूपमा मानव जीवनलाई क्षतविक्षत पार्ने गरी खाद्य तथा औषधोपचारको पहुँचबाट वञ्चित गर्ने कार्यलगायतलाई हाम्रो फौजदारी कानूनले अपराधको रूपमा परिभाषित गरी सजायको व्यवस्था गर्न सकेको नहुँदा त्यस्तोमा अपराध घोषित गरी सजायको व्यवस्था गर्न कानूनको आवश्यकता छ।

दासत्व महासन्धि, १९२६, दास व्यापार र दासत्व संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पुरक महासन्धि, १९५६ को अनुमोदन नेपालले गरे पनि त्यस अनुकूलको कानून बनेको छैन। रोम विधानले कुनै गैरसैनिक, जनसमुदाय विरूद्ध योजनावद्ध र आक्रमणको हिस्साको रूपमा दास बनाउने कार्यलाई मानवता

---

१३१. Vienna Convention on the Law of Treaties 1969 Art.26-Every treaty in force in binding upon the parties to it and must be performed by them in good faith.

विरूद्धको अपराध मानेको छ। उक्त महासन्धि अनुरूपको कानून निर्माण गर्नुपर्ने अवस्था छ।

रोम विधानमा उल्लिखित गैरसैनिक समुदाय विरूद्ध जानाजान लक्षित गरी योजनावद्ध आक्रमणको हिस्साको रूपमा गरिएको निष्कासन वा वलात् स्थानान्तरणलाई मानवता विरूद्धको अपराध मानी सजाय गर्ने व्यवस्था हामीकहाँ नहुँदा मानवता विरूद्धको अपराधमा समावेश गरी सजाय गर्न आवश्यक छ।

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ जारी भई लागू भए पनि यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९८४ अनुकूलको समेत छैन। यसले रोम विधानमा उल्लिखित मानवता विरूद्धको अपराधअन्तर्गतको यातनाको अपराधलाई समेट्ने अवस्था छँदै छैन। त्यसैले गैरसैनिक जनसमुदाय विरूद्ध जानजान योजनावद्ध आक्रमणको हिस्साको रूपमा दिइएको यातनालाई मानवता विरूद्धको अपराधअन्तर्गत समावेश गरी सजायको व्यवस्था गर्नुपर्ने हुन्छ।

न्यायको चरम दुरूपयोग (Miscarriage of Justice) भएको कारणबाट क्षति पुग्न जाने वा अन्यायमा परेको पीडितले क्षतिपूर्ति पाउने व्यवस्था गर्ने कानून हामीकहाँ छैन। अपराधबाट पीडिलाई क्षतिपूर्ति दिने र पुनर्स्थापना गर्ने सम्बन्धमा पर्याप्त कानूनको कमी छ। त्यसैले तत्सम्बन्धी कानून निर्माण आवश्यक छ।

रोम विधानमा उल्लिखित बलात गर्भधारण, करकाप गरी स्थायी बन्ध्याकरण गराउनेलगायतका कार्यलाई अपराध घोषित गरी सजाय गर्ने कानूनी व्यवस्था छैन। मुलुकी ऐन जबरजस्ती करणीलगायतका महलले यसलाई नसमेटेको हुँदा यस्ता कार्यलाई मानवता विरूद्धको अपराधमा समावेश गरी सजायको व्यवस्था गर्नु आवश्यक छ।

नेपालमा विगत दशवर्षे द्वन्द्व तथा तत्पश्चात् पनि विभिन्न राजनीतिक समूहका नामबाट कानूनको संरक्षणबाट वञ्चित गरी बलात बेपत्ता पार्ने कार्य भई नै रहेको पाइन्छ। *अधिवक्ता राजेन्द्र ढकालको हकमा रविन्द्रप्रसाद ढकाल विरूद्ध गृह मन्त्रालय समेत* भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा सर्वोच्च अदालतबाट बेपत्ता सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गरी त्यस्ता कार्यमा संलग्नलाई कारबाही गर्न भएको आदेशको कार्यान्वयन हुन सकेको छैन, न त बेपत्ता पारिएका सबै

व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि, २००६ लाई अनुमोदन नै गरिएको छ। उक्त महासन्धिको अनुमोदन आवश्यक छ। साथै बेपत्ता पार्ने कार्यलाई मानवता विरूद्धको अपराध मानी संविधानको सीमाभित्र रही पश्चातदर्शी असर पर्ने गरी भए पनि कानून बनाई विगत देखिको मानिस बेपत्ता पार्ने कार्य गर्नेलाई सजाय गर्नु आवश्यक छ।

रोम विधानले रङ्गभेदलाई पनि मानवता विरूद्धको अपराधको रूपमा लिएको छ। नेपाल रङ्गभेदउपरको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७३ मा सम्मिलन भइसके पनि बृहत् र योजनाबद्धरूपमा हुने रङ्गभेदको अपराधलाई छुट्टै कानूनद्वारा अपराध मानी सजायको व्यवस्था भएको नहुँदा तत्सम्बन्धी कानून आवश्यक छ। नेपाल पक्ष भएको सन्धिद्वारा सिर्जित दायित्व पूरा गर्न पनि यस्तो कानून तत्काल ल्याउनुपर्छ।

युद्ध अपराधसँग सम्बन्धित जेनेभा महासन्धिहरूको नेपाल पक्ष भइसकेको र तिनमा उल्लिखित कुराहरूलाई नै रोम विधानमा युद्ध अपराधको रूपमा राखिएको छ। युद्ध अपराधसम्बन्धी जेनेभा महासन्धिको कार्यान्वयनको लागि कानूनी व्यवस्था गर्न सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भएको ६ वर्षसम्म पनि त्यस्तो कानून बनेको छैन। त्यसैले नेपाल पक्ष रहेको जेनेभा महासन्धि अनुसारको कानून निर्माण गर्नु नेपालको दायित्व नै हुँदा त्यस्तो कानूनको निर्माण गरी आफ्नो दायित्व पूरा गर्नु कपर्दछ।

देशको तराईदेखि लिएर विभिन्न भागमा सामान्य जीवन गुजारा गरी बसेका व्यक्तिदेखि व्यापारीसम्मलाई लाखौं रूपैयाँको चन्दा विभिन्न समूहका नामबाट माग गर्ने गरिएको र नदिए यातना, अपहरण, बेपत्ता र अन्ततः मृत्युवरण गर्नुपर्नेसम्मको कहालीलाग्दो अवस्था छ। तसर्थ नेपालले रोम विधानको कार्यान्वयन गर्न ऐन बनाउँदा द्वन्द्वको समयमा व्यापकरूपमा चन्दा मागेर आतङ्क फैलाउने कार्य पनि मानवता विरूद्धको अपराधको रूपमा समावेश गरी सजायको व्यवस्था गर्नुपर्ने देखिन्छ। यस्तै कथित राजनीतिक मागका नाममा सार्वजनिक, यातायात, सार्वजनिक निकाय बन्द, नाकाबन्दी जस्ता कार्य गरी खाद्यान्न ओसार पसार तथा आवतजावतमा रोक लगाउने र सामान्य जनजीवनलाई अस्तव्यस्त बनाउने र दुःख दिने (Persecution) कार्य बढ्दै गएको सन्दर्भमा यस्तो कार्यलाई पनि मानवता

विरूद्धको अपराधको रूपमा समावेश गरी यातायत बन्द, नाकाबन्दी आह्वानकर्तालाई सजायको व्यवस्था गर्नु आवश्यक भइसकेको छ।

रोम विधानको धारा ८९ अनुसार अदालतको अधिकारक्षेत्रअन्तर्गतको अपराधमा संलग्न कुनै व्यक्तिको पक्राउ, समर्पण वा सपुर्दगीको लागि अदालतले गरेको अनुरोधलाई पालना गर्नुपर्नेमा अमेरिका र नेपाल सरकारबीच २००२ डिसेम्बर ३१ मा भएको Agreement Regarding the Surrender of Persons to the International Criminal Court ले अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकार क्षेत्रलाई साँघुरो बनाएको छ। यस्तो कार्यले अन्तर्राष्ट्रिय चासोका गम्भीर फौजदारी अपराधहरू नियन्त्रण हुनुभन्दा दण्डहीनतालाई बढावा र उन्मुक्ति दिने हुन जान्छ। त्यसैले यस्तोमा राज्यले गम्भीरतापूर्वक सोच्न आवश्यक छ।

समग्रमा, रोम विधानमा उल्लिखित अपराधहरूलाई न्यायको दायरामा ल्याउने प्राथमिक दायित्व पक्ष राज्यहरूकै हो। त्यसैले आमसंहार, मानवता विरूद्धको अपराध र युद्ध अपराधलाई राष्ट्रको कानूनमा अपराध घोषित गर्न आवश्यक छ। राष्ट्रको कानूनी कार्याविधिगत व्यवस्थाहरू सरल, शीघ्र र न्यायको पक्षमा हुन आवश्यक छ भने अनुसन्धान, अभियोजनदेखि निर्णय निर्माण र कार्यान्वयन समेतमा सक्षमता निर्माण गर्न आवश्यक छ। यो कार्य नेपालले रोम विधानको पक्ष हुनु अघिबाटै पनि गर्न सक्तछ। किनकि रोम विधानमा उल्लिखित युद्ध अपराध र आमसंहारसम्बन्धी अपराध नियन्त्रणसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घीय महासन्धिहरूको नेपाल पक्षराष्ट्र यस अघि नै भइसकेकोले सो बमोजिमको कानून निर्माण गरी लागू गर्नलाई रोम विधानको अनुमोदन पर्खिरहन पनि पर्दैन। त्यस्तै मानवअधिकारसँग विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजमा नेपाल पक्षराष्ट्र भइसकेकोले यसले रोम विधानमा उल्लिखित कतिपय मानवता विरूद्धको कार्यलाई अपराध घोषित गरी सजायको व्यवस्था गर्ने आधारहरू खडा गरेकै छन्। नेपाल पक्ष बनेका ती सन्धिको पालन गर्नुपर्ने दायित्व पूरा गरेमा मात्र पनि रोम विधानको पक्ष बन्नलाई राम्रो पूर्वाधार बन्न सक्तछ। तर दण्डहीनतालाई हरतरहले रोक्नको लागि भने राष्ट्र अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधानको पक्ष बन्न आवश्यक नै छ। किनकि अन्तर्राष्ट्रिय फौजदारी अदालतले परिपूरक क्षेत्राधिकार ग्रहण गर्ने र उक्त अदालतको काम कारबाहीलाई पक्षराष्ट्रहरूले पूर्ण सहयोग

गर्नुपर्ने नौलो र महत्त्वपूर्ण व्यवस्था गरेको छ।

रोम विधानको परिप्रेक्ष्यमा नेपाली फौजदारी कानूनमा देखिएका उपरोक्तानुसारका असङ्गती तथा अभावहरूलाई सम्बोधन गर्न नसकिने अवस्था छैन। नेपालले अनुमोदन गरिसकेको मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरूद्वारा सृजित दायित्व बमोजिमको कानूनहरू निर्माण गरी लागू गर्न सकेमा नै पनि रोम विधानमा उल्लिखित अदालतको अधिकारक्षेत्रअन्तर्गतका कतिपय अपराध र अपराधकर्ताहरूलाई कानूनको दायरामा ल्याई सजाय गर्न सकिन्छ। रोम विधानको अनुमोदन गर्ने सिलसिलामा पनि यसमा उल्लिखित अपराधहरूलाई राष्ट्रको कानूनमा परिभाषित गरी कसुर गर्नेलाई सजाय गर्न सकिन्छ। यसको लागि-

- रोम विधानमा उल्लिखित अन्तर्राष्ट्रिय फौजदारी अदालतले क्षेत्राधिकार ग्रहण गर्ने अपराधहरूलाई भइरहेको नेपालको विभिन्न फौजदारी कानूनमा संशोधन गर्नुभन्दा रोम विधानको कार्यान्वयनको लागि रोम विधान कार्यान्वयन गर्ने र न्यायिक कामकारबाहीमा सहयोगसम्बन्धी छुट्टै ऐन ल्याउन सकिन्छ। हाल नेपाल २०२० को मुलुकी ऐन खारेज गरी नयाँ फौजदारी संहिता ल्याउने क्रममा रहेको हुँदा त्यसमा एक परिच्छेद थप गरी रोम विधानमा उल्लिखित अपराध समावेश गरी सजायको व्यवस्था गरी विधानको कार्यान्वयन पनि गर्न सकिन्छ। रोम विधानमा उल्लिखित अपराधहरूलाई हाम्रो फौजदारी कानूनमा एकीकृत गरी फौजदारी न्यायका सिद्धान्त तथा कानूनी कारबाहीमा सहयोग गर्ने कुरा कानूनमा उल्लेख गर्न सकिन्छ।
- रोम विधान अनुमोदनको क्रममा वा अनुमोदन भएपछि त्यसको कार्यान्वयनको लागि छुट्टै ऐन बनाउनुपर्ने अवस्थामा उक्त ऐनमा अनुसूची-१ मा उल्लेख भएको खाका बमोजिमको व्यवस्था गर्नु उचित हुन्छ। अनुमोदनमा आरक्षणको व्यवस्था नहुँदा अनुमोदन गर्नु अघि एक विशेष अध्ययन कार्यदल बनाउन सकिन्छ, जसले रोम विधानमा उल्लिखित कुराहरूलाई राष्ट्रिय कानूनमा समावेश गर्नेतर्फ आवश्यक मस्यौदा विधेयक तयार गरोस्।
- त्यस्तै कार्यविधिको सन्दर्भमा दुई उद्देश्यबाट बन्नुपर्ने देखिन्छ। प्रथमत: नेपाल रोम विधानको पक्षराष्ट्र भएपछि रोम विधानमा परिभाषित अपराधको

राष्ट्रियस्तरमा कारबाही गर्न कार्यविधिको व्यवस्था हुन आवश्यक हुन्छ भने दोस्रो रोम विधान बमोजिम राष्ट्रिय अदालतले विभिन्न बहानामा अपराधीउपर कारबाही नगरेमा वा कारबाही देखावटी किसिमले मात्र गरेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्र आकर्षित हुन्छ। यस अवस्थामा राष्ट्रियस्तरबाट फौजदारी अदालतले सुनुवाई गर्न गराउनको लागि सहयोग गर्न छुट्टै कार्यविधि कानून आवश्यक पर्दछ। त्यस अवस्थामा सहयोग गर्न विधानको विभिन्न पक्षलाई ध्यान दिई कार्यविधि कानून निर्माण गर्नु पक्षराष्ट्रको दायित्व नै हुन्छ।

कानून बनाएर मात्र पुग्दैन, हाम्रा अनुसन्धान, अभियोजन तथा निर्णय गर्ने निकायहरूको सक्षमता त्यतिकै जरूरी छन्। अनुसन्धान फितलो, झारा टार्ने र पक्षपाती प्रकृतिको भएको कारण कमजोर अभियोजन हुन पुगी अपराध गर्नेले पनि प्राविधिक कारण वा प्रमाण नपुगेको कारणले अपराधबाट उन्मुक्ति पाउने अवस्था हामीकहाँ रहिरहेकै छ। अदालती काम कारबाहीमा पनि ढिलाई छ। त्यो ढिलाई स्वयम् अदालत मात्रको कारणले नभई हामा प्रक्रियागत ढिलाईका अतिरिक्त मुद्दाका पक्षहरू, कानून व्यवसायी र अन्य सरोकारवाला निकायको कारणले पनि हुन गएको छ। विधानको पक्ष भइसकेपछि पनि यसो हुन गएमा रोम विधानमा उल्लिखित अपराधमा राष्ट्रको निकायले उदासिनता, कारबाही गर्न अनिच्छा वा असमर्थता देखाएको मानिन सक्दछ। त्यसैले कानूनी व्यवस्थाको सुधारको साथसाथै हाम्रा सम्बन्धित निकायहरूको प्रभावकारिता र सक्षमतामा अभिवृद्धि गर्न पनि त्यतिकै जरूरी छ।

नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य रहेको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्य नभएपनि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को अनुरोधमा उक्त अदालतले सदस्य नहुने राष्ट्रमा पनि क्षेत्राधिकार ग्रहण गर्ने हुँदा रोम विधानमा उल्लिखित अपराधबाट उन्मुक्ति पाउने अवस्था छैन। त्यसमा पनि अन्तर्राष्ट्रिय फौजदारी अदालत पक्षराष्ट्रहरूमा दण्डहीनताको अन्त्यको लागि रोम विधानद्वारा स्थापित भएको र परिपूरक क्षेत्राधिकार र पक्षराष्ट्रहरूको सहयोग जस्ता महत्त्वपूर्ण व्यवस्था विधानमा रहेको हुँदा अपराधबाट उन्मुक्तिमा हरतरहले रोक लगाउन यो कोशेढुङ्गा साबित हुन सक्तछ।

अनुसूचीः १

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान कार्यान्वयन गर्न नेपालमा बन्नुपर्ने ऐनको प्रस्तावित स्वरूप

प्रस्तावना

दण्डहीनता अन्त्य गर्नको लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको कार्यान्वयनको सिलसिलामा आमसंहार, मानवता विरूद्धको अपराध एवम् युद्धअपराध जस्ता मानवीय कानून विपरीतको जघन्य कार्य गर्नेलाई सजाय गर्न बनेको ऐन भन्ने व्यवस्था उल्लेख गर्ने।

परिचय खण्ड

यस परिच्छेदमा ऐनको नाम, लागू हुने मिति र लागू हुने क्षेत्र (नेपालभित्र र बाहिर) उल्लेख हुनुपर्दछ।

परिभाषा खण्ड

यसमा ऐन, कसूर, अदालत, पीडित, साक्षी आदिको परिभाषा गर्न आवश्यक छ। साथै ऐनले आमसंहार, मानवता विरूद्धको अपराध र युद्ध अपराधबारे पनि परिभाषा गर्नु आवश्यक छ।

नेपालमा ऐनअन्तर्गत कारबाही हुने अपराधहरू

यसमा कसैले पनि आमसंहार, मानवता विरूद्धको अपराध र युद्ध अपराध गर्न हुँदैन भन्ने व्यवस्था, ऐन बमोजिम कसूर हुने व्यवस्था, परिभाषित गरेको आमसंहार मानवता विरूद्धको अपराध तथा युद्ध अपराध यस ऐनअन्तर्गत कारबाही

हुने र ती अपराधहरू गरेको प्रमाणित गर्न तथा आधार लिनको लागि हुन सक्ने व्यवस्थालगायत न्याय प्रशासन विरूद्ध हुने अपराधहरूको कारबाही र सजाय पनि यस अदालतबाट हुने उल्लेख हुनुपर्दछ।

अदालतले अपनाउने सिद्धान्तहरू

राष्ट्रिय अदालतले रोम विधानमा उल्लिखित कानून विनाको अपराध नहुने, कानूनविनाको सजाय नहुने, पश्चात्दर्शी असर नहुने, व्यक्तिगत फौजदारी दायित्व रहने, उमेर नपुगेका व्यक्तिउपर अदालतको क्षेत्राधिकार नरहने, पदीय हैसियतको असान्दर्भिकता, तालुकवाला अधिकारी जिम्मेवार हुने, अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूमा हदम्याद नलाग्ने, अपराध स्थापित हुन मनसाय तत्वको महत्त्वपूर्ण भूमिका रहने, मानसिक रोग वा कमजोरीले ग्रसित व्यक्तिले गरेको कार्य अपराध नहुने, आत्मरक्षाको लागि गरिएको कार्य अपराध नहुने, तथ्यको भ्रम र कानूनको भ्रमसम्बन्धी व्यवस्थालगायत दोहोरो खतराको सिद्धान्त, अदालतबाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने, अभियुक्तलाई दोषी प्रमाणित गर्ने भार अभियोक्तामा रहने, अभियुक्तलाई दोषी करार गर्नको लागि अभियुक्तको दोषमा अदालत शङ्कारहित तबरले विश्वस्त हुनुपर्ने तथा नेपालको संविधान, कानूनमा उल्लेख भएको सिद्धान्त तथा मान्यता पालना गर्ने कुराहरू उल्लेख हुनुपर्ने।

यस ऐनअन्तर्गत कारबाही हुने मुद्दामा नेपालका कानून लागू हुने र नहुनेसम्बन्धी व्यवस्था

नेपालको सरहदभित्र भएका अपराध तथा नेपाली नागरिकले नेपालबाहिर तथा गैरनेपाली नागरिकले नेपालमा गरेको अपराध कारबाही तथा सजाय गर्ने अधिकारक्षेत्रबारे उल्लेख हुनुपर्दछ।

अदालतलाई सहयोग गर्ने सम्बन्धमा

नेपाल रोम विधानको पक्ष भएपछि राष्ट्रियस्तरमा विधानमा उल्लेख भए बमोजिम अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकारक्षेत्र आकर्षित भएमा नेपालले

सो फौज्दारी अदालतलाई सहयोग गर्ने सम्बन्धमा विधानको पक्ष भएको मितिबाट मात्र अदालतको आदेशहरू देशको अदालतले दिएको आदेशसरह कार्यान्वयन गर्ने, अदालतले अनुरोध गरेअनुसार अभियुक्तलाई पक्राउ र समर्पण गर्ने, राष्ट्रिय कानूनमा पुनरावलोकन गरी विधानसम्मत व्यवस्था गरेर सोको पालन गर्ने, अपराधको अनुसन्धान तहकिकात, प्रमाण सङ्कलन, खानतलासी, बरामदी तथा कागजात उपलब्ध गराउने, साक्षी तथा प्रमाणको सुरक्षा गर्नेलगायतका दायित्व जस्ता कुराहरू उल्लेख हुनुपर्दछ। साथै सपुर्दगीको लागि दोहोरो माग भएको अवस्थामा हुने व्यवस्था उल्लेख हुन आवश्यक छ।

अभियोग, अनुसन्धान र सुनुवाई

राष्ट्रिय अदालतमा रोम विधानमा उल्लेख भएको अपराध भएपछि कारबाहीको प्रक्रिया कसरी शुरूवात हुन्छ भन्ने विषयका साथै अभियोक्तासम्बन्धी व्यवस्था र तिनको कर्तव्य र अधिकार उल्लेख हुन आवश्यक छ। अनुसन्धानमा प्रहरीको भूमिका, काम, कर्तव्य र अधिकार र अनुसन्धानको चरणहरूको व्यवस्था हुन आवश्यक छ। साथै अदालतको सुनुवाईको प्रक्रिया, अभियुक्तको अधिकार, पीडित र साक्षीहरूको संरक्षण र कारबाही प्रक्रियामा तिनको सहभागितालगायत प्रमाण मूल्याङ्कनलगायत प्रमाणमा लिन सक्ने सम्बन्धित व्यवस्थाका साथै आवश्यक विषयसमेत समावेश हुनु आवश्यक छ।

न्याय प्रशासन दुरूपयोग हुनबाट बचाउने व्यवस्थाहरू

रोम विधानले न्याय प्रशासनको दुरूपयोग नहोस् भन्ने हिसाबले बयान गर्दा झुठो बोल्न नहुने, जालसाजी वा झूठो प्रमाण पेश गर्न नहुने, साक्षीलाई सत्य तथ्य स्पष्टरूपमा बोल्नबाट बञ्चित हुने गरी कुनै बाधा अवरोध खडा गर्न नहुने, साक्षीले बयान दिएको आधारमा प्रतिशोध साँध्ने, प्रमाण सङ्कलनमा अवरोध खडा गर्ने, अदालतका कर्मचारीहरूलाई भ्रष्ट बनाउने, अदालतमा काम नगर्न नगराउन अवरोध खडा गर्ने नपाउने व्यवस्था गरेको छ। सो व्यवस्थाहरूलाई ध्यान दिएर राष्ट्रियस्तरमा पनि व्यवस्था हुन आवश्यक देखिन्छ।

सजाय र सजायको कार्यान्वयनबारे

सुनुवाईको क्रममा अपराध गरेको प्रमाणित भएपछि सजायको रूपमा के कति कैद तथा जरिवाना हुने तथा क्षतिपूर्ति भराउने व्यवस्था र अदालतबाट निर्णय भइसकेपछि सजायको कार्यान्वयन हुने सम्बन्धमा व्यवस्था हुन आवश्यक छ। साथै पुनरावेदन र पुनरावलोकनसम्बन्धी व्यवस्था पनि समाहित हुनुपर्दछ। त्यस अतिरिक्त कैद अवस्थाको सुपरिवेक्षण, सजाय घटाउने सम्बन्धमा पुनरावलोकन जस्ता व्यवस्था हुन आवश्यक छ।

अन्य विविध आवश्यक व्यवस्था

रोम विधान तथा अन्य देशको कानूनमा व्यवस्था भएको जस्तो मानवता विरूद्धको अपराधसम्बन्धी ट्रष्ट फण्ड तथा कुनै देशले नेपालको नागरिकलाई विधानमा परिभाषित गरिएको अपराधको अभियोगमा सपुर्दगी माग गरेमा पुऱ्याउनुपर्ने प्रमाण, अवस्थालगायत अन्य आवश्यक व्यवस्था परस्पर कानूनी सहयोग, प्राविधिक सहयोग, साक्षीहरूको संरक्षण, थुनुवा तथा कैदीहरूले पाउनुपर्ने न्यूनतम् सुविधा यसमा समावेश गर्न सकिन्छ।

अनुसूचीः 2

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान*

प्रस्तावना

यस विधानका राज्यपक्षहरू,

सबै जनता साझा बन्धनबाट एकताबद्ध भएको, तिनका संस्कृतिहरू एकै साझा सम्पदाभित्र आबद्ध भएको कुरामा सचेत भएर र यो कोमल स्वरूप कुनै पनि बेला विखण्डित हुन सक्छ भन्ने कुरामा चिन्ता गर्दै,

यस शताब्दीमा करोडौँ बालबालिका, महिला र पुरुषहरू मानवताको सद्विचारलाई गम्भीर आघात पुऱ्याउने अकल्पनीय ज्यादतीको शिकार भएको कुरालाई स्मरण गर्दै,

यस्ता अपराधहरू विश्वको शान्ति, सुरक्षा र भलाइका लागि अनिष्टकारी हुने गर्दछ भन्ने कुराको मान्यता राख्दै,

अन्तर्राष्ट्रिय समुदायको सरोकारका गम्भीरतम् अपराधहरू दण्डरहित रहनु हुँदैन र अन्तर्राष्ट्रिय सहयोग अभिबृद्धि गर्दै राष्ट्रिय तहमा हरसंभव तिनको प्रभावकारी अभियोजन सुनिश्चित गरिनै पर्छ भन्ने कुराको अभिपुष्टि गर्दै,

यस्ता अपराधहरूका पीडकहरूका लागि दण्डहीनताको अन्त्य गर्न र यसबाट त्यस्ता अपराधहरूको रोकथाममा योगदान पुऱ्याउन कटिबद्ध हुँदै,

---

* अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट अनुवादित

अन्तर्राष्ट्रिय अपराधहरूका लागि जिम्मेवारहरूउपर आफ्नो फौजदारी अधिकारक्षेत्रको प्रयोग गर्नु हरेक राज्यको कर्तव्य रहेको कुरा स्मरण गर्दै,

संयुक्त राष्ट्रसङ्घको वडापत्रका उद्देश्य र सिद्धान्तहरूलाई, खासगरी सबै राष्ट्रले कुनै पनि राज्यको प्रादेशिक अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध वा राष्ट्रसङ्घका उद्देश्यहरूसँग असङ्गत हुने कुनै तरिकाबाट धम्की वा बलको प्रयोग गर्नबाट अलग रहने कुरालाई पुनर्निश्चित गर्दै,

यस सन्दर्भमा यस विधानको कुनै पनि कुरालाई, कुनै पनि राज्यपक्षले कुनै सशस्त्र द्वन्द्व वा कुनै पनि राज्यको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने अधिकारका रूपमा लिन नपाइने कुरामा जोड दिँदै,

यी लक्ष्यहरू अनुरूप र वर्तमान तथा भावी पुस्ताका लागि संयुक्त राष्ट्रसङ्घीय प्रणालीअन्तर्गत सिङ्गो अन्तर्राष्ट्रिय समुदायको सरोकारका गम्भीरतम अपराधहरूउपर अधिकारक्षेत्र रहने गरी एक स्वतन्त्र स्थायी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गर्ने निधो गर्दै,

यस विधानअन्तर्गत स्थापना हुने अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्रिय फौजदारी अधिकारक्षेत्रको परिपूरक हुने कुरामा जोड दिँदै,

अन्तर्राष्ट्रिय न्यायको चिर सम्मान र कार्यान्वयनको प्रत्याभूतिप्रति प्रतिबद्ध भएर,

निम्नानुसार सहमत भएका छन्:

खण्ड १
अदालतको स्थापना

धारा १: अदालत

यसैद्वारा अन्तर्राष्ट्रिय फौजदारी अदालत ('अदालत') को स्थापना गरिएको छ। अदालत एक स्थायी संस्था हुनेछ र यसलाई यस विधानमा व्यवस्था भएबमोजिम

अन्तर्राष्ट्रिय सरोकारका गम्भीरतम् अपराधहरूका सम्बन्धमा व्यक्तिहरूउपर यसको अधिकारक्षेत्र प्रयोग गर्ने अधिकार रहनेछ र राष्ट्रिय फौजदारी अधिकारक्षेत्रको यो परिपूरक हुनेछ। अदालतको अधिकारक्षेत्र र कामकारबाही यस विधानका प्रावधानहरूबाट परिचालित हुनेछन्।

धारा २: संयुक्त राष्ट्रसङ्घसँग अदालतको सम्बन्ध

अदालतलाई यस विधानका राज्यपक्षहरूको सभाले पारित गरेको सम्झौतामार्फत संयुक्त राष्ट्रसङ्घसँगको सम्बन्धमा आबद्ध गरिनेछ र त्यसपछि अदालतकातर्फबाट अध्यक्षद्वारा सम्पन्न गरिनेछ।

धारा ३: अदालतको मुख्यालय

१) अदालतको मुख्यालय नेदरल्यान्ड ("आतिथेय राज्य") को हेगमा रहनेछ।

२) अदालतले राज्यपक्षहरूको सभाबाट अनुमोदन हुने र त्यसपछि अदालतको तर्फबाट अध्यक्षद्वारा सम्पन्न गरिने गरी आतिथेय राज्यसित मुख्यालय स्थापना गर्ने सम्झौता गर्नेछ।

३) अदालतले वाञ्छनीय छ भनी विचार गरेमा यस विधानमा व्यवस्था भएबमोजिम जहिलेसुकै अन्यत्र जहाँसुकै पनि अदालत बस्न सक्नेछ।

धारा ४: अदालतको कानुनी हैसियत र अधिकार

१) अदालतको अन्तर्राष्ट्रिय कानुनी व्यक्तित्व हुनेछ। यसको आफ्ना कामकारबाहीको सम्पादन र उद्देश्यहरूको परिपूर्तिका लागि आवश्यकीय कानुनी हैसियत पनि रहनेछ।

२) यस विधानले व्यवस्था गरेअनुसार अदालतले कुनै पनि राज्यपक्षको भूभागमा र विशेष सम्झौताद्वारा अन्य जुनसुकै राज्यको भूभागमा यसका कामकारबाही र अधिकारको प्रयोग गर्न सक्नेछ।

खण्ड २
अधिकारक्षेत्र, ग्राह्यता र लागू हुने कानून

धारा ५: अदालतको अधिकारक्षेत्र भित्रका अपराध

१) अदालतको अधिकारक्षेत्र सिङ्गो अन्तर्राष्ट्रिय समुदायको सरोकारका गम्भीरतम् अपराधहरूमा सीमित रहनेछ। यस विधानअनुसार देहायका अपराधहरूमाथि अदालतको अधिकारक्षेत्र रहने छ:

(क) आमसंहारको अपराध;

(ख) मानवताविरुद्धको अपराध;

(ग) युद्धअपराध;

(घ) आक्रामकताको अपराध।

२) अदालतले आक्रामकताको अपराधका सम्बन्धमा धारा १२१ र १२३ अनुसार परिभाषित गर्ने र यस अपराधको सन्दर्भमा अदालतले अधिकारक्षेत्रको प्रयोग गर्ने अवस्था तय गर्ने प्रावधान लागू गरिएपछि सो अपराधउपर अधिकारक्षेत्रको प्रयोग गर्नेछ। यस्तो प्रावधान संयुक्त राष्ट्रसङ्घको बडापत्रका सान्दर्भिक व्यवस्थासङ्गत हुनुपर्नेछ।

धारा ६: आमसंहार

यस विधानको प्रयोजनका लागि "**आमसंहार**" भन्नाले कुनै राष्ट्रिय, जनजातीय, जातीय वा धार्मिक समूहलाई पूर्ण वा आंशिकरूपमा सखाप पार्ने मनसायबाट गरिएको देहायको जुनसुकै कार्य जनाउँछ:

(क) समूहका सदस्यहरूको ज्यान लिने;

(ख) समूहका सदस्यहरूलाई गम्भीर शारीरिक वा मानसिक क्षति पुऱ्याउनु;

(ग) सोच/विचार गरी पूर्ण वा आंशिकरूपमा भौतिक विनास हुने खालको अवस्थामा समूहको जीउज्यान होम्नु;

(घ) समूहभित्र जन्मनिरोध गराउने दुरासयका साथ उपाय लाद्नु;

(ङ) समूहका बालबालिकालाई जबर्जस्ती अर्को समूहमा स्थानान्तरण गर्नु।

धारा ७: मानवताविरुद्धको अपराध

१) यस विधानको प्रयोजनका लागि "मानवताविरुद्धको अपराध" भन्नाले कुनै गैरसैनिक जनसमुदायविरुद्ध जानाजान लक्षित व्यापक वा योजनाबद्ध आक्रमणको हिस्साको रूपमा गरिएको देहायको जुनसुकै कार्य जनाउँछ:

(क) हत्या;

(ख) उच्छेदन;

(ग) दास बनाउने;

(घ) जनसमुदायको निष्कासन वा बलात् स्थानान्तरण;

(ङ) अन्तर्राष्ट्रिय कानुनका आधारभूत नियमविपरीत गरिएको कारावास वा भौतिक स्वतन्त्रता वञ्चित गर्नु;

(च) यातना;

(छ) जबर्जस्ती करणी, यौनदासता, करकापबाट गराइएको वेश्यावृत्ति, बलात् गर्भधारण, करकाप गरी स्थायी बन्ध्याकरण गराउनु वा यस्तै गम्भीर प्रकृतिका यौनहिंसाका अन्य जुनसुकै स्वरूप;

(ज) यस अनुच्छेदमा उल्लेख भएको कुनै कार्य वा अदालतको अधिकारक्षेत्रभित्रको कुनै कसुरका सिलसिलामा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अग्राह्य भनी विश्वव्यापीरूपमा मानिएको अनुच्छेद ३ मा परिभाषा गरिएअनुसारको राजनीतिक, जातीय, राष्ट्रिय, जनजातीय, सांस्कृतिक, धार्मिक वा लैङ्गिक वा अन्य आधारमा पहिचान्य समूह वा सामूहिकताविरुद्धको उत्पीडन;

(झ) व्यक्तिहरूलाई बलात् बेपत्ता पार्नु;

(ञ) जातिभेदको अपराध;

(ट) मानसिक वा शारीरिक स्वास्थ्यमा गम्भीर पीडा वा गम्भीर चोट पुऱ्याउने नियतले गरिएको समान प्रकृतिका अन्य अमानवीय कार्यहरू।

२) अनुच्छेद १ को प्रयोजनका लागि:

(क) "कुनै पनि गैरसैनिक जनसमुदाय विरुद्ध लक्षित आक्रमण" भन्नाले कुनै पनि गैरसैनिक जनसमुदायका विरुद्ध त्यस्तो राज्यको वा सङ्गठनात्मक

नीतिअनुसार वा सोको विस्तारका लागि यस्तो आक्रमण गर्ने अनुच्छेद १ मा उल्लेख गरिएअनुसारका धेरैपटक गरिएका क्रियाकलापहरूको क्रमलाई जनाउँछ;

(ख) "उच्छेदन" भन्नाले जनसङ्ख्याको कुनै भागलाई जानाजानी नष्ट गर्ने हेतुले अन्य कुराका अतिरिक्त, खाद्य तथा औषधिको पहुँचबाट वञ्चित गराउने कार्यसमेत समेट्नेछ;

(ग) "दास बनाउनु" भन्नाले व्यक्तिउपरको स्वामित्वको अधिकारसँग सम्बन्धित कुनै वा सबै शक्तिको प्रयोगलाई जनाउनेछ र व्यक्तिको, खासगरी महिला र बालबालिकाको ओसारपसारका क्रममा यस्तो शक्तिको प्रयोगलाई समेट्नेछ;

(घ) "जनसमुदायको देशबाट निष्कासन वा बलात् स्थानान्तरण" भन्नाले अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको स्वीकृत आधार विना देशनिकाला वा अन्य करकापपूर्ण कार्यद्वारा कानुनसङ्गतरूपमा रहेको क्षेत्रबाट सम्बन्धित व्यक्तिहरूको जबर्जस्ती विस्थापनलाई जनाउँछ;

(ङ) "यातना" भन्नाले कानुनसङ्गत सजायमा अन्तर्निहित वा सोबाट निस्रित पीडा वा कष्टबाहेक अभियुक्तको हिरासत वा भौतिक नियन्त्रणमा रहेको व्यक्तिउपर कठोर शारीरिक वा मानसिक पीडा पुऱ्याउन जानाजानी गरिएको कार्यलाई जनाउँछ;

(च) "बलात् गर्भधारण" भन्नाले कुनै जनसमुदायको जनजातीय स्वरूपलाई असर पुऱ्याउने वा अन्तर्राष्ट्रिय कानुनको अन्य गम्भीर उल्लङ्घन गर्नेरुगराउने मनसायले बलजरुती गर्भधारण गराइएकी महिलाको थुनछेकलाई जनाउँछ। गर्भवतीसम्बन्धी राष्ट्रिय कानुनलाई असर पार्ने गरी कुनै पनि तरिकाले यस परिभाषाको व्याख्या गरिने छैन;

(छ) "उत्पीडन" भन्नाले समूह वा सामूहिकताको पहिचानका कारणले अन्तर्राष्ट्रिय कानुनविरुद्ध मौलिक अधिकारहरूबाट गरिने मनसायपूर्ण र कठोर वञ्चनालाई जनाउँछ;

(ज) "जातिभेदको अपराध" भन्नाले एक जातीय समूहद्वारा अन्य कुनै जातीय समूह वा समूहहरूउपर नियोजित दमन र प्रभुत्वको शासनप्रणाली

संस्थागत गर्ने सन्दर्भमा र त्यस्तो शासनप्रणाली चलाइराख्ने नियतले गरिएको अनुच्छेद १ मा उल्लेख गरिएअनुसारका समान प्रकृतिका अमानवीय क्रियाकलापलाई जनाउँछ;

(झ) "व्यक्तिहरूको बलात् बेपत्ता" भन्नाले राज्य वा राजनीतिक सङ्गठनद्वारा तिनको अख्तियारी, सहयोग वा सम्मतिमा लामो अवधिका लागि कानुनको संरक्षणबाट तिनलाई हटाउने नियतले, तिनको स्वतन्त्रताहरण भएको कुरा वा तिनको हालत वा अत्तोपत्तोको जानकारी दिन इन्कार गरिने गरी गरिएको व्यक्तिहरूको गिररुतारी, थुनछेक वा अपहरणलाई जनाउँछ;

३) यस विधानको प्रयोजनका लागि "लैङ्गिक" भन्ने शब्दले समाजको सन्दर्भमा दुई लिङ्ग- महिला र पुरुष भन्ने बुझिन्छ। "लैङ्गिक" शब्दले योभन्दा भिन्न कुनै अर्थ सूचित गर्ने छैन।

धारा ८: युद्धअपराध

१. अदालतलाई युद्धअपराधहरू, खासगरी कुनै योजना वा नीतिको अंशको रूपमा वा ठूलो परिमाणको खण्डस्वरूप गरिएका यस्ता अपराधका सन्दर्भमा अधिकारक्षेत्र हुनेछ।

२. यस विधानको प्रयोजनका लागि "युद्धअपराध" भन्नाले देहायका कार्यहरू बुझिन्छ:

(क) सन् १९४९ अगस्ट १२ का जेनेभा महासन्धिहरूको घोर उल्लङ्घन, मूलत: सम्बन्धित जेनेभा महासन्धिका प्रावधानहरूअन्तर्गत संरक्षित व्यक्तिहरू वा सम्पत्ति विरुद्धका निम्नलिखित कुनै पनि कार्य:

(१) स्वेच्छाचारी हत्या गर्नु;

(२) यातना वा जीववैज्ञानिक परीक्षणलगायत्का अमानवीय व्यवहार गर्नु;

(३) मनोमानी हिसाबले ठूलो कष्ट वा जीउज्यान वा स्वास्थ्यमा गम्भीर हानि पुऱ्याउनु;

(४) सैन्य आवश्यकता भएको पुष्टचाइँ नहुने र गैरकानुनी तरिका वा

स्वेच्छाचारीपूर्वक सम्पत्तिको व्यापक तोडफोड वा हडप्ने कार्य गर्नु;

(५) युद्धबन्दी वा अन्य संरक्षित व्यक्तिलाई शत्रु शक्तिको सेनामा सेवा गर्न बाध्य पार्नु;

(६) युद्धबन्दी वा अन्य संरक्षित व्यक्तिलाई जानाजान स्वच्छ र नियमित पुर्पक्षको अधिकारबाट वञ्चित गर्नु;

(७) गैरकानुनी निष्कासन वा स्थानान्तरण वा गैरकानुनी थुनछेक गर्नु;

(८) बन्धक बनाउनु।

(ख) अन्तर्राष्ट्रिय कानुनको स्थापित ढाँचाभित्र अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा लागू हुने कानुन र प्रथाहरूको अन्य गम्भीर उल्लङ्घन, खासगरी देहायका कुनै पनि कार्य:

(१) गैरसैनिक जनसमुदायविरुद्ध वा सङ्घर्षमा प्रत्यक्ष भाग नलिएका नागरिक वा गैरसैनिक व्यक्तिउपर मनसायपूर्वक आक्रमण गर्नु;

(२) सैन्य लक्ष नरहेका गैरसैनिक बस्तुलाई मनसायपूर्वक आक्रमणको लक्ष्य बनाउनु;

(३) सशस्त्र द्वन्द्वसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गैरसैनिकहरू वा गैरसैनिक वस्तुलाई प्रदत्त संरक्षणको हकदार हुने खालका संयुक्त राष्ट्रसङ्घको बडापत्रअनुसारका मानवीय सहायता वा शान्ति स्थापना नियोगमा संलग्न कर्मचारी, प्रतिष्ठापन, सरसामान, एकाइ वा सवारीसाधनविरुद्ध मनसायपूर्वक आक्रमण लक्षित गर्नु;

(४) अपेक्षित ठोस तथा प्रत्यक्ष समग्र सैनिक लाभको सन्दर्भमा त्यस्तो आक्रमणले जीउज्यानको अनुषङ्गिक क्षति, गैरसैनिकहरूलाई चोटपटक वा गैरसैनिक बस्तुहरूमा क्षति पुऱ्याउने वा प्राकृतिक वातावरणमा व्यापक, दीर्घकालीन र गम्भीर क्षति पुग्ने खालको मनसायपूर्वक आक्रमण गर्नु;

(५) जुनसुकै माध्यमबाट गरिएको भए पनि सुरक्षाघेरामा नरहेका र सैनिक लक्ष नरहेका शहर, गाउँ, आवास वा भवनहरूमा

आक्रमण वा गोलाबारी वा बमवर्षा गर्नु,

(६) आरुनो हतियार बिसाएका वा सुरक्षा साधनयुक्त नरहेका, स्वविवेकले आत्मसमर्पण गरेको लडाकुलाई मार्नु वा घाइते बनाउनु;

(७) मृत्यु वा गम्भीर व्यक्तिगत चोटपटकको परिणाम ल्याउने गरी युद्धविरामको झन्डा, शत्रुको वा संयुक्त राष्ट्रसङ्घको झन्डा, सैनिक चिह्न वा पोसाक साथसाथै जेनेभा महासन्धिका विशेष चिह्नहरूको अनुचित प्रयोग गर्नु;

(८) आफूले ओगटेको प्रादेशिक क्षेत्रमा सो क्षेत्र ओगट्ने शक्तिले आरुनै गैरसैनिक जनसमुदायको केही हिस्सालाई स्थानान्तरण गर्नु वा ओगटेको क्षेत्रभित्रै वा बाहिर, यसरी ओगटिएको क्षेत्रका सबै वा केही जनसमुदायको प्रत्यक्ष वा अप्रत्यक्ष निर्वासन वा स्थानान्तरण गर्नु;

(९) सैनिक उद्देश्य पूर्ति नहुने गरी यकिन गरिएका धर्म, शिक्षा, कला, विज्ञानमा समर्पित वा परोपकारी उद्देश्यका भवन, ऐतिहासिक स्मारक, विरामी तथा घाइते जम्मा हुने अस्पताल र स्थानहरूविरुद्ध मनसायपूर्वक लक्षित आक्रमण गर्नु;

(१०) प्रतिपक्षी पक्षको कब्जामा रहेका व्यक्तिहरूलाई शारीरिक अङ्गभङ्ग गर्नु वा सम्बन्धित व्यक्तिको चिकित्सकीय, दन्तचिकित्सकीय वा अस्पतालको उपचारले पुष्टयाइँ गर्न नसक्ने वा निजको हित हुने गरी नगरिएका र यस्ता व्यक्ति वा व्यक्तिहरूको मृत्यु हुने वा स्वास्थ्यलाई गम्भीर खतरा पार्ने जुनसुकै किसिमका चिकित्साजन्य वा वैज्ञानिक परीक्षणको विषय बनाउनु;

(११) शत्रु राज्य वा सेनाका व्यक्तिहरूलाई षडयन्त्रमूलक तरिकाले मार्नु वा घाइते पार्नु;

(१२) आत्मसमर्पण गरेका शत्रु पक्षका सैनिकलाई जीवन दान नदिने घोषणा गर्नु;

(१३) युद्धका दृष्टिले स्पष्टतः ध्वस्त वा जफत गर्नुपर्ने अवस्था नभएको

स्थितिमा शत्रुको सम्पत्ति तोडफोड वा जफत गर्नु;

(१४) शत्रु पक्षका नागरिकहरूका अधिकार र न्यायिक कार्यविधिको अदालतबाट बदर, निलम्बन वा अग्राह्यताको घोषणा गर्नु;

(१५) युद्ध शुरु हुनुअघि लडाकुकै सेवामा सामेल भएका भए पनि शत्रु पक्षका नागरिकहरूलाई उनीहरूकै मुलुकविरुद्ध लक्षित युद्धमा भाग लिन बाध्य पार्नु;

(१६) आक्रमण गरी कब्जा गरिएको सहर वा ठाउँविशेषमा लुटपाट गर्नु;

(१७) विष वा विषालु हतियार प्रयोग गर्नु;

(१८) निसास्याउने, विषाक्त वा अन्य ग्याँस र यस्तै प्रकारका झोल, वस्तु वा सरसाधनको प्रयोग गर्नु;

(१९) मानव शरीरमा सजिलै फैलिन सक्ने वा घनीभूत हुने, कडा खोकासहितको, पूर्णरूपले नढाकिने र तिक्ष्ण घाउ बनाउनसक्ने छर्रायुक्त गोलीको प्रयोग गर्नु;

(२०) सतही चोटपटक वा अनावश्यक कष्ट गराउने प्रकृतिका वा आफैमा सशस्त्र द्वन्द्वका अन्तर्राष्ट्रिय कानुनको जथाभावी उल्लङ्घन हुने धारा १२१ र १२३ मा व्यवस्थित प्रावधानअनुसार संशोधनद्वारा यस विधानको अनुसूचीमा समाविष्ट र पूर्णतः निषेधित हातहतियार, क्षेप्यास्त्र, वस्तु तथा युद्धविधि प्रयोग गर्नु;

(२१) व्यक्तिगत मर्यादाउपर अचाक्ली, खासगरी हिनताबोधक र अपमानजनक व्यवहार गर्नु;

(२२) जेनेभा महासन्धिहरूको गम्भीर उल्लङ्घन गर्दै धारा ७ अनुच्छेद २ (च) मा परिभाषा गरिएअनुसारका जबर्जस्ती करणी, यौनदासता, जबर्जस्ती वेश्यावृत्ति, बलात् गर्भधारण गराउने कार्य, जबर्जस्ती बन्ध्याकरण गराउने वा यौनहिंसाका अन्य स्वरूपका कार्य गर्नु;

(२३) कुनै खास स्थान, क्षेत्र वा सैनिक बललाई सैनिक कारबाहीबाट सुरक्षित गराउन गैरसैनिक वा अन्य संरक्षित व्यक्तिहरूलाई

उपस्थिति गराएर उनीहरुको उपयोग गर्नु;

(२४) अन्तर्राष्ट्रिय कानुनअनुकूल जेनेभा महासन्धिका विशेष चिह्नयुक्त भवन, वस्तु, स्वास्थ्य एकाइ, परिवहन र कर्मचारीविरुद्ध मनसायपूर्वक आक्रमण गर्नु;

(२५) युद्धविधिस्वरूप नियतवश नागरिकहरुलाई जेनेभा सन्धिहरूका प्रावधानअनुसारका राहत आपूर्तिहरूमा जानाजान रोक लगाएर बाँच्नका लागि नभई नहुने वस्तुहरूबाट मनसायपूर्वक वञ्चित गराई नागरिकहरूलाई भोकमरीमा पार्नु;

(२६) पन्ध्र वर्षभन्दा कम उमेरका बालबालिकालाई राष्ट्रिय सशस्त्र बलमा भर्ना गर्नु वा तिनलाई सक्रिय युद्धमा सहभागी गराउन प्रयोग गर्नु;

(ग) अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्द्वका मामिलामा चारवटा जेनेभा महासन्धिहरूको साझा धारा ३ को गम्भीर उल्लङ्घन, खासगरी हतियार बिसाएका सशस्त्र बलका सदस्यहरू र विरामी, घाउचोट, थुनछेक वा अन्य कुनै कारणले युद्धाहत (हर्स डे कम्ब्याट) बनेको सशस्त्र बलको सदस्यलगायत् युद्धमा सक्रिय भाग नलिएका व्यक्तिहरूविरुद्ध गरिएका निम्नलिखित कुनै पनि कार्य:

(१) जीवन र व्यक्तिउपर हिंसा, खासगरी सबै किसिमका हत्या, अङ्गभङ्ग, क्रूर व्यवहार र यातना;

(२) व्यक्तिगत मर्यादामाथिको अचाक्ली, खासगरी हिनताबोधक तथा अपमानजनक व्यवहार गर्नु;

(३) बन्धक बनाउनु;

(४) सामान्यतया अत्यावश्यक ठानिएका सबै न्यायिक प्रत्याभूति दिने, नियमित तवरले स्थापित अदालतको पूर्वघोषित फैसलाबिना दण्डसजाय सुनाउनु र तिनको कार्यान्वयन गर्नु।

(घ) अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्द्वमा अनुच्छेद २ (क) लागू हुनेछ र यो हुलदङ्गा, हिंसा एकल र छिटपुट कार्य वा यस्तै प्रकृतिका अन्य कार्यजस्ता आन्तरिक उपद्रव र तनावको अवस्थामा लागू हुनेछैन।

(ङ) अन्तर्राष्ट्रिय कानुनको स्थापित ढाँचाभित्र, अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्द्वमा लागू हुने कानुन र प्रथाको अन्य गम्भीर उल्लङ्घन, खासगरी निम्नलिखितमध्येका जुनसुकै कार्य:

(१) युद्धमा प्रत्यक्ष भाग नलिएको नागरिक आवादी वा गैरसैनिक व्यक्तिहरुलाई मनसायपूर्वक आक्रमणको लक्ष बनाउनु;

(२) अन्तर्राष्ट्रिय कानुनअनुकूल जेनेभा महासन्धिका विशेष चिह्नहरू प्रयुक्त भवन, वस्तु, स्वास्थ्य एकाइ, परिवहन र कर्मचारीविरुद्ध मनसायपूर्वक आक्रमण गर्नु;

(३) सशस्त्र द्वन्द्वसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गैरसैनिकहरू वा गैरसैनिक वस्तुलाई प्रदत्त संरक्षणको हकदार हुने खालका संयुक्त राष्ट्रसङ्घको बडापत्ररुअनुसारका मानवीय सहायता वा शान्ति स्थापना नियोगमा संलग्न कर्मचारी, प्रतिष्ठापन, सरसामान, एकाइ वा सवारीसाधनविरुद्ध मनसायपूर्वक आक्रमणलाई लक्षित गर्नु;

(४) सैनिक उद्देश्य पूर्ति नहुने गरी यकिन गरिएका धर्म, शिक्षा, कला, विज्ञानमा समर्पित वा परोपकारी उद्देश्यका भवन, ऐतिहासिक स्मारक, विरामी तथा घाइते सङ्कलन हुने अस्पताल र स्थानहरूविरुद्ध मनसायपूर्वक आक्रमणलाई लक्षित गर्नु;

(५) आक्रमण गरी कब्जामा लिइएकै भए पनि सहर वा ठाउँविशेषमा लुटपाट गर्नु;

(६) चारवटा जेनेभा महासन्धिहरूका साझा धारा ३ को गम्भीर उल्लङ्घन हुने गरी धारा ७ अनुच्छेद २ (च) मा परिभाषा गरिएअनुसारका जबर्जस्ती करणी, यौनदासता, जबर्जस्ती वेश्यावृत्ति, बलात् गर्भधारण, जबर्जस्ती बन्ध्याकरण गराउने वा यौनहिंसाका अन्य स्वरूपका कार्य गर्नु;

(७) पन्ध्र वर्षभन्दा कम उमेरका बालबालिकालाई सशस्त्र बलमा भर्ना गर्नु वा तिनलाई सक्रिय युद्धमा सहभागी गराउन प्रयोग गर्नु;

(८) सम्बद्ध गैरसैनिकहरूको सुरक्षा वा नभई नहुने सैनिक कारणबाटै अत्यावश्यक भएकोमाबाहेक द्वन्द्वसम्बन्धी कारणबाट गैरसैनिक जनसमुदायलाई विस्थापनको आदेश गर्नु;

(९) विपक्षी लडाकुलाई षडयन्त्रमूलक तरिकाले मार्नु वा घाइते पार्नु;

(१०) आत्मसमर्पण गरेका शत्रु पक्षका सैनिकलाई जीवन दान नदिने घोषणा गर्नु;

(११) द्वन्द्वको अर्को पक्षका अख्तियारवाला व्यक्तिहरूलाई शारीरिक अङ्गभङ्ग वा सम्बन्धित व्यक्तिको चिकित्सकीय, दन्तचिकित्सकीय वा अस्पतालको उपचारले पुष्टयाइँ हुन नसक्ने र निजको हित हुने गरी नगरिएका र यस्ता व्यक्ति वा व्यक्तिहरूको मृत्यु वा स्वास्थ्यलाई गम्भीर खतरा पार्ने जुनसुकै किसिमका चिकित्साजन्य वा वैज्ञानिक परीक्षणको विषय बनाउनु;

(१२) सङ्घर्षमा अत्यावशक नभए पनि कुनै विपक्षीको सम्पत्ति विनास वा जफत गर्नु।

(च) अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्द्वमा अनुच्छेद २ (ङ) लागू हुनेछ र यो हुलदङ्गा, हिंसाका एकल र छिटपुट कार्य वा यस्तै प्रकृतिका अन्य कार्यजस्ता आन्तरिक उपद्रव र तनावका अवस्थामा लागू हुनेछैन। राज्यको प्रादेशिक क्षेत्रमा सरकारी पदाधिकारीहरू र सङ्गठित सशस्त्र समूहहरूका बीच वा यस्तै समूहहरूका बीच हुने लामो सशस्त्र द्वन्द्वमा यो लागू हुनेछ।

३. अनुच्छेद २ (ग) र (ङ) को कुनै कुराले सम्पूर्ण वैधानिक माध्यमद्वारा राज्यमा अमनचैन कायम राख्न वा पुन:स्थापन गर्न वा राज्यको प्रादेशिक अखण्डता र एकताको रक्षा गर्ने सरकारको उत्तरदायित्वलाई असर गर्ने छैन।

धारा ९: अपराधहरूका तत्व

१) अपराधहरूका तत्वहरूले अदालतलाई धारा ६, ७ र ८ को व्याख्या र क्रियान्वयनमा मद्दत गर्नेछन्। राज्यपक्षहरूको सभाका सदस्यहरूको दुईतिहाई बहुमतद्वारा ती पारित हुनेछन्।

२) अपराधहरूका तत्वहरूको संशोधन देहायद्वारा प्रस्तावित हुन सक्नेछः

(क) कुनै राज्यपक्ष;

(ख) निरपेक्ष बहुमत प्राप्त न्यायाधीशहरू;

(ग) अभियोक्ताले;

यस्ता संशोधनहरू राज्यपक्षहरूको सभाका दुईतिहाई सदस्यहरूको बहुमतबाट पारित गरिनेछन्।

३) "अपराधका तत्वहरू" र तिनका संशोधनहरू यसै विधानसङ्गत हुनेछन्।

धारा १०

यस खण्डमा लेखिएको कुनै कुरालाई यो विधानबाहेक अन्य प्रयोजनका लागि विद्यमान वा विकास हुँदै गरेका अन्तर्राष्ट्रिय कानुनका नियमहरूलाई कुनै तरिकाले सीमित पार्ने वा प्रतिकूल प्रभाव पार्ने अर्थमा व्याख्या गरिने छैन।

धारा ११ः अधिकारक्षेत्र

१) अदालतले यो विधान लागू भएपछि भएगरेका अपराधहरूका सन्दर्भमा मात्र अधिकारक्षेत्र राख्दछ।

२) विधान लागू भएपछि कुनै राज्य यसको पक्ष भएमा सो राज्यले धारा १२ को अनुच्छेद ३ अन्तर्गतको घोषणा गरेमाबाहेक त्यस राज्यको हकमा अदालतले यो विधान लागू भएपछि भएका अपराधहरूको सम्बन्धमा मात्र आफ्नो अधिकारक्षेत्र प्रयोग गर्न सक्नेछ।

धारा १२ः अधिकारक्षेत्रको प्रयोगसम्बन्धी पूर्वशर्त

१) यस विधानको पक्ष हुने राज्यले धारा ५ मा उल्लिखित अपराधहरूको सन्दर्भमा अदालतको अधिकारक्षेत्र स्वीकार गर्दछ।

२) धारा १३, अनुच्छेद (क) वा (ग) का हकमा, देहायका एक वा बढी राज्यहरू यस विधानको पक्ष रहेको वा अनुच्छेद ३ अनुसार अदालतको अधिकारक्षेत्र स्वीकार गरेको अवस्थामा अदालतले आफ्नो अधिकारक्षेत्र प्रयोग गर्न सक्नेछः

(क) प्रश्न उठेको कार्य भएको प्रादेशिक क्षेत्रवाला राज्य वा अपराध जहाज वा विमानमा भएको भए त्यस्तो जहाज वा विमान दर्ता भएको राज्य;

(ख) अपराधको अभियोग लागेको व्यक्ति नागरिक भएको राज्य।

३) यदि यस विधानको पक्ष नभएको राज्यको स्वीकृति अनुच्छेद २ अन्तर्गत आवश्यक भए सो राज्यले रजिस्ट्रारसमक्ष घोषणा दर्ता गरी प्रश्न उठेको अपराधको सन्दर्भमा अदालतको अधिकारक्षेत्रको प्रयोग स्वीकार्न सक्नेछ। यसरी सकार गर्ने राज्यले बिना कुनै विलम्ब वा खण्ड ९ अनुसारको अपवादबिना अदालतलाई सहयोग गर्नेछ।

धारा १३: अधिकारक्षेत्रको प्रयोग

अदालतले धारा ५ मा उल्लिखित अपराधका सन्दर्भमा यस विधानका प्रावधान अनुरूप आफ्नो अधिकारक्षेत्रको प्रयोग गर्नेछ यदि:

(क) एक वा बढी यस्ता अपराधहरू भएको देखा परेको अवस्था राज्यपक्षले अभियोक्तालाई धारा १४ अनुसार सिफारिस गरेमा;

(ख) एक वा बढी यस्ता अपराधहरू भएको देखा परेको अवस्था संयुक्त राष्ट्रसङ्घको बडापत्रको परिच्छेद ७ अन्तर्गत कार्यरत सुरक्षापरिषद्ले अभियोक्तालाई सिफारिस गरेमा; वा

(ग) धारा १५ अनुसार अभियोक्ताले यस्तो अपराधको लागि अनुसन्धानको शुरुआत गरेमा।

धारा १४: राज्यपक्षले अवस्थाबारे सिफारिस गर्ने

१) अदालतको अधिकारक्षेत्रभित्र एक वा बढी अपराधहरू भएको देखा परेको अवस्थामा यस्ता अपराधमा एक वा सो भन्दा बढी खास व्यक्तिहरूलाई अभियोजन गर्ने-नगर्ने कुरा निर्धारण गर्ने प्रयोजनका लागि सो अवस्था बारे अभियोक्ताद्वारा अनुसन्धान हुन अनुरोध गर्दै राज्यपक्षले अभियोक्तासमक्ष सिफारिस गर्न सक्नेछ।

२) सम्भव भएसम्म सिफारिशले सान्दर्भिक परिस्थितिको किटान गर्नेछ र सो अवस्थाबारे सिफारिश गर्ने राज्यलाई उपलब्ध भएसम्मका सहायक अभिलेखनसमेत समावेश गर्नेछ।

धारा १५: अभियोक्ता

१) अभियोक्ताले सूचनाका आधारमा अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूको अनुसन्धान सुरु गर्न सक्नेछ।

२) अभियोक्ताले प्राप्त सूचनाको संवेदनशीलताको विश्लेषण गर्नेछ। यस प्रयोजनका लागि, निजले राज्यहरू, संयुक्त राष्ट्रसङ्घका अङ्गहरू, अन्तरसरकारी वा गैरसरकारी सङ्गठनहरू वा निजले उपयुक्त देखेको अन्य कुनै भरपर्दो स्रोतबाट अतिरिक्त जानकारी खोज्न र अदालतको पीठ रहेको ठाउँबाट लिखित वा मौखिक प्रमाण प्राप्त गर्न सक्नेछ।

३) अनुसन्धान बढाउन मनासिब आधार छ भन्ने अभियोक्ताले निष्कर्ष निकालेमा अनुसन्धानको अनुमतिका लागि सङ्कलित सहायक कागजातसहित निजले पूर्वपुर्पक्ष गर्ने अधिकारीसमक्ष अनुरोध पेश गर्नेछ। पीडितहरूले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमबमोजिम पूर्व पुर्पक्ष गर्ने अधिकारीसम्म प्रतिनिधित्व गर्न सक्नेछन्।

४) पूर्वपुर्पक्ष गर्ने अधिकारीले अनुरोध र सहायक कागजातको परीक्षणबाट अनुसन्धान बढाउन मनासिब आधार छ भन्ने विचार गरेमा र सो मुद्दा अदालतको अधिकारक्षेत्रभित्र पर्ने देखिएमा, पछि सो मुद्दामा अधिकारक्षेत्र र ग्राह्यताका बारेमा अदालतले गर्नसक्ने निर्णयहरूप्रति कुनै पूर्वाग्रह नराखी, अनुसन्धानको शुरुआतको लागि अनुमति दिनेछ।

५) पूर्वपुर्पक्ष गर्ने अधिकारीले अनुसन्धानको अनुमति दिन इन्कार गरेको कुराले उही अवस्थाका विषयमा नयाँ तथ्य वा प्रमाणमा आधारित भएर अभियोक्ताले अर्को अनुरोध प्रस्तुत गर्न रोक्ने छैन।

६) अनुच्छेद १ र २ मा उल्लेख भएअनुसारको प्रारम्भिक जाँचबाट अभियोक्ताले उपलब्ध गराइएका जानकारीहरूबाट अनुसन्धानको लागि मनासिब आधार खडा गर्दैन भन्ने निष्कर्ष निकालेमा सो जानकारी उपलब्ध गराउनेहरूलाई सूचित गर्नेछ। निजसमक्ष उही अवस्थाका विषयमा पेश गरिएको जानकारी नयाँ तथ्य वा प्रमाणका आधारमा अभियोक्ताले थप विचार गर्नलाई यस कुराले रोक्ने छैन।

धारा १६: अनुसन्धान वा अभियोजनको स्थगन

सुरक्षापरिषद्ले संयुक्त राष्ट्रसङ्घको बडापत्रको परिच्छेद ७ अन्तर्गत प्रस्ताव पारित गरी अदालतसमक्ष अनुरोध गरेमा तत्पश्चात्को १२ महिनाको अवधिका लागि यस विधानअनुसार कुनै अनुसन्धान वा अभियोजन सुरु हुने वा अघि बढ्नेछैन। यस्तो अनुरोध तिनै शर्तहरूअन्तर्गत परिषद्द्वारा नवीकरण हुन सक्नेछ।

धारा १७: ग्राह्यताका सवालहरू

१) प्रस्तावनाको अनुच्छेद १० र धारा १ लाई ध्यानमा राखी निम्नलिखित विषयहरूमा अदालतले मुद्दालाई अग्राह्य ठहर गर्नेछ:

(क) राज्य अनुसन्धान वा अभियोजन गर्न अनिच्छुक वा वास्तवमा असमर्थ भएको अवस्था भएबाहेक मुद्दाउपर अधिकारक्षेत्र भएकै राज्यले मुद्दाको अनुसन्धान वा अभियोजन गरिरहेको भएमा;

(ख) भएको निर्णय अभियोजन गर्न अनिच्छुक वा वास्तवमा नै अयोग्य भएकै कारणले भएकोमा बाहेक मुद्दाउपर अधिकारक्षेत्र भएकै राज्यले मुद्दाको अनुसन्धान गरेको र सम्बन्धित व्यक्तिलाई अभियोजन नगर्ने निर्णय गरेमा;

(ग) उजुरीको विषय बनेको क्रियाकलापकै लागि सम्बन्धित व्यक्तिलाई मुद्दा चलिसकेको र धारा २० अनुच्छेद ३ अन्तर्गत अदालतबाट पुपर्क्षको अनुमति नमिलेमा;

(घ) उक्त मुद्दा अदालतद्वारा थप कारबाही गरिने औचित्य सावित गर्न पर्याप्त गम्भीर प्रकृतिको नभएमा।

२) कुनै खास मुद्दामा अनिच्छा भएको ठहर गर्नको लागि अदालतले, अन्तर्राष्ट्रिय कानुनद्वारा मान्यताप्राप्त उचित प्रक्रियाका सिद्धान्तहरूको आदर गर्दै, लागू हुने देहायमध्येका एक वा बढी कुरा भए-नभएको विचार गर्नेछ:

(क) धारा ५ मा उल्लिखित अदालतको अधिकारक्षेत्रअन्तर्गतका अपराधहरूका लागि सम्बन्धित व्यक्तिलाई फौजदारी दायित्वबाट बचाउने उद्देश्यबाट कारबाही चलाइएको थियो वा चलाइँदै गरेको छ वा राष्ट्रिय निर्णय लिइएको थियो;

(ख) कारबाहीमा औचित्यबिनाको ढिलाइ भइरहेको जो विद्यमान परिस्थितिमा सम्बन्धित व्यक्तिलाई न्यायसमक्ष उभ्याउने उद्देश्यसित असङ्गत भएको;

(ग) कारबाही स्वतन्त्ररूपमा र निष्पक्षतापूर्वक नचलाएको वा नभइरहेको र विद्यमान परिस्थितिमा सम्बन्धित व्यक्तिलाई न्यायसमक्ष उभ्याउने उद्देश्यसित असङ्गत हुने तरिकाले सो कारबाही चलेको वा चलाइएको।

३) कुनै खास मुद्दामा अयोग्यता ठहर गर्नको लागि अदालतले राष्ट्रिय न्यायिक प्रणालीको पूर्ण वा ठूलो असफलता वा अनुपलब्धताले राज्यले अभियुक्तलाई वा आवश्यक सबुतप्रमाण भेट्टाउन नसकेका वा अन्य तरिकाले यसको कारबाही चलाउन नसकेको भन्ने बारेमा विचार गर्नेछ।

धारा १८: ग्राह्यतासम्बन्धी प्रारम्भिक निर्णयादेश

१) धारा १३ (क) अनुसार अदालतसमक्ष कुनै अवस्थाबारे सिफारिस भएमा र अभियोक्ताले अनुसन्धानको शुरुआत गर्ने मनासिब आधार छ भन्ने निधो गरेमा वा अभियोक्ताले धारा १३ (ग) र १५ अनुसार अनुसन्धान सुरु गरेमा, अभियोक्ताले सबै राज्यपक्षहरू र उपलब्ध जानकारीको विचार गरी सम्बन्धित अपराधहरूउपर सामान्यतया अधिकारक्षेत्रको प्रयोग गर्न सक्ने राज्यहरूलाई जनाउ दिनेछ। यस्ता राज्यहरूलाई अभियोक्ताले गोपनीयतापूर्वक जनाउ दिन सक्नेछ र व्यक्तिहरूको संरक्षण, प्रमाण नासिनबाट रोकथाम गर्न वा व्यक्तिहरू फरार हुनबाट रोक्न आवश्यक छ भन्ने अभियोक्तालाई लागेमा राज्यहरूलाई उपलब्ध गराउने सूचनाको क्षेत्र सीमित गर्न सक्नेछ।

२) त्यसरी जनाउ पाएको एक महिनाभित्र, राज्यले धारा ५ मा उल्लेख भएअनुसारको कसुर हुन सक्ने र राज्यलाई जनाउ गरिएको जानकारीसँग सम्बन्धित अपराधिक कार्यहरूका सन्दर्भमा आफ्नो अधिकारक्षेत्रभित्र आफ्ना नागरिकहरू वा अन्यको अनुसन्धान भइरहेको वा गरेको कुरा सूचित गर्न सक्नेछ। अभियोक्ताको निवेदनमा पूर्वपुर्पक्ष गर्ने अधिकारीले अनुसन्धानको अनुमति दिने निर्णय नगरेसम्म सो राज्यको अनुरोधमा अभियोक्ताले ती व्यक्तिहरूका हकमा राज्यको अनुसन्धान स्थगित गर्नेछ।

३) राज्यको अनुसन्धानमा अभियोक्ताद्वारा गरिएको स्थगन सोको छ महिनापछि

वा अनुसन्धान सम्पन्न गर्न राज्यको अनिच्छा वा वास्तविक अयोग्यतामा आधारित परिस्थितिमा विचारणीय परिवर्तन अभियोक्ताद्वारा भएमा जुनसुकै समय पुनरावलोकन लागि खुल्ला हुनेछ।

४) पूर्वपूर्पक्ष गर्ने अधिकारीको निर्णयको विरुद्ध कार्यकक्षको धारा ८२ अनुसारको निर्णयादेशउपर सम्बन्धित राज्य वा अभियोक्ताले पुनरावेदन सुन्ने निकायसमक्ष पुनरावेदन गर्न सक्नेछ। पुनरावेदनउपर शीघ्रतापूर्वक सुनुवाइ हुनेछ।

५) अभियोक्ताले अनुच्छेद २ अनुसार अनुसन्धान स्थगन राखेकोमा आफ्नो अनुसन्धानका प्रगतिहरू र तत्पश्चात्का कुनै अभियोजनको बारेमा आफूलाई आवधिकरूपमा जानकारी गराउन सम्बन्धित राज्यलाई अनुरोध गर्न सक्नेछ। राज्यपक्षहरूले यस्ता अनुरोधहरूबारे अनुचित विलम्ब नगरिकन प्रत्युत्तर दिनेछन्।

६) पूर्वपुर्पक्ष गर्ने अधिकारीबाट कुनै आदेश मुल्तवी राखिएको वा अभियोक्ताले यस धाराअन्तर्गत अनुसन्धान स्थगन राखेको जुनसुकै समयमा महत्वपूर्ण प्रमाण प्राप्त गर्न अनुपम अवसर भएको वा कुनै त्यस्तो प्रमाण पछि उपलब्ध हुन नसक्ने ठूलो जोखिम छ भने त्यस्तो मुद्दामा आवश्यक अनुसन्धानात्मक पाइला चाल्न अभियोक्ताले अपवाद स्वरूप पूर्वपुर्पक्ष गर्ने अधिकारीबाट अख्तियारी माग गर्न सक्नेछ।

७) यस धाराअन्तर्गत पूर्वपुर्पक्ष गर्ने अधिकारीको आदेशउपर चुनौती दिने राज्यले धारा १९ अन्तर्गत थप महत्वपूर्ण तथ्य वा परिस्थितिको महत्वपूर्ण परिवर्तनको आधारमा मुद्दाको ग्राह्यतालाई चुनौती दिन सक्नेछ।

धारा १९: अदालतको अधिकारक्षेत्र वा मुद्दाको ग्राह्यताउपर चुनौती

१) अदालतले आफूसमक्ष ल्याइएका कुनै मुद्दाको अधिकारक्षेत्र आफूमा भएको छ भन्ने बारे आफूलाई सुनिश्चित पार्नुपर्नेछ। अदालतले धारा १७ अनुसार आफ्नै प्रस्तावद्वारा मुद्दाको ग्राह्यता निर्धारण गर्नेछ।

२) धारा १७ मा उल्लेख गरिएका आधारहरूमा कुनै मुद्दाको ग्राह्यता वा अदालतको अधिकारक्षेत्रउपर देहायकाले चुनौती दिन सक्नेछ:

(क) धारा ३८ अन्तर्गत पक्राउ वारेन्ट वा उपस्थित हुन समाह्वान जारी भएको अभियुक्त वा व्यक्तिले;

(ख) मुद्दाको अनुसन्धान वा अभियोजन जारी राखेको वा गरेको आधारमा मुद्दाको अधिकारक्षेत्र रहेको राज्यले; वा

(ग) धारा १२ अनुसार अधिकारक्षेत्र स्वीकार गर्न आवश्यक भएको राज्यले।

३) अधिकारक्षेत्र वा ग्राह्यताको प्रश्नमा अभियोक्ताले अदालतबाट निर्णयादेश माग गर्न सक्नेछ। अधिकारक्षेत्र र ग्राह्यतासम्बन्धी कारबाहीमा धारा १३ अन्तर्गतको अवस्था सिफारिश गर्ने, साथै पीडितहरूले पनि अदालतसमक्ष टिप्पणी पेस गर्न सक्नेछन्।

४) मुद्दाको ग्राह्ता वा अदालतको अधिकारक्षेत्रका बारेमा अनुच्छेद २ मा उल्लिखित कुनै व्यक्ति वा राज्यले एक पटक मात्र चुनौती दिन पाउनेछ। चुनौती पुर्पक्षभन्दा अगावै वा यसको शुरुआतमा गर्न सकिनेछ। अपवादजनक परिस्थितिमा अदालतले एकभन्दा बढी वा पुर्पक्ष सुरु भइसकेपछि पनि चुनौती गर्न मौका दिन सक्नेछ। मुद्दाको ग्राह्यताउपर पुर्पक्षको आरम्भमा वा अदालतले दिएको अनुमतिका आधारमा गरिएको चुनौती धारा १७ को अनुच्छेद (ग) मा मात्र आधारित हुनेछ।

५) अनुच्छेद २ (ख) र (ग) मा उल्लिखित राज्यले सकेसम्म चाँडो चुनौती गर्नुपर्नेछ।

६) मुद्दाको ग्राह्यता वा अदालतको अधिकारक्षेत्रको चुनौती पूर्वपुर्पक्ष गर्ने अधिकारी अभियोग कायम हुनुअगावै प्रस्तुत गरी सक्नुपर्नेछ। अभियोग कायम भइसकेपछि तिनीहरूलाई पुर्पक्ष गर्ने अधिकारीसमक्ष पठाइनेछ। अधिकारक्षेत्र र ग्राह्यतासम्बन्धी निर्णयउपर धारा ८२ अनुसार पुनरावेदन सुन्ने निकायसमक्ष पुनरावेदन लाग्न सक्नेछ।

७) अनुच्छेद २ (ख) वा (ग) मा उल्लेख भएको राज्यद्वारा चुनौती गरिएकोमा अदालतले धारा १७ बमोजिम निर्णय नगरेको समयसम्मका लागि अभियोक्ताले अनुसन्धान स्थगित गर्नेछ।

८) अदालतले निर्णयादेश दिन बाँकी रहेको अवस्थामा अदालतबाट अभियोक्ताले निम्नलिखित अख्तियारी माग गर्न सक्नेछः

(क) धारा १८ को अनुच्छेद ६ मा उल्लेख भएअनुसारको आवश्यक अनुसन्धान गर्न;

(ख चुनौती गरिनुभन्दा अगावै थालिएका साक्षीको बयान वा वकपत्र गराउन वा प्रमाणको सङ्कलन र परीक्षण पूरा गर्न;

(ग) अभियोक्ताले अगावै धारा ५८ अन्तर्गत पक्राउ वारेन्टका लागि अनुरोध गरिसकेका व्यक्तिहरूलाई फरार हुनबाट सम्बन्धित राज्यहरूको सहयोगमा रोक्न।

९) चुनौती गरिएको कुराले चुनौती दिनु अघि अभियोक्ताबाट सम्पादित कुनै कार्य वा अदालतबाट जारी भएको कुनै आदेश वा वारेन्टको मान्यता वा वैधानिकतामाथि कुनै असर पार्नेछैन।

१०) कुनै मुद्दामा अदालतले धारा १७ अन्तर्गत अग्राह्य रहेको निर्णय गरेमा, अभियोक्ताले धारा १७ अन्तर्गत गरिएको मुद्दाको अग्राह्यताको यस्तो पूर्वनिर्णयको अधारलाई उल्टाउने नयाँ तथ्यहरू देखा परेको कुरामा निज पूर्णतः सन्तुष्ट भएपछि पुनरावलोकनका लागि अनुरोध पेस गर्न सक्नेछ।

११) धारा १७ मा उल्लिखित कुराहरूलाई विचार गरी अभियोक्ताले कुनै अनुसन्धान स्थगन गरेमा निजले सम्बन्धित राज्यलाई तत्सम्बन्धी कारबाहीबारे आफूलाई जानकारी उपलब्ध गराइदिन अनुरोध गर्न सक्नेछ। यस्तो जानकारी सम्बन्धित राज्यको अनुरोधमा गोप्य रहनेछ। अभियोक्ताले त्यसपछि अनुसन्धान बढाउने निर्णय गरेमा निजले कारबाहीको स्थगन भएको राज्यलाई त्यसको जनाउ दिनेछ।

धारा २०: अनावृत्ति

१) यस विधानमा व्यवस्था भएमाबाहेक, अपराधहरूको आधार हुने कामकुराका सन्दर्भमा अदालतबाट दोषी साबित भइसकेको वा सफाइ पाइसकेको व्यक्तिलाई अदालतमा पुर्पक्ष गरिनेछैन।

२) धारा ५ मा उल्लिखित अपराधमा अदालतबाट दोषी साबित भइसकेको वा सफाइ पाएको कसैलाई पनि अर्को अदालतबाट पुर्पक्ष गरिनेछैन।

३) धारा ६, ७ वा ८ अन्तर्गतसमेत निषिद्ध कामकुरामा अर्को अदालतबाट मुद्दा

चलाइएको कसैलाई पनि त्यसै कामकुराको सम्बन्धमा अर्को अदालतमा निम्नलिखित अवस्थामाबाहेक पुर्पक्ष गरिनेछैन, जबसम्म अर्को अदालतमा भएको त्यस्तो कारबाही:

(क) अदालतको अधिकारक्षेत्रअन्तर्गतका अपराधहरूमा सम्बन्धित व्यक्तिलाई आपराधिक दायित्वबाट जोगाउने उद्देश्यबाट भएमा; वा

(ख) अन्तर्राष्ट्रिय कानुनद्वारा मान्य उचित प्रक्रियाका मान्यताअनुसार स्वतन्त्ररूपमा र निष्पक्षतापूर्वक नभएको र उक्त परिस्थितिमा सम्बन्धित व्यक्तिलाई न्यायसमक्ष ल्याउने अभिप्रायसँग असङ्गत हुने तरिकाले चलाएको भएमा।

धारा २१: लागू हुने कानुन

१) अदालतले

(क) प्रथमत: यो विधान, अपराधहरूका तत्वहरू र यसको कार्यविधि तथा प्रमाणसम्बन्धी नियमहरू;

(ख) दोश्रो, उपयुक्त भएको ठाउँमा, सान्दर्भिक सन्धिहरू र सशस्त्र द्वन्द्वसम्बन्धी अन्तर्राष्ट्रिय कानुनका स्थापित सिद्धान्तहरूरुलगायत्का अन्तर्राष्ट्रिय कानुनका सिद्धान्त र नियमहरू;

(ग) त्यसपछि, उपयुक्त भएसम्म, यस विधान अन्तर्राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रियरूपमा स्थापित मान्यता तथा मापदण्डहरूसँग नबाझिने, अपराधमा अधिकारक्षेत्रको प्रयोग गर्ने राज्यहरूका राष्ट्रिय कानुनलगायत्का विश्वका कानुनी प्रणालीअन्तर्गतका राष्ट्रिय कानुनबाट अदालतले सङ्कलन गरेका कानुनका सामान्य सिद्धान्तहरू लागू गर्न सक्नेछ।

२) अदालतले आफ्ना अघिल्ला फैसलाहरूमा व्याख्या गरेअनुसार कानुनका सिद्धान्त र नियमहरू लागू गर्न सक्नेछ।

३) यस धाराअनुसारको कानुनको प्रयोग र व्याख्या अन्तर्राष्ट्रिय मान्यताप्राप्त मानवअधिकारसङ्गत र धारा ७ अनुच्छेद ३ मा परिभाषित लैङ्गिकता, उमेर, जात, रङ, भाषा, धर्म वा आस्था, राजनीतिक वा अन्य विचार, राष्ट्रिय,

जनजातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतमा आधारित कुनै प्रतिकूल विभेदबिना गरिनेछ।

खण्ड ३
फौजदारी न्यायका सर्वमान्य सिद्धान्तहरू

धारा २२: कानुनबिनाको अपराध नहुने

१) प्रश्न उठेको आचरण गरिएको समयमा अदालतको अधिकारक्षेत्र-अन्तर्गतको सो कार्य अपराध नहुने भएमा कुनै पनि व्यक्ति यस विधानअन्तर्गत आपराधिकरूपमा उत्तरदायी हुनेछैन।

२) अपराधको परिभाषा कठोररूपमा गरिनेछ र सादृश्यताको आधारमा विस्तार गरिनेछैन। सन्देह वा द्वैयार्थक अवस्था भएमा अनुसन्धान, अभियोजन वा दोषारोपित व्यक्तिको हितमा सो परिभाषाको व्याख्या गरिनेछ।

३) यस धाराले यस विधानबिना स्वतन्त्ररूपमा कुनै आचरणलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गत आपराधिक भनी वर्णन गर्ने कुरालाई प्रभावित गर्ने छैन।

धारा २३: कानुनबिनाको सजाय नहुने

अदालतबाट दोषी साबित गरिएको व्यक्तिलाई यस विधानअनुसार मात्र सजाय हुनेछ।

धारा २४: भूतकालिक असर नहुने

१) विधान लागू हुनुपूर्व गरिएको आचरणको लागि कुनै पनि व्यक्ति यो विधानअन्तर्गत आपराधिकरूपमा उत्तरदायी हुनेछैन।

२) अन्तिम निर्णय हुनुपूर्व कुनै मुद्दामा लागू हुने कानुनमा परिवर्तन भएमा, अनुसन्धान, अभियोजन भइरहेको वा कसूरदार ठहरेको व्यक्तिलाई बढी हितकर हुने कानुन लागू हुनेछ।

धारा २५: व्यक्तिगत फौजदारी दायित्व

१) यस विधानअनुसार अदालतलाई प्राकृतिक व्यक्तिहरूउपर अधिकारक्षेत्र रहनेछ।

२) अदालतको अधिकार क्षेत्रअन्तर्गतको अपराध गर्ने व्यक्ति यस विधानअनुसार सजायका लागि व्यक्तिगतरूपमा उत्तरदायी र भागी हुनेछ।

३) यस विधानअनुसार, अदालतको अधिकारक्षेत्रअन्तर्गतका अपराधको लागि कुनै व्यक्ति सजायको लागि अपराधिकरूपमा उत्तरदायी र भागी हुनेछ यदि सो व्यक्तिले:

(क) अन्य व्यक्ति आपराधिकरूपमा उत्तरदायी भए-नभएको जेसुकै भए पनि एक्लै, अर्कोसँग मिलेर वा अर्को व्यक्तिमार्फत् अपराध गरेमा;

(ख) यस्तो अपराध गर्न अह्राए, गुहारे वा उक्साएबाट वस्तुत: अपराध वा सोको उद्योग हुन गएमा;

(ग) यस्तो आपराधिक घटना गराउनका लागि सरसाधन उपलब्ध गराउनेलगायत् अपराध गर्नमा वा उद्योग गर्नमा मद्दत गरेमा, उक्साएमा वा अरू तरिकाले सघाएमा;

(घ) साझा उद्देश्य राखेका व्यक्तिहरूको समूहलाई अपराधको घटना गराउन वा सोको उद्योगमा योगदान गरेमा। यस्तो योगदान मनसायपूर्वक हुनेछ र या त:

(१) अदालतको अधिकारक्षेत्रभित्र अपराध गराउने क्रियाकलाप वा उद्देश्य समाविष्ट रहको कुनै आपराधिक क्रियाकलाप वा समूहको आपराधिक उद्देश्य अघि बढाउने लक्ष्यसाथ गरिएको; वा

(२) अपराध गर्न समूहको मनसायबारे जानीबुझिकन गरिएको हुनेछ।

(ङ) आमसंहारको अपराधको हकमा अरुहरूलाई आमसंहार गर्न प्रत्यक्षत: र सार्वजनिकरूपमा उकासेमा;

(च) ठोस उपायका माध्यमबाट क्रियान्वयन आरम्भ हुने गरी यस्तो अपराध गर्ने उद्योग गरेको तर सो व्यक्तिको मनसायबाट स्वतन्त्र परिस्थितिका कारणले उक्त आपराधिक काम भने भइनसकेको।

तर, अपराध गर्ने प्रयास परित्याग गरेको व्यक्ति वा आपराधिक उद्देश्य स्वेच्छापूर्वक र पूर्णरूपमा त्यागेर अपराध हुनबाट रोक्ने व्यक्ति सो अपराध गर्न उद्योग गरेबापत यस विधानबमोजिम सजायका लागि जिम्मेदार हुनेछैन यदि सो व्यक्तिले पूर्णरूपमा र स्वेच्छापूर्वक आपराधिक उद्देश्य परित्याग गरेमा।

निज सो अपराधका लागि आपराधिक रूपले उत्तरदायी तथा सजायका लागि जिम्मेदार हुनेछ।

४) व्यक्तिगत आपराधिक उत्तरदायित्वसम्बन्धी यस विधानको कुनै पनि प्रावधानले अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका राज्यहरूको उत्तरदायित्व-लाई कुनै असर पार्नेछैन।

धारा २६: अठार वर्ष मुनिका व्यक्तिहरू अधिकारक्षेत्रबाहिर हुने

अपराध गर्दाको समयमा १८ वर्षभन्दा कम उमेर रहेको कुनै पनि व्यक्तिउपर अदालतको अधिकारक्षेत्र रहनेछैन।

धारा २७: पदीय हैसियतको असान्दर्भिकता

१) पदीय हैसियतमा आधारित कुनै पनि विभेद नराखी यो विधान सबैका लागि समानरूपमा लागू हुनेछ। खासगरी, राज्य वा सरकार प्रमुख,

सरकार वा संसद्को सदस्य, निर्वाचित प्रतिनिधि वा सरकारी अधिकारीजस्ता पदीय हैसियतले कुनै पनि अवस्थामा यस विधानअन्तर्गतको फौजदारी उत्तरदायित्वबाट छुट हुनेछैन, न त यस्तो कुराले सजायको न्यूनीकरणकै लागि कुनै आधार प्रदान गर्नेछ।

२) राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कुनै व्यक्तिको पदीय हैसियतसँग आसन्न हुन सक्ने उन्मुक्तिहरू वा विशेष कार्यविधिहरूले त्यस्तो व्यक्तिउपर अधिकारक्षेत्रको प्रयोग गर्न अदालतलाई कुनै बाधा गर्नेछैन।

धारा २८: समादेशक र अन्य तालुकवालाहरूको उत्तरदायित्व

अदालतको क्षेत्राधिकारभित्रका अपराधहरूका लागि यस विधानअन्तर्गत फौजदारी उत्तरदायित्वका अन्य आधारहरूका अतिरिक्त:

(क) सेनाको समादेशक वा सेनाको समादेशकको रूपमा प्रभावी तरिकाले कार्य गरिरहेको व्यक्तिमाथि निजको प्रभावकारी आदेश र नियन्त्रणका मातहतको सेनाले गरेका वा अवस्थाअनुसार निजको प्रभावकारी अख्तियारी र नियन्त्रण हुँदाहुँदै पनि निजले नियन्त्रण गर्न असफल भएको परिणामस्वरूप त्यस्तो सेनाले गरेका अदालतको अधिकारक्षेत्र अन्तर्गका अपराधहरूको लागि फौजदारी उत्तरदायित्व रहनेछ, जहाँ;

(१) त्यस्तो सैनिक समादेशक वा व्यक्तिलाई त्यस्तो बलहरूले त्यस्तो अपराध गरेको वा सो समयमा विद्यमान परिस्थितिहरूका कारण सेनाले यस्तो अपराध गरिरहेको वा गर्न लागेको कुराको जानकारी भएमा;

(२) त्यस्तो सैनिक समादेशक वा व्यक्तिले सेनालाई अपराध हुनबाट रोक्न वा शमन गर्न आरुनो सामर्थ्यभित्रका सबै आवश्यक र उचित उपाय नअपनाएको वा अनुसन्धान र अभियोजनका लागि सक्षम पदाधिकारीहरूसमक्ष सो विषय प्रस्तुत नगरेको भएमा।

(ख) अनुच्छेद (क) मा वर्णन नभएको तालुकदार र मातहतका सम्बन्धहरूको सन्दर्भमा निम्न तालुकवालामाथि मातहतीहरूउपर सही तरिकाले नियन्त्रण गर्न असफल रहेको परिणामस्वरूप निजको प्रभावकारी अख्तियारी र नियन्त्रणअन्तर्गतका मातहतीहरूले गरेको अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूका लागि फौजदारी उत्तरदायित्व रहनेछ:

(१) मातहतीहरूले यस्तो अपराध गर्दै गरेको वा गर्न लागेको भन्ने कुरा तालुकवालाले थाहा पाएको थियो वा त्यस्तो स्पष्ट सूचना गर्ने जानकारीलाई जानीबुझिकन उपेक्षा गरेको भए;

(२) ती अपराधहरू सो तालुकवालाको प्रभावकारी जिम्मेवारी र नियन्त्रणभित्र रहेका गतिविधिहरूसँग सम्बन्धित रहेको भए; र

(३) तालुकवालाले सो हुनबाट रोक्न वा शमन गर्न आरुनो सामर्थ्यभित्रका सबै आवश्यक र उचित उपायहरू नअपनाएको वा अनुसन्धान र अभियोजनका लागि सक्षम निकायहरूसमक्ष सो विषय प्रस्तुत नगरेको भए।

धारा २९: हदम्याद कानुन नलाग्ने

अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूमा कुनै हदम्याद कानुन लागू हुने छैन।

धारा ३०: मानसिक तत्व

१) अन्यथा व्यवस्था भएमाबाहेक, मनसायपूर्वक र ज्ञानपूर्वक, भौतिक अपराधतत्व (मेटेरिएल इलिमेन्ट) घटित गराएको भएमामात्र कुनै व्यक्ति अदालतको अधिकारक्षेत्रभित्रको कुनै अपराधमा आपराधिक-रूपमा उत्तरदायी र सजायको भागी हुनेछ।

२) यस धाराको प्रयोजनका लागि, व्यक्तिको मनसाय भन्नाले निम्नलिखित अवस्थालाई जनाउनेछ:

(क) क्रियाकलापका सन्दर्भमा सो क्रियाकलापमा त्यो व्यक्ति संलग्न हुन चाहेको;

(ख) परिणामका सन्दर्भमा त्यो व्यक्तिले परिणाम उत्पन्न गराउन चाहेको वा सामान्य घटनाक्रममा यस्तो हुन्छ भन्ने कुरामा सचेत रहेको।

३) यस धाराको प्रयोजनका लागि "ज्ञान" भन्नाले यस्तो परिस्थिति छ वा घटनाको सामान्य प्रक्रियामा यस्तो परिणाम आउन सक्छ भन्ने कुराको सचेततालाई जनाउनेछ। "जान्नु" वा "ज्ञानपूर्वक" लाई पनि यसै गरी व्याख्या गरिनेछ।

धारा ३१: फौजदारी उत्तरदायित्वबाट अलग्याउने आधारहरू

१) फौजदारी उत्तरदायित्वबाट बाहेक गर्ने यस विधानमा व्यवस्था गरिएका अन्य आधारहरूका अतिरिक्त कुनै व्यक्ति आपराधिकरूपमा जिम्मेवार हुने छैन यदि सो कार्य गर्दाको समयमा सो व्यक्ति;

(क) निजले गरेको कार्य गैरकानुनी भएको वा सो कार्यको प्रकृतिको हेक्का राख्ने क्षमता वा कानुनले चाहेअनुसार निजको कार्यमाथि नियन्त्रण राख्ने क्षमतालाई समाप्त गर्ने गरी सो व्यक्ति मानसिक रोग वा कमजोरीले ग्रस्त भएमा;

(ख) मदोन्मत्तताको परिणामस्वरूप अदालतको अधिकारक्षेत्रअन्तर्गतको अपराध हुने कार्यमा संलग्न हुन सक्ने कुरा जानेर पनि वा जोखिमको बेवास्ता गरी स्वेच्छाले मदोन्मत्त भएको अवस्थामाबाहेक, निजले गरेको कार्यको वैधता वा प्रकृतिको हेक्का राख्ने क्षमता वा कानुनले चाहेअनुसार आफ्नो कार्यमाथि नियन्त्रण राख्ने क्षमतालाई नष्ट गर्ने गरी सो व्यक्ति मदोन्मत्त अवस्थामा रहेकोमा;

(ग) आफैलाई वा अर्को व्यक्तिलाई हुने वा सैनिक लक्ष्य पूरा गर्न आवश्यक पर्ने सम्पत्तिको सुरक्षाका लागि बचाउन युद्धअपराधको हकमा सो व्यक्ति वा अन्य व्यक्ति बाँचिरहनको लागि आवश्यक व्यक्ति आफूलाई वा अन्य व्यक्ति वा संरक्षित सम्पत्तिलाई हुने खतराको मात्रासँग समानुपातिक तरिकाले आसन्न र गैरकानुनी शक्तिको प्रयोगका विरुद्ध सो व्यक्तिले युक्तिसङ्गत रूपले काम गरेको भएमा। सेनाले चलाएको प्रतिरक्षात्मक कारबाहीमा समावेश भएको तथ्य यस उपअनुच्छेदअन्तर्गत त्यस्तो व्यक्तिलाई फौजदारी उत्तरदायित्वबाट बाहेक गर्ने आधार बन्ने छैन।

(घ) अदालतको अधिकारक्षेत्र अपराध ठानिएको आचरण सो व्यक्ति वा अन्य व्यक्तिका विरुद्ध आसन्न मृत्यु वा भइरहेको वा आसन्न शारीरिक चोट पटकको त्रासको फलस्वरूप करकापबाट गरिएको भए र सो व्यक्तिले सो त्रासबाट जोगिन आवश्यक र युक्तिसङ्गत तरिकाले काम गरेको भए परन्तु सो व्यक्तिले टार्न खोजिएको हानिभन्दा ठूलो हानि गर्ने मनसाय नराखेको हुनु पर्नेछ। यस्तो डरत्रास

(१) या त अन्य व्यक्तिबाट गराइएको हुन सक्छ; वा

(२) सो व्यक्तिको नियन्त्रणभन्दा बाहिरको परिस्थितिले गर्दा उत्पन्न भएको हुन सक्छ।

२) आफूसमक्ष प्रस्तुत मुद्दामा यस विधानले व्यवस्था गरेका आपराधिक उत्तरदायित्वलाई बाहेक गर्ने आधार लागू हुनेबारे अदालतले निर्धारण गर्नेछ।

३) पुर्पक्ष हुँदा अदालतले आपराधिक दायित्वबाट बाहेक गर्न अनुच्छेद १ मा उल्लिखित आधारहरूभन्दा अलग अन्य आधारबाट विचार गर्न सक्नेछ जहाँ यस्तो आधार धारा २१ मा उल्लिखित लागू हुने कानुनबाट नि:सृत भएको अवस्था रहेछ भने । यस्तो आधारबाट विचार गर्ने प्रक्रियाहरू कार्यविधि तथा प्रमाणसम्बन्धी नियमहरूमा व्यवस्था गरिनेछ।

धारा ३२: तथ्य वा कानुनको भ्रम

१) अपराधले खोजेको मनसाय तत्वलाई इन्कार गर्ने भएमात्र तथ्यको भ्रम आपराधिक दायित्वलाई बाहेक गर्ने आधार हुनेछ।

२) अदालतको अधिकारक्षेत्रभित्रको अपराधको हो होइन भनी खास किसिमको क्रियाकलापस्वरूप भएको कानुनको भ्रम आपराधिक दायित्वलाई बाहेक गर्ने आधार हुनेछैन। तथापि, अपराधले खोजेको मनसायतत्वलाई इन्कार गर्ने गरी भएको वा धारा ३३ को व्यवस्थाबमोजिमको कानुनको भ्रम आपराधिक दायित्व बाहेक गर्ने आधार हुन सक्नेछ।

धारा ३३: माथिल्लो आदेश र कानुनको निर्देश

१) सरकार वा सैनिक वा गैरसैनिक तालुकवालको आदेशअनुसार कुनै व्यक्तिले गरेको अदालतको अधिकारक्षेत्रभित्रको अपराधमा देहायको अवस्थामाबाहेक त्यस्तो व्यक्तिलाई आपराधिक उत्तरदायित्वबाट छुट हुने छैन:

(क) प्रश्न उठेको सरकार वा माथिल्लोको आदेशहरूको पालना गर्न सो व्यक्तिमाथि कानुनी दायित्व रहेको भए;

(ख) आदेश कानुनविपरीत थियो भन्ने कुरा सो व्यक्तिलाई थाहा नभएको भए; र

(ग) आदेश स्पष्टरूपमा कानुनविपरीत देखिने नभएको भए।

२) यस धाराको प्रयोजनका लागि आमसंहार वा मानवताविरुद्धको अपराध गर्ने आदेश स्पष्टरूपमा कानुनविपरीत हुनेछ।

खण्ड ४
अदालतको बनोट र प्रशासन

धारा ३४: अदालतका अङ्गहरू

अदालतका देहायका अङ्गहरू रहनेछन् :

(क) अध्यक्षता;

(ख) पुनरावेदन विभाग, पुर्पक्ष विभाग र पूर्वपुर्पक्ष विभाग;

(ग) अभियोक्ताको कार्यालय;

(घ) दर्ता।

धारा ३५: न्यायाधीशहरूको सेवा

१) सबै न्यायाधीशहरू अदालतको पूर्णकालीन सदस्यका रूपमा निर्वाचित हुनेछन् र तिनको पदाधिकारको प्रारम्भबाट सोही आधारमा सेवा प्रदान गर्न उपलब्ध हुनेछन्।

२) अध्यक्षतामा रहने न्यायाधीशहरूले निर्वाचित हुनासाथ पूर्णकालीनरूपमा सेवा गर्नेछन्।

३) अध्यक्षताले अदालतको कार्यभारका आधारमा र यसका सदस्यहरूको परामर्शमा बाँकी न्यायाधीशहरूले पूर्णकालीनरूपमा कति समय सेवा गर्न आवश्यक पर्ने हो भन्नेबारेमा समयसमयमा निर्णय गर्नेछ। यस्तो कुनै पनि बन्दोबस्त धारा ४० को व्यवस्थाप्रति पूर्वाग्रहरहित हुनेछ।

४) पूर्णकालीनरूपमा काम गर्नु नपर्ने न्यायाधीशहरूका लागि हुने वित्तीय बन्दोबस्त धारा ४९ मा व्यवस्था गरिएबमोजिम हुनेछ।

धारा ३६: न्यायाधीशहरूको योग्यता, मनोनयन र निर्वाचन

१) अनुच्छेद २ को व्यवस्थाको अधीन रही अदालतमा १८ जना न्यायाधीशहरू रहनेछन्।

२) अदालतकातर्फबाट अध्यक्षताले सङ्ख्या बढाउन आवश्यक र उचित ठानिएको कारण औंल्याउँदै अनुच्छेद १ मा तोकिएका न्यायाधीशहरूको सङ्ख्या बढाउन

प्रस्ताव गर्न सक्नेछ। रजिस्ट्रारले यस्तो कुनै पनि प्रस्तावलाई सबै राज्यपक्षहरूलाई शीघ्र परिपत्र गर्नेछ।

(क) यस्तो जुनसुकै प्रस्ताव तत्पश्चात् धारा ११२ अनुसार हुने राज्यपक्षहरूको सभाको बैठकमा विचार गरिनेछ। राज्यपक्षहरूको सभाका दुईतिहाइ सदस्यहरूको मतदानबाट बैठकमा प्रस्ताव स्वीकृत भएमा सो प्रस्ताव पारित भई जारी भएको मानिनेछ र राज्यपक्षहरूको सभाले निर्णय गरेअनुसारको मितिबाट लागू हुनेछ।

(ख) (१) उपअनुच्छेद (ख) अन्तर्गत न्यायाधीशहरूको सङ्ख्या बढाउने प्रस्ताव पारित भएपछि, अतिरिक्त न्यायाधीशहरूको निर्वाचन राज्यपक्षहरूको सभाको त्यसपछिको सत्रमा अनुच्छेद ३ देखि ८ र धारा ३७, अनुच्छेद २ अनुसार हुनेछ।

(२) न्यायाधीशहरूको सङ्ख्या बढाउने प्रस्ताव उपअनुच्छेद (ख) र (ग) (१) अन्तर्गत जारी भई प्रभावकारी भएपछि, त्यसपछिको जुनसुकै समयमा, अदालतको कार्यभारले उचित दर्साएमा, अनुच्छेद १ मा तोकिएको सङ्ख्याभन्दा कम नहुने गरी न्यायाधीशहरूको सङ्ख्या घटाउने प्रस्ताव गर्न अध्यक्षतालाई खुला रहनेछ। यस्तो प्रस्तावलाई उपअनुच्छेद (क) र (ख) मा तोकिएको कार्यविधि अपनाएर कारबाही चलाइनेछ। प्रस्ताव पारित भएको अवस्थामा, आवश्यक सङ्ख्यामा नपुगुन्जेलसम्म न्यायाधीशहरूको सङ्ख्या सेवारत न्यायाधीशहरूको पदावधि समाप्त हुने क्रमसँगै क्रमशः घट्दै जानेछ।

३) (क) आ-आफ्नो सम्बन्धित राज्यहरूका सर्वोच्च न्यायिक पदहरूमा नियुक्त हुन योग्यता पुगेका उच्च नैतिक चरित्र, निष्पक्ष र इमान्दार व्यक्तिहरूमध्येबाट न्यायाधीशहरू चयन हुनेछन्।

(ख) अदालतको निर्वाचनका लागि हरेक उम्मेदवारः

(१) फौजदारी कानुन र कार्यविधिमा स्थापित सक्षमता र न्यायाधीश, अभियोक्ता, अधिवक्ता वा यस्तै अन्य हैसियतमा फौजदारी कारबाहीमा आवश्यक सान्दर्भिक अनुभव भएको हुनेछन्; वा

(२) अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकार कानुनजस्ता

अन्तर्राष्ट्रिय कानुनका सान्दर्भिक क्षेत्रमा स्थापित सक्षमता र अदालतको न्यायिक कार्यसँग सान्दर्भिक व्यावसायिक कानुनी क्षमताको गहन अनुभव भएका हुनेछन्।

(ग) अदालतको निर्वाचनका लागि हरेक उम्मेदवार अदालतको कामकाजी भाषामध्ये कम्तीमा एकको उत्कृष्ट ज्ञान भएको र त्यो भाषा धाराप्रवाह बोल्न सक्ने हुनेछन्।

४) (क)अदालतमा निर्वाचनका लागि उम्मेदवारको मनोनयन यस विधानको राज्यपक्षबाट गरिनेछ र

(१) सम्बन्धित राज्यको सर्वोच्च न्यायिक पदमा उम्मेदवारको नियुक्तिको मनोनयनको कार्यविधिद्वारा; वा

(२) अन्तर्राष्ट्रिय न्यायालयको उम्मेदवारको मनोनयनका लागि सोको विधानमा व्यवस्था गरिएको कार्यविधिअनुसार गरिनेछ।

मनोनयनसाथ अनुच्छेद ३ को योग्यता उम्मेदवारले कसरी पूरा गर्छ भन्ने कुरा खुलाएको आवश्यक विवरणयुक्त वक्तव्य संलग्न हुनेछ।

(ख) हरेक राज्यपक्षले सोही राज्यपक्षको नागरिक नै हुनुपर्ने नभए पनि कुनै राज्यपक्षको नागरिक रहेको व्यक्तिलाई तोकिएको कुनै पनि निर्वाचनको उम्मेदवारका रूपमा प्रस्तुत गर्न सक्नेछ।

(ग) राज्यपक्षहरूको सभाले उपयुक्त सम्झेमा मनोनयनसम्बन्धी एउटा परामर्श-समिति स्थापना गर्ने निर्णय गर्न सक्नेछ। यसो भएमा समितिको बनोट र कार्यशर्त राज्यपक्षहरूको सभाद्वारा निर्धारित हुनेछ।

५) निर्वाचनको प्रयोजनका लागि उम्मेदवारहरूका दुईटा सूची हुनेछन्:

अनुच्छेद ३ (ख) (१) मा तोकिएको योग्यता भएका उम्मेदवारहरूको नामहरू रहेको सूची क; र अनुच्छेद ३ (ख) (२) मा तोकिएको योग्यता भएका उम्मेदवारहरूको नामहरू रहेको सूची "ख"।

दुवै सूचीका योग्यताहरू पर्याप्त रहेको उम्मेदवारले आफूले रहन चाहेको सूची छान्न सक्नेछन्। अदालतको पहिलो निर्वाचनमा सूची "क" बाट कम्तीमा नौजना र सूची "ख" बाट कम्तीमा पाँचजना न्यायाधीशहरू निर्वाचित हुनेछन्। त्यसपछिका

निर्वाचनहरू दुवै सूचीका योग्य न्यायाधीशहरूको अदालतमा समानुपात कायम रहने गरी गरिनेछन्।

६) (क)न्यायाधीशहरू धारा ११२ अन्तर्गत सो प्रयोजनका लागि बोलाइएको राज्यपक्षहरूको भेलाको बैठकमा गोप्य मतदानद्वारा निर्वाचित हुनेछन्। अनुच्छेद ७ को अधीन रही, उच्चतम मतसङ्ख्या प्राप्त गर्ने र उपस्थित र मतदान गर्ने राज्यपक्षको दुईतिहाइ बहुमतप्राप्त १८ जना उम्मेदवारहरू अदालतका लागि निर्वाचित व्यक्ति हुनेछन्।

(ख) पहिलो मतदानबाट पर्याप्त सङ्ख्यामा न्यायाधीशहरू निर्वाचित हुन नसकेको खण्डमा, बाँकी स्थानहरू पूरा नहुन्जेलसम्म उपअनुच्छेद (क) मा व्यवस्थित कार्यविधिअनुसार क्रमशः मतदान हुनेछन्।

७) दुई न्यायाधीशहरू एकै राज्यका नागरिकहरू हुन सक्नेछैनन्। अदालतको सदस्यताको लागि एकभन्दा बढी राज्यको नागरिक मानिन सक्ने कुनै पनि व्यक्ति निजले सामान्यतया नागरिक र राजनीतिक अधिकार प्रयोग गर्ने गरेको राज्यको नागरिक ठानिनेछ।

८) (क)न्यायाधीशहरूको छनोटमा राज्यपक्षहरूले अदालतको सदस्यताभित्र निम्नलिखित कुराको आवश्यकतालाई ध्यान दिनेछन्:

(१) विश्वका प्रमुख कानुनी प्रणालीहरूको प्रतिनिधित्व;

(२) समन्यायिक भौगोलिक प्रतिनिधित्व; र

(३) महिला र पुरुष न्यायाधीशहरूको उचित प्रतिनिधित्व।

(ख) राज्यपक्षहरूले महिला र बालबालिकाविरुद्धको हिंसालगायत्का, तर यसैमा मात्र सीमित नहुने गरी,

खास सवालमा कानुनी विशेषज्ञता भएका न्यायाधीशहरूलाई समावेश गर्ने खाँचोलाई पनि ध्यानमा राख्नेछन्।

९) (क) उपअनुच्छेद (ख) को अधीन रही, न्यायाधीशहरू नौ वर्ष पदमा बहाल हुनेछन् र उपअनुच्छेद (ग) र धारा ३७, अनुच्छेद २ को अधीन रही पुनर्निर्वाचनका लागि योग्य हुने छैनन्।

(ख) पहिलो निर्वाचनमा गोलाप्रथाद्वारा एकतिहाइ न्यायाधीशहरू तीन वर्षको कार्यकालका लागि; एकतिहाई न्यायाधीशहरू गोला प्रथाद्वारा छ वर्षको

कार्यकालका लागि छनोट हुने छन् र बाँकी न्यायाधीशहरू नौ वर्षको कार्यकालका लागि छनोट हुनेछन्।

(ग) उपअनुच्छेद (ख) अनुसार तीन वर्षको कार्यकालको लागि सेवा गर्न छनोट भएको न्यायाधीश एक पूर्ण कार्यकालका लागि पुनर्निर्वाचित हुन योग्य हुनेछ।

१०) अनुच्छेद ९ मा जेसुकै लेखिएको भए पनि, धारा ३९ बमोजिम पुर्पक्ष वा पुनरावेदन कार्यकक्षमा कार्यभार तोकिएको न्यायाधीश सो कार्यकक्षमा सुरु भइसकेको पुर्पक्ष वा पुनरावेदनको सुनुवाइ पूरा गरुन्जेलसम्म पदमा कायम रहनेछ।

धारा ३७: पद रिक्तता

१) पद रिक्त भएको अवस्थामा सो पदपूर्तिको लागि धारा ३६ अनुसार निर्वाचन हुनेछ।

२) रिक्त पदपूर्तिका लागि निर्वाचित न्यायाधीशले पूर्ववर्तीको पदावधिको बाँकी अवधिका लागि पदाधिकार बहन गर्नेछ र त्यो अवधि तीन वर्ष वा सोभन्दा कम भएमा धारा ३६ अनुसार एक पूर्ण पदावधिका लागि पुनर्निर्वाचित हुन योग्य हुनेछ।

धारा ३८: अध्यक्षता

१) अध्यक्ष र प्रथम तथा द्वितीय उपाध्यक्षहरू न्यायाधीशहरूको पूर्ण बहुमतबाट निर्वाचित हुनेछन्। हरेक तीन वर्षको कार्यकालको लागि वा न्यायाधीशको रूपमा तिनको पदावधिको अन्तसम्म तीमध्ये जुन पहिले समाप्त हुन्छ त्यही अवधिसम्मका लागि पदमा रहनेछन्। उनीहरू अरू एक पटकसम्म पुनर्निर्वाचनका लागि योग्य हुनेछन्।

२) अध्यक्ष उपलब्ध नभएको वा अयोग्य भएको अवस्थामा प्रथम उपाध्यक्षले अध्यक्षको रूपमा कार्य गर्नेछन्। अध्यक्ष र प्रथम उपाध्यक्ष दुवै उपलब्ध नभएको वा अयोग्य भएको अवस्थामा द्वितीय उपाध्यक्षले अध्यक्ष भई काम गर्नेछन्।

३) प्रथम र द्वितीय उपाध्यक्षसहित अध्यक्षले अध्यक्षताको गठन गर्नेछन्, जो निम्नलिखित कार्यका लागि जिम्मेवार हुनेछ:

(क) अभियोक्ताको कार्यालयबाहेक अदालतको उचित प्रशासन≤ र

(ख) यस विधानअनुसार यसलाई प्रदान गरिएका अन्य कार्यहरू।

४) अनुच्छेद ३ (क) अनुसारको जिम्मेवारी सम्पादन गर्ने सिलसिलामा अध्यक्षताले पारस्पारिक सरोकारका मामिलामा अभियोक्तासँग समन्वय गर्ने र निजको सम्मति लिनेछ।

धारा ३९: कार्यकक्ष

१) न्यायाधीशहरूको निर्वाचन भएपछि सकेसम्म चाँडो, अदालतले आफूलाई धारा ३४, अनुच्छेद (ख) मा निर्दिष्ट भएअनुसार विभागहरूमा व्यवस्थित गर्नेछन्। पुनरावेदन विभागमा अध्यक्ष र चार सदस्यहरू, पुर्पक्ष विभागमा छजनामा नघटाइ न्यायाधीशहरू र पूर्वपुर्पक्ष विभागमा कम्तीमा छजना न्यायाधीशहरू रहनेछन्। विभागहरूमा न्यायाधीशहरू तोक्ने काम हरेक विभागले सम्पादन गर्नुपर्ने कार्यहरूको प्रकृति र हरेक विभागमा फौजदारी कानुन, कार्यविधि र अन्तर्राष्ट्रिय कानुनको विशेषज्ञताको उपयुक्त संयोजन रहने गरी अदालतमा निर्वाचित न्यायाधीशहरूको योग्यता र अनुभवमा आधारित हुनेछ। पुर्पक्ष र पूर्वपुर्पक्ष विभागहरूको गठन फौजदारी पुर्पक्षको अनुभव भएका न्यायाधीशहरूको बाहुल्य रहने गरी गरिनेछ।

२) (क) अदालतका न्यायिक कामहरू हरेक विभागमा कार्यकक्षहरूद्वारा सम्पादन गरिनेछन्।

(ख) (१) पुनरावेदन कार्यकक्षमा पुनरावेदन विभागका सबै न्यायाधीश रहने छन्;

(२) पुर्पक्ष कार्यकक्षको कामकारबाही पुर्पक्ष विभागका तीनजना न्यायाधीशहरूबाट सम्पादन हुनेछन्;

(३) पूर्वपुर्पक्ष कार्यकक्षको कामकारबाही यस विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार पूर्वपुर्पक्ष विभागका तीनजना न्यायाधीशहरू वा एकजना न्यायाधीशबाट सम्पादन हुनेछ।

(ग) यस अनुच्छेदको कुनै कुराले अदालतको कार्यभारको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक भएअनुसार तत्कालै एकभन्दा बढी पुर्पक्ष कार्यकक्ष वा पूर्वपुर्पक्ष कार्यकक्षको गठन गर्ने कुरालाई रोक्ने छैन्।

३) (क) पुर्पक्ष र पूर्वपुर्पक्ष विभागहरूमा तोकिएका न्यायाधीशहरूले ती विभागहरूमा तीन वर्ष र त्यसपछि सम्बन्धित विभागमा अगावै सुरु भइसकेको कुनै मुद्दाको सुनुवाइ नसकिएसम्म सेवा गर्नेछ।

(ख) पुनरावेदन विभागमा तोकिएका न्यायाधीशहरूले उनीहरूको पूरै पदावधिभर त्यसै विभागमा सेवा गर्नेछन्।

४) पुनरावेदन विभागमा तोकिएका न्यायाधीशहरूले त्यसै विभागमा मात्र सेवा गर्नेछन्। तथापि, अदालतको कार्यभारको प्रभावकारी व्यवस्थापनको लागि आवश्यक भएको अध्यक्षताले देखेमा, कुनै मुद्दाको पूर्वपुर्पक्ष चरणमा सहभागी भएको कुनै पनि न्यायाधीश सो मुद्दाको पुर्पक्षको सुनुवाइमा कुनै पनि अवस्थामा बस्न नपाउने गरी, पुर्पक्ष विभागको न्यायाधीशलाई पूर्वपूर्पक्षविभागमा र पूर्वपुर्पक्ष विभागको न्यायाधीशलाई पुर्पक्ष विभागमा अस्थायीरूपमा संलग्न गराउन यस धाराको कुनै कुराले बाधा गर्नेछैन।

धारा ४०: न्यायाधीशहरूको स्वतन्त्रता

१) न्यायाधीशहरू उनीहरूको कार्यसम्पादनमा स्वतन्त्र हुनेछन्।

२) उनीहरूको न्यायिक कामकारबाहीमा हस्तक्षेप हुनसक्ने वा उनीहरूको न्यायिक स्वतन्त्रताको विश्वासलाई असर पार्नसक्ने कुनै पनि क्रियाकलापमा न्यायाधीशहरू संलग्न हुनेछैनन्।

३) अदालतको पदमा पूर्णकालीनरूपमा सेवा गर्नुपर्ने न्यायाधीशहरू व्यावसायिक प्रकृतिको कुनै पनि पेसामा संलग्न हुने छैनन्।

४) अनुच्छेद २ र ३ को प्रयोगसम्बन्धी कुनै पनि प्रश्न बहुमत न्यायाधीशहरूबाट निर्णय हुनेछ। कुनै न्यायाधीशविशेषसँग सम्बन्धित यस्तो प्रश्नबारे निजले निर्णयमा भाग लिनेछैन।

धारा ४१: न्यायाधीशहरूलाई स्वतन्त्रता र उनीहरूको अयोग्यता

१) कुनै न्यायाधीशको अनुरोधमा, अध्यक्षताले कार्यविधि तथा प्रमाण

नियमावलीअनुसार यस विधानअन्तर्गतको कुनै काम गर्नबाट निजलाई अलग्याउन सक्नेछ।

२) (क) कुनै आधारमा निजको निष्पक्षताउपर मनासिब शङ्का हुनसक्ने कुनै पनि मुद्दामा न्यायाधीश संलग्न हुने छैन।

अन्य कुराको अतिरिक्त, अदालतसमक्षको कुनै मुद्दामा वा अनुसन्धान वा अभियोजन भइरहेको व्यक्ति समावेश रहेको राष्ट्रिय तहको कुनै सम्बन्धित फौजदारी मुद्दामा जुनसुकै क्षमतामा पहिले संलग्न भैसकेको न्यायाधीश सो मुद्दा हेर्नका लागि यस अनुच्छेदअनुसार अयोग्य हुनेछ। कार्यविधि तथा प्रमाण नियमावलीले व्यवस्था गरेबमोजिमका यस्ता अन्य आधारहरूमा पनि न्यायाधीश अयोग्य हुनेछ।

(ख) अभियोक्ताले वा अनुसन्धान वा अभियोजन भइरहेको व्यक्तिले यस अनुच्छेद अनुसार कुनै न्यायाधीशको अयोग्यताका लागि अनुरोध गर्न सक्नेछ।

(ग) न्यायाधीशको अयोग्यतासम्बन्धी प्रश्नउपर न्यायाधीशहरूको पूर्ण बहुमतबाट निर्णय लिइनेछ।

जुन न्यायाधीशको बारेमा प्रश्न उठेको हो सम्बन्धित विषयमा टिप्पणी गर्ने हक उनलाई रहनेछ तर निर्णयमा निजले भाग लिनेछैनन्।

धारा ४२: अभियोक्ताको कार्यालय

१) अभियोक्ताको कार्यालयले अदालतको अलग अङ्गका रूपमा स्वतन्त्रतापूर्वक कार्य गर्नेछ। अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूसम्बन्धी सिफारिसहरू र कुनै प्रमाणीकृत सूचना परीक्षणका लागि प्राप्त गर्न एवं अनुसन्धानहरू गर्न र अदालतसमक्ष अभियोजन गर्न यो जिम्मेवार रहनेछ। कार्यालयको कुनै सदस्यले कुनै बाहिरी स्रोतबाट निर्देशनहरू खोज्ने वा त्यस्तो निर्देशनमा काम गर्ने छैन।

२) कार्यालयको नेतृत्व अभियोक्ताद्वारा गरिनेछ। कार्यालयका कर्मचारी, सरसुविधा तथा अन्य स्रोतसाधनलगायत्को व्यवस्थापन र प्रशासनउपर अभियोक्ताको

पूरा अधिकार हुनेछ। अभियोक्तालाई एक वा बढी नायब अभियोक्ताहरूले सहयोग गर्नेछन्, जसलाई यस विधानअन्तर्गत अभियोक्ताले गर्नुपर्ने कार्यहरू सम्पादन गर्ने अधिकार हुनेछ। अभियोक्ता र नायव अभियोक्ताहरू फरक राष्ट्रियताका हुनेछ। उनीहरूले पूर्णकालीन आधारमा सेवा गर्नेछन्।

३) अभियोक्ता तथा नायब अभियोक्ताहरू उच्च नैतिक चरित्र भएका, फौजदारी मुद्दाको अभियोजन वा पुर्पक्षमा अत्यन्त सक्षम र गहन व्यावहारिक अनुभव भएका हुनेछन्। उनीहरू अदालतको कम्तीमा एक कामकाजी भाषाको उत्कृष्ट ज्ञान भएका र धाराप्रवाह बोल्न सक्ने हुनेछन्।

४) अभियोक्ता राज्यपक्षहरूको भेलाका सदस्यहरूको गोप्य मतदानबाट प्राप्त पूर्ण बहुमतद्वारा निर्वाचित हुनेछन्। नायब अभियोक्ताहरू अभियोक्ताले उपलब्ध गराएको उम्मेदवारहरूको सूचीबाट समान तरिकाले निर्वाचित हुनेछन्। पूर्ति हुनुपर्ने नायब अभियोक्ताको हरेक पदका लागि अभियोक्ताले तीनजना उम्मेदवार मनोनयन गर्नेछ। निर्वाचन हुँदाको समयमा छोटो पदावधि कायम गरिएमाबाहेक, अभियोक्ता र नायब अभियोक्ताहरूले नौ वर्ष पदमा रही काम गर्नेछन् र पुनर्निर्वाचनका लागि योग्य हुनेछैनन्।

५) अभियोक्ता वा नायब अभियोक्ता कसैले पनि निजको अभियोजनात्मक कामकारबाहीलाई हस्तक्षेप गर्न सक्ने र निजको स्वतन्त्रताप्रतिको विश्वासलाई असर पार्न सक्ने कुनै पनि क्रियाकलापमा संलग्न हुने छैनन्। उनीहरू व्यावसायिक प्रकृतिको अन्य कुनै पेसामा संलग्न हुने छैनन्।

६) अध्यक्षताले अभियोक्ता वा नायब अभियोक्तालाई निजको अनुरोधमा निजलाई खास मुद्दामा काम गर्नबाट छुटकारा दिन सक्नेछ।

७) अभियोक्ता वा नायब अभियोक्ता कसैले पनि कुनै पनि आधारमा उनीहरूको निष्पक्षतामाथि मनासिब शङ्का हुन सक्ने कुनै पनि मामिलामा सहभागी हुने छैनन्। अन्य कुराको अतिरिक्त, अदालतसमक्ष उक्त मुद्दा वा अनुसन्धान वा अभियोजन भइरहेको व्यक्ति समावेश रहेको राष्ट्रिय तहको कुनै सम्बद्ध फौजदारी मुद्दामा जुनसुकै क्षमतामा पहिले संलग्न भइसकेको भए ती मुद्दाको कारबाहीका लागि उनीहरू यस अनुच्छेदअनुसार अयोग्य हुनेछन्।

८) अभियोक्ता वा नायब अभियोक्ताको अयोग्यता बारेको कुनै पनि प्रश्न पुनरावेदन कार्यकक्षबाट निर्णय हुनेछः

(क) अनुसन्धान वा अभियोजन भइरहेको व्यक्तिले यस धारामा उल्लिखित आधारहरूमा अभियोक्ता वा नायब अभियोक्ताको अयोग्यताका लागि जुनसुकै समयमा अनुरोध गर्न सक्नेछ;

(ख) अभियोक्ता वा नायब अभियोक्ताले, उपयुक्त भएअनुसार सम्बन्धित विषयमा आफ्नो टिप्पणी प्रस्तुत गर्न पाउनेछ।

९) अभियोक्ताले सोहीमा मात्र सीमित नहुने गरी, यौन तथा लैङ्गिक हिंसा तथा बालबालिकाविरुद्धको हिंसालगायत्का खासखास विषयमा कानुनी विशेषज्ञता भएका सल्लाहकारहरू नियुक्त गर्नेछ।

धारा ४३ः दर्ताकक्ष

१) धारा ४२ अनुसारको अभियोक्ताको अधिकार र कामकारबाहीप्रति प्रतिकूल प्रभाव नपर्ने गरी दर्ताकक्ष अदालतको प्रशासन तथा सेवाको गैरन्यायिक क्षेत्रमा जिम्मेवार हुनेछ।

२) रजिस्ट्रार दर्ता कक्षको प्रमुख हुनेछन्, जो अदालतको प्रमुख प्रशासनिक अधिकारी हुनेछ। अदालतका अध्यक्षको अख्तियारीका मातहत रजिस्ट्रारले आफ्नो कामकारबाही बढाउनेछ।

३) रजिस्ट्रार तथा नायब रजिस्ट्रार उच्च नैतिक चरित्र भएका अत्यन्त सक्षम, अदालतको कम्तीमा एक कामकाजी भाषाको उत्कृष्ट ज्ञान भएका र धाराप्रवाह बोल्न सक्ने हुनेछन्।

४) राज्यपक्षहरूको सभाले गरेको कुनै पनि सिफारिसलाई ध्यानमा राखी, न्यायाधीशहरूले गोप्य मतदान गरी पूर्ण बहुमतद्वारा रजिस्ट्रार निर्वाचित गर्नेछन्। आवश्यकता भएमा र रजिस्ट्रारको सिफारिसमा न्यायाधीशहरूले समान तरिकाले नायब रजिस्ट्रार निर्वाचित गर्नेछन्।

५) रजिस्ट्रारको कार्यकाल पाँच वर्षको हुनेछ, एक पटकका लागि पुनर्निर्वाचित हुन योग्य हुनेछ र पूर्णकालीनरूपमा सेवा गर्नेछन्। नायब रजिस्ट्रारको कार्यकाल पाँच वर्ष वा न्यायाधीशहरूको पूर्ण बहुमतले सोभन्दा कम अवधिका

लागि निर्णय गरेमा निर्णयअनुसार हुनेछ र आवश्यकताअनुसार सेवा गर्न नायब रजिस्ट्रारको माग गरिएको आधारमा निर्वाचित हुन सक्नेछ।

६) रजिस्ट्रारले दर्ताकक्षभित्र एक पीडित तथा साक्षी एकाइको स्थापना गर्नेछ। यो एकाइले, अभियोक्ताको कार्यालयको परामर्शमा, अदालतसमक्ष उपस्थित भएका साक्षीहरू, पीडितहरू र यस्ता साक्षीहरूले साक्षी बकेका कारणले जोखिममा परेका अन्यलाई संरक्षणात्मक उपाय र सुरक्षाको बन्दोबस्त, परामर्श र अन्य उपयुक्त सहायता उपलब्ध गराउनेछ। एकाइले यौनहिंसाका अपराधहरूसँग सम्बन्धित आघातलगायत्का आघातबारेमा विशेषज्ञता रहेका कर्मचारीहरू समावेश गर्नेछ।

धारा ४४: कर्मचारीहरू

१) अभियोक्ता र रजिस्ट्रारले तिनका कार्यालयहरूमा आवश्यक भएअनुसार योग्य कर्मचारीहरू नियुक्त गर्नेछन्। अभियोक्ताका हकमा यसले अनुसन्धानकर्ताहरूको नियुक्तिलाई समेट्नेछ।

२) कर्मचारीहरूको नियुक्तिमा अभियोक्ता र रजिस्ट्रारले कार्यकुशलता, सक्षमता र इमान्दारीको उच्चतम मापदण्डहरू सुनिश्चित पार्नेछन् र धारा ३६, अनुच्छेद ८ ले कायम गरेको मानकहरूको यथोचित परिवर्तनसहित पालना गर्नेछन्।

३) अध्यक्षता र अभियोक्ताको सहमतिमा रजिस्ट्रारले अदालतका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक तथा बर्खास्त गर्ने शर्त र अवस्थाहरू समावेश भएको कर्मचारी नियमावली प्रस्ताव गर्नेछ। कर्मचारी नियमावली राज्यपक्षहरूको सभाबाट स्वीकृत हुनेछ।

४) अदालतले, अपवादजनक परिस्थितिमा, अदालतको कुनै पनि अङ्गको काममा सघाउ पुऱ्याउन राज्यपक्षहरू, अन्तरसरकारी सङ्गठनहरू वा गैरसरकारी संस्थाहरूले प्रस्ताव गरेका अवैतनिक कर्मचारीहरूको विशेषज्ञता प्रयोग गर्न सक्नेछ। अभियोक्ताले अभियोक्ताको कार्यालयको तर्फबाट यस्ता कुनै पनि प्रस्ताव सकार्न सक्नेछ। यस्ता अवैतनिक कर्मचारीहरूलाई राज्यपक्षहरूको सभाद्वारा स्थापित मार्गदर्शनअनुसार नियुक्त गरिनेछ।

धारा ४५: औपचारिक प्रतिज्ञा

यस विधानअन्तर्गत आ-आफ्नो अभिभारा सम्भाल्नुअघि न्यायाधीशहरू, अभियोक्ता, नायब अभियोक्ताहरू, रजिस्ट्रार र नायब रजिष्ट्रार हरेकले आफ्नो पदसँग सम्बन्धित कार्यहरू निष्पक्षता तथा सचेष्टतापूर्वक सम्पादन गर्ने खुला इजलासमा औपचारिक प्रतिज्ञा गर्नुपर्नेछ।

धारा ४६: पदबाट निष्कासन

१) अनुच्छेद २ अनुसार पदबाट हटाउने निर्णय भएमा न्यायाधीश, अभियोक्ता, नायब अभियोक्ता, रजिस्ट्रार वा नायब रजिस्ट्रार पदबाट निम्नलिखित अवस्थामा पदमुक्त हुनेछन्:

(क) कार्यविधि तथा प्रमाण नियमावलीले व्यवस्था गरेअनुसार यस विधान अन्तर्गत सो व्यक्तिले गम्भीर खराव आचरण गरेको वा निजको कर्तव्यको गम्भीर उल्लङ्घन गरेको ठहरिएमा;

(ख) सो व्यक्ति विधानले चाहेअनुसारको कामकारबाही गर्न असमर्थ भएमा।

२) न्यायाधीश, अभियोक्ता वा नायब अभियोक्तालाई अनुच्छेद १ अनुसार निष्कासन गर्ने निर्णय राज्यपक्षहरूको सभाबाट गोप्य मतदानद्वारा हुनेछ:

(क) न्यायाधीशका हकमा अन्य न्यायाधीशहरूको दुईतिहाइ बहुमतले पारित गरेको सिफारिसमा राज्यपक्षहरूको दुईतिहाई बहुमतबाट;

(ख अभियोक्ताका हकमा राज्यपक्षहरूको पूर्ण बहुमतबाट;

(ग) नायब अभियोक्ताको हकमा अभियोक्ताको सिफारिसमा राज्यपक्षहरूको पूर्ण बहुमतबाट।

३) रजिस्ट्रार वा नायब रजिस्ट्रारलाई पद मुक्त गर्ने निर्णय न्यायाधीशहरूको पूर्ण बहुमतबाट हुनेछ।

४) विधानले चाहेअनुसारको पदीय कामकारबाही गर्ने योग्यता वा आचरणउपर यस धाराअन्तर्गत चुनौती गरिएका न्यायाधीश, अभियोक्ता, नायब अभियोक्ता, रजिस्ट्रार वा नायब रजिस्ट्रारलाई कार्यविधि तथा प्रमाण नियमावलीअनुसार प्रमाण प्रस्तुत गर्ने र प्राप्त गर्ने र आफ्नो कुरा प्रस्तुत गर्ने पूरा अवसर रहनेछ। विवादित व्यक्तिले सो विषयबारे विचार हुँदा अन्यथा सहभागी हुन भने पाउनेछैन।

धारा ४७: अनुशासनात्मक कारबाही

धारा ४६, अनुच्छेद १ मा व्यवस्था गरिएको भन्दा कम प्रकृतिको गम्भीर खराब आचरण गरेका न्यायाधीश, अभियोक्ता, नायब अभियोक्ता, रजिस्ट्रार वा नायब रजिस्ट्रारलाई कार्यविधि तथा प्रमाण नियमावलीअनुसार अनुशासनात्मक कारबाही हुनेछ।

धारा ४८: विशेषाधिकार र उन्मुक्ति

१) अदालतले हरेक राज्यपक्षको प्रादेशिक क्षेत्रमा यसका उद्देश्यहरूको परिपूर्तिका लागि आवश्यक भएका विशेषाधिकार र उन्मुक्तिहरूको उपभोग गर्नेछ।

२) न्यायाधीशहरू, अभियोक्ता, नायब अभियोक्ताहरू र रजिस्ट्रारले अदालतको काममा हुँदा वा त्यसको सिलसिलामा कूटनीतिक नियोगका प्रमुखसरहको विशेषाधिकार र उन्मुक्तिहरू उपभोग गर्नेछन् र पदीय कार्यकालको समाप्तिपछि पनि तिनले पदमा रहँदा बोलेको वा लेखेको र गरेका कार्यहरूका सन्दर्भमा सबै खालका कानुनी प्रक्रियाबाट पाएको उन्मुक्ति निरन्तररूपमा प्राप्त गरी रहने छन्।

३) नायब रजिस्ट्रार, अभियोक्ताको कार्यालयका कर्मचारी र दर्ताकक्षका कर्मचारीहरूले उनीहरूको कार्यसम्पादनका लागि अदालतको विशेषाधिकार र उन्मुक्तिसम्बन्धी सम्झौताअनुसार उनीहरूको कार्य सम्पादनका लागि आवश्यक पर्ने विशेषाधिकार, उन्मुक्ति र सरसुविधाहरू प्राप्त गर्नेछन्।

४) अदालतको मुख्यालयमा प्रस्तुत हुनुपर्ने परामर्शदाता, विज्ञ, साक्षीहरू वा अन्य कुनै व्यक्तिलाई अदालतको समुचित कामकारबाहीका लागि आवश्यक भएअनुसार अदालतको विशेषाधिकार र उन्मुक्तिसम्बन्धी सम्झौताअनुसारको व्यवहार गरिनेछ।

५) विशेषाधिकार र उन्मुक्तिहरू:

(क) न्यायाधीश वा अभियोक्ताको भए न्यायाधीशहरूको बहुमतबाट परित्याग गर्न सकिनेछ।

(ख) रजिस्ट्रारको भए अध्यक्षताबाट परित्याग गर्न सकिनेछ।

(ग) नायब अभियोक्ताहरू र अभियोक्ताका कार्यालयका कर्मचारीको भए अभियोक्ताबाट परित्याग गर्न सकिनेछ।

(घ) नायब रजिस्ट्रार र दर्ताकक्षका कर्मचारीको भए रजिस्ट्रारबाट परित्याग गर्न सकिनेछ।

धारा ४९: तलब, भत्ता र अन्य खर्च

न्यायाधीशहरू, अभियोक्ता, नायब अभियोक्ता, रजिस्ट्रार वा नायब रजिस्ट्रारले राज्यपक्षहरूको सभाले निर्णय गरेअनुसारको तलब, भत्ता र अन्य खर्च पाउनेछन्। यस्तो तलब र भत्ता तिनीहरूको पदावधिभर घटाइने छैन।

धारा ५०: आधिकारिक र कामकाजी भाषाहरू

१) अरबी, चिनियाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनिस भाषा अदालतका आधिकारिक भाषाहरू हुनेछन्। अदालतको फैसला साथसाथै अदालतसमक्ष रहेका मौलिक सवालहरूको समाधान गर्न भएका अन्य निर्णयहरू आधिकारिक भाषाहरूमा प्रकाशित हुनेछन्। यस अनुच्छेदको प्रयोजनका लागि कुन निर्णयहरू मौलिक सवालको समाधान गर्न भएका हुन सक्ने कुराको निर्धारण अध्यक्षताले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले स्थापना गरेको मानकअनुसार गर्नेछ।

२) अदालतको कामकाजी भाषाहरू अङ्ग्रेजी र फ्रान्सेली हुनेछन्। कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले कुन मामिलामा अरू आधिकारिक भाषाहरू कामकाजी भाषाका रूपमा प्रयोग हुन सक्छन् भन्ने कुरा निर्धारण गर्नेछ।

३) त्यस्तो आधिकारिकता दिनु पर्याप्त युक्तिसङ्गत छ भन्ने अदालतलाई लागेमा, कारबाहीको कुनै पक्ष वा कारबाहीमा हस्तक्षेप गर्न अनुमति पाएको राज्यको अनुरोधमा अदालतले त्यस्तो पक्ष वा राज्यले अङ्ग्रेजी वा फ्रेन्चबाहेक अर्को भाषा प्रयोग गर्ने आधिकारिकता प्रदान गर्नेछ।

धारा ५१: कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली

१) राज्यपक्षहरूको सभाका दुईतिहाइ सदस्यहरूद्वारा पारित भएपछि कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली लागू हुनेछ।

२) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीउपर देहायकाले संशोधन प्रस्ताव गर्न सक्नेछन्:

(क) कुनै राज्यपक्षले;

(ख) पूर्ण बहुमतद्वारा न्यायाधीशहरूले; वा

(ग) अभियोक्ताले।

यस्तो संशोधन राज्यपक्षहरूको सभाका दुईतिहाई सदस्यहरूले पारित गरेपछि लागू हुनेछ।

३) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली पारित भएपछि, नियमावलीले अत्यावश्यक मामिलामा अदालतसमक्ष रहेको कुनै विशेष अवस्थाको लागि व्यवस्था नगरेको स्थितिमा न्यायाधीशहरूले दुईतिहाई बहुमतद्वारा राज्यपक्षहरूको सभाको साधारण वा विशेष आगामी अधिवेशनबाट पारित, संशोधन वा अस्वीकृत नभएसम्मका लागि लागू हुने अस्थायी नियमहरू बनाउन सक्नेछन्।

४) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली, तिनमाथिका संशोधनहरू र कुनै पनि अस्थायी नियम यो विधानसङ्गत हुनेछन्। कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीका संशोधनहरूका साथै अस्थायी नियमहरू अनुसन्धान वा अभियोजन भइरहेको वा कसूरदार ठहर भइसकेको व्यक्तिलाई क्षति पुग्ने गरी भूतप्रभावीरूपमा लागू हुनेछैनन्।

५) विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली बाझिएको अवस्थामा विधानको व्यवस्था प्रभावकारी हुनेछ।

धारा ५२: अदालतको नियमावली

१) न्यायाधीशहरूले अदालतको नियमित कामकारबाहीका लागि आवश्यक नियमावली, यो विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार पूर्ण बहुमतद्वारा पारित गर्नेछन्।

२) नियमावलीको विस्तार र तिनका संशोधनहरूमा अभियोक्ता र रजिस्ट्रारसँग परामर्श गरिनेछ।

३) न्यायाधीशहरूबाट अन्यथा निर्णय भएमाबाहेक, नियमावली र तिनका संशोधनहरू पारित हुनासाथ प्रभावी हुनेछन्। पारित हुनासाथ प्रतिक्रियाका लागि तिनलाई राज्यपक्षहरूसमक्ष पठाइनेछ। छ महिनाभित्रमा बहुमत राज्यपक्षहरूबाट विरोध नआएमा तिनीहरू प्रभावी भइरहनेछन्।

खण्ड ५
अनुसन्धान र अभियोजन

धारा ५३: अनुसन्धानको शुरुआत

१) यस विधानअनुसार कारबाही बढाउन मनासिब आधार छैन भन्ने निजले निधो गरेमाबाहेक, अभियोक्ताले आफूलाई उपलब्ध भएका जानकारीहरूको मूल्याङ्कन गरी अनुसन्धान सुरु गर्नेछन्। अनुसन्धान गर्ने कि नगर्ने भन्ने बारेमा निर्णय गर्दा अभियोक्ताले निम्नलिखित विषयका बारे विचार गर्नेछ:

(क) अभियोक्तालाई उपलब्ध जानकारीले अदालतको अधिकार क्षेत्रभित्र अपराध भएको वा भैरहेको भन्ने विश्वास गर्ने मनासिब आधार उपलब्ध गराएको;

(ख) मुद्दा धारा १७ अन्तर्गत ग्राह्य छ वा हुन सक्नेछ; र

(ग) अपराधको गम्भीरता र पीडितहरूको हितलाई ध्यानमा राख्दा, अनुसन्धानले न्यायको हितमा काम गर्नेछैन भन्ने विश्वास गर्ने ठोस कारणहरू भएको।

२) अनुसन्धानबाट देहायका कारणले अभियोजनका लागि पर्याप्त आधार छैन भन्ने निष्कर्ष गरेमा, अभियोक्ताले पूर्वपुर्पक्ष कार्यकक्ष र धारा १४ अनुसार सिफारिस गरिपठाउने राज्य वा धारा १३ अनुच्छेद (ख) को मामिलामा हकमा सुरक्षा परिषद्लाई निजको निष्कर्ष र निष्कर्षका कारणहरू बारे जानकारी गराउनेछ:

(क) धारा ५८ अन्तर्गत वारेन्ट वा समाह्वानका लागि पर्याप्त कानुनी वा तथ्यगत आधार छैन;

(ख) धारा १७ अन्तर्गत मुद्दा अग्राह्य छ;

(ग) अपराधको गम्भीरता, पीडितको हित र आरोपित कसूरदारको उमेर वा अशक्तता र आरोपित अपराधमा निजको भूमिकालगायत्का सबै परिस्थितिहरूलाई विचार गर्दा अभियोजन न्यायको हितमा छैन;

३) (क) धारा १४ अन्तर्गत सिफारिस पठाउने राज्य वा धारा १३, अनुच्छेद

(ख) अन्तर्गत सुरक्षा परिषद्को अनुरोधमा, पूर्वपुर्पक्ष कार्यकक्षले अभियोक्ताको

अनुच्छेद १ वा २ अन्तर्गत कारबाही नबढाउने निर्णय पुनरावलोकन गर्न सक्छ र अभियोक्तालाई सो निर्णयमा पुनर्विचार गर्न अनुरोध गर्न सक्नेछ।

(ग) यसअतिरिक्त, अभियोक्ताको कारबाही नबढाउने निर्णय अनुच्छेद १ (ग) वा २ (ग) मा मात्रै आधारित भएमा पूर्वपुर्पक्ष कार्यकक्षले, आफ्नै सक्रियतामा, सो निर्णयको पुनरावलोकन गर्न सक्नेछ। यस्तो अवस्थामा अभियोक्ताको निर्णय पूर्वपुर्पक्ष कार्यकक्षबाट समर्थित भएमा मात्र प्रभावकारी हुनेछ।

४) नयाँ तथ्यहरू वा जानकारीमा आधारित भएर अनुसन्धान वा अभियोजन सुरु गर्ने कि नगर्ने भन्ने बारे अभियोक्ताले निर्णयको जुनसुकै समयमा पुनर्विचार गर्न सक्नेछ।

धारा ५४: अभियोक्ताका अनुसन्धानसम्बन्धी अधिकार र कर्तव्य

१) अभियोक्ताले:

(क) सत्य पत्ता लगाउनका लागि, यस विधानअन्तर्गतको फौजदारी उत्तरदायित्व छ-छैन भन्ने कुराको लेखाजोखासँग सान्दर्भिक सबै तथ्य र प्रमाणहरू समेट्न अनुसन्धानको विस्तार गर्नेछ, र यसो गर्दा, कसूरदार देखिने र सफाइ दिने कुराको समानरूपमा अनुसन्धान गर्नेछ;

(ख) अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूको प्रभावकारी अनुसन्धान र अभियोजन सुनिश्चित गर्न उपयुक्त उपायहरू अपनाउनेछ, र यसो गर्दा, उमेर, धारा ७ अनुच्छेद ३ मा परिभाषा गरिएजस्तै लैङ्गिकता, र स्वास्थ्यलगायत् पीडित र साक्षीहरूको हित र व्यक्तिगत परिस्थितिलाई सम्मान गर्नेछ, र अपराधको प्रकृति, खासगरी यौनहिंसा, लैङ्गिक हिंसा वा बालबालिकाविरुद्धका हिंसालाई, ख्यालमा राख्नेछ; र

(ग) यस विधानअन्तर्गत प्राप्त हुने व्यक्तिहरूका अधिकारहरूको पूरा सम्मान गर्नेछ।

२) राज्यको प्रादेशिक क्षेत्रभित्र अभियोक्ताले अनुसन्धानहरू चलाउन सक्नेछ:

(क) खण्ड ९ का प्रावधानहरूअनुसार; वा

(ख) धारा ५७ अनुच्छेद ३ (घ) अन्तर्गत पूर्वपुर्पक्ष कार्यकक्षले अख्तियारी दिएअनुसार।

३) अभियोक्ताले:

(क) प्रमाणको सङ्कलन र परीक्षण गर्न सक्नेछ;

(ख) अनुसन्धान भइरहेका व्यक्ति, पीडित र साक्षीहरूको उपस्थितिका लागि अनुरोध गर्न सक्नेछ र निजहरूसँग प्रश्न गर्न सक्नेछ;

(ग) यसको आरुनो सक्षमता र/वा कार्य आदेशअनुसार कुनै राज्य वा अन्तरसरकारी सङ्गठन वा बन्दोबस्तबाट सहयोगको लागि माग गर्न सक्नेछ;

(घ) यस विधानसँग नबाझिने गरी राज्य, अन्तरसरकारी सङ्गठन वा व्यक्तिको सहयोगलाई सहज बनाउन आवश्यक हुन सक्ने बन्दोबस्त वा सम्झौता गर्न सक्नेछ;

(ङ) जानकारी उपलब्ध गराउनेको सम्मति भएमाबाहेक, अभियोक्ताले गोपनीयताको शर्तमा र नयाँ प्रमाणहरूको विकासका लागि मात्र प्राप्त गरेका कागजात र सूचना कारबाहीको कुनै चरणमा पनि खुलासा नगर्न सहमत हुन सक्नेछ;

(च) सूचनाको गोपनीयता, कुनै व्यक्तिको संरक्षण वा प्रमाणको जगेर्ना सुनिश्चित गर्न आवश्यक उपायहरू अपनाउनेछ वा अपनाउन अनुरोध गर्न सक्नेछ।

धारा ५५: अनुसन्धानको क्रममा व्यक्तिका अधिकारहरू

१) यस विधानअन्तर्गतको अनुसन्धानका सिलसिलामा कुनै व्यक्तिलाई:

(क) आत्मापराधीकरण गर्न वा कसूरमा साबित हुन बाध्य पारिनेछैन;

(ख) कुनै पनि स्वरूपको करकाप, जबर्जस्ती वा त्रास, यातना वा अन्य कुनै स्वरूपको क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको भागीदार बनाइनेछैन;

(ग) सो व्यक्तिले राम्ररी बुझ्ने र बोल्नेभन्दा भिन्न भाषामा प्रश्न सोधिएमा, नि:शुल्करूपमा सक्षम दोभाषे र स्वच्छताको खाँचो पूरा गर्न आवश्यक

भएसम्मको अनुवादको सहायता प्राप्त हुनेछ; र

(घ) स्वेच्छाचारी पक्राउ र थुनछेकको भागीदार बनाइनेछैन र यस विधानमा स्थापित आधारहरू र कार्यविधिद्वारा बाहेक निजको स्वतन्त्रताबाट वञ्चित गरिनेछैन।

२) कुनै व्यक्तिले अदालतको अधिकारक्षेत्रभित्रको अपराध गरेको विश्वास गर्नुपर्ने आधारहरू भएको र त्यस्तो व्यक्तिलाई अभियोक्ताद्वारा वा खण्ड ९ अन्तर्गतको अनुरोधअनुसार राष्ट्रिय पदाधिकारीहरूद्वारा सोधपूछ गरिने भएमा यस्तो व्यक्तिलाई देहायअनुसारका अधिकार हुनेछन् र प्रश्न गरिनु अगावै निजलाई तिनको जानकारी दिइनेछ:

(क) सोधपूछ गर्नु अगावै अदालतको अधिकारक्षेत्रभित्रको अपराध निजले गरेको छ भन्ने विश्वास गर्नुपर्ने आधारहरू छन् भन्ने कुराको जानकारी पाउने;

(ख) यस्तो चूप बसाइलाई दोष वा निर्दोषिताको निर्धारण गर्दा विचार नहुने गरी चूप बस्न पाउने;

(ग) व्यक्तिको छनौटमा कानुनी सहायता लिन पाउने, वा निजको आरुनो कानुनी सहायता नभएमा न्यायको हितमा आवश्यक भएमा जुनसुकै मामिलामा निजलाई कानुनी सहायता उपलब्ध गराउनु पर्ने र निजसँग पर्याप्त स्रोतसाधन नभएमा यस्तो सहायता नि:शुल्क पाउने; र

(घ) व्यक्तिले स्वैच्छिकरूपमा कानुनी सल्लाहकारको अधिकार परित्याग नगरेसम्म, कानुनी सल्लाहकारको उपस्थितिमा निजलाई सोधपुछ गरिने।

धारा ५६: अद्वितीय अनुसन्धानात्मक अवसरका सम्बन्धमा पूर्वपुर्पक्ष कार्यकक्षको भूमिका

१) (क) जहाँ अभियोक्ताले कुनै अनुसन्धानले पुर्पक्षको प्रयोजनका लागि पछि उपलब्ध हुन नसक्ने कुनै साक्षीको गवाही वा बकपत्र लिन वा प्रमाणको परीक्षण, सङ्कलन वा जाँच गर्न अद्वितीय अवसर प्रदान गर्छ भनी विचार गरेको अवस्थामा अभियोक्ताले सो कुरा पूर्वपुर्पक्ष कार्यकक्षलाई जानकारी गराउनेछ।

(ख) त्यस्तो मामिलामा अभियोक्ताको अनुरोधबमोजिम पूर्वपुर्पक्ष कार्यकक्षले कारबाहीको कार्यकुशलता र निष्ठा सुनिश्चित गर्न र खासगरी प्रतिरक्षाको अधिकारको संरक्षण गर्न आवश्यक हुन सक्ने उपायहरू अपनाउन सक्नेछ।

(ग) पूर्वपुर्पक्ष कार्यकक्षले अन्यथा आदेश दिएमाबाहेक, अभियोक्ताले उपअनुच्छेद (क) मा उल्लिखित अनुसन्धानसम्बन्धी समाह्वानको प्रत्युत्तरमा पक्राउ परेको वा उपस्थित भएको, व्यक्तिलाई सान्दर्भिक जानकारी उपलब्ध गराउनेछ जसले गर्दा सो विषयमा निजको सुनुवाई हुन सकोस्।

२) अनुच्छेद १ (ख) मा निर्दिष्ट उपायहरूले निम्न कुरा समेट्न सक्नेछ:

(क) पालन गर्नुपर्ने कार्यविधिसम्बन्धी सिफारिस वा आदेश गर्ने;

(ख) कारबाहीको अभिलेख राख्न निर्देशन दिने;

(ग) सहयोगका लागि विज्ञ नियुक्त गर्ने;

(घ) पक्राउ परेको, वा समाह्वानको प्रत्युत्तरमा अदालतमा उपस्थित भएको व्यक्तिकातर्फबाट भाग लिन सल्लाहकारलाई अख्तियारी प्रदान गर्ने, वा अझै यस्तो पक्राउ वा अदालतमा उपस्थिति नभएको वा सल्लाहकार नियुक्त नभएको अवस्थामा प्रतिरक्षातर्फबाट उपस्थित हुन र हितको प्रतिनिधित्व गर्न अर्को सल्लाहकार नियुक्त गर्ने;

(ङ) अवलोकन गर्न र सुझाउ सिफारिस गर्न वा प्रमाणको सङ्कलन र संरक्षण गर्न तथा व्यक्तिहरूलाई सोधपुछको आदेश गर्न आफ्ना सदस्यहरूमध्येबाट कुनै एक सदस्यको वा आवश्यक भए पूर्वपुर्पक्ष वा पुर्पक्ष विभागको उपलब्ध अन्य न्यायाधीशको नाम तोक्ने;

(च) प्रमाणको सङ्कलन र संरक्षका लागि आवश्यक पर्न सक्ने अन्य कारबाही गर्ने।

३) (क) यस धाराबमोजिमका उपायहरू अभियोक्ताले माग नगरेको तर पूर्वपुर्पक्ष कार्यकक्षले पुर्पक्षमा प्रतिरक्षाका लागि चाहिन्छ भन्ने ठानेको प्रमाणको संरक्षणका लागि यस्ता उपायहरू आवश्यक छ भन्ने विचार गरेमा उपायहरूका लागि अनुरोध नगर्नुको पछाडि केही असल कारणहरू छन्

कि भनी यसले अभियोक्तासित परामर्श गर्नेछ। परामर्शबाट पूर्वपुर्पक्ष कार्यकक्षले यस्ता उपायहरूका लागि अभियोक्ताले अनुरोध नगर्ने कार्य उचित छैन भन्ने निष्कर्ष निकालेमा कार्यकक्षले आफ्नै सक्रियतामा यस्ता उपायहरू अपनाउनेछ।

(ख) यस अनुच्छेदअनुसार पूर्वपुर्पक्ष कार्यकक्षले आफ्नै सक्रियतामा लिएको निर्णयउपर अभियोक्ताले पुनरावेदन गर्न सक्नेछ। पुनरावेदनको सुनुवाइ शीघ्रतापूर्वक हुनेछ।

४) यस धाराअनुसार पुर्पक्षका निमित्त सङ्कलित वा संरक्षित प्रमाणको ग्राह्यता, वा सोको अभिलेख, पुर्पक्ष हुँदा धारा ६९ द्वारा व्यवस्थित गरिनेछ, र पुर्पक्ष कार्यकक्षले निर्धारण गरेबमोजिमको महत्व दिइनेछ।

धारा ५७: पूर्वपुर्पक्ष कार्यकक्षका कामकारबाही र अधिकार

१) यस विधानमा अन्यथा व्यवस्था गरिएकोमाबाहेक, पूर्वपुर्पक्ष कार्यकक्षले यस धाराका प्रावधानअनुसार आफ्नो कामकारबाही गर्नेछ।

(क) धारा १५, १८, १९, ५४, अनुच्छेद २, ६१ अनुच्छेद ७ र ७२ अन्तर्गत जारी भएका पूर्वपुर्पक्ष कार्यकक्षका आदेश वा निर्णयादेशहरू यसका बहुमत न्यायाधीशहरूको मतैक्यप्राप्त गरेको हुनु पर्दछ।

(ख) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले वा पूर्वपुर्पक्ष कार्यकक्षका बहुमत न्यायाधीशहरूले अन्यथा व्यवस्था गरेमाबाहेक, अन्य सबै मामिलामा पूर्वपुर्पक्ष कक्षका एक न्यायाधीशले यस विधानको व्यवस्थाबमोजिमका कामकारबाही गर्न सक्नेछ।

२) यस विधानअन्तर्गतका यसका अन्य कामकारबाहीका अतिरिक्त, पूर्वपुर्पक्ष कार्यकक्षले निम्नलिखित कामकारबाही गर्न सक्नेछ:

(क) अभियोक्ताको अनुरोधमा अनुसन्धानको प्रयोजनका लागि आवश्यक पर्न सक्ने आदेश र वारेन्ट जारी गर्ने;

(ख) पक्राउ परेको वा धारा ५८ अनुसारको समाह्वानअनुसार उपस्थित भएको व्यक्तिको अनुरोधमा, धारा ५६ मा वर्णित उपायहरूसमेतका आदेश जारी गर्ने वा सो व्यक्तिलाई निजको प्रतिरक्षाको तयारीका

लागि आवश्यक हुन सक्ने खण्ड ९ अनुसारको सरसहयोगको खोजी गर्ने;

(ग) आवश्यक भएमा, पीडित र साक्षीहरूको गोपनीयता र संरक्षण, प्रमाणको संरक्षण, पक्राउ परेको वा समाह्वानको प्रत्युत्तरार्थ उपस्थित व्यक्तिहरूको संरक्षण, र राष्ट्रिय सुरक्षासूचनाको संरक्षणको व्यवस्था गर्ने;

(घ) सम्भव हुने ठाउँमा राज्यको दृष्टिकोणलाईसमेत सम्मान गर्दै, पूर्वपुर्पक्ष कार्यकक्षले कुनै मुद्दामा सो राज्यले कुनै अधिकार वा यसको न्यायिक प्रणालीको कुनै पक्षको सक्षमताको अनुपलब्धताले खण्ड ९ अनुसार मागिएको सहयोग कार्यान्वयन गर्न स्पष्टत: असमर्थ छ भन्ने कुरा ठहर गरेको भए खण्ड ९ अनुसार सम्बन्धित राज्यको सहयोग नपाइकनै राज्यपक्षको प्रादेशिक क्षेत्रभित्र निर्दिष्ट अनुसन्धानात्मक पाइला चाल्न अभियोक्तालाई अख्तियारी प्रदान।

(ङ) धारा ५८ अनुसार पक्राउको वारेन्ट वा समाह्वान जारी भएको अवस्थामा र प्रमाणको सबलता तथा यस विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेबमोजिमका सम्बन्धित पक्षहरूका अधिकारहरूप्रति समुचित विचार पुऱ्याएर, धारा ९३, अनुच्छेद १ (ट) अनुसार, खासगरी पीडितहरूको अन्तिम लाभका लागि, सर्वस्वको प्रयोजनका लागि संरक्षणात्मक उपाय अपनाउन राज्यहरूको सहयोग खोज्ने।

धारा ५८: पूर्वपुर्पक्ष कार्यकक्षबाट पक्राउको वारेन्ट वा उपस्थित हुन समाह्वान जारी हुने

१) अनुसन्धान सुरु भएपछि कुनै पनि समयमा अभियोक्ताले प्रस्तुत गरेको निवेदन र प्रमाण तथा अन्य जानकारीको परीक्षण गर्दा निम्न कुरा सन्तोषजनक देखिए अभियोक्ताको निवेदनमा पूर्वपुर्पक्ष कार्यकक्षले कुनै व्यक्तिको पक्राउको वारेन्ट जारी गर्नेछ:

(क) अदालतको अधिकारक्षेत्रभित्रको अपराध सो व्यक्तिले गरेको छ भन्ने विश्वास गर्नुपर्ने मनासिब आधार छ;

(ख) सो व्यक्तिको पक्राउ निम्नलिखित कुराहरूले गर्दा आवश्यक देखिन्छ:

(१) पुर्पक्ष हुँदा निजको उपस्थिति सुनिश्चित गर्न;

(२) सो व्यक्तिले अनुसन्धान वा अदालती कारबाहीलाई व्यवधान वा खतरा नपारोस् भन्ने सुनिश्चित पार्न; वा

(३) त्यस्तो अवस्था भएका ठाउँमा, सो अपराध वा अदालतको अधिकारक्षेत्रभित्रको र समान परिस्थितिबाट उत्पन्न भएको सम्बद्ध अपराध गर्ने निरन्तरताबाट सो व्यक्तिलाई रोक्न।

२) अभियोक्ताको निवेदनमा निम्नलिखित विषय रहनेछन्:

(क) व्यक्तिको नाम र अरू कुनै सान्दर्भिक पहिचानजनक जानकारी;

(ख) सो व्यक्तिले गरेको आरोप लाइएको अदालतको अधिकारक्षेत्रका अपराधहरूको विशेष उल्लेख;

(ग) ती अपराध हुन आरोप गरिएका तथ्यहरूको संक्षिप्त विवरण;

(घ) सो व्यक्तिले ती अपराधहरू गरेको विश्वास गर्नुपर्ने मनासिब आधारहरू स्थापित गर्ने प्रमाण र अन्य कुनै संक्षिप्त जानकारीको सारांश; र

(ङ) सो व्यक्तिको पक्राउ आवश्यक छ भनी अभियोक्ताले ठानेको कारण।

३) पक्राउको वारेन्टमा निम्न कुरा रहनेछन्:

(क) व्यक्तिको नाम र अरू कुनै सान्दर्भिक पहिचानजनक जानकारी;

(ख) सो व्यक्तिले गरेको आरोप लाइएको अदालतको अधिकारक्षेत्रका अपराधहरूको विशेष उल्लेख; र

(ग) ती अपराध हुन आरोप गरिएका तथ्यहरूको संक्षिप्त विवरण।

४) पक्राउको वारेन्ट अदालतले अन्यथा आदेश नगरेसम्म प्रभावकारी रहनेछ।

५) पक्राउको वारेन्टका आधारमा अदालतले खण्ड ९ अन्तर्गत सो व्यक्तिको अस्थायी पक्राउ वा पक्राउ र समर्पणका लागि अनुरोध गर्न सक्नेछ।

६) पक्राउको वारेण्टमा निर्दिष्ट रहेका अपराधहरूमा हेरफेर वा थप गरी त्यसमा संशोधन गर्न अभियोक्ताले पूर्वपुर्पक्ष कार्यकक्षसमक्ष अनुरोध गर्न सक्नेछ। सो व्यक्तिले हेरफेर वा अतिरिक्त अपराधहरू गरेको छ भन्ने विश्वास गर्नुपर्ने मनासिब आधार छ भन्ने कुरामा सन्तुष्ट भएमा पूर्वपुर्पक्ष कार्यकक्षले वारेन्ट संशोधन गर्नेछ।

७) पक्राउको वारेन्ट खोज्नुको विकल्पका रूपमा, अभियोक्ताले पूर्वपुर्पक्ष कार्यकक्षसमक्ष त्यस्तो व्यक्तिलाई अदालतमा उपस्थित गराउन समाह्वान जारी गर्न अनुरोध गर्दै निवेदन पेस गर्न सक्नेछ। त्यस्तो व्यक्तिले आरोपित अपराध गरेको विश्वास गर्नुपर्ने मनासिब आधारहरू छन् र व्यक्तिको उपस्थितिलाई निश्चित गर्न समाह्वान नै पर्याप्त छ भन्ने कुरामा पूर्वपुर्पक्ष कार्यकक्ष सन्तुष्ट भएमा राष्ट्रिय कानुनले व्यवस्था गरेको भए स्वतन्त्रतामाथि रोक (थुनछेकभन्दा भिन्न) लगाउने शर्तहरूसहित वा रहित व्यक्तिको उपस्थितिका लागि समाह्वान जारी गर्नेछ। समाह्वानमा निम्न कुराहरू रहनेछन्:

(क) व्यक्तिको नाम र अरू कुनै सान्दर्भिक पहिचानजनक जानकारी;

(ख) सो व्यक्ति उपस्थित हुनुपर्ने निर्दिष्ट मिति;

(ग) सो व्यक्तिले गरेको आरोप लाइएको अदालतको अधिकारक्षेत्रका अपराधहरूको विशेष उल्लेख; र

(ग) ती अपराध हुन आरोप गरिएका तथ्यहरूको संक्षिप्त विवरण समाह्वान गरिएको व्यक्तिलाई तामेल गरिनेछ।

धारा ५९: आरक्षक राज्यमा पक्राउ प्रक्रिया

१. अस्थायी पक्राउ वा पक्राउ र समर्पणका लागि अनुरोध प्राप्त गरेको राज्यपक्षले आफ्नो कानुन र खण्ड ९ का प्रावधानहरूअनुसार व्यक्तिलाई पक्राउ गर्न तत्काल पाइला चाल्नेछ।

२. पक्राउ गरिएको व्यक्तिलाई आरक्षक राज्यमा सक्षम न्यायिक पदाधिकारी शीघ्र ल्याइनेछ जसले राज्यको कानुनअनुसार निम्न कुरा ठेगान गर्नेछ:

(क) वारेन्ट सो व्यक्तिलाई लागू हुन्छ;

(ख) उचित प्रक्रियाअनुसार व्यक्तिलाई पक्राउ गरिएको छ; र

(ग) व्यक्तिका अधिकारहरूको सम्मान भएको छ।

२. पक्राउ परेको व्यक्तिलाई आरक्षक राज्यमा सक्षम अधिकारीसमक्ष समर्पण लम्बित रहेको अवस्थामा अन्तरिम रिहाइका लागि निवेदन गर्ने अधिकार रहनेछ।

३. यस्तो कुनै निवेदनमा निर्णयमा पुग्न, आरक्षक राज्यको सक्षम अधिकारीले

आरोपित अपराधहरूको गम्भीरताको परिप्रेक्ष्यमा अन्तरिम रिहाइको औचित्य सावित गर्ने अत्यावश्यक र अपवादजनक परिस्थिति छ कि छैन र आरक्षक राज्यले अदालतसमक्ष व्यक्तिलाई समर्पण गर्नुपर्ने आफ्नो कर्तव्य पूरा गर्न सक्ने कुरा सुनिश्चित पार्न आवश्यक सुरक्षाहरू छ कि छैन भन्नेबारेमा विचार गर्नेछ। पक्राउको वारेन्ट धारा ५८ को अनुच्छेद १ (क) र (ख) अनुसार उचित तरिकाले जारी भएको छ कि छैन भनी विचार गर्न आरक्षक राज्यको सक्षम अधिकारीलाई अधिकार हुनेछैन।

४. अन्तरिम रिहाइको जुनसुकै अनुरोधबारे पूर्वपुर्पक्ष कार्यकक्षलाई जनाउ दिइनेछ र यसले आरक्षक राज्यको सक्षम अधिकारीलाई सुझाउ सिफारिस गर्नेछ। आरक्षक राज्यका सक्षम अधिकारीले आफ्नो निर्णय दिनुअगाडि सो व्यक्ति भाग्न सक्ने कुरालाई रोक्ने उपायसम्बन्धी सिफारिशसमेत यस्ता सिफारिस गरिएका सुझाउहरूलाई पूर्णरूपमा विचार गर्नेछ।

५. सो व्यक्तिलाई अन्तरिम रिहाइ दिइएमा, पूर्वपुर्पक्ष कार्यकक्षले अन्तरिम रिहाइको अवस्थामा बारेमा आवधिक प्रतिवेदनहरूका लागि अनुरोध गर्न सक्नेछ।

६. आरक्षक राज्यद्वारा समर्पण गर्नुपर्ने आदेश हुनासाथ सो व्यक्तिलाई यथासम्भव चाँडो अदालतसमक्ष पठाइनेछ।

धारा ६०: अदालतसमक्ष प्रारम्भिक कारबाही

१. अदालतसमक्ष व्यक्तिको समर्पण भएपछि वा स्वैच्छिक वा समाह्वानअनुसार व्यक्ति अदालतमा उपस्थित भएपछि निजले गरेको भनी आरोप लागेका अपराधहरू र मुद्दाको कारबाही लम्बित रहेको अवस्थामा अन्तरिम रिहाइका लागि निवेदन गर्न पाउनेलगायत्का यस विधानअन्तर्गतका निजका अधिकारहरूका बारेमा निजलाई जानकारी गराइएको छ भन्ने कुरामा पूर्वपुर्पक्ष कार्यकक्षले आफूलाई सन्तुष्ट पार्नेछ।

२. पक्राउको वारेन्टमा परेको व्यक्तिले मुद्दा लम्बित रहेको अवस्थामा अन्तरिम रिहाइका लागि निवेदन गर्न सक्नेछ। धारा ५८ अनुच्छेद १ ले कायम गरेका अवस्थाहरू पूरा भएको कुरामा पूर्वपुर्पक्ष कार्यकक्ष सन्तुष्ट भएमा सो व्यक्ति

थुनामा निरन्तर रहनेछ। यसरी सन्तुष्ट नभएमा पूर्वपुर्पक्ष कार्यकक्षले सो व्यक्तिलाई सशर्त वा निशर्त छुटकारा दिनेछ।

३. पूर्वपुर्पक्ष कार्यकक्षले व्यक्तिको रिहाइ वा थुनछेकसम्बन्धी आफ्ना निर्णयादेशहरूको आवधिक पुनरावलोकन गर्नेछ, र अभियोक्ता वा सो व्यक्तिको अनुरोधमा जुनसुकै बेला पुनरावलोकन गर्न सक्नेछ। परिवर्तित परिस्थितिमा यस्तो आवश्यक छ भन्ने कुरामा सन्तुष्ट भएमा यस्तो पुनरावलोकनमा कार्यकक्षले थुनछेक, रिहाइ वा रिहाइका अवस्थाहरूसम्बन्धी आफ्ना निर्णयादेशहरूमा फेरबदल गर्न सक्नेछ।

४. अभियोक्ताले गरेको अक्षम्य विलम्बका कारणले पुर्पक्षपूर्व कुनै व्यक्ति बेमनासिब अवधिका लागि थुनिएको छैन भन्ने कुरा पूर्वपुर्पक्ष कार्यकक्षले सुनिश्चित गर्नेछ। यस्तो विलम्ब भएको पाइएमा अदालतले सो व्यक्तिलाई सशर्त वा बिनाशर्त रिहाइ गर्ने कुरा विचार गर्नेछ।

५. आवश्यक भएमा, रिहाइ भइसकेको व्यक्तिलाई उपस्थित गराउन हासिल गर्न पूर्वपुर्पक्ष कार्यकक्षले पक्राउको वारेन्ट जारी गर्न सक्नेछ।

धारा ६१: पुर्पक्षपूर्व अभियोगको किटानी

१. अनुच्छेद २ का प्रावधानहरूको अधीन रही, व्यक्तिको अदालतसमक्षको समर्पण वा स्वैच्छिक उपस्थितिपछिको मनासिब समयभित्र, पूर्वपुर्पक्ष कार्यकक्षले अभियोक्ताले पुर्पक्ष चाहेको अभियोग निश्चित गर्न सुनुवाइ गर्नेछ। सुनुवाइ अभियोक्ता, अभियोग लगाइएको व्यक्ति साथै निजको सल्लाहकारको उपस्थितिमा हुनेछ।

२. पूर्वपुर्पक्ष कार्यकक्षले अभियोक्ताको अनुरोध वा आफ्नै प्रस्तावमा अभियोग लागेको व्यक्तिको अनुपस्थितिमा अभियोग सुनिश्चित गर्ने सुनुवाइ गर्न सक्नेछ, यदि सो व्यक्तिले:

(क) आफू उपस्थित रहनुपर्ने अधिकार परित्याग गरेमा; वा

(ख) निज फरार भएको वा फेला पार्न नसकिएको र अदालतसमक्ष निजको उपस्थितिका लागि र अभियोगबारे तथा अभियोग निश्चित गर्न अदालतमा सुनुवाइ हुन्छ भन्ने बारेमा सो व्यक्तिलाई जानकारी गराउन सबै मनासिब पाइलाहरू चालिएको अवस्थामा यस्तो अवस्थामा पूर्वपुर्पक्ष

कार्यकक्षले न्यायको हितमा हुन्छ भन्ने निधो गरेमा सल्लाहकारद्वारा सो व्यक्तिको प्रतिनिधित्व हुनेछ।

३. सुनुवाइपूर्व मनासिब समयभित्र, सो व्यक्तिलाई:

(क) अभियोक्ताले निजलाई पुर्पक्षमा ल्याउन चाहेको अभियोगहरू समावेश रहेको लिखतको प्रति उपलब्ध गराउनेछ; र

(ख) सुनुवाइमा अभियोक्ताले भर पर्न चाहेको प्रमाणको जानकारी दिइनेछ।

४. सुनुवाइको प्रयोजनको लागि पूर्वपुर्पक्ष कार्यकक्षले जानकारीको खुलासाका बारेमा आदेशहरू जारी गर्न सक्नेछ। सुनुवाइपूर्व भियोक्ताले अनुसन्धान जारी राख्न र कुनै अभियोगलाई संशोधन वा फिर्ता लिन सक्नेछ। व्यक्तिलाई अभियोगको कुनै पनि संशोधन वा फिर्तीबारे सुनुवाइ अगावै मनासिब जनाउ दिइनेछ। अभियोगहरू फिर्ता गरिएका अवस्थामा अभियोक्ताले फिर्ता गर्ने कारणहरूको जनाउ पूर्वपुर्पक्ष कार्यकक्षलाई दिनेछ।

५. सुनुवाइमा अभियोग लगाइएको अपराध सो व्यक्तिले गरेको हो भन्ने विश्वास गर्न सबल आधारहरू स्थापित गर्ने पर्याप्त प्रमाणसहित हरेक आरोपबारे अभियोक्ताले अडान लिनुपर्नेछ। अभियोक्ताले अभिलेख वा संक्षिप्त प्रमाणको भर लिन सक्नेछ र पुर्पक्षमा परीक्षणको अपेक्षा गरिएका साक्षीहरूलाई बोलाउन आवश्यक पर्नेछैन।

६. सुनुवाइमा व्यक्तिले:

(क) आरोप अस्वीकार गर्न सक्नेछ;

(ख) अभियोक्ताले पेस गरेका प्रमाणउपर चुनौती दिन सक्नेछ; र

(ग) प्रमाण पेस गर्न सक्नेछ।

७. सुनुवाइका आधारमा पूर्वपुर्पक्ष कार्यकक्षले अभियोग लगाइएका हरेक अपराध सो व्यक्तिले गरेको विश्वास गर्नुपर्ने सबल आधारहरू स्थापित गर्न पर्याप्त प्रमाण छन्-छैनन् भन्ने कुराको टुङ्गो गर्नेछ। यसको टुङ्गोको आधारमा पूर्वपुर्पक्ष कार्यकक्षले:

(क) यसले पर्याप्त प्रमाण छन् भनी टुङ्गो गरेका अभियोगहरूको निश्चय गर्नेछ र निश्चय गरिएका अभियोगहरूका लागि सो व्यक्तिलाई पुर्पक्षका लागि पुर्पक्ष कार्यकक्षसमक्ष सुम्पनेछ;

(ख) पर्याप्त प्रमाण छैन भनी यसले टुङ्गो लाएका अभियोगहरू इन्कार गर्नेछ;

(ग) सुनुवाइ स्थगन गर्ने र अभियोक्तालाई (देहायका लागि) अनुरोध गर्नेछः

(१) खास अभियोगमा अरू प्रमाण उपलब्ध गराउन वा अरू अनुसन्धान गर्न; वा

(२) पेस गरिएको प्रमाणले अदालतको अधिकारक्षेत्रभित्रको भिन्दै अपराध स्थापित गर्ने देखिएकोले अभियोगलाई संशोधन गर्न।

८. पूर्वपुर्पक्ष कार्यकक्षले कुनै अभियोग सदर गर्न इन्कार गरेको कुराले अतिरिक्त प्रमाणले पुष्टि गरेमा अभियोक्तालाई सोपछि पनि यसको पुष्टिका लागि अभियोग निश्चयका लागि अनुरोध गर्न छेक्ने छैन।

९. अभियोग सदर भइसकेपछि र पुर्पक्ष सुरु हुनुअघि अभियोक्ताले, पूर्वपुर्पक्ष कार्यकक्षको स्वीकृति लिएर र अभियुक्तलाई सूचना दिएपछि आरोपहरू संशोधन गर्न सक्नेछ। अभियोक्ताले अतिरिक्त अभियोगहरू थप्न वा अझ गम्भीर अभियोगद्वारा प्रतिस्थापित गर्न खोजेमा अभियोग निश्चय गर्न यस धाराअन्तर्गत सुनुवाइ हुनै पर्नेछ। पुर्पक्ष प्रारम्भ भइसकेपछि अभियोक्ताले, पुर्पक्ष कार्यकक्षको अनुमति लिई, अभियोग फिर्ता लिन सक्नेछ।

१०. पूर्वपूर्पक्ष कार्यकक्षबाट अभियोग सदर नभएमा वा अभियोक्ताले अभियोग फिर्ता लिएमा सो अभियोगमा पहिले जारी भएका कुनै पनि वारेन्ट प्रभावी रहने छैन।

११. यस धाराअनुसार अभियोग सदर भएपछि अध्यक्षताले पुर्पक्ष कार्यकक्ष गठन गर्नेछ, जुन अनुच्छेद ९ र धारा ६४ को अनुच्छेद ४ को अधीन रही यसपछिका कारबाही चलाउन जिम्मेवार हुनेछ र ती कारबाहीमा लागू हुने र सान्दर्भिक हुने पूर्वपुर्पक्ष कार्यकक्षका कामकारबाही क्रियान्वयन गर्न सक्नेछ।

खण्ड ६
पुर्पक्ष

धारा ६२: पुर्पक्षको स्थान

अन्यथा निर्णय गरिएकोमाबाहेक अदालतको मुख्यालय नै पुर्पक्षको स्थान हुनेछ।

धारा ६३: अभियुक्तको उपस्थितिमा पुर्पक्ष

१. पुर्पक्षका समयमा अभियुक्त उपस्थित रहनेछ।

२. अदालतसामु उपस्थित भएर अभियुक्तले पुर्पक्षलाई निरन्तर व्यवधान गरेमा, पुर्पक्ष कार्यकक्षले अभियुक्तलाई हटाउन सक्नेछ र आवश्यक परे सूचनाप्रविधिको माध्यमद्वारा अदालत कार्यकक्षबाहिरबाट पुर्पक्ष अवलोकन गर्न र सल्लाहकारलाई निर्दिष्ट गर्ने व्यवस्था मिलाउनेछ। यस्तो उपाय अन्य मनासिब वैकल्पिक उपायहरू अपर्याप्त सिद्ध भएपछि र अत्यावश्यक भएको अवधिभरका लागि अपवादजनक परिस्थितिमा मात्रै अपनाइनेछ।

धारा ६४: पुर्पक्ष कार्यकक्षका अधिकार र कामकारबाही

१. यस धारामा कायम गरिएका पुर्पक्ष कार्यकक्षका अधिकार र कामकारबाही यो विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार प्रयोग गरिनेछ।

२. पुर्पक्ष कार्यकक्षले पुर्पक्ष स्वच्छ र शीघ्रतापूर्ण हुने र अभियुक्तका अधिकारहरूको पूर्ण सम्मान तथा पीडित र साक्षीहरूको संरक्षणलाई ख्याल गरी सञ्चालन गरिने कुराको सुनिश्चय गर्नेछ।

३. यस विधानअनुसार मुद्दाको पुर्पक्ष सम्पादन गर्न तोकिएपछि पुर्पक्ष कक्षले मुद्दामा:

(क) पक्षहरूसँग छलफल गर्नेछ र पुर्पक्षको कारबाहीलाई स्वच्छ तथा छिटो छरितोरूपमा सञ्चालन गर्न सहज पार्न आवश्यक पर्ने कार्यविधि प्रयोग गर्नेछ;

(ख) पुर्पक्षमा प्रयोग गर्ने भाषा वा भाषाहरू निर्धारण गर्नेछ;

(ग) यस विधानका अन्य कुनै सान्दर्भिक प्रावधानहरूका अधीनमा रही, पुर्पक्षको समुचित तयारीलाई सबल पार्न पुर्पक्ष सुरु हुनु पर्याप्त अगावै पहिले खुलासा नभएका लिखत वा जानकारीको खुलासा गर्ने व्यवस्था गर्नेछ।

४. यसका प्रभावकारी तथा स्वच्छ कामकारबाहीका लागि आवश्यक भएमा पुर्पक्ष कार्यकक्षले प्रारम्भिक विषयहरू पूर्वपुर्पक्ष कार्यकक्ष वा आवश्यक भए, पूर्वपुर्पक्ष विभागको उपलब्ध अर्को न्यायाधीशलाई पठाउन सक्नेछ।

५. पक्षहरूलाई सूचना दिएर पुर्पक्ष कार्यकक्षले, उपयुक्त भएसम्म, एकभन्दा बढी

अभियुक्त भएको अभियोगका सिलसिलामा लगाउ कायम गर्न वा, मुद्दा फटाउन निर्देशन दिन सक्नेछ।

६. पुर्पक्ष पूर्व वा पुर्पक्षको सिलसिलामा आफ्ना कामकारबाही सम्पादन गर्दा पुर्पक्ष कार्यकक्षले आवश्यकताअनुसार:

(क) धारा ६१, अनुछेद ११ मा उल्लिखित पूर्वपुर्पक्ष कार्यकक्षका कुनै पनि कार्य गर्न सक्नेछ;

(ख) आवश्यकताअनुसार, यस विधानमा व्यवस्था गरिएबमोजिम, राज्यको सहयोग लिँदै साक्षीहरूको उपस्थिति र बकपत्र तथा लिखत र अन्य प्रमाणहरू पेस गर्न लगाउन सक्नेछ;

(ग) गोप्य जानकारीहरूलाई संरक्षण प्रदान गर्न व्यवस्था गर्न सक्नेछ;

(घ) पुर्पक्ष पूर्व सङ्कलित वा पक्षहरूबाट पुर्पक्षको क्रममा पेस गरिएका प्रमाणका अतिरिक्त प्रमाण प्रस्तुत गर्न आदेश दिन सक्नेछ;

(ङ) अभियुक्त, साक्षी र पीडितहरूलाई संरक्षण प्रदान गर्न व्यवस्था गर्न सक्नेछ; र

(च) सम्बन्धित अन्य विषयहरूमा नियमन गर्न सक्नेछ।

७. पुर्पक्ष खुला हुनेछ। तथापि पुर्पक्ष कार्यकक्षले धारा ६८ मा उल्लिखित प्रयोजनका लागि वा प्रमाणमा दिनुपर्ने गोप्य वा संवेदनशील जानकारीलाई संरक्षित गर्न विशेष परिस्थितिहरूमा आवश्यक भए खासखास कारबाही बन्दसत्रमा गर्न निर्धारण गर्न सक्नेछ।

८. (क) पुर्पक्षको प्रारम्भमा पुर्पक्ष कार्यकक्षले पूर्वपुर्पक्ष कार्यकक्षले निश्चित गरेका अभियोगहरू पढेर अभियुक्तलाई सुनाउनेछ।

पुर्पक्ष कार्यकक्षले अभियुक्तले अभियोगको प्रकृति बुझेको कुरामा आफूलाई सन्तुष्ट बनाउनेछ। यसले निजलाई धारा ६५ अनुसार दोष सकार गर्न वा निदोर्षिता दाबी गर्न अवसर प्रदान गर्नेछ।

(ख) पुर्पक्ष हुँदा अध्यक्षता गरी रहेका न्यायाधीशले स्वच्छ र निष्पक्ष तरिकाले कारबाही सञ्चालन गर्ने कुरा सुनिश्चित पार्नेलगायत्का कारबाहीसम्बन्धी निर्देशन दिन सक्नेछ। अध्यक्षता गरिरहेका न्यायाधीशको कुनै पनि निर्देशनको अधीन रही, यस विधानका प्रावधानहरूअनुसार पक्षहरूले प्रमाण दाखिल गर्न सक्नेछन्।

९. पुर्पक्ष कार्यकक्षलाई, अन्य कुराका अतिरिक्त, पक्षहरूको आवेदनमा वा आफ्नै प्रस्तावमा निम्नलिखित अधिकार रहनेछः

(क) प्रमाणको ग्राह्यता वा सान्दर्भिकता बारे निर्णय गर्ने; र

(ख) सुनुवाइको सिलसिला सुव्यवस्था कायम राख्न आवश्यक सबै पाइलाहरू चाल्ने।

१०. कारबाहीको दुरुस्त प्रतिविम्बन गर्ने गरी पुर्पक्षको पूर्ण अभिलेख गरिएको र रजिस्ट्रारद्वारा व्यवस्थित र सुरक्षित राखिएको कुरा पुर्पक्ष कार्यकक्षले सुनिश्चित पार्नेछ।

धारा ६५: दोष स्वीकारोक्तिसम्बन्धी कारबाही प्रक्रिया

१. धारा ६४, अनुच्छेद ८ (क) अनुसार अभियुक्तले दोष सकार गरेमा, पुर्पक्ष कार्यकक्षले निम्न कुराको निरूपण गर्नेछः

(क) दोषको स्वीकारोक्तिको प्रकृति र परिणाम अभियुक्तले बुझेको छ;

(ख) दोष स्वीकारोक्ति बचाउ पक्षको कानुनी सल्लाहकारसँगको पर्याप्त परामर्शपछि अभियुक्तले स्वेच्छापूर्वक गरेको हो; र

(ग) दोष स्वीकारोक्ति निम्न कुराहरूमा रहेका मुद्दाका तथ्यहरूबाट समर्थित छः

(१) अभियोक्ताले ल्याएका र अभियुक्तले सकारेका अभियोगहरू;

(२) अभियोगलाई परिपूरकता दिने अभियोक्ताबाट प्रस्तुत भएका कुनै सामग्रीहरू जसलाई अभियुक्तले सकार गरेको छ; र

(३) साक्षीको बकपत्रजस्ता अभियोक्ता वा अभियुक्तले प्रस्तुत गरेको अन्य कुनै प्रमाण।

२. अनुच्छेद १ मा उल्लेख गरिएका कुरा स्थापित भएको भन्ने बारे पुर्पक्ष कार्यकक्ष सन्तुष्ट भएमा, यसले, प्रस्तुत गरिएको अन्य कुनै अतिरिक्त प्रमाणसहित, दोष स्वीकारोक्तिसँग सम्बन्धित रहने अपराध प्रमाणित गर्न चाहिने सबै अत्यावश्यक तथ्यहरू स्थापित भएको भनी दोष स्वीकारोक्तिउपर विचार गर्नेछ र अभियुक्तलाई दोषी ठहर गर्न सक्नेछ।

३. अनुच्छेद १ मा उल्लेख गरिएका कुरा स्थापित भएको भन्ने बारे पुर्पक्ष

कार्यकक्ष सन्तुष्ट नभएमा, यसले दोष स्वीकारोक्ति नभएको विचार गरी यस विधानले व्यवस्था गरेअनुसार साधारण पुर्पक्षको कारबाही प्रक्रियाअनुसार पुर्पक्षलाई निरन्तरता दिन आदेश गर्नेछ र सो मुद्दालाई अर्को पुर्पक्ष कार्यकक्षमा प्रेषित गर्न सक्नेछ।

४. न्यायको हित, खासगरी पीडितको हितका लागि, मुद्दाका तथ्यहरूको अरू बढी पूर्ण प्रस्तुति आवश्यक छ भन्ने पुर्पक्ष कार्यकक्षले विचार गरेमा पुर्पक्ष कार्यकक्षले निम्नलिखित कार्यहरू गर्न सक्नेछः

(क) साक्षीको बकपत्रलगायत्का अतिरिक्त प्रमाण पेस गर्न अभियोक्तालाई अनुरोधगर्ने; वा

(ख) दोषस्वीकारोक्ति नभएको मानेर यस विधानले व्यवस्था गरेअनुसार साधारण पुर्पक्षको कारबाही प्रक्रियाअनुसार पुर्पक्षलाई निरन्तरता दिन आदेश दिने र अर्को पुर्पक्ष कार्यकक्षमा प्रेषित गर्ने।

५. अभियोगको फेरबदल दोष स्वीकारोक्ति वा गर्नुपर्ने सजाय बारे अभियोक्ता र बचाउ पक्षका बीचमा भएको कुनै पनि छलफल अदालतका हकमा बन्धनकारी हुनेछैन।

धारा ६६ः निर्दोषिताको अनुमान

१. लागू हुने कानुनअनुसार अदालतबाट दोषी प्रमाणित नभएसम्म हरेक व्यक्तिलाई निर्दोष मानिनेछ।

२. अभियुक्तलाई दोषी प्रमाणित गर्ने भार अभियोक्तामा रहनेछ।

३. अभियुक्तलाई दोषी करार गर्नका लागि अभियुक्तको दोषमा अदालत शङ्कारहित रूपले विश्वस्त भएकै हुन पर्छ।

धारा ६७ः अभियुक्तका अधिकार

१. कुनै पनि अभियोगको निरूपणमा, अभियुक्तलाई यस विधानका प्रावधानहरूलाई ध्यानमा राख्दै, पूर्ण समानतामा आधारित खुला सुनुवाइ, निष्पक्षतापूर्वक सञ्चालित स्वच्छ सुनुवाइ र देहायका न्यूनतम प्रत्याभूतिहरूको हक हुनेछः

(क) अभियुक्तले पूरा बुझ्ने र बोल्ने भाषामा अभियोगको प्रकृति, कारण र विषयवस्तुको तुरुन्त र विस्तृतरूपमा जानकारी पाउने;

(ख) आफ्नो प्रतिरक्षाको तयारीका लागि र आफूले रोजेको कानुनी सल्लाहकारसँग स्वतन्त्रतापूर्वक गोप्य कुराकानी गर्न पर्याप्त समय र सुविधा पाउने;

(ग) अनुचित ढिलाइबिना पुर्पक्ष गरिने;

(घ) धारा ६३, अनुच्छेद २ को अधीन रही, पुर्पक्षमा उपस्थित हुन पाउने, आफैले वा रोजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्न पाउने; अभियुक्तलाई कानुनी सहायता नभएमा यो अधिकारको जानकारी पाउने र न्यायको हितमा आवश्यक भएमा जुनसुकै मामिलामा र अभियुक्तसँग पर्याप्त स्रोतसाधन नभएमा अदालतबाट तोकिएको कानुनी सहायता पाउने र सो निःशुल्क हुने;

(ङ) आफूविरुद्धका साक्षीको परीक्षण गर्नेगराउने र आफूविरुद्धका साक्षीसरहको अवस्थामा आरुना साक्षीहरूको उपस्थिति र परीक्षण प्राप्त गर्ने। अभियुक्तलाई यस विधानअन्तर्गत प्रतिरक्षा उठान गर्ने र ग्राह्य अन्य प्रमाण प्रस्तुत गर्ने पनि अधिकार हुनेछ;

(च) कुनै पनि कारबाही प्रक्रिया वा अदालतसमक्ष प्रस्तुत लिखतहरू अभियुक्तले पूरा बुझ्न र बोल्न नसक्ने भाषामा भएमा स्वच्छताको खाँचो पूरा गर्न आवश्यक सक्षम दोभाषे र यस्तो अनुवादको सहायता निःशुल्क पाउने;

(छ) दोषमा सत्य बयान गर्न वा साबित हुन कर नलाग्ने र त्यस्तो मौनतालाई दोष वा निदोर्षिताको निरूपणमा विचार हुन नसक्ने गरी मौन वा चूप बस्न पाउने;

(ज) आफ्नो प्रतिरक्षामा शपथरहित मौखिक वा लिखित बयान दिन पाउने;

(झ) निजमाथि प्रमाणको भार उल्टाउने खण्डनको भार नरहने।

२. यस विधानले व्यवस्था गरेका अन्य खुलासाका अतिरिक्त, अभियोक्ताले आफ्नो कब्जा वा नियन्त्रणमा रहेका अभियुक्तको निर्दोषितालाई दर्शाउने वा दर्शाउन उन्मुख देखिने वा अभियुक्तको दोष न्यून पार्ने वा अभियोजनको प्रमाणको

विश्वसनीयतालाई असर पार्ने प्रमाण साध्य भएसम्म चाँडो प्रतिरक्षालाई खुलाउनुपर्नेछ।

धारा ६८: पीडित र साक्षीहरूको संरक्षण र कारबाही प्रक्रियामा तिनको सहभागिता

१. अदालतले पीडित र साक्षीहरूको सुरक्षा, शारीरिक तथा मनोवैज्ञानिक भलाइ, मर्यादा र गोपनीयताको संरक्षण गर्न उपयुक्त उपायहरू अपनाउनेछ। सो गर्दा, अदालतले उमेर, धारा ७, अनुच्छेद ३ मा परिभाषा गरिएअनुसार लैङ्गिकता, र स्वास्थ्य, एवं यसैमा मात्र सीमित नहुने गरी विशेषत: यौन वा लैङ्गिक हिंसा वा बालबालिकाविरुद्धको हिंसा समाविष्ट रहेको अपराध, अपराधको प्रकृतिलगायत्का सबै सम्बद्ध तत्वहरूलाई ध्यानमा राख्नेछ। अभियोक्ताले यस्ता उपायहरू खासगरी अपराधहरूको अनुसन्धान र अभियोजनका सिलसिलामा अपनाउनेछ। यी उपायहरू अभियुक्तका अधिकार र स्वच्छ तथा निष्पक्ष पुर्पक्षसँग पूर्वाग्रही वा असङ्गत हुने छैनन्।

२. धारा ६७ मा व्यवस्थित खुला सुनुवाइको सिद्धान्तको अपवादको रूपमा, अदालतका कार्यकक्षहरूले पीडितहरू र साक्षीहरू वा अभियुक्तको संरक्षणका लागि कारबाही प्रक्रियाको कुनै भाग बन्दइजलासमा गर्न वा विद्युतीय वा अन्य विशेष माध्यमद्वारा प्रमाण प्रस्तुत गर्न अनुमति दिन सक्नेछन्। सबै परिस्थितिहरूलाई, खासगरी पीडित र साक्षीका दृष्टिकोणहरूलाई ध्यानमा राखी, अदालतबाट अन्यथा आदेश भएमाबाहेक, यस्ता उपायहरू विशेषत: यौनहिंसाको पीडित वा पीडित वा साक्षी भएको बालबालिका रहेको मामिलामा क्रियान्वित गरिनेछन्।

३. पीडितहरूका व्यक्तिगत हितलाई असर परेको अवस्थामा, अदालतले उपयुक्त ठहऱ्याएको कारबाही प्रक्रियाको चरणमा र अभियुक्तका अधिकार र स्वच्छ तथा निष्पक्ष पुर्पक्षसँग पूर्वाग्रही र असङ्गत नहुने गरी, उनीहरूका दृष्टिकोण र सरोकारहरू प्रस्तुत गर्न र विचार गर्न अनुमति दिनेछ। अदालतले उपयुक्त ठानेमा यस्ता दृष्टिकोण र सरोकारहरू कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार पीडितको प्रतिनिधित्व गर्ने कानुन व्यवसायीद्वारा प्रस्तुत हुन सक्नेछन्।

४. पीडित तथा साक्षी एकाइले धारा ४३, अनुच्छेद ६ मा उल्लेख भएअनुसार

उपयुक्त संरक्षणात्मक उपाय, सुरक्षाबन्दोबस्त, परामर्श र सहयोगबारेमा अभियोक्ता र अदालतलाई सल्लाह सुझाउन सक्नेछ।

५. यस विधानअनुसार प्रमाण वा जानकारीको खुलासाले साक्षी वा निजको परिवारको सुरक्षामा गम्भीर खतरा निम्त्याउन सक्ने भएमा अभियोक्ताले पुर्पक्ष प्रारम्भ हुनुपूर्व भएको कुनै पनि कारबाही प्रक्रियाको प्रयोजनका लागि यस्ता प्रमाण वा जानकारीहरू रोक्न सक्नेछ र तिनका सट्टामा तिनको सारांश पेस गर्न सक्नेछ। अभियुक्तका अधिकार र स्वच्छ तथा निष्पक्ष पुर्पक्षसँग पूर्वाग्रही वा असङ्गत नहुने गरी यस्ता उपायहरूको अवलम्बन गरिनेछ।

६. आफ्ना सेवक वा प्रतिनिधिहरूको संरक्षण र गोप्य तथा संवेदनशील सूचनाको बचाउका सिलसिलामा आवश्यक उपायका निमित्त राज्यले निवेदन गर्न सक्नेछ।

धारा ६९: प्रमाण

१. बकपत्र गर्नुपूर्व हरेक साक्षीले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार निजले दिएको प्रमाणको सत्यता लागि बचनबद्धता व्यक्त गर्नु पर्नेछ।

२. धारा ६८ मा कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीमा व्यवस्था गरिएको हदमाबाहेक पुर्पक्षमा साक्षीको बकपत्र व्यक्ति आफैले गर्नुपर्नेछ। यस विधानको अधीनमा रही र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार, अदालतले साक्षीको मौखिक वा लिखित बकपत्र श्रव्य वा दृश्य प्रविधिका माध्यमबाट दिन साथसाथै लिखत वा लिखित लिपिउतार पेस गर्न अनुमति दिन सक्नेछ। यी उपायहरू अभियुक्तका अधिकारसँग पूर्वाग्रही असङ्गत हुनेछैनन्।

३. पक्षहरूले धारा ६४ अनुसार मुद्दासँग सम्बद्ध प्रमाण पेस गर्न सक्नेछन्। सत्यको निरूपणका लागि आवश्यक ठानिएका सबै प्रमाणहरूको प्रस्तुतिका लागि अनुरोध गर्न अदालतलाई अधिकार रहनेछ।

४. अदालतले अन्य कुराको अतिरिक्त, प्रमाणको प्रामाणिक मूल्य एवं त्यस्तो प्रमाणले स्वच्छ पुर्पक्ष वा साक्षीको वकपत्रको स्वच्छ मूल्याङ्कनमा उत्पन्न गर्न सक्ने पूर्वाग्रहलाई ध्यानमा राखी कार्यविधि तथा प्रमाणसम्बन्धी

नियमावलीअनुसार कुनै पनि प्रमाणको सम्बद्धता र ग्राह्यताको ठहर गर्न सक्नेछ।

६. अदालतले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेबमोजिम गोप्यतासम्बन्धी विशेषाधिकारहरूको सम्मान र पालना गर्नेछ।

७. अदालतले सामान्य ज्ञानका तथ्यहरूको प्रमाण खोज्नेछैन तर तिनको न्यायिक जानकारी लिन सक्नेछ।

८. यो विधान वा अन्तर्राष्ट्रियरूपमा मान्यताप्राप्त मानवअधिकारहरूको अतिक्रमण गर्ने माध्यमबाट लिएको प्रमाण ग्राह्य हुनेछैन यदि:

(क) प्रमाणको विश्वसनीयतामा सो अतिक्रमणले सारभूत शङ्का दर्साउँछ भने; वा

(ख) प्रमाणको ग्राह्यता कारबाही प्रक्रियाको निष्ठा प्रतिकूल हुन्छ वा त्यसलाई गम्भीर क्षति गर्छ भने

९. राज्यद्वारा सङ्कलित प्रमाणको सम्बद्धता वा ग्राह्यताउपर निर्णय गर्दा अदालतले राज्यको राष्ट्रिय कानुनको प्रयोगउपर निर्णय गर्नेछैन।

धारा ७०: न्यायप्रशासनविरुद्धका कसूर

१. अदालतलाई यसको न्यायप्रशासनविरुद्ध मनसायपूर्वक गरिएका तपसिलका कसूरउपर अधिकारक्षेत्र रहनेछ:

(क) धारा ६९, अनुच्छेद १ अनुसार सत्य बताउने दायित्व भएको बेलामा झूटो बकपत्र गर्नु;

(ख) पक्षले कीर्ते वा झूटो हो भनी जानेको प्रमाण प्रस्तुत गर्नु;

(ग) साक्षीलाई भ्रष्टतापूर्वक प्रभावित पार्नु, साक्षीको उपस्थिति वा बकपत्रलाई बाधाव्यवधान वा हस्तक्षेप गर्नु, बकपत्र गरेबापत साक्षीविरुद्ध प्रतिशोध लिनु वा प्रमाणको सङ्कलनलाई ध्वस्त पार्नु, उलटपुलट गर्नु वा हस्तक्षेप गर्नु;

(घ) अदालतका पदाधिकारीलाई निजका कर्तव्य पूरा नगर्न वा अनुचित तरिकाले गर्न जोर गर्ने वा राजी गर्ने उद्देश्यले रोक्नु, धाकधम्की दिनु वा भ्रष्टतापूर्वक प्रभावित पार्नु;

(ङ) अदालतको पदाधिकारीसँग निजले वा अन्य पदाधिकारीले पालन गरेको कर्तव्यका कारण प्रतिशोध लिनु;

(च) अदालतको पदाधिकारीको रूपमा निजको पदीय कर्तव्यको सम्बन्धमा घुस माग्नु वा स्वीकार गर्नु;

२. यस धाराअन्तर्गतका कसूरमाथिको अदालतको अधिकारक्षेत्रको प्रयोग गर्ने सिद्धान्त र कार्यविधि कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ। यस धाराअन्तर्गतको कारबाहीका सिलसिलामा अदालतलाई उपलब्ध गराइने अन्तर्राष्ट्रिय सहयोगका शर्तहरू अनुरोध गरिएको राज्यको राष्ट्रिय कानुनद्वारा निर्धारण हुनेछन्।

३. कसूर कायम भएको अवस्थामा अदालतले पाँच वर्षमा नबढ्ने गरी कैद वा कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसारको जरिवाना वा दुवै सजाय तोक्न सक्नेछ।

(क) हरेक राज्यपक्षले यस धारामा लेखिएको न्यायप्रशासनविरुद्धका कसूर तिनका प्रादेशिक क्षेत्रमा गरिएमा वा तिनका नागरिकहरूले गरेमा आफ्नो अनुसन्धानमूलक वा न्यायिक प्रक्रियाको सच्चरित्रताका विरुद्धका कसूरहरूलाई दण्डित गर्न आफ्ना फौजदारी कानुनहरूको विस्तार गर्नेछ।

(ख) अदालतको अनुरोधमा, उसले उचित ठानेमा जुनसुकै समयमा, राज्यपक्षले अभियोजनको प्रयोजनका लागि यसका सक्षम अधिकारीहरूसमक्ष मुद्दा प्रस्तुत गर्नेछ। ती अधिकारीहरूले यस्ता मुद्दाहरूलाई परिश्रमकासाथ हेर्नेछन् र तिनीहरूको प्रभावकारी सञ्चालन गर्न तिनलाई सक्षम पार्न पर्याप्त स्रोतसाधन अर्पनेछन्।

धारा ७१: अदालतसमक्ष खराब आचरणका लागि दण्डभार

१. अदालतले आफूसमक्ष उपस्थित भई यसको कारबाही प्रक्रिया बिथोल्ने वा जानाजान यसका निर्देशन पालना गर्न इन्कार गर्ने व्यक्तिहरूलाई कैदसजायभन्दा भिन्न, अदालत कार्यकक्षबाट अस्थायी वा स्थायी रूपले हटाउने, जरिवाना वा कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेको यस्तै अन्य उपायद्वारा दण्डित गर्नेछ।

२. अनुच्छेद १ मा उल्लिखित उपायहरू गर्ने कुरालाई व्यवस्थित गर्ने प्रक्रिया कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ।

धारा ७२: राष्ट्रिय सुरक्षासूचनाको संरक्षण

१. यो धारा, राज्यका विचारमा, जानकारी वा लिखतहरूको खुलासा राष्ट्रिय सुरक्षाका हितसँग पूर्वाग्रहकारी हुन सक्ने भनिएको कुनै पनि मामिलामा लागू हुन्छ। यस्ता मामिलामा धारा ५६, अनुच्छेद २ र ३,
धारा ६१, अनुच्छेद ३, धारा ६४, अनुच्छेद ३, धारा ६७ अनुच्छेद २, धारा ६८ अनुच्छेद ६, धारा ८७ अनुच्छेद ६ र धारा ९३ का क्षेत्रभित्र पर्ने मुद्दा साथसाथै यस्तो खुलासा विवादको विषय रहेको ठाउँमा कारबाहीको अन्य कुनै चरणमा उठेका मुद्दाहरू पर्दछन्।

२. जानकारी वा प्रमाण दिन अनुरोध गरिएको व्यक्तिले त्यसो गर्न अस्वीकार गरेको वा खुलासा राष्ट्रिय सुरक्षाको हितप्रति पूर्वाग्रही हुने आधार दर्शाइ राज्यलाई प्रेषित गरेको र सम्बन्धित राज्यले उसको विचारमा सो खुलासा राष्ट्रिय सुरक्षा हितप्रति पूर्वाग्रही हुने कुरामा समर्थन जनाएको अवस्थामा पनि यो धारा लागू हुनेछ।

३. यस धारामा लेखिएको कुनै कुराले धारा ५४ अनुच्छेद ३ (ङ) र (च) अन्तर्गत लागू हुने गोप्यताको आवश्यकता, वा धारा ७३ को कार्यान्वयनप्रति कुनै पूर्वाग्रह राख्नेछैन।

४. राज्यको सूचना वा लिखतहरू कारबाही प्रक्रियाको कुनै चरणमा खुलासा भइरहको वा हुन सक्ने राज्यलाई थाहा हुन आए र सो खुलासा आफ्नो राष्ट्रिय सुरक्षाको हितप्रति पूर्वाग्रही हुने ठानेमा सो राज्यलाई सो विषयबारे यस धाराअनुसारको समाधान प्राप्त गर्नका लागि हस्तक्षेप गर्ने अधिकार हुनेछ।

५. राज्यको विचारमा सूचनाको खुलासा उसको राष्ट्रिय सुरक्षाको हितप्रति पूर्वाग्रही हुने भएमा राज्यले मामिलाको सहयोगात्मक माध्यमबाट समाधान खोज्न अवस्थाअनुसार अभियोक्ता, प्रतिरक्षा वा पूर्वपुर्पक्ष कार्यकक्ष वा पुर्पक्ष कार्यकक्षसँगको सहकार्यद्वारा सबै मनासिब कदम चाल्नेछ। यस्ता कदममा निम्नलिखित कुरा समावेश हुन सक्नेछन्:

(क) अनुरोधको फेरबदल वा स्पष्टीकरण;

(ख) खोजिएको सूचना वा प्रमाणको सान्दर्भिकताका बारेमा अदालतद्वारा निरूपण वा सान्दर्भिक भए पनि प्रमाण अनुरोध गरिएको राज्यभन्दा भिन्न स्रोतबाट प्राप्त भएको वा प्राप्त हुन सक्ने कुराको निरूपण;

(ग) सूचना वा प्रमाण भिन्दै स्रोतबाट वा भिन्दैरूपमा प्राप्त गर्ने; वा

(घ) अन्य कुरामध्ये, सारांश वा संक्षेप उपलब्ध गराउने, खुलासामाथि सीमा, बन्द इजलासमा वा एकतर्फी कारबाहीको प्रयोग वा कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअन्तर्गत स्वीकृत अन्य संरक्षात्मक उपायलगायत्को सहायता उपलब्ध गराउन सकिने अवस्थाहरूबारे सम्झौता।

६. सहयोगात्मक माध्यमबाट विवादलाई सुल्झाउन सबै मनासिब पाइलाहरू चालिसकेपछि, र राज्यले सूचना वा लिखतहरू राष्ट्रिय सुरक्षाको हितप्रति पूर्वाग्रही नहुने गरी उपलब्ध गराउन वा खुलासा गर्न सकिने कुनै माध्यम वा अवस्था छैन भन्ने विचार गरेमा कारणहरूको खास वर्णन आफैमा राज्यको राष्ट्रिय सुरक्षाको हितमा पूर्वाग्रही हुने नभएमा आफ्ना निर्णयका खास कारणहरूबारे राज्यले अभियोक्ता वा अदालतलाई सूचित गर्नेछ।

७. त्यसपछि, अदालतले अभियुक्तको दोष वा निर्दोषिताको स्थापनाका लागि प्रमाण सम्बद्ध र आवश्यक छ भन्ने निरूपण गरेमा, अदालतले तपसिलका कारबाही गर्न सक्नेछ:

(क) सूचना वा लिखतको खुलासा खण्ड ९ अन्तर्गतको सहयोगको अनुरोधअनुसार वा अनुच्छेद २ मा वर्णित परिस्थितिअनुसार खोजिएको र राज्यले धारा ९३, अनुच्छेद ४ मा उल्लिखित इन्कारीको आधार दाबी गरेको अवस्थामा:

(१) अदालतले उपअनुच्छेद ७ (क) (२) मा उल्लेख भएअनुसार कुनै निष्कर्ष निकाल्नुअघि उपयुक्त भएसम्म बन्द इजलासमा र एकतर्फी सुनुवाइ गर्नेजस्ता कुरा समेट्न सक्ने गरी राज्यको प्रतिनिधित्वलाई विचार गर्ने प्रयोजनका लागि अरू परामर्शका लागि अनुरोध गर्न सक्नेछ;

(२) अदालतले धारा ९३, अनुच्छेद ४ अन्तर्गतको इन्कारीको आधार दाबी गरेर सो मुद्दाको परिस्थितिमा अनुरोध गरिएको राज्यले यस विधानअन्तर्गतका आफ्नो दायित्वअनुसार काम गरिहेको छैन भन्ने निष्कर्ष निकालेमा, अदालतले आफ्ना निष्कर्षको कारण खुलाई सो विषयलाई धारा ८७, अनुच्छेद ७ अनुसार प्रेषित गर्न सक्नेछ; र

(३) अदालतले अभियुक्तको पुर्पक्षमा, सो परिस्थितिमा उपयुक्त हुन सक्नेसम्म, तथ्यको विद्यमानता वा अभावबारे अनुमान गर्न सक्नेछ; वा

(ख) अन्य सबै परिस्थितिमा:

(१) खुलासाको आदेश गर्नेछ; वा

(२) खुलासाको आदेश नगरेको हदसम्म अभियुक्तको पुर्पक्षमा, सो परिस्थितिमा उपयुक्त हुन सक्नेसम्म, तथ्यको विद्यमानता वा अभावबारे अनुमान गर्नेछ।

धारा ७३: तेस्रोपक्षीय सूचना वा लिखत

कुनै राज्यलाई अदालतद्वारा उसको आरक्षकत्व, कब्जा वा नियन्त्रणमा रहेको गोप्यरूपमा राज्य, अन्तरसरकारी सङ्गठन वा अन्तर्राष्ट्रिय सङ्गठनबाट खुलासा भएको कुनै लिखत वा सूचना उपलब्ध गराइदिन अनुरोध गरिएमा यसले सो लिखत वा सूचनाको खुलासा गर्न उत्पत्तिकर्ताको सम्मति लिनेछ। उत्पत्तिकर्ता राज्यपक्ष भएमा धारा ७२ को व्यवस्थाका अधीनमा रही उसले सूचना वा लिखतको खुलासा गर्न सम्मति दिनेछ वा अदालतसँग खुलासाको विषयमा समाधानका लागि जिम्मा लिनेछ। उत्पत्तिकर्ता राज्यपक्ष नभएमा र खुलासा गर्न सम्मति दिन अस्वीकार गरेमा, अनुरोध गरिएको राज्यले अदालतलाई उत्पत्तिकर्तासँगको गोप्यतासम्बन्धी पूर्वस्थापित दायित्वका कारणले लिखत वा सूचना उपलब्ध गराउन आफू असमर्थ भएको जनाउ दिनेछ।

धारा ७४: निर्णयका लागि आवश्यक कुरा

१. पुर्पक्ष कार्यकक्षका सबै न्यायाधीशहरू पुर्पक्षको हरेक चरणमा र तिनको कारबाहीका दौरान उपस्थित रहनेछन्। अध्यक्षताले उपलब्ध भएसम्म हरेक

मुद्दा-मुद्दाका आधारमा पुर्पक्षका हरेक चरणमा उपस्थित रहन र पुर्पक्ष कार्यकक्षका कुनै सदस्य अविच्छिन्न उपस्थित रहन असमर्थ भएमा अर्को सदस्य प्रतिस्थापित गर्न एक वा बढी वैकल्पिक न्यायाधीशहरू तोक्नेछ।

२. पुर्पक्ष कार्यकक्षको निर्णय प्रमाण र सिङ्गै कारबाही प्रक्रियाको मूल्याङ्कनमा आधारित हुनेछ। निर्णय अभियोगहरू र तिनका कुनै संशोधनहरूमा वर्णन गरिएका तथ्य र परिस्थितिभन्दा बाहिरबाट हुनेछैन। अदालतले आफ्नो निर्णय पुर्पक्ष हुँदा आफूसामु पेश भएका र छलफल भएका प्रमाणमा मात्र आधारित बनाउन सक्नेछ।

३. न्यायाधीशहरूले आफ्नो निर्णयमा सर्वसम्मति जुटाउने प्रयास गर्नेछन् तर त्यसो हुन नसकेमा न्यायाधीशहरूको बहुमतबाट निर्णय गरिनेछ।

४. पुर्पक्ष कार्यकक्षको छलफल गोप्य हुनेछ।

५. निर्णय लिखित हुनेछ र निर्णयमा सबुत प्रमाणबारे पुर्पक्ष कार्यकक्षको ठहर र निष्कर्षको पूर्ण र तर्कसंगत विवरण रहनेछ। पुर्पक्ष कार्यकक्षले एउटा निर्णय जारी गर्नेछ। मतैक्य नभएका अवस्थामा पुर्पक्ष कार्यकक्षको निर्णयमा बहुमत र अल्पमतका दृष्टिकोणहरू राखिनेछन्। निर्णय वा त्यसको सारांश खुला अदालतमा सुनाइनेछ।

धारा ७५: पीडितलाई क्षतिपूर्ति

१. अदालतले प्रतिपूरण, हर्जाना र पुन:स्थापनालगायत् पीडितलाई वा पीडितको हकमा क्षतिपूर्तिसम्बन्धी सिद्धान्तहरू स्थापित गर्नेछ। यस आधारमा, कसैको अनुरोधमा वा अपवादजनक परिस्थितिमा आफ्नै प्रस्तावमा, अदालतले आफ्नो निर्णयमा पीडितहरू वा तिनका हकमा भएको कुनै पनि नोक्सानी, क्षति वा चोटपटकको क्षेत्र र हद निर्धारण गर्नेछ र आफू आधारित भएर काम गरिरहेको सिद्धान्त उल्लेख गर्नेछ।

२. अदालतले पीडितलाई वा पीडितका हकमा प्रतिपूरण, हर्जाना वा पुन:स्थापनालगायत् उपयुक्त क्षतिपूर्ति तोकेरै दोषीका नाममा सोझै आदेश गर्न सक्नेछ।

३. उपयुक्त भएको ठाउँमा, अदालतले धारा ७९ मा व्यवस्था गरिएको गुठी

कोषमार्फत क्षतिपूर्ति उपलब्ध गराउन आदेश दिन सक्नेछ।

४. यस धाराअनुसार आदेश गर्नुअघि, अदालतले दोषसाबित व्यक्ति, पीडितहरू, अन्य इच्छुक व्यक्तिहरू वा इच्छुक राज्यहरूलाई आमन्त्रित गर्न सक्नेछ र तिनको वा तिनका तर्फबाट प्रतिनिधित्वको ख्याल गर्नेछ।

५. यस धाराअनुसारको अधिकारको प्रयोग गर्दा, अदालतको अधिकारक्षेत्रको मुद्दामा कुनै व्यक्ति दोषसाबित भैसकेपछि अदालतले आफूले यस धाराअनुसार गर्न सक्ने आदेशलाई प्रभावकारी बनाउन धारा ९३, अनुच्छेद १ अनुसारका उपायहरू खोज्न आवश्यक छ कि छैन भन्ने कुरा पनि निर्धारण गर्न सक्नेछ।

६. धारा १०९ का प्रावधानहरू यस धाराका लागि लागू भएसरह राज्यपक्षले यस धाराअन्तर्गतका निर्णयहरूलाई कार्यान्वयन गर्नेछ।

७. यस धारामा लेखिएको कुनै कुरालाई पीडितका राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अधिकारहरूसँग पूर्वाग्रही हुने गरी व्याख्या गरिनेछैन।

धारा ७६: सजाय तोक्ने

१. कसूरदार ठहर दोषसाबित भएमा, पुर्पक्ष कार्यकक्षले दिनुपर्ने उपयुक्त सजाय विचार गर्नेछ र पुर्पक्षका सिलसिलामा सजायसँग सम्बद्ध प्रस्तुत गरिएका प्रमाण र बहस जिकिरलाई ध्यानमा लिनेछ।

२. धारा ६५ लागू हुनेमाबाहेक र पुर्पक्ष समाप्त हुनुअघि, पुर्पक्ष कार्यकक्षले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार सजायसम्बद्ध कुनै अतिरिक्त प्रमाण वा बहस सुन्नका लागि थप सुनुवाइ आफ्नै प्रस्तावमा गर्न सक्नेछ वा अभियोक्ता वा अभियुक्तको अनुरोधमा गर्नेछ।

३. अनुच्छेद २ लागू हुने अवस्थामा अनुच्छेद २ मा उल्लिखित थप सुनुवाइका सिलसिलामा र आवश्यक भए कुनै पनि अतिरिक्त सुनुवाइका क्रममा पनि धारा ७५ अन्तर्गतका प्रतिनिधित्वको सुनुवाइ गरिनेछ।

४. सजाय खुला ठाउँमा र, सम्भव भएसम्म, अभियुक्तको उपस्थितिमा घोषणा गरिनेछ।

खण्ड ७
सजाय

धारा ७७: हुनसक्ने सजायहरू

१. धारा ११० का अधीन रही, अदालतले यस विधानको धारा ५ मा उल्लिखित अपराधमा कसूरदार ठहर भएको व्यक्तिलाई देहायमध्ये कुनै एक सजाय गर्न सक्नेछ:

(क) अधिकतम ३० वर्षमा नबढ्ने गरी निश्चित वर्षको कारावास; वा

(ख) अपराधको सङ्गीन गम्भीरता र कसूरदार ठहर भएको व्यक्तिको व्यक्तिगत परिस्थितिबाट पुष्टि भएका अवस्थामा जन्मकैद वा आजीवन कारावास।

२. कैदसजायका अतिरिक्त अदालतले निम्नलिखित सजाय गर्ने आदेश दिन सक्नेछ:

(क) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेबमोजिमको मानकअनुसारको जरिवाना;

(ख) असल नियतका तेस्रो पक्षको अधिकारप्रतिको बिनापूर्वाग्रह, अपराधबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्राप्त गरिएको आम्दानी, धनमाल र सम्पत्तिको सर्वस्व;

धारा ७८: सजाय निर्धारण

१. सजाय निर्धारण गर्दा अदालतले कार्यविधि तथा प्रमाण नियमावलीअनुसार अपराधको गम्भीरता र दोषी साबित भएको व्यक्तिको व्यक्तिगत परिस्थितिजस्ता तत्वहरूलाई ध्यानमा राख्नेछ।

२. कैदको सजाय तोक्दा अदालतले अदालतको आदेशअनुसार पहिले थुनछेकमा राखिएको भए सो समय घटाउनेछ। अदालतले सम्बद्ध अपराधका क्रियाकलापसँग सम्बन्धित भएर थुनामा बिताएको अवधिलाई पनि घटाउन सक्नेछ।

३. कुनै व्यक्ति एकभन्दा बढी अपराधमा दोषी साबित भएमा, अदालतले हरेक अपराधका लागि सजाय र कैदसजायको जम्मा अवधि किटान गरी संयुक्त सजाय घोषित गर्नेछ। यस्तो अवधि एकल सजायको उच्चतम हदभन्दा कम

र ३० वर्षको कैदसजाय वा धारा ७७, अनुच्छेद (१) (ख) अनुरूप जन्मकैदको सजायभन्दा बढी हुने छैन।

धारा ७९: न्यासकोष

१. अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूका पीडित तथा यस्ता पीडितका परिवारको लाभका लागि राज्यपक्षहरूको सभाको निर्णयद्वारा एक न्यासकोष स्थापना गरिनेछ।

२. अदालतले अदालतको आदेशद्वारा जरिवाना वा जफतीमार्फत सङ्कलित नगद वा अन्य सम्पत्ति न्यासकोषमा स्थानान्तरण आदेश गर्न सक्नेछ।

३. न्यासकोषलाई राज्यपक्षहरूको सभाले तय गरेको मानकअनुसार व्यवस्थापन गरिनेछ।

धारा ८०: सजाय र राष्ट्रिय कानुनको राष्ट्रिय तहको कार्यान्वयनमा अपूर्वाग्रह

यस खण्डको कुनै कुराले राज्यहरूद्वारा हुने तिनका राष्ट्रिय कानुनले तोकेको सजायहरूको क्रियान्वयनलाई र यस खण्डले तोकेको सजायहरूको व्यवस्था नभएको राज्यहरूको कानुनलाई असर पार्नेछैन।

खण्ड ८
पुनरावेदन र पुनरावलोकन

धारा ८१: सफाइ वा दोषी साबित गर्ने निर्णयविरुद्ध वा सजायविरुद्ध पुनरावेदन

१. धारा ७४ अन्तर्गतको निर्णयउपर कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार निम्नानुसार पुनरावेदन लाग्न सक्नेछ:

(क) देहायका कुनै पनि आधारमा अभियोक्ताले पुनरावेदन गर्न सक्नेछ:

(१) कार्यविधिगत त्रुटि,

(२) तथ्यको त्रुटि वा

(३) कानुनको त्रुटि।

(ख) दोषी साबित गरिएको व्यक्ति वा सो व्यक्तिकोतर्फबाट अभियोक्ताले देहायका कुनै पनि आधारमा पुनरावेदन गर्न सक्नेछ:

(१) कार्यविधिगत त्रुटि,

(२) तथ्यको त्रुटि,

(३) कानुनको त्रुटि वा

(४) कारबाही वा निर्णयको स्वच्छता वा विश्वसनीयतालाई असर गर्ने अन्य कुनै पनि आधार।

२. (क) सजायउपर कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार अभियोक्ता वा दोषी साबित गरिएको व्यक्तिले अपराध र सजायका बीचको विषमानुपातका आधारमा पुनरावेदन गर्न सक्नेछ;

(ख) सजायउपरको पुनरावेदनमा अदालतले दोष स्थापित गरिएको कुरालाई पूरै वा केही उल्टी गर्ने आधार छ भन्ने विचार गरेमा अभियोक्ता र दोषी साबित गरिएको व्यक्तिलाई धारा ८१, अनुच्छेद १ (क) वा (ख) बमोजिम आधार प्रस्तुत गर्न बोलाउन सक्नेछ र धारा ८३ अनुसार दोष ठहरउपर निर्णय दिन सक्नेछ;

(ग) केवल दोष ठहर विरुद्धको पुनरावेदनमा अदालतले अनुच्छेद २ (क) अनुसार सजाय घट्ने आधार छ भन्ने विचार गरेमा समान कार्यविधि लागू हुन्छ।

३. (क) पुर्पक्ष कार्यकक्षले अन्यथा आदेश गरेमाबाहेक, पुनरावेदन विचाराधीन रहुन्जेल दोषी साबित गरिएको व्यक्ति हिरासतमा रहनेछ;

(ख) दोषी साबित गरिएको व्यक्तिको हिरासतको अवधि निजलाई गरिएको कैदसजायको अवधिभन्दा बढी भएमा सो व्यक्तिलाई रिहा गरिनेछ। तर अभियोक्ताले पनि पुनरावेदन गरेको अवस्थामा रिहाइ तल उपअनुच्छेद

(ग) अन्तर्गतका शर्तका अधीनमा हुन सक्नेछ;

(घ) सफाइ भएको अवस्थामा तलका कुराहरूको अधीनमा रही अभियुक्त तत्कालै रिहा हुनेछः

(१) अपवादजनक परिस्थितिहरूमा र अन्य कुराहरूका अतिरिक्त भागि जाने ठोस खतरा, अभियोग लगाइएको कसूरको गम्भीरता र पुनरावेदनको सफलताको सम्भावनालाई ध्यानमा राखी,

अभियोक्ताको अनुरोधमा पुर्पक्ष कार्यकक्षले पुनरावेदन विचाराधीन रहुन्जेल सो व्यक्तिको थुना कायम राख्न सक्नेछ;

(२) पुर्पक्ष कार्यकक्षको उपअनुच्छेद (ग) (१) अनुसारको निर्णयउपर कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार पुनरावेदन गर्न सकिनेछ।

४. अनुच्छेद ३ (क) र (ख) का प्रावधानका अधीन रही पुनरावेदन गर्नका लागि दिएको अवधि र पुनरावेदनको कारबाहीको अवधिभरका लागि निर्णय वा सजायको कार्यान्वयन निलम्बनमा रहनेछ।

धारा ८२: अन्य निर्णयविरुद्ध पुनरावेदन

१. देहायका कुनै पनि निर्णयउपर कुनै पनि पक्षले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार पुनरावेदन गर्न सक्नेछ:

(क) अधिकारक्षेत्र वा ग्राह्यताबारेको निर्णय;

(ख) अनुसन्धान वा अभियोजन भइरहेको व्यक्तिलाई रिहाइ गर्ने वा नगर्ने निर्णय;

(ग) धारा ५६, अनुच्छेद ३ अन्तर्गत पूर्वपुर्पक्ष कार्यकक्षले आफ्नै सक्रियतामा कार्य गर्ने निर्णय;

(घ) कारबाहीको स्वच्छता र शीघ्रतापूर्वकको सम्पादन वा पुर्पक्षको परिणामलाई ठूलै असर पार्न सक्ने विषय, र पूर्वपुर्पक्ष वा पुर्पक्ष कार्यकक्षको विचारमा पुनरावेदन कार्यकक्षद्वारा हुने तत्कालीन समाधानले कारबाहीलाई ठोस गति प्रदान गर्न सक्छ भन्ने कुरा समावेश रहेको निर्णय।

२. पूर्वपुर्पक्ष कार्यकक्षको धारा ५७, अनुच्छेद ३ (घ) अन्तर्गतको निर्णयउपर सम्बन्धित राज्य वा अभियोक्ताले पूर्व पुर्पक्ष कार्यकक्षको अनुमति लिएर पुनरावेदन गर्न सक्नेछ। पुनरावदेनलाई शीघ्रतासाथ सुनुवाइ गरिनेछ।

३. कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार अनुरोध भई पुनरावेदन कार्यकक्षले त्यस्तो आदेश नदिएसम्म पुनरावेदन स्वयंको निलम्बनीय प्रभाव हुनेछैन।

४. पीडितहरूको कानुन प्रतिनिधि, दोषी साबित भएको व्यक्ति वा धारा ७५ अन्तर्गतको आदेशले प्रतिकूल असर परेको सम्पत्तिको वास्तविक मालिकले क्षतिपूर्तिको आदेशउपर कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेबमोजिम पुनरावेदन गर्न सक्नेछ।

धारा ८३: पुनरावेदनको कारबाही प्रक्रिया

१. धारा ८१ अन्तर्गतको कारबाही र यो धाराको प्रयोजनका लागि पुनरावेदन कार्यकक्षलाई पुर्पक्ष कार्यकक्षका सबै अधिकारहरू हुनेछन्।

२. पुनरावेदन कार्यकक्षले पुनरावेदन परेको कारबाही प्रक्रिया निर्णय वा सजायको विश्वसनीयतामा असर पर्ने गरी अनुचित रहेको, वा पुनरावेदन गरिएका निर्णय वा सजाय तथ्यको वा कानुनको त्रुटि वस्तुत: वा कार्यविधिगत त्रुटिले प्रभावित रहको पाएमा, यसले निम्नलिखित काम कारबाही गर्न सक्नेछ:

(क) निर्णय वा सजाय उल्टी वा संशोधन गर्न; वा

(ख) भिन्न पुर्पक्ष कार्यकक्षसमक्ष नयाँ पुर्पक्षका लागि आदेश गर्न।

यी उद्देश्यहरूका लागि पुनरावेदन कार्यकक्षले उत्पत्तिकर्ता पुर्पक्ष कार्यकक्षलाई मुद्दाको तथ्यगत विवादको विषय निर्धारण गर्न र त्यसैअनुसार प्रतिवेदन गर्न सुम्पन सक्नेछ वा विषय निर्धारणका लागि आफैले प्रमाण आह्वान गर्न सक्नेछ। निर्णय वा सजायउपर केवल दोषी साबित गरिएको व्यक्तिद्वारा वा सो व्यक्तिका तर्फबाट अभियोक्ताबाट पुनरावेदन परेकोमा निजलाई हानी पुग्ने गरी संशोधन गरिनेछैन।

३. सजायउपर परेको पुनरावेदनमा पुनरावेदन कार्यकक्षले सजाय अपराधसँग समानुपातिक नभएको पाएमा यसले खण्ड ७ बमोजिम सजाय फेर्न सक्नेछ।

४. पुनरावेदन कार्यकक्षको ठहर बहुमत न्यायाधीशहरूबाट हुनेछ र खुला अदालतमा सुनाइनेछ। ठहरमा आधार लिइएका कारणहरू उल्लेख हुनेछन्। मतैक्य नभएमा पुनरावेदन कार्यकक्षको ठहरमा बहुमत र अल्पमत न्यायाधीशहरूका दृष्टिकोणहरू समेटिनेछन्, तर कानुनको प्रश्नमा न्यायाधीशले छुट्टै वा विमति राय सुनाउन सक्नेछ।

५. पुनरावेदन कार्यकक्षले आफ्नो ठहर सफाइ पाएको वा दोष साबित गरिएको व्यक्तिको अनुपस्थितिमा सुनाउन सक्नेछ।

धारा ८४: दोष साबिती वा सजायको पुनरावलोकन

१. दोषी साबित भएको व्यक्ति वा मृत्युपछि दम्पति, बालबालिका, आमाबाबु वा अभियुक्तले जीवितै हुँदा यस्तो दाबी गर्न प्रष्ट लिखित निर्देशन दिएको अभियुक्तको मृत्यु हुँदाका समयमा जीवित रहेको कुनै एक व्यक्ति वा सो व्यक्तिको तर्फबाट अभियोक्ताले पुनरावेदन कार्यकक्षसमक्ष दोष साबिती वा सजायको अन्तिम ठहर पुनरावलोकन गर्न देहायका आधारमा निवेदन गर्न सक्नेछन्:

(क) नयाँ प्रमाण पत्तो लागेको छ, जुन:

(१) पुर्पक्षका समयमा उपलब्ध थिएन, र सो अनुपलब्धतापूर्ण वा आंशिकरूपमा निवेदन गर्ने पक्षका कारणले भएको थिएन; र

(२) पुर्पक्षमा प्रमाणित हुन सकेको भए यसले अर्कै फैसलाको परिणाम ल्याउन सक्ने खालको पर्याप्त महत्वपूर्ण छ।

(ख) पुर्पक्षका क्रममा विचार गरिएको निर्णायक प्रमाण जसमा दोष साबिती निर्भर छ, सो नै झूटो, कीर्ते वा असत्य छ भन्ने कुरा भरखरै पत्तो लागेको छ।

(ग) सो मुद्दामा दोष साबित गर्न वा अभियोग निश्चय गर्नमा भाग लिएका एक वा बढी न्यायाधीशहरूले धारा ४६ अन्तर्गत तिनलाई हटाउने कुरा सिद्ध गर्न पर्याप्त गम्भीरताको खराब आचरण वा कर्तव्यको गम्भीर उल्लङ्घन गरेका छन्।

२. पुनरावेदन कार्यकक्षले निवेदन आधारहीन हो भन्ने ठहराएमा यसलाई अस्वीकार गर्न सक्नेछ। यसले निवेदनलाई योग्य आधारपूर्ण ठहऱ्याएमा उपयुक्त भएसम्म यसले:

(क) उत्पत्तिकर्ता पुर्पक्ष कार्यकक्षलाई पुन: बोलाउने;

(ख) नयाँ पुर्पक्ष कार्यकक्षको गठन गर्ने; वा

(ग) सो विषयमा अधिकारक्षेत्र ग्रहण गर्ने काम कारबाही कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीमा व्यवस्था गरिएको तरिकाले पक्षहरूको

सुनुवाइ गरिसकेपछि ठहरको परिमार्जन गर्नुपर्ने नपर्ने कुराको निर्धारणको प्रयोजनका लागि गर्न सक्नेछ।

धारा ८५: पक्राउ वा दोषी साबित व्यक्तिलाई क्षतिपूर्ति

१. गैरकानुनी पक्राउ र थुनछेकको सिकार भएको व्यक्तिलाई क्षतिपूर्तिको क्रियान्वयनकारी अधिकार हुनेछ।

२. कुनै पनि व्यक्ति फौजदारी कसूरमा अन्तिम निर्णयबाट दोष साबित भएको, र त्यसउप्रान्त नयाँ वा नवीनोद्घाटित तथ्यहरूले निर्णायकरूपमा अन्याय भएको देखाएको आधारमा दोष साबिती उल्टी गरिएमा, समयमै अज्ञात तथ्यको खुलासा नहुनमा पूरै वा आंशिक रूपले निजकै हात रहेको प्रमाणित भएमाबाहेक, यस्तो दोष साबितीको नतिजास्वरूप सजाय भोगेको व्यक्तिलाई कानुनअनुसार क्षतिपूर्ति गरिनेछ।

३. गम्भीर र स्पष्ट अन्याय भएको कुरा अदालतले निर्णायक तथ्यहरूले दर्शाएको पाएको अपवादजनक अवस्थामा, अदालतले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले तोकोको मानकभित्र रही, अन्तिम निर्णयबाट सफाइ पाएर वा सोही कारणले कारबाही प्रक्रिया समाप्त भएर थुनाबाट रिहा भएको व्यक्तिलाई, आफ्नै तजबिजमा क्षतिपूर्ति दिन सक्नेछ।

खण्ड ९
अन्तर्राष्ट्रिय सहयोग र न्यायिक सहायता

धारा ८६: सहयोग गर्ने सामान्य दायित्व

यस विधानका प्रावधानअनुसार, राज्यपक्षहरूले अदालतलाई अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूको अनुसन्धान र अभियोजनमा पूर्णरूपमा सहयोग गर्नेछन्।

धारा ८७: सहयोगका लागि अनुरोध: सामान्य प्रावधान

१. (क) सरसहयोगका लागि राज्यपक्षहरूसँग अनुरोध गर्ने अदालतलाई अख्तियारी हुनेछ। अनुरोध कूटनीतिक माध्यम वा राज्यहरूले अनुमोदन, स्वीकृति,

समर्थन वा सम्मिलन गर्दा चयन गरेका अन्य उपयुक्त माध्यममार्फत सञ्चारित हुनेछ। पछि हुने माध्यम चयनको परिवर्तन हरेक राज्यपक्षले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार गर्नेछ।

(ख) उपयुक्त भएका अवस्थामा, उपअनुच्छेद (क) का प्रावधानप्रति पूर्वाग्रही नहुने गरी अन्तर्राष्ट्रिय फौजदारी प्रहरी सङ्गठन वा अन्य उपयुक्त क्षेत्रीय सङ्गठनमार्फत पनि अनुरोध सञ्चारित हुन सक्नेछ।

२. सहयोगका लागि अनुरोध र अनुरोधलाई पुष्टि गर्ने लिखतहरू सो राज्यले अनुमोदन, स्वीकृति, सर्मथन र सम्मिलनका समयमा चयन गरेअनुसार कि त अनुरोध गरिएको राज्यको सरकारी कामकाजको कुनै भाषामा हुनेछ वा सो भाषामा गरिएको अनुवादसहित हुनेछ वा अदालतको कुनै एक कामकाजी भाषामा हुनेछ।

३. यस चयनमा पछि हुने परिवर्तन कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार हुनेछन्।

४. अनुरोध गरिएको राज्यले सहयोगको अनुरोध र अनुरोधलाई पुष्टि गर्ने कुनै पनि लिखतलाई, अनुरोधको कार्यान्वयनका लागि आवश्यक पर्ने खुलासाको हदमाबाहेक, गोप्य राख्नेछ।

५. यस खण्डअन्तर्गत प्रस्तुत सहयोगको कुनै पनि अनुरोधका सम्बन्धमा, कुनै पीडित, सम्भाव्य साक्षी र तिनका परिवारहरूको सुरक्षा वा भौतिक वा मनोवैज्ञानिक भलाइ सुनिश्चित पार्न आवश्यक हुन सक्ने सूचनाको संरक्षणसम्बन्धी उपायलगायत्का उपाय अदालतले अपनाउन सक्नेछ। यस खण्डअन्तर्गत उपलब्ध गराइएको कुनै पनि सूचना कुनै पीडित, सम्भाव्य साक्षी र तिनका परिवारहरूको रक्षा वा भौतिक वा मनोवैज्ञानिक भलाइको संरक्षण गर्ने तरिकाले उपलब्ध गराइने र प्रयोग हुने कुराको अदालतले अनुरोध गर्न सक्नेछ।

६. (क) अदालतले यो विधानको पक्ष नरहेको कुनै राज्यलाई तदर्थ बन्दोबस्त, त्यस्तो राज्यसँगको सम्झौता वा अरू कुनै उपयुक्त आधारमा यस खण्डअन्तर्गत सहयोग उपलब्ध गराउन निम्त्याउन सक्नेछ।

(ख) अदालतसँग तदर्थ बन्दोबस्त वा सम्झौतामा प्रवेश गरेको यस विधानको

पक्ष नभएको राज्यले यस्तो बन्दोबस्त वा सम्झौताअनुसार सरसहयोग गर्न असफल रहेमा अदालतले राज्यपक्षहरूको सभालाई वा सुरक्षापरिषद्ले सिफारिस गरेको मामिलामा सुरक्षापरिषद्लाई सोबारेमा जानकारी दिन सक्नेछ।

७. अदालतले सूचना र लिखतहरू उपलब्ध गराउन कुनै पनि अन्तरसरकारी सङ्गठनलाई आग्रह गर्न सक्नेछ। अदालतले यस्ता सङ्गठनहरूसँग हुन सक्ने सहमति र यसका सक्षमता र कार्यादेशअनुसारका अन्य स्वरूपका सहयोग र सहायताका लागि पनि अनुरोध गर्न सक्नेछ।

८. यस विधानका प्रावधानको विपरीत राज्यपक्षले सहयोगसम्बन्धी अदालतको अनुरोध पालन नगरी अदालतलाई यस विधानअन्तर्गतका अधिकार र कामकारबाहीको प्रचलन गर्नबाट रोकेमा अदालतले सो कुराको निष्कर्ष तयार पार्न र सो कुरा राज्यपक्षहरूको सभासमक्ष वा सुरक्षापरिषद्बाट सिफारिस भएको मामिलामा सुरक्षापरिषद्मा प्रेषित गर्न सक्नेछ।

धारा ८८: राष्ट्रिय कानुनअन्तर्गत कार्यविधिको उपलब्धता

यस खण्डमा निर्दिष्ट सबै स्वरूपका सहयोगका लागि तिनीहरूको राष्ट्रिय कानुनअन्तर्गत कार्यविधिहरू उपलब्ध रहने कुरा राज्यपक्षहरूले सुनिश्चित पार्नेछन्।

धारा ८९: अदालतसमक्ष समर्पण

१) अदालतले कुनै व्यक्तिको पक्राउ र समर्पणका लागि धारा ९१ मा उल्लिखित अनुरोधलाई पुष्टि गर्ने सामग्रीसहितको अनुरोध त्यस्तो व्यक्ति फेला पर्न सक्ने प्रादेशिक क्षेत्रवाला कुनै पनि राज्यलाई पठाउन सक्नेछ र यस्तो व्यक्तिको पक्राउ र समर्पणमा सो राज्यको सहयोगका लागि अनुरोध गर्नेछ। राज्यपक्षहरूले यस खण्डका प्रावधान र आफ्नो राष्ट्रिय कानुनको कार्यविधिअनुसार यस्तो पक्राउ र समर्पणको अनुरोधलाई पालन गर्नेछन्।

२) समर्पण मागिएको व्यक्तिले धारा २० मा व्यवस्था गरिएअनुसारको अनावृत्ति (ne bis in idem) को सिद्धान्तका आधारमा राष्ट्रिय अदालतमा चुनौती दिएमा,

ग्राह्यतासम्बन्धी कुनै सान्दर्भिक निर्णयादेश भए नभएको यकिन गर्न अनुरोध गरिएको राज्यले तत्काल अदालतसँग सम्पर्क गर्नेछ। मुद्दा ग्राह्य रहेमा अनुरोध गरिएको राज्यले अनुरोधको कार्यान्वयनको प्रक्रिया अगि बढाउनेछ। ग्राह्यतासम्बन्धी निर्णयादेश विचाराधीन रहेका अवस्थामा, अदालतले ग्राह्यताबारे टुङ्गो नलाएसम्म व्यक्तिको समर्पणको अनुरोधको कार्यान्वयनलाई अनुरोध गरिएको राज्यले स्थगित राख्न सक्नेछ।

३. (क) राज्यपक्षले, सो राज्यमार्फतको पारवहनले समर्पणलाई बाधा पुऱ्याउने वा विलम्ब गर्नेमाबाहेक, अदालतसमक्ष अर्को राज्यद्वारा समर्पण भइरहेको व्यक्तिको परिवहनलाई आफ्नो प्रादेशिक क्षेत्रभर आफ्नो राष्ट्रिय कानुनअनुसार अख्तियारी दिनेछ।

(ख) पारवहनका लागि अदालतको अनुरोध धारा ८७ अनुसार सञ्चरित हुनेछ। उक्त अनुरोधमा निम्नलिखित विषय समेटिनेछः

(१) परिवहन भइरहेको व्यक्तिको विवरण;

(२) तथ्यहरूको छोटो बयान र तिनको कानुनी चारित्रीकरण; र

(३) पक्राउ र समर्पणको वारेन्ट।

(ग) परिवहन हुँदै गरेको व्यक्ति पारवहनको अवधिमा हिरासतको थुनामा रहनेछ।

(घ) व्यक्तिको परिवहन हवाईमार्गबाट भएमा र पारवहनवाला राष्ट्रको प्रादेशिक क्षेत्रमा अवतरण तालिका नरहेमा अख्तियारीको आवश्यकता हुनेछैन।

(ङ) समयतालिकाबिनाको अवतरण पारवहन राज्यको प्रादेशिक क्षेत्रमा हुन गएमा, सो राज्यले अदालतबाट उपअनुच्छेद (ख) मा व्यवस्था भएबमोजिम पारवहनको अनुरोध खोज्न सक्नेछ। पारवहन राज्यले परिवहन भइरहको व्यक्तिलाई, पारवहनको अनुरोध र पारवहन प्रभावकारी नभएसम्मका लागि जानबाट रोकी राख्नेछ। यस शर्तमा कि यस उपअनुच्छेदको प्रयोजनको लागि प्रस्थानउपर लगाइएको प्रतिबन्ध समय तालिकाबिनाको अवतरण भएको समयदेखि ९६ घण्टाभित्र अनुरोध प्राप्त भएमाबाहेक, सो समयभन्दा बढी बढाउन सकिने छैन।

४. खोजिएको व्यक्तिउपर अदालतलाई समर्पण गर्नुपर्नेभन्दा भिन्दै अपराधमा अनुरोध गरिएको राज्यमा कारबाही चलिरहेको वा निजले सजाय भोगिरहेको भए, अनुरोध गरिएको राज्यले अनुरोध सकार्ने निर्णय लिई अदालतसँग सरसल्लाह गर्नेछ।

धारा ९०: प्रतिस्पर्धी अनुरोधहरू

१. धारा ८९ अनुसार व्यक्तिको समर्पणका लागि अदालतबाट अनुरोध प्राप्त गरेको राज्यपक्षले अर्को राज्यबाट पनि अदालतले समर्पण खोजेकै अपराधको आधार खडा गर्ने समान क्रियाकलापमा सोही व्यक्तिको सपुर्दगीका लागि अनुरोध पनि प्राप्त गरेको भए सो तथ्यबारे अदालत र अनुरोधकर्ता राज्यलाई जनाउ दिनेछ।

२. अनुरोधकर्ता राज्य राज्यपक्ष भएको अवस्थामा अनुरोध गरिएको राज्यले अदालतको अनुरोधलाई प्राथमिकता दिनुपर्ने छ, यदि:

(क) जुन मुद्दाको सिलसिलामा समर्पण खोजिएको छ सो मुद्दा ग्राह्य छ भनी अदालतले धारा १८ वा १९ अनुसार निर्णय गरेमा र अनुसन्धानकर्ता राज्यले यसको सपुर्दगीको सन्दर्भमा गरेका अनुसन्धान र अभियोजनलाई सो निर्णयमा ध्यानमा राखिएको भएमा; वा

(ख) अनुच्छेद १ अनुसार अनुरोध गरिएको राज्यको जनाउअनुसार अदालतले उपअनुच्छेद (क) मा वर्णन गरिएको निर्णय लिएको भएमा।

३. अनुच्छेद २ (क) अनुसार निर्णय नभएका अवस्थामा, अनुरोध गरिएको राज्यले आफ्नै तजबिजमा अनुच्छेद २ (ख) को अदालतको निर्णय लम्बित रहेको स्थितिमा अनुरोधकर्ता राज्यबाट भएको सुपुर्दगीको अनुरोधको कारबाही बढाउन सक्नेछ तर अदालतले सो मुद्दा अग्राह्य हुने ठहर नगरेसम्म सो व्यक्तिको सुपुर्दगी गर्नेछैन। अदालतको निर्णय शीघ्रतासाथ गरिनेछ।

४. अनुरोधकर्ता राज्य यस विधानको पक्ष नरहेको राज्य भएमा र अनुरोध गरिएको राज्यमाथि अनुरोधकर्ता राज्यलाई सो व्यक्तिको सुपुर्दगी गर्ने अन्तर्राष्ट्रिय दायित्व नरहेमा र अदालतले मुद्दा ग्राह्य हुने टुङ्गो लाइसकेको भएमा, अनुरोध गरिएको राज्यले समर्पणका लागि अदालतबाट गरिएको अनुरोधलाई प्राथमिकता दिनेछ।

५. मुद्दा ग्राह्य हुने अदालतद्वारा अनुच्छेद ४ अनुसार निर्णय नभएको अवस्थामा, अनुरोध गरिएको राज्यले आफ्नै तजबिजमा अनुरोधकर्ता राज्यको सुपुर्दगीसम्बन्धी अनुरोधबारे कारबाही अगाडि बढाउनेछ।

६. अनुरोध गरिएको राज्य यस विधानको पक्ष नरहेको अनुरोधकर्तालाई व्यक्तिको सुपुर्दगी गर्ने अन्तर्राष्ट्रिय दायित्वमा रहेको अवस्थाबाहेक अनुच्छेद ४ लागू हुने मामिलामा, अनुरोध गरिएको राज्यले व्यक्तिलाई अदालतसमक्ष समर्पण गर्ने वा अनुरोधकर्ता राज्यलाई सपुर्दगी गर्ने भन्ने विषय निर्णय लिनेछ। आफ्नो निर्णय लिँदा अनुरोध गरिएको राज्यले यसैमा मात्र सीमित नहुने गरी देहायका लगायत् सबै सान्दर्भिक कुराहरूमा विचार पुऱ्याउनेछ:

(क) अनुरोधहरूका तत्तत तिथिमिति;

(ख) सान्दर्भिक भएसम्म, अपराध उसको प्रादेशिक क्षेत्रमा भए नभएको र पीडित वा खोजिएको व्यक्ति उसका नागरिक रहेको लगायत् अनुरोधकर्ता राज्यका चासोहरू; र

(ग) अदालत र अनुरोधकर्ता राज्यबीच समर्पण हुन सक्ने भावी सम्भावना।

७. कुनै व्यक्तिको समर्पणको लागि अदालतबाट अनुरोध प्राप्त गरेको राज्यपक्षलाई अर्को राज्यबाट पनि अदालतले सो व्यक्तिको समर्पण खोजेको अपराध हुनेभन्दा भिन्न क्रियाकलापका लागि सोही व्यक्तिको सपुर्दगीको अनुरोध प्राप्त भएमा:

(क) अनुरोधकर्ता राज्यलाई सुपुर्द गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्व नरहेको भए अनुरोध गरिएको राज्यले अदालतबाट प्राप्त अनुरोधलाई प्राथमिकता दिनेछ;

(ख) अनुरोध गरिएको राज्यमाथि अनुरोधकर्ता राज्यलाई सो व्यक्तिलाई सुपुर्द गर्नपर्ने अन्तर्राष्ट्रिय दायित्वमा रहेको अवस्थामा सो राज्यले सो व्यक्तिलाई अदालतलाई समर्पण गर्ने वा अनुरोधकर्ता राज्यलाई सुपुर्द गर्ने भन्ने बारेमा निर्णय लिनेछ। आफ्नो निर्णय लिँदा, अनुरोध गरिएको राज्यले त्यसैमा मात्र सीमित नहुने गरी अनुच्छेद ६ मा किटान गरिएका लगायत् सबै सान्दर्भिक कुराहरूमा ध्यान दिनेछ र प्रश्न उठाएको क्रियाकलापको सापेक्ष प्रकृति र गम्भीरताप्रति विशेष ख्याल राख्नेछ।

८. यस धाराअन्तर्गतको जनाउअनुसार अदालतले कुनै मुद्दा अग्राह्य हुने निर्णय गरेमा, र तत्पश्चात् अनुरोधकर्ता राज्यलाई सुपुर्दगी गर्न इन्कार गरिएमा, अनुरोध गरिएको राज्यले अदालतलाई यो निर्णयको जनाउ दिनेछ।

धारा ९१: पक्राउ र समर्पणको अनुरोधका अन्तरवस्तु

१. पक्राउ र समर्पणको लागि लिखितरूपमा अनुरोध गरिनेछ। अत्यन्त जरूरी मामिलाहरूमा, धारा ८७, अनुच्छेद १ (क) ले व्यवस्था गरेको माध्यमद्वारा पुष्टि हुने गरी, अनुरोध लिखित अभिलेख रहन सक्ने अन्य जुनसुकै माध्यमबाट गर्न सकिनेछ।

२. धारा ५८ अन्तर्गत पूर्वपुर्पक्ष कार्यकक्षद्वारा पक्राउको वारेन्ट जारी भएको व्यक्तिको पक्राउ र समर्पणका लागि गरिएका अनुरोधमा निम्न कुराहरू समेटिने छ वा सो अनुरोध निम्नलिखित कुराहरूबाट पुष्टि गरिनेछ:

(क) खोजिएको मानिस, व्यक्तिको पहिचान गर्न पर्याप्त जानकारी र व्यक्तिको सम्भाव्य रासोबासोको सूचना;

(ख) पक्राउको वारेन्टको एक प्रति; र

(ग) अनुरोध गरिएको राज्य र अन्य राज्यबीचका सन्धि वा बन्दोबस्तअनुसारको सपुर्दगीका अनुरोधमा लागू हुने अपेक्षाहरू भन्दा बढी बोझिलो नहुने गरी र अदालतको भिन्न प्रकृतिलाई ध्यानमा राखी सम्भव भएसम्म कम बोझिलो हुने गरी अनुरोध गरिएको राज्यमा समर्पण प्रक्रियाका लागि आवश्यक अपेक्षाहरू कुरा पूरा गर्न जरूरी हुनसक्ने लिखत, बयान वा जानकारी।

३. पहिले दोषी साबित भइसकेको व्यक्तिको पक्राउ र समर्पणका लागि गरिएको अनुरोधका हकमा, अनुरोधमा निम्न कुराहरू समेटिनेछन् वा सो अनुरोध निम्न कुराहरूबाट पुष्टि गरिनेछ:

(क) सो व्यक्तिको लागि कुनै पनि पक्राउको वारेन्टको प्रति;

(ख) दोषी साबित भएको निर्णयको प्रति;

(ग) खोजिएको व्यक्ति दोषी साबित भएको निर्णयमा उल्लेख भएको व्यक्ति भएको दर्साउने जानकारी; र

(घ) खोजिएको व्यक्तिको सजायनिदान भएको भए निजलाई गरिएको सजायको प्रति र, कैदसजायका हकमा पहिले सजाय भोगिसकेको अवधि र भोग्न बाँकी रहेको अवधि।

४. अदालतको अनुरोधमा, राज्यपक्षले अनुच्छेद २ (ग) अन्तर्गत लागू हुन सक्ने आफ्ना राष्ट्रिय कानुनअन्तर्गतका कुनै पनि आवश्यकताका बारेमा सामान्यरूपमा वा कुनै खास कुराको सम्बन्धमा अदालतसँग सरसल्लाह गर्नेछ। सरसल्लाहका समयमा राज्यपक्षले अदालतलाई आफ्नो राष्ट्रिय कानुनका खासखास अपेक्षाहरूबारे सूचना दिनेछ।

धारा ९२: अस्थायी पक्राउ

१. अत्यावश्यक मामिलाहरूमा, धारा ९१ मा निर्दिष्ट समर्पणको अनुरोध र अनुरोधलाई टेवा दिने लिखतहरूको प्रस्तुतिलाई थाती राखेर, अदालतले खोजिएको व्यक्तिको अस्थायी पक्राउको अनुरोध गर्न सक्नेछ।

२. अस्थायी पक्राउको अनुरोध लिखित अभिलेख राख्न सकिने सक्षम भएको कुनै पनि माध्यमबाट हुनेछ र अनुरोधमा निम्नलिखित कुराहरू समेटिनेछः

(क) खोजिएको मानिस, व्यक्तिको पहिचान गर्न पर्याप्त जानकारी र व्यक्तिको सम्भाव्य रासोबासोको सूचना;

(ख) व्यक्तिको पक्राउ गर्न खोजिएका अपराधहरू र सम्भव भएसम्म, अपराधको मिति र स्थानसहित ती अपराधहरू घटित हुने आरोपित तथ्यहरूको संक्षिप्त विवारण;

(ग) खोजिएको व्यक्तिका नाममा पक्राउको वारेन्ट वा दोष साबितीको निर्णय रहेभएको विवरण; र

(घ) खोजिएको व्यक्तिको समर्पणका लागि अनुरोध गरिनेछ भन्ने कथन।

३. अनुरोध गरिएको राज्यले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले निर्दिष्ट गरेको समयावधिभित्र धारा ९१ ले निर्देश गरेअनुसारको समर्पणको अनुरोध र अनुरोधलाई पुष्टि गर्ने लिखतहरू प्राप्त नगरेमा अस्थायीरूपमा पक्राउ गरिएको व्यक्तिलाई हिरासतबाट छुटकारा दिन सकिनेछ। तर अनुरोध गरिएको राज्यको कानुनले अनुमति दिएमा सो अवधि व्यतित हुनुभन्दा अगावै

सो व्यक्तिले समर्पणका लागि सहमत हुन सक्नेछ। यस अवस्थामा अनुरोध गरिएको राज्यले व्यक्तिलाई अदालतसमक्ष जति सक्दो चाँडो समर्पण गर्न कारबाही चलाउनेछ।

४. समर्पणको अनुरोध र सो अनुरोधलाई पुष्टि गर्ने लिखतहरू पछिल्लो मितिमा दाखिल भएको भए अनुच्छेद ३ अनुसार खोजिएको व्यक्ति हिरासतबाट छुटेको कुराले पछि हुने सो व्यक्तिका पक्राउ र समर्पणप्रति पूर्वाग्रह राख्नेछैन।

धारा ९३: सरसहयोगका अन्य स्वरूप

१. राज्यपक्षहरूले यस खण्डका प्रावधानअनुसार र राष्ट्रिय कानुनको कार्यविधिअन्तर्गत अनुसन्धान र अभियोजनको सिलसिलामा निम्नबमोजिमका सहयोगका लागि अदालतले गरेका अनुरोधहरूको पालना गर्नेछन्:

(क) व्यक्तिहरूको पहिचान र अत्तोपत्तो वा चिजबिजको अवस्थिति;

(ख) शपथसाथ बकपत्र गराउनेलगायत्का प्रमाण लिने कार्य र विशेषज्ञको राय तथा अदालतलाई आवश्यक प्रतिवेदनहरूलगायत् प्रमाणको प्रस्तुतीकरण;

(ग) अनुसन्धान वा अभियोजन भइरहेको व्यक्तिको सोधपुछ;

(घ) न्यायिक कागजातसहित अभिलेखको सेवा;

(ङ) अदालतसमक्ष साक्षी वा विशेषज्ञका रूपमा व्यक्तिहरूको स्वैछिक उपस्थितिको सहजीकरण;

(च) अनुच्छेद ७ ले व्यवस्था गरेबमोजिम व्यक्तिहरूको अस्थायी स्थानान्तरण;

(छ) चिहानको उत्खनन र परीक्षणलगायत् ठाउँ वा थलोको परीक्षण;

(ज) खानतलासी र बरामदीको कार्यान्वयन;

(झ) कार्यालय अभिलेख र लिखतहरूलगायत् अभिलेख र लिखतहरूको प्रबन्ध;

(ञ) पीडित र साक्षीहरूको संरक्षण तथा प्रमाणको सुरक्षा;

(ट) अन्तत: जरुतीको प्रयोजनका लागि, वास्तविक तेस्रा पक्षका अधिकारहरूप्रति पूर्वाग्रह नराखी अपराधहरूका आम्दानी, जेथा र सम्पत्ति तथा सरसाधनहरूको पहिचान, खोज र रोक्का वा बरामदी;

(ठ) अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूको अनुसन्धान र

अभियोजनलाई सघाउने दृष्टिले अनुरोध गरिएको राज्यको कानुनले निषेध नगरेको अन्य कुनै पनि प्रकारको सहायता।

२. अदालतलाई अदालतसमक्ष उपस्थित हुने कुनै साक्षी वा विशेषज्ञलाई अनुरोध गरिएको राज्यबाट सो व्यक्तिले प्रस्थान गर्नुअघि भएका कुनै कार्य वा अकार्यका सिलसिलामा अदालतद्वारा निजलाई अभियोजन गरिने, थुन्ने वा व्यक्तिगत स्वतन्त्रतामा कुनै सीमाबन्दीको भागीदार बनाइनेछैन भन्ने सुनिश्चितता प्रदान गर्ने अधिकार हुनेछ।

३. अनुच्छेद १ अन्तर्गत प्रस्तुत अनुरोधमा विस्तार गरिएको सहायताको खास उपायको कार्यान्वयन अनुरोध गरिएको राज्यमा सामान्य प्रचलनका विद्यमान आधारभूत कानुनी सिद्धान्तको आधारमा निषेधित भएमा, सो विषयमा समाधान निकाल्न अनुरोध गरिएको राज्यले तत्कालै अदालतसँग सल्लाह गर्नेछ। सल्लाहमा सहायता अर्को तरिकाले दिने वा शर्तको अधिन रही दिने भन्ने कुरालाई विचार गरिनेछ। सल्लाहपछि पनि सो विषय समाधान नभएमा अदालतले आवश्यकताअनुसार अनुरोधमा फेरबदल गर्नेछ।

४. धारा ७२ अनुसार कुनै राज्यपपक्षले सहयोगको अनुरोधलाई सो अनुरोधसँग सम्बन्धित कुनै लिखतको प्रस्तुति वा प्रमाणको खुलासा उसको राष्ट्रिय सुरक्षासँग सम्बन्धित भएमा मात्रै पूरै वा आंशिकरूपमा, इन्कार गर्न सक्नेछ।

५. अनुच्छेद १ (ठ) अन्तर्गतको सहायताको अनुरोध इन्कार गर्नुपूर्व, अनुरोध गरिएको राज्यले निर्दिष्ट शर्तका अधीनमा रही वा पछिल्लो मितिमा वा वैकल्पिक तरिकाले सहायता उपलब्ध गराउन सकिन्छ कि भनी विचार गर्नेछ। तथापि अद ालत वा अभियात्काले शर्तहरूको अधीन रही सहायता स्वीकार गरेमा अदालत वा अभियोक्ताले तिनको पालना गर्नेछ।

६. सहायताका लागि गरिएको अनुरोध इन्कार भएमा, अनुरोध गरिएको राज्यले तत्कालै अदालत वा अभियोक्तालाई यस्तो इन्कारीको कारण जानकारी गराउनेछ।

७. (क)अदालतले पहिचान गर्न वा बकपत्र लिन वा अन्य सहायता प्राप्त गर्नका लागि हिरासतमा रहेको व्यक्तिको अस्थायी स्थानान्तरणका लागि अनुरोध गर्न सक्नेछ। निम्न शर्तावस्थाहरू पूरा भएमा व्यक्तिको स्थानान्तर हुन सक्नेछः

(१) सो व्यक्तिले स्थानान्तरणका लागि स्वतन्त्ररूपमा जानिबुझी आफ्नो सम्मति दिन्छ; र

(२) अनुरोध गरिएको राज्य सो राज्य र अदालत सहमत भएका शर्तअवस्थाको अधीन रही, स्थानान्तर गर्न राजी छ।

(ख) स्थानान्तर हुने व्यक्ति हिरासतमा रहनेछ। स्थानान्तरणको उद्देश्य पूरा भएपछि अदालतले सो व्यक्तिलाई बिनाढिलाई अनुरोध गरिएको राज्यलाई फिर्ता गर्नेछ।

८. (क) अनुरोधमा वर्णन गरिएको अनुसन्धान र कारबाही प्रक्रियाका लागि चाहिएमाबाहेक अदालतले लिखतहरू र सूचनाको गोपनीयता सुनिश्चत पार्नेछ।

(ख) अनुरोध गरिएको राज्यले आवश्यक भएमा अभियोक्तालाई लिखतहरू र सूचना गोप्यताको आधारमा सञ्चारित गर्नेछ। अभियोक्ताले तत्पश्चात् तिनलाई खालि नयाँ प्रमाणको विकासका लागि प्रयोग गर्नेछ।

(ग) अनुरोध गरिएको राज्यले, आफ्नै प्रस्ताव वा अभियोक्ताको अनुरोधमा, पछिबाट यस्ता लिखतहरू र सूचनाको खुलासाका लागि सम्मति दिन सक्नेछ। त्यसपछि तिनीहरूलाई खण्ड ५ र ६ का प्रावधानअनुसार र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली-बमोजिम प्रमाणस्वरूप प्रयोग गर्न सकिनेछ।

९. (क) (१) राज्यपक्षले अदालतबाट र अन्तर्राष्ट्रिय दायित्वअन्तर्गत अर्को राज्यबाट समर्पण वा सुपुर्दगीबाहेकको प्रतिस्पर्धी अनुरोधहरू प्राप्त गरेको अवस्थामा, राज्यपक्षले अदालत र अर्को राज्यको परामर्शमा, आवश्यक भए एक वा अर्को अनुरोधलाई स्थगन गर्न वा शर्त राखेर भए पनि, दुवै अनुरोधहरूलाई पूरा गर्ने प्रयत्न गर्नेछ।

(२) सो गर्न असफल भएमा प्रतिस्पर्धी अनुरोधहरूलाई धारा ९० मा स्थापित सिद्धान्तहरूका आधारमा समाधान गरिनेछ।

(ख) अदालतले अनुरोध गरेको सूचना, सम्पत्ति वा व्यक्तिहरू तेस्रो राज्य वा अन्तर्राष्ट्रिय सम्झौताद्वारा अन्तर्राष्ट्रिय सङ्गठनको अधीनका विषय रहेछन्

भने अनुरोध गरिएको राज्यले अदालतलाई सोको जानकारी दिनेछ र अदालतले आफ्नो अनुरोध तेस्रो राज्य वा अन्तर्राष्ट्रिय सङ्गठनतर्फ तेर्स्याउनेछ।

१०. (क) अदालतले अनुरोध पाएमा अदालतको अधिकारक्षेत्रभित्रको अपराध हुने वा अनुरोधकर्ता राज्यको राष्ट्रिय कानुनअन्तर्गत गम्भीर अपराध हुने क्रियाकलापको अनुसन्धान वा पुर्पक्ष गर्ने राज्यपक्षलाई सहयोग गर्ने र सहायता उपलब्ध गराउन सक्नेछ।

(ख) (१) उपअनुच्छेद (क) अन्तर्गत उपलब्ध गराउने सहायतामा अन्य कुराको अतिरिक्त निम्नलिखित कुराहरू समेटिने छन्:

(अ) अनुसन्धान वा अदालतले गरेको पुर्पक्षका क्रममा लिएका बयान, बकपत्र, लिखत वा अन्य प्रकारका प्रमाण सञ्चरण गर्ने; र

(आ) अदालतको आदेशले थुनामा रहेको कुनै व्यक्तिसँग सोधपुछ गर्ने।

(२) उपअनुच्छेद (ख) (१) अ अन्तर्गतको सहायताको हकमा:

(अ) लिखत वा अन्य प्रकारका प्रमाण कुनै राज्यको सहायतामा प्राप्त गरिएको भए तिनको सञ्चरणका लागि सो राज्यको सम्मति चाहिनेछ;

(आ) बयान, बकपत्र, लिखत वा अन्य प्रकारका प्रमाण साक्षी वा विशेषज्ञले उपलब्ध गराएको भए तिनको सञ्चरण धारा ६८ का प्रावधानको अधीन हुनेछ।

(ग) अदालतले, यस अनुच्छेदमा किटान भएका शर्तावस्था अन्तर्गत, यो विधानको पक्ष नभएको राज्यबाट पनि यस अनुच्छेद अनुसारको सहयोगको अनुरोधलाई स्वीकृती दिन सक्नेछ।

धारा ९४: जारी अनुसन्धान वा अभियोजनको सन्दर्भमा अनुरोधको कार्यान्वयनको स्थगन

१. अनुरोधको तत्काल कार्यान्वयनले अनुरोधसम्बन्धी भन्दा भिन्दै मुद्दाको जारी अनुसन्धान वा अभियोजनलाई हस्तक्षेप गर्ने भएमा अनुरोध गरिएको राज्यले अदालतसँग सहमति कायम गरेको समयावधिका लागि अनुरोधको कार्यान्वयन

स्थगन गर्न सक्नेछ। तर स्थगनअवधि अनुरोध गरिएको राज्यमा सम्बन्धित अनुसन्धान वा अभियोजन पूरा गर्न आवश्यक हुने समयभन्दा बढी हुनेछैन। स्थगन गर्ने निर्णय गर्नुअघि अनुरोध गरिएको राज्यले केही शर्तहरूको अधीन रही तत्काल सहायता सहमायता प्रदान गर्न सकिन्छ कि भन्ने कुरामा ख्याल गर्नुपर्छ।

२. अनुच्छेद १ अनुसार स्थगन गर्ने निर्णय लिइएमा, अभियोक्ताले, तथापि, धारा ९३, अनुच्छेद १ (ञ) अनुसार प्रमाणको सुरक्षा गर्ने उपायहरू खोज्न सक्नेछ।

धारा ९५: ग्राह्यताको चुनौतीका सन्दर्भमा अनुरोध कार्यान्वयनको स्थगन

ग्राह्यताको चुनौती धारा १८ वा १९ अनुसार अदालतमा विचाराधीन रहेको अवस्थामा, अभियोक्ताले यस्ता प्रमाणको सङ्कलन धारा १८ वा १९ अनुसार अघि बढाउन सक्ने गरी अदालतले विशेष आदेश गरेमाबाहेक, अनुरोध गरिएको राज्यले अदालतको निर्णय थाती रहुन्जेल यस भागअन्तर्गतको अनुरोधको कार्यान्वयन स्थगन गर्न सक्नेछ।

धारा ९६: धारा ९३ अन्तर्गत अन्य स्वरूपका सहायताको अनुरोधका अन्तरवस्तु

१. धारा ९३ मा उल्लिखित अन्य स्वरूपका सहायताको अनुरोध लिखितरूपमा गरिनेछ। जरूरी मामिलामा, धारा ८७, अनुच्छेद १ (क) ले व्यवस्था गरेको माध्यमबाट अनुरोध भएको पुष्टि हुने गरी लिखित अभिलेख रहन सक्षम हुने कुनै पनि माध्यमबाट अनुरोध गर्न सकिनेछ।

२. अनुरोधमा अनुकूलताअनुसार निम्नलिखित कुरा रहने वा तीबाट समर्थित हुनेछन्:

(क) अनुरोधको कानुनी आधार वा जगलगायत् अनुरोधको उद्देश्य र खोजिएको सहायताको छोटो विवरण;

(ख) खोजिएको सहायता उपलब्ध गराउनका लागि फेला पार्नै पर्ने वा पहिचान हुनै पर्ने कुनै व्यक्ति वा स्थानको ठेगान वा पहिचानबारे सम्भव भएसम्म विस्तृत जानकारी;

(ग) अनुरोधमा अन्तर्निहित अत्यावश्यक तथ्यहरूको छोटो विवरण;

(घ) पूरा गरिनुपर्ने कुनै कार्यविधि वा आवश्यक शर्तको कारण र विवरण;

(ङ) अनुरोध कार्यान्वयन गर्नका लागि अनुरोध गरिएको राज्यको कानुनअन्तर्गत आवश्यक पर्न सक्ने त्यस्तो कुनै जानकारी; र

(च) खोजिएको सहायता उपलब्ध गराउनका लागि सान्दर्भिक अन्य कुनै जानकारी।

३. अदालतको अनुरोधमा राज्यपक्षले अनुच्छेद २ (ङ) अन्तर्गत लागू हुन सक्ने आफ्नो राष्ट्रिय कानुनअन्तर्गतका आवश्यक कुनै शर्तलाई लिएर, सामान्यरूपमा वा खास विषयमा, अदालतसँग सल्लाह गर्नेछ। सल्लाह गर्दा राज्यपक्षले अदालतलाई आफ्नो राष्ट्रिय कानुनका खासखास आवश्यक शर्तका बारेमा सूचना दिनेछ।

४. यस धाराका प्रावधानहरू, उपयुक्त भएसम्म, सहायताका लागि अदालतसँग गरिएको अनुरोधका हकमा पनि लागू हुनेछन्।

धारा ९७: सल्लाह

यस खण्डअन्तर्गत राज्यपक्षले प्राप्त गरेको अनुरोधको कार्यान्वयनलाई बाधा गर्ने वा रोक्ने समस्याहरू यसले पहिचान गरेको अवस्थामा सो समस्या सुल्झाउनका लागि राज्यले अदालतसँग ढिलाइ नगरिकन सल्लाह गर्नेछ। यस्ता समस्यामा अरू कुराको अतिरिक्त निम्न कुरा समावेश हुन सक्नेछन्:

(क) अनुरोध कार्यान्वयन गर्न अपर्याप्त जानकारी;

(ख) समर्पणका लागि गरिएको अनुरोधका सवालमा सर्वोतम प्रयासको बाबजूद खोजिएको मानिसको ठेगान लाग्न नसकेको वा गरिएको अनुसन्धानबाट अनुरोध गरिएको राज्यको व्यक्ति स्पष्टत: वारेन्टमा भएको नामको व्यक्ति होइन भनी गरिएको अनुसन्धानले निश्चित गरेको; वा

(ग) अनुरोध गरिएको वर्तमान स्वरूपमा अनुरोधको कार्यान्वयन गर्दा अनुरोध गरिएको राज्यले अर्को राज्यसँगको साबिकदेखि विद्यमान सन्धिको दायित्व तोड्नुपर्ने अवस्था रहेको तथ्य।

धारा ९८: उन्मुक्तिको परित्याग र समर्पण सहयोग

१. उन्मुक्तिको परित्यागका लागि पहिलो सो तेस्रो राज्यको सहयोग प्राप्त

नगरिकन अदालतले कुनै राज्य वा तेस्रो राज्यको व्यक्ति वा सम्पत्तिको उन्मुक्तिसम्बन्धी अनुरोध गरिएको राज्यका अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको दायित्वसँग बाझिने गरी काम गर्नुपर्ने गरी समर्पण वा सहायताका लागि अनुरोधको कारबाही बढाउन सक्नेछैन।

२. समर्पणका लागि सम्मति दिन पहिले पठाउने राज्यको प्राप्त नगरिकन, पठाउने राज्यको व्यक्तिलाई अदालत समक्ष समर्पण गर्नका लागि सो राज्यको सम्मति चाहिने अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको आफ्नो दायित्वसँग बाझिने गरी अनुरोध गरिएको राज्यले काम गर्ने गरी अदालतले समर्पणको अनुरोधलाई अघि बढाउन सक्नेछैन।

धारा ९९: धारा ९३ र ९६ अन्तर्गतका अनुरोधहरूको कार्यान्वयन

१. सहायताका लागि गरिएका अनुरोधहरूको कार्यान्वयन अनुरोध गरिएको राज्यको कानुनअन्तर्गतको सान्दर्भिक कार्यविधिअनुसार र, यस्तो कानुनले निषेध नगरेसम्म, तिनमा लेखिएका कार्यविधिअनुसरण गर्ने वा अनुरोधमा निर्दिष्ट व्यक्तिहरूलाई प्रक्रिया कार्यान्वयनमा उपस्थित हुने र सहयोग गर्न अनुमति दिने किसिमको अनुरोधमा निर्दिष्ट गरिएको तरिकाबाट हुनेछ:

२. जरूरी अनुरोधका हकमा प्रत्युत्तरमा तयार पारिएका लिखत र प्रमाणहरू अदालतको अनुरोधमा तुरुन्तै पठाइनेछ।

३. अनुरोध गरिएको राज्यका प्रत्युत्तरहरू तिनको मौलिक भाषा र स्वरूपमा सञ्चारित हुनेछन्।

४. यस खण्डका अन्य धाराहरूसँग पूर्वाग्रह नराखी, कुनै अनिवार्य उपायहरूबिना नै कार्यान्वयन हुन सक्ने अनुरोधको सफल कार्यान्वयनका लागि आवश्यक भएमा अनुरोध गरिएको राज्यपक्षका अधिकारीहरूको उपस्थितिबिना नै खासगरी व्यक्तिविशेषबाट स्वैच्छिकरूपमा अन्तर्वार्ता वा प्रमाण लिनेलगायत्का कार्य अनुरोधको कार्यान्वयन र सार्वजनिक क्षेत्र वा अन्य सार्वजनिक स्थानको अदलबदलबिनाको परीक्षणका लागि आवश्यक भए राज्यपक्षको प्रादेशिक क्षेत्रभित्र अभियोक्ताले यस्तो अनुरोध निम्नानुसार सोझै कार्यान्वयन गर्न सक्नेछ:

(क) अनुरोध गरिएको राज्यपक्षकै प्रादेशिक क्षेत्रमा सो आरोपित अपराध भएको, र धारा १८ र १९ बमोजिम ग्राह्यताको निर्धारण भइसकेको छ भने अनुरोध गरिएको राज्यपक्षसँगका सबै सम्भव सल्लाहपछि अभियोक्ताले सोझै यस्तो अनुरोध कार्यान्वयन गर्न सक्नेछ;

(ख) अन्य मामिलामा अनुरोध गरिएको राज्यपक्षसँगका सल्लाहपछि र सो राज्यपक्षले उठाएका मनासिब शर्त र सरोकारको अधीन रही अभियोक्ताले यस्तो अनुरोध कार्यान्वयन गर्न सक्नेछ। यस उपअनुच्छेदअनुसार अनुरोधको कार्यान्वयनमा अनुरोध गरिएको राज्यपक्षले समस्याहरू पहिचान गरेमा विलम्ब नगरिकन यसले सो समस्या समाधान गर्न अदालतसँग सल्लाह गर्नेछ।

५. राष्ट्रिय सुरक्षासँग जोडिएका गोप्य सूचनाको खुलासा रोक्न तयार गरिएका बन्देजहरूको दाबी गर्न धारा ७२ अन्तर्गत अदालतद्वारा सुनुवाइ वा परीक्षण गरिएको व्यक्तिलाई अनुमति दिने प्रावधानहरू यस धाराअन्तर्गतको सहायताको अनुरोधको कार्यान्वयनमा पनि लागू हुनेछन्।

धारा १००: लागत खर्च

१. अदालतबाट बेहोरिने देहायकाबाहेक, अनुरोधहरूको कार्यान्वयनका लागि अनुरोध गरिएको राज्यको प्रादेशिक क्षेत्रमा भएका साधारण खर्चहरू सो राज्यद्वारा बेहोरिनेछन्:

(क) साक्षी र विशेषज्ञहरूको यात्रा तथा सुरक्षा वा धारा ९३ बमोजिम थुनामा रहेका व्यक्तिहरूको स्थानान्तरणसँग सम्बन्धित खर्चहरू;

(ख) अनुवाद, दोभाषेसेवा र लिपिउतारका खर्चहरू;

(ग) न्यायाधीशहरू, अभियोक्ता, नायब अभियोक्ताहरू, रजिस्ट्रार, नायब रजिस्ट्रार र अदालतको कुनै अङ्गका कर्मचारीहरूको भ्रमण र निर्वाह खर्चहरू;

(घ) अदालतद्वारा अनुरोध गरिएको विशेषज्ञको राय वा प्रतिवेदनका खर्चहरू;

(ङ) हिरासतमा राखेको राज्यद्वारा अदालतसमक्ष समर्पण भइरहको व्यक्तिको परिवहनसँग सम्बन्धित खर्चहरू; र

(च) सल्लाहपछि अनुरोधको कार्यान्वयनबाट हुन सक्ने कुनै पनि असाधारण खर्च।

२. अनुच्छेद १ का प्रावधानहरू राज्यपक्षहरूबाट अदालतलाई गरिएका अनुरोधहरूमा पनि, उपयुक्त भएका हदसम्म, लागू हुनेछन्। सो अवस्थामा अदालतले कार्यान्वयनका साधारण खर्चहरू बेहोर्नेछ।

धारा १०१: विशिष्टताको नियम

१. यस विधानअन्तर्गत अदालतसमक्ष समर्पण गरिएको व्यक्तिउपर समर्पण गरिएको अपराधको आधार हुने आचरण वा क्रियाकलापबाहेकका समर्पणपूर्वको कुनै पनि क्रियाकलापका लागि कारबाही चलाइने, सजाय वा थुनछेक गरिनेछैन।

२. अदालतले अदालतसमक्ष व्यक्तिको समर्पण गर्ने राज्यबाट अनुच्छेद १ का आवश्यक शर्तहरूको परित्यागका लागि अनुरोध गर्न सक्नेछ र आवश्यक भए, अदालतले धारा ९१ अनुसार अतिरिक्त जानकारी उपलब्ध गराउनेछ। राज्यपक्षहरूलाई यस्तो परित्याग अदालतलाई उपलब्ध गराउने अधिकार रहनेछ र यसो गर्न प्रयास गर्नुपर्छ।

धारा १०२: शब्दावलीको प्रयोग

यस विधानको प्रयोजनका लागि:

(क) "समर्पण" भन्नाले यस विधानअनुसार राज्यले व्यक्तिलाई अदालतसमक्ष बुझाउनुलाई जनाउनेछ।

(ख) "सुपुर्दगी" भन्नाले सन्धि, सम्झौता वा राष्ट्रिय कानुनअनुसार एक राज्यले अर्को राज्यसमक्ष व्यक्तिलाई बुझाउनुलाई जनाउनेछ।

खण्ड १०
क्रियान्वयन

धारा १०३: कैदसजायको क्रियान्वयनमा राज्यको भूमिका

१. (क) कैदसजाय अदालतसमक्ष सजायनिदान भएका व्यक्तिहरूलाई स्वीकार गर्ने

इच्छा दर्शाएका राज्यहरूको सूचीबाट अदालतले चयन गरेको राज्यमा भुक्तान गराइनेछ।

(ख) सजायनिदान भएको व्यक्तिलाई स्वीकार गर्ने आफ्नो इच्छाको घोषणाका समयमा राज्यले आफूले स्वीकार गर्ने बारे अदालत सहमत भएका र यस खण्डअनुसारका शर्तहरू समावेश गर्न सक्नेछ।

(ग) खास मुद्दामा चयन भएको राज्यले अदालतको चयन आफूलाई स्वीकार्य भए-नभएको अविलम्ब अदालतलाई सूचना गर्नुपर्नेछ।

२. (क) क्रियान्वयन गर्ने राज्यले अदालतलाई अनुच्छेद १ मा सहमत गरिएका शर्तहरूको प्रयोगलगायत् कैदसजायको सीमा वा हदलाई तात्विकरूपमा असर गर्न सक्ने परिस्थितिका बारेमा जनाउ दिनेछ। यस्तो ज्ञात वा पूर्वानुमानित परिस्थितिबारे अदालतलाई कम्तीमा ४५ दिने सूचना दिइनेछ। यस अवधिमा क्रियान्वयनकारी राज्यले धारा ११० अन्तर्गतका आफ्नो दायित्वसँग पूर्वाग्रहकारी हुन सक्ने कुनै पनि कारबाही गर्नेछैन।

(ख) उपअनुच्छेद (क) मा उल्लिखित परिस्थितिसँग अदालत सहमत हुन नसकेका अवस्थामा अदालतले क्रियान्वयनकारी राज्यलाई सोको जनाउ दिनेछ र धारा १०४, अनुच्छेद १ बमोजिम कारबाही चलाउनेछ।

३. अनुच्छेद १ अन्तर्गतको चयन गर्ने तजबिजको प्रयोग गर्दा, अदालतले निम्नलिखित कुरामा ध्यान दिनेछः

(क) कैदसजायको क्रियान्वयनको उत्तरदायित्व राज्यपक्षहरूले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीमा व्यवस्था गरिएबमोजिम समवितरणका सिद्धान्तहरूअनुसार बहन गर्नुपर्छ भन्ने सिद्धान्त;

(ख) बन्दीहरूप्रति गर्नुपर्ने व्यवहारलाई व्यवस्थित गर्ने व्यापक रूपले स्वीकार गरिएका अन्तर्राष्ट्रिय सन्धिगत मापदण्डहरूको प्रयोग;

(ग) सजाय पाएको व्यक्तिको दृष्टिकोण;

(घ) सजाय पाएको व्यक्तिको राष्ट्रियता;

(ङ) क्रियान्वयनकारी राज्यको चयन गर्दा अपराध गर्दाका परिस्थिति, सजाय गरिएको व्यक्ति वा सजायको प्रभावकारी कार्यान्वयनसम्बन्धी यस्तै अन्य कारक तत्वहरू।

अनुच्छेद १ अन्तर्गत कुनै राज्यको चयन नभएमा, धारा ३, अनुच्छेद २ मा उल्लिखित मुख्यालय सम्झौतामा किटान गरिएका शर्तावस्थाअनुसार आतिथेय राज्यले उपलब्ध गराएको कारागारमा कैदसजायको भुक्तान गराइनेछ। यस्तो मामिलामा कैदसजायको क्रियान्वयनमा हुन जाने खर्चहरू अदालतले बेहोर्नेछ।

धारा १०४: क्रियान्वयनकारी राज्यको चयनमा परिवर्तन

१. अदालतले कुनै पनि समयमा सजाय गरिएको व्यक्तिलाई अर्को राज्यको कारागारमा स्थानान्तरण गर्न सक्नेछ।

२. सजाय गरिएको व्यक्तिले जुनसुकै समयमा सजाय क्रियान्वयनकारी राज्यबाट स्थानान्तरण लागि अदालतसमक्ष निवेदन गर्न सक्छ।

धारा १०५: सजायको कार्यान्वयन

१. राज्यले धारा १०३, अनुच्छेद १ (ख) अनुसार निर्दिष्ट गरेका शर्तहरूका अधीन रही, कैदको सजाय राज्यपक्षहरूका लागि बन्धनकारी हुनेछ जसलाई कुनै पनि हालतमा हेरफेर गरिने छैन।

२. पुनरावेदन वा पुनरवलोकनको कुनै पनि निवेदनउपर निर्णय गर्ने अधिकार अदालतलाई मात्र रहनेछ। सजाय पाएको व्यक्तिद्वारा यस्तो निवेदन गर्नमा क्रियान्वयनकारी राज्यले कुनै बाधाव्यवधान खडा गर्ने छैन।

धारा १०६: सजाय क्रियान्वयन र कैदका अवस्थाको सुपरीवेक्षण

१. कैदसजायको क्रियान्वयन अदालतको सुपरीवेक्षणको अधिनमा रहनेछ र बन्दीप्रति गर्नुपर्ने व्यवहारलाई व्यवस्थित गर्ने व्यापकरूपमा स्वीकार गरिएका अन्तर्राष्ट्रिय सन्धिगत मापदण्ड सङ्गत रहनेछ।

२. कैदका शर्तावस्थाहरू क्रियान्वयनकारी राज्यको कानुनद्वारा व्यवस्थित हुनेछन् र बन्दीप्रति गर्नुपर्ने व्यवहारलाई व्यवस्थित गर्ने व्यापकरूपमा स्वीकार गरिएका अन्तर्राष्ट्रिय सन्धिगत मापदण्ड सङ्गत रहनेछन्≤ यस्ता शर्तावस्थाहरू कुनै पनि हालतमा समान खालका कसूरहरूमा क्रियान्वयनकारी राज्यमा दोषी

ठहर गरिएका बन्दीहरूलाई लागू हुनेभन्दा कम वा बढी अनुकूल हुने छैनन्।

३. सजाय पाएको व्यक्ति र अदालतबीचका सञ्चारसम्पर्कहरू निरावरोध र गोप्य हुनेछन्।

धारा १०७: सजाय भुक्तानपछि व्यक्तिको स्थानान्तरण

१. सजाय पूरा भएपछि सजाय क्रियान्वयनकारी राज्यले सो व्यक्तिलाई आफ्नै प्रादेशिक क्षेत्रभित्र रहन अख्तियार गरेमाबाहेक, सजायको क्रियान्वयनकारी राज्यको नागरिक नरहेको व्यक्ति क्रियान्वयनकारी
राज्यको कानुनअनुसार निजलाई ग्रहण गर्नुपर्ने दायित्व भएको राज्य वा निजलाई ग्रहण गर्न राजी रहेको अर्को राज्यमा स्थानान्तरण हुने व्यक्तिको चाहनालाई समेत ख्याल राखी स्थानान्तरण हुन सक्नेछ।

२. अनुच्छेद १ अनुसार अर्को राज्यमा व्यक्तिको स्थानान्तरण गर्दा हुने खर्च कुनै पनि राज्यले नबेहोरेमा यस्तो खर्च अदालतद्वारा बेहोरिनेछ।

३. धारा १०८ का व्यवस्थाहरूको अधीन रही, क्रियान्वयनकारी राज्यले आफ्नो राष्ट्रिय कानुनअनुसार पुर्पक्ष वा कुनै सजायको कार्यान्वयनका लागि कुनै व्यक्तिको सुपुर्दगी वा समर्पणका लागि अनुरोध गरेका राज्यलाई सो व्यक्तिलाई सुपुर्दगी वा समर्पण पनि गर्न सक्नेछ।

धारा १०८: अन्य कसूरहरूको अभियोजन वा सजायमा सीमाबन्दी

१. त्यस्तो अभियोजन, सजाय वा सपुर्दगी क्रियान्वयनकारी राज्यको अनुरोधमा अदालतले अनुमोदन गरेमाबाहेक, क्रियान्वयनकारी राज्यको हिरासतमा रहेको सजाय गरिएको व्यक्तिलाई क्रियान्वयनकारी राज्यमा सो व्यक्तिलाई बुझाउनुअघि निज संलग्न रहेको क्रियाकलापका लागि अभियोजन, सजाय वा तेस्रो राज्यमा सपुर्दगीको भागीदार बनाइनेछैन।

२. सजाय पाएको व्यक्तिको दृष्टिकोणको सुनुवाइ गरी अदालतले मामिलाको निर्णय गर्नेछ।

३. सजाय पाएको व्यक्ति पूरा सजाय भुक्तान गरिसकेपछि क्रियान्वयनकारी राज्यको प्रादेशिक क्षेत्रमा ३० दिनभन्दा बढी स्वैच्छिकरूपमा रहिरहेमा वा

तत्पश्चात् सो क्षेत्र छाडी सो राज्यको प्रादेशिक क्षेत्रमा फर्केमा अनुच्छेद १ लागू हुनेछैन।

धारा १०९: जरिवाना र जफतीसम्बन्धी क्रियान्वयन

१. खण्ड ७ अन्तर्गतका अदालतका जरिवाना र जफतीका आदेशहरूलाई राज्यपक्षहरूले सद्नियत तेस्रा पक्षहरूको अधिकारप्रति प्रतिकूल प्रभाव नपर्ने गरी र तिनको राष्ट्रिय कानुनको कार्यविधिअनुसार क्रियान्वयन गर्नेछन्।

२. जफतीको आदेशको क्रियान्वयन गर्न कुनै राज्यपक्ष असमर्थ भएमा, सद्नियत तेस्रा पक्षहरूको अधिकारप्रति प्रतिकूल प्रभाव नपर्ने गरी जफत गर्न अदालतले आदेश गरेका आम्दानी, जेथा वा सम्पत्ति असूल गर्ने उपायहरू अपनाउनेछ।

३. अदालतको निर्णयको कार्यान्वयनको नतिजास्वरूप राज्यपक्षले पाएको अचल सम्पत्ति वा उपयुक्त भएअनुसार, अन्य सम्पत्तिको बेचबिखनबाट भएको आम्दानी अदालतलाई हस्तान्तरण गरिनेछ।

धारा ११०: सजाय घटाउने सम्बन्धमा अदालतबाट पुनरावलोकन

१. क्रियान्वयनकारी राज्यले अदालतले घोषणा गरेको सजायको म्याद सकिनुअगावै व्यक्तिलाई छुटकारा दिनेछैन।

२. कुनै पनि सजाय घटाउन निर्णय गर्ने अधिकार अदालतलाई मात्रै रहनेछ र सोबारे व्यक्तिको सुनुवाइ गरेर मात्र निर्णय गर्नेछ।

३. व्यक्तिले सजायको दुईतिहाई भाग वा जन्मकैदको हकमा २५ वर्ष भुक्तान गरिसकेपछि सजाय घटाउन पर्ने-नपर्ने टुङ्गो लाउनका लागि अदालतले यसको पुनरावलोकन गर्नेछ। सोभन्दा अगावै यस्तो पुनरावलोकन गरिनेछैन।

४. अनुच्छेद ३ अन्तर्गतको पुनरावलोकनमा देहायका एक वा बढी कारक तत्व विद्यमान पाइएमा अदालतले सजाय घटाउन सक्नेछ:

(क) अनुसन्धान र अभियोजनमा छिट्टै र निरन्तर अदालतलाई सरसहयोग गर्ने सो व्यक्तिको इच्छा;

(ख) अन्य मुद्दाहरूमा अदालतका निर्णय र आदेशहरूको कार्यान्वयनलाई सम्भव बनाउन र खासगरी पीडितका लाभका लागि प्रयुक्त हुन सक्ने

जरिवाना, जफती वा क्षतिपूर्तिको आदेशका अधीनस्थ सम्पत्ति ठेगान गर्न सहायता उपलब्ध गराउनमा व्यक्तिको स्वैच्छिक सहायता; वा

(ग) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेबमोजिम सजायको घटाउनुको औचित्य सावित गर्न परिस्थितिहरूमा स्पष्ट र महत्वपूर्ण परिवर्तनको पुष्टि गर्न पर्याप्त हुने अन्य कुरा।

५. अदालतले अनुच्छेद ३ अन्तर्गतको आफ्नो प्रारम्भिक पुनरावलोकनबाट सजाय घटाउन उपयुक्त नभएको टुङ्गो गरेमा, त्यसपछि कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेको सीमाशर्त र अन्तरालमा सजाय अल्पीकरणको प्रश्न पुनरावलोकन गर्नेछ।

धारा १११: पलायन

दोषी साबित भएको व्यक्ति हिरासतबाट भाग्यो र क्रियान्वयनकारी राज्यबाट उम्क्यो भने सो राज्यले, अदालतसँग सल्लाह गरेपछि, सो व्यक्ति रहेको राज्यसँग विद्यमान द्विपक्षीय वा बहुपक्षीय सम्झौताअनुसार समर्पणका लागि अनुरोध गर्न सक्छ वा खण्ड ९ अनुसार व्यक्तिको समर्पण खोज्न अदालतलाई अनुरोध गर्न सक्नेछ। अदालतले व्यक्तिले सजाय भोगिरहेको राज्य वा आफूले चयन गरेको अर्को राज्यमा सो व्यक्ति पठाउन निर्देश गर्न सक्नेछ।

खण्ड ११
राज्यपक्षहरूको सभा

धारा ११२: राज्यपक्षहरूको सभा

१. यस विधानका राज्यपक्षहरूको सभा यसैद्वारा स्थापना गरिएको छ। हरेक राज्यपक्षका सभामा एकजना प्रतिनिधि रहनेछ, जसका साथ वैकल्पिक प्रतिनिधि र सल्लाहकारहरू रहन सक्नेछन्। विधान वा अन्तिम ऐनमा हस्ताक्षर गरेका अन्य राज्यहरू सभाका पर्यवेक्षक हुन सक्नेछन्।

२. सभाले:

(क) तयारी आयोगका सुझाउ एवम् सिफारिसहरू उपयुक्त भएअनुसार विचार गर्ने र स्वीकार गर्नेछ;

(ख) अदालतको प्रशासनबारे अध्यक्षता, अभियोक्ता र रजिस्ट्रारलाई व्यवस्थापन रेखदेख उपलब्ध गराउनेछ;

(ग) अनुच्छेद ३ अन्तर्गत स्थापित विभागका प्रतिवेदन र क्रियाकलापहरूबारे विचार गर्नेछ र तिनकाबारेमा उपयुक्त कारबाही गर्नेछ;

(घ) अदालतको बजेटबारे विचार र निर्णय गर्नेछ;

(ङ) धारा ३६ अनुसार न्यायाधीशहरूको सङ्ख्या हेरफेर गर्ने-नगर्ने निर्णय गर्नेछ;

(च) असहयोगसम्बन्धी कुनै पनि प्रश्नबारे धारा ८७ अनुच्छेद ५ र ७ अनुसार विचार गर्नेछ;

(छ) यो विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीको अनुरूप हुने अन्य कुनै पनि कामकारबाही सम्पादन गर्नेछ।

३. (क) सभामा सभाबाट निर्वाचित तीन वर्षको कार्यकाल रहने एक अध्यक्ष, दुई उपाध्यक्षहरू र १८ सदस्यहरूसहितको एक विभाग हुनेछ।

(ख) विभाग, विशेषत: समन्यायिक भौगोलिक वितरण र विश्वका प्रमुख कानुन प्रणालीहरूको पर्याप्त प्रतिनिधित्वसमेतलाई ध्यानमा राखी प्रतिनिधिमूलक चरित्रको हुनेछ।

(ग) विभागले वर्षमा एक पटकमा नघटाइ आवश्यकताअनुसार पटकपटक बैठक गर्नेछ। यसले सभालाई जिम्मेवारीहरूको परिपालना गर्नमा सहायता गर्नेछ।

४. सभाले अदालतको प्रभावकारिता र आर्थिक क्षमताको प्रवर्द्धनका लागि अदालतको निरीक्षण, मूल्याङ्कन र अनुसन्धान गर्ने स्वतन्त्र रेखदेख संयन्त्र लगायत् आवश्यकताअनुसारका मातहत निकायको स्थापना गर्न सक्नेछ।

५. अदालतका अध्यक्ष, अभियोक्ता र रजिस्ट्रार वा तिनका प्रतिनिधिहरू उपयुक्त भएअनुसार सभा र समितिका बैठकहरूमा सहभागी हुन सक्नेछन्।

६. सभाले अदालतको मुख्यालय वा संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा वर्षमा एक पटक बैठक गर्नेछ र परिस्थितिले आवश्यक भएबमोजिम विशेष सत्रहरू बसाउनेछ। यस विधानमा अन्यथा निर्दिष्ट गरिएकोमाबाहेक, विशेष सत्रहरू

विभागको आफ्नै सक्रियतामा वा एक तिहाइ राज्यपक्षहरूको अनुरोधमा बोलाइनेछ।

७. हरेक राज्यपक्षलाई एक मतको अधिकार हुनेछ। सभा र विभागमा सर्वसम्मतिबाट निर्णयमा पुग्न हरसम्भव प्रयास गरिनेछ। सर्वसम्मति हुन नसकेमा विधानमा अन्यथा व्यवस्था गरिएकोमाबाहेक:

(क) राज्यपक्षहरूको पूर्ण बहुमत मतदानका लागि आवश्यक गणपूरक सङ्ख्या भएको अवस्थामा सारवान विषयमा निर्णय उपस्थित रहेका र मतदान गरेकाहरूको दुईतिहाई बहुमतबाट गरिनेछ।

(ख) कार्यविधिसम्बन्धी विषयका निर्णयहरू उपस्थित र मतदान गर्ने राज्यपक्षहरूको सामान्य बहुमतबाट गरिनेछन्।

८. अदालतको खर्चका लागि आर्थिक योगदानको भुक्तानी गर्न बक्यौता रहेको राज्यपक्षको अघिल्ला दुई वर्षमा गर्नुपर्ने योगदानको रकमभन्दा बढी रकम बक्यौता रहेको अवस्थामा यसलाई सभा र विभागमा मतदान गर्ने अधिकार रहनेछैन। यसो भए तापनि राज्यपक्षको नियन्त्रणभन्दा बाहिरको अवस्थाको कारणले भुक्तानी गर्न नसकेको कुरामा सभा सन्तुष्ट भएमा सभाले त्यस्तो राज्यपक्षलाई सभा र विभागमा मतदान गर्न अनुमति दिन सक्नेछ।

९. सभाले आफ्ना कार्यविधिको नियमावली आफै पारित गर्नेछ।

१०. सभाको आधिकारिक तथा कामकाजी भाषाहरू संयुक्त राष्ट्रसङ्घका महासभाको भाषाहरू सरह हुनेछन्।

अर्थव्यवस्था

धारा ११३: आर्थिक नियमावली

अन्यथा विशेष व्यवस्था गरिएकोमाबाहेक अदालत र विभाग एवं मातहतका अङ्गहरूलगायत् राज्यपक्षहरूको सभासँग सम्बन्धित सबै आर्थिक विषयहरू यो विधान र राज्यपक्षहरूको सभाद्वारा जारी आर्थिक नियमावलीअनुसार व्यवस्थित हुनेछन्।

धारा ११४: खर्चको भुक्तानी

अदालत र विभाग तथा मातहतका अङ्गहरूलगायत् राज्यपक्षहरूको सभाको खर्चबर्च अदालतको कोषबाट भुक्तानी हुनेछन्।

धारा ११५: अदालत र राज्यपक्षहरूको सभाका कोषहरू

राज्यपक्षहरूको सभाले निश्चित गरेको बजेटमा व्यवस्था भए अनुसारको अदालत र विभाग तथा मातहतका अङ्गहरूलगायत् राज्यपक्षहरूको सभाको खर्चबर्च देहायका स्रोतबाट बेहोरिनेछन्:

(क) राज्यपक्षहरूबाट गरिएको निर्धारित योगदान;

(ख) विशेषत: सुरक्षापरिषद्द्वारा गरिएका सिफारिसका कारण भएका खर्चहरूको सम्बन्धमा, महासभाको स्वीकृतिको अधीन रही, संयुक्त राष्ट्रसङ्घले उपलब्ध गराएका रकम।

धारा ११६: स्वैच्छिक योगदान

धारा ११५ प्रति कुनै पूर्वाग्रह नराखी, अदालतले अतिरिक्त रकमका रूपमा सरकारहरू अन्तर्राष्ट्रिय सङ्गठनहरू, व्यक्तिविशेषहरू, संस्थानहरू र अन्य संस्थापनाहरूबाट राज्यपक्षहरूको सभाले स्वीकार गरेका शर्तावस्थाका अनुसार स्वैच्छिक योगदान ग्रहण गर्न र उपयोग गर्न सक्नेछ।

धारा ११७: योगदानको लेखाजोखा

राज्यपक्षहरूबाट भएको योगदानहरूको लेखाजोखा, संयुक्त राष्ट्रसङ्घले आफ्नो नियमित बजेटको लागि स्वीकार गरेको माप र सो मापनको आधारभूत सिद्धान्तमा आधारित भई सहमति गरिएको मापनअनुसार हुनेछ।

धारा ११८: वार्षिक लेखापरीक्षण

वार्षिक आर्थिक विवरणलगायत् अदालतको अभिलेख, हिसाबकिताब र लेखाको वार्षिकरूपमा स्वतन्त्र लेखापरीक्षकबाट परीक्षण हुनेछ।

अन्तिम प्रबन्ध

धारा ११९: विवादको समाधान

१. अदालतको न्यायिक कामकारबाहीसम्बन्धी कुनै पनि विवाद अदालतको निर्णयबाट समाधान गरिनेछ।

२. प्रारम्भ भएको तीन महिनाभित्र वार्ताप्रक्रियाबाट समाधान हुन नसकेका यस विधानको व्याख्या वा प्रचलनसम्बन्धी दुई वा बढी राज्यपक्षहरूको अन्य कुनै पनि विवाद राज्यपक्षहरूको सभासमक्ष सिफारिस हुनेछ। सभाले विवाद आफै समाधान गर्ने प्रयास गर्न सक्नेछ वा सो न्यायालयको विधानअनुरूप अन्तर्राष्ट्रिय न्यायालयसमक्ष सिफारिस गर्नेलगायत्का विवादको समाधानका अन्य माध्यमबारे सिफारिस गर्न सक्नेछ।

धारा १२०: असहमति

यस विधानप्रति कुनै असहमति राख्न सकिनेछैन।

धारा १२१: संशोधन

यो विधान लागू भएको सात वर्ष व्यतित भएपछि कुनै पनि राज्यपक्षले यसमा संशोधन प्रस्ताव गर्न सक्छ। कुनै प्रस्तावित संशोधनको पाठ संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष प्रस्तुत गरिनेछ, जसलाई निजले तत्काल सबै राज्यपक्षहरूलाई पठाउनेछन्।

जनाउको मितिबाट तीन महिनाभन्दा चाँडो नहुने गरी राज्यपक्षहरूको सभाले यसको आउँदो बैठकमा उपस्थित र मतदान गर्नेहरूको बहुमतद्वारा प्रस्तावलाई अघि बढाउने वा नबढाउने विषयमा निर्णय गर्नेछ। प्रस्तावलाई सभाले सोझै टुंगो लगाउन सक्नेछ वा अन्तभूर्त विषयले गर्दा त्यस्तो आवश्यक भएमा पुनरावलोकन सम्मेलन बोलाउन सक्नेछ।

सर्वसम्मति हुन नसकेमा संशोधन पारित गर्न राज्यपक्षहरूको सभाको बैठकमा वा पुनरावलोकन सम्मेलनमा राज्यपक्षहरूको दुईतिहाई बहुमत आवश्यक हुनेछ।

अनुच्छेद ५ मा व्यवस्था गरिएकोबाहेक संशोधन राज्यपक्षहरूको सात-आठौँ अंशले अनुमोदन वा सम्मिलनको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरेको एक वर्षपछि संशोधन सबै राज्यपक्षका लागि लागू हुनेछ।

यस विधानको धारा ५, ६, ७ र ८ का कुनै पनि संशोधन सो संशोधन स्वीकार गर्ने राज्यपक्षहरूका लागि तिनले अनुमोदन वा सम्मिलन गरेको लिखत दाखिला गरेको एक वर्षपछि लागू हुनेछ। संशोधन नस्वीकारेका राज्यपक्षको हकमा, संशोधनमा समेटिएका अपराधहरू सो राज्यपक्षका नागरिकहरूले गरेमा वा त्यसको प्रादेशिक क्षेत्रमा गरिएमा अदालतले सोसम्बन्धी अधिकारक्षेत्रको प्रयोग गर्नेछैन।

राज्यपक्षहरूको सात-आठौँ अंशले अनुच्छेद ४ अनुसार कुनै संशोधन स्वीकार गरेमा संशोधन स्वीकार नगर्ने कुनै पनि राज्यपक्षले धारा १२७, अनुच्छेद १ मा जेसुकै कुरा लेखिएको भए पनि तर धारा १२७, अनुच्छेद २ को अधीन रही, त्यस्तो संशोधन लागू भएको एक वर्षभन्दा बढी ढिलो नगरिकन सूचना दिएर तत्कालै लागू हुने गरी यो विधानबाट आफू अलग हुन सक्नेछ।
संयुक्त राष्ट्रसङ्घका महासचिवले राज्यपक्षहरूको सभाको बैठक वा पुनरावलोकन सम्मेलनबाट पारित भएको कुनै पनि संशोधन सबै राज्यपक्षहरूलाई पठाउनेछन्।

धारा १२२: संस्थागत प्रकृतिका प्रावधानको संशोधन

१. पूर्णतया संस्थागत प्रकृतिका यस विधानका प्रावधानहरू, जस्तो कि, धारा ३५, धारा ३६, अनुच्छेद ८ र ९, धारा ३७, धारा ३८, धारा ३९, अनुच्छेद १ (पहिला दुई वाक्य), २ र ४, धारा ४२, अनुच्छेद ४ देखि ९, धारा ४३, अनुच्छेद २ र ३ तथा धारा ४४, ४६, ४७ र ४९ का संशोधनहरू, धारा १२१, अनुच्छेद १ मा जुनसुकै कुरा लेखिएको भए पनि, कुनै पनि राज्यपक्षले जुनसुकै बेला प्रस्ताव गर्न सक्नेछ। प्रस्तावित संशोधनको पाठ संयुक्त राष्ट्रसङ्घका महासचिव वा राज्यपक्षहरूको सभाले चयन गरेको व्यक्तिसमक्ष प्रस्तुत गरिनेछ, जसलाई निजले तत्काल सबै राज्यपक्षहरू र सभामा सहभागी हुने अरूलाई पठाउनेछ।

२. सर्वसम्मति कायम हुन नसकेका यस धाराअन्तर्गतको संशोधन राज्यपक्षहरूको दुईतिहाई बहुमतद्वारा राज्यपक्षहरूको सभा वा पुनरावलोकन सम्मेलनबाट पारित हुनेछ। यस्तो संशोधन सभा वा अवस्थाअनुसार सम्मेलनबाट पारित भएको छ महिनापछि सबै राज्यपक्षहरूका लागि लागू हुनेछ।

धारा १२३: विधानको पुनरावलोकन

१. यो विधान लागू भएको सात वर्षपछि संयुक्त राष्ट्रसङ्घका महासचिवले यस विधानको कुनै संशोधनउपर विचार गर्न पुनरावलोकन सम्मेलन बोलाउनेछन्। यस्तो पुनरावलोकनमा, त्यसैमा मात्र सीमित नहुने गरी, धारा ५ मा रहेका अपराधहरूको सूचीसमेत समावेश हुन सक्नेछ। सम्मेलन राज्यपक्षहरूको सभामा भाग लिनेहरूका लागि समान शर्तबमोजिम खुला हुनेछ।

२. त्यसपछि जुनसुकै समयमा राज्यपक्षको अनुरोधमा र अनुच्छेद १ मा उल्लिखित उद्देश्यका लागि बहुमत राज्यपक्षहरूको स्वीकृतिमा संयुक्त राष्ट्रसङ्घका महासचिवले पुनरावलोकन सम्मेलन बोलाउनेछन्।

३. धारा १२१, अनुच्छेद ३ देखि ७ सम्मका प्रावधानहरू पुनरावलोकन सम्मेलनमा विचार गरिएको विधानको कुनै पनि संशोधन पारित गर्ने र लागू गर्ने कुरामा लागू हुनेछन्।

धारा १२४: सङ्क्रमणकालीन व्यवस्था

धारा १२, अनुच्छेद १ र २ मा जुनसुकै कुरा लेखिएको भए पनि यस विधानको पक्ष बनेपछि राज्यले सम्बन्धित राज्यका लागि यो विधान लागू भएको मितिपछि सात वर्षको अवधिका लागि, धारा ८ मा उल्लेख गरिएको श्रेणीका अपराध उसका नागरिकले गरेको वा उसको क्षेत्रभित्र भएको आरोपमा अदालतको अधिकारक्षेत्र स्वीकार नगर्ने गरी घोषणा गर्न सक्नेछ। यस धाराअन्तर्गतको घोषणा जुनसुकै बेला फिर्ता लिन सकिनेछ। यस धाराका प्रावधान धारा १२३, अनुच्छेद १ अनुसार बोलाइएको पुनरावलोकन सम्मेलनमा पुनरावलोकन गरिनेछ।

धारा १२५: हस्ताक्षर, अनुमोदन, स्वीकार, समर्थन वा सम्मिलन

१. यो विधान हस्ताक्षरका लागि सबै राज्यहरूका लागि रोममा संयुक्त

राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनको मुख्यालयमा सन् १९९८ जुलाई १७ तारिखमा खुला हुनेछ। त्यसपछि यो हस्ताक्षरका लागि सन् १९९८ अक्टोबर १७ सम्म इटलीको परराष्ट्र मन्त्रालय, रोममा खुला रहनेछ। सो मितिपछि यो विधान सन् २००० डिसेम्बर ३१ सम्म हस्ताक्षरका लागि संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्यूयोर्कमा रहनेछ।

२. यो विधान हस्ताक्षरकारी राज्यहरूको अनुमोदन, स्वीकृति वा समर्थनको अधीन रहनेछ। अनुमोदन, स्वीकृति वा समर्थनको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिल गरिनेछन्।

३. यो विधान सम्मिलनका लागि सबै राज्यहरूलाई खुला हुनेछ। सम्मिलनको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिल गरिनेछ।

धारा १२६: लागू हुने

१. यो विधान अनुमोदन, स्वीकृति वा समर्थन वा सम्मिलनको साठियौँ लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिल भएको मितिपछिको साठियौँ दिनपश्चात्को महिनाको पहिलो दिनदेखि लागू हुनेछ।

२. अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको साठियौँ लिखत दाखिला भएपछि अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलन गर्ने हरेक राज्यका लागि यो विधान अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको उसको लिखत दाखिल भएको मितिको साठियौँ दिनपश्चात्को महिनाको पहिलो दिनदेखि लागू हुनेछ।

धारा १२७: परित्याग

१. राज्यपक्षले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिएर गरी यो विधानबाट अलग्गिन सक्नेछ। जनाउले पछिल्लो मिति तोकेकोमाबाहेक यस्तो परित्याग जनाउ दिएको मितिदेखि एक वर्षपछि लागू हुनेछ।

२. परित्याग गरेको कारणले राज्यपक्ष यस विधानको पक्ष रहेको समयमा उत्पन्न भएको कुनै पनि आर्थिक दायित्वलगायत्का दायित्वहरूबाट मुक्त हुनेछैन। यसको परित्यागले परित्याग गर्ने राज्यले सरसहयोग गर्नुपर्ने कर्तव्य भएको र परित्याग प्रभावकारी हुने मितिभन्दा अगावै प्रारम्भ भएको फौजदारी

अनुसन्धान वा कारबाही प्रक्रियासम्बन्धी अदालतसँगको कुनै सरसहयोगलाई असर पार्नेछैन न त यसले परित्याग प्रभावकारी हुने मितिभन्दा अगावै अदालतमा विचाराधीन रहेको विषयउपर विचार गर्ने कार्यलाई निरन्तरता दिनमा कुनै किसिमले प्रतिकूल प्रभाव पार्नेछ।

धारा १२८: आधिकारिक पाठ

यस विधानको मौलिक पाठ जसको अरबी, चिनियाँ, अङ्ग्रेजी, फ्रान्सिली, रसियाली र स्पेनी भाषाका पाठहरू समानरूपमा आधिकारिक छन्, संयुक्त राष्ट्रसङ्घका महासचिवकहाँ दाखिल गरिनेछ, जसले तिनीहरूका प्रमाणित प्रति सबै राज्यहरूलाई पठाउनेछन्।

प्रत्यक्ष रोहबरमा तल हस्ताक्षर गर्ने सम्बन्धित सरकारहरूका तत्सम्बन्धी विधिवत अधिकारप्राप्तहरूले यस विधानमा हस्ताक्षर गरेका छन् । आज सन् १९९८ जुलाई महिनाको सत्रौँ दिनमा रोममा सम्पन्न ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान
हरिहर भवन, ललितपुर
फोन नं.: ९७७-१-५५४९०५७, ५५४९०६७
फ्याक्स: ९७७-१-५५३०६६२
इमेल: info@njanepal.org.np
वेबसाइट: www.njanepal.org.np

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार, पोष्ट बक्स नं. २७२६
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@inse.org.np
वेबसाइट: www.insec.org.np
www.inseconline.org